"स्वच्छ, सुखी र समुन्नत प्रदेश"

## प्रदेश नं. १ को

# प्रथम आवधिक योजना

## (आर्थिक वर्ष २०७६/७७ – २०८०/८१)

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

प्रदेश नं. १

विराटनगर, नेपाल

मुख्यमन्त्री

# मन्तव्य

नेपालको संविधानले संघीय प्रणालीको अवलम्बन गर्दै संघ, प्रदेश र स्थानीय तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ । संविधान बमोजिम प्रदेश सरकारको कार्य जिम्मेवारीलाई सुव्यवस्थित र प्राथमिकताका साथ कार्यान्वयन गर्न योजनाबद्ध प्रयास आवश्यक पर्दछ । प्रदेश संरचना नयाँ रहेकोले विकास प्रयासलाई योजनाबद्ध प्रणालीबाट निश्चित गन्तव्य तर्फ डोऱ्याउन र वार्षिक विकास कार्यक्रमलाई योजनाको अनुशासन भित्र राख्न यो शुरुवाती पञ्चवर्षीय योजना महत्त्वपूर्ण हुने अपेक्षा गरेको छु ।

प्रस्तुत योजनाले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य पूरा गर्न र "स्वच्छ, सुखी र समुन्नत प्रदेश" भन्ने प्रदेशको सोचलाई यथार्थतामा बदल्न कोशेढुङ्गाको रूपमा काम गर्नेछ । यस योजनाले राष्ट्रिय विकासका लक्ष्यसँग तादात्म्यता कायम गर्दै प्रदेशको समग्र विकासको गतिलाई स्पष्ट दिशानिर्देश गर्ने विश्वास लिएको छु ।

प्रदेश सरकार सहभागितामूलक प्रक्रियाका आधारमा तयार गरिएको यस आवधिक योजनाका पूर्ण कार्यान्वयन प्रति प्रतिवद्ध रहेको छ । आगामी आर्थिक वर्ष २०७६/७७ देखि यसै योजनामा आधारित रहि प्रादेशिक प्राथमिकता अनुरूप वार्षिक विकास योजना तर्जुमा गरी स्रोत साधनको व्यवस्थापन र तिनको महत्तम परिचालन गरिनेछ ।

यस योजनाको कार्यान्वयनमा नेपाल सरकारको महत्त्वपूर्ण सहयोग रहने अपेक्षा गरिएको छ । योजनाका परिलक्षित महत्त्वपूर्ण कार्यक्रममा नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्य रहने छ । यसैगरी प्रदेशभित्रका स्थानीय तहको आवधिक विकास योजना तर्जुमालाई समेत यस योजनाले मार्गनिर्देश गर्ने विश्वास लिएको छु । अन्तरसरकार एवम् निजी क्षेत्रबिच समन्वय स्थापित गर्दै जान प्रदेश सरकार र अन्तर्गतको संस्थागत संरचनाको कार्यान्वयन क्षमता अभिवृद्धि गर्दै लगिने छ । योजनाले निजी क्षेत्रलाई विकासको महत्त्वपूर्ण साझेदारको रूपमा लिई योजनाका लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न मद्दत गर्नेछ ।

अन्त्यमा, प्रदेशको विकास योजना तर्जुमामा नेतृत्वदायी भूमिका खेल्ने प्रदेश योजना आयोगलाई धन्यवाद व्यक्त गर्दै योजना तर्जुमा प्रक्रियामा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने प्रदेश सभाका माननीय सभासदज्यूहरू, स्थानीय सरकारका पदाधिकारीज्यूहरू, विज्ञ तथा विद्वत समुदाय एवम् संलग्न सबै संघ संस्था तथा महानुभावहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद ।

शेरधन राई

# मन्तव्य

प्रदेश विकासको एकीकृत खाकाको रूपमा पहिलो आवधिक योजनाको आधारपत्र तयार भई सार्वजनिक भएकोमा मलाई अत्यन्त खुसी लागेको छ । यस योजनाले प्रदेशको समग्र आर्थिक सामाजिक विकासको मार्ग स्पष्ट गर्नुका साथै राष्ट्रिय समृद्धि हासिल गर्नका लागि योगदान गर्ने विश्वास लिएको छु । लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गरी समावेशी तथा शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गरी संघीय गणतन्त्रको सुदृढीकरणमा प्रदेशको योजनाबद्ध विकास प्रयासले महत्त्वपूर्ण योगदान पुऱ्याउने नै छ ।

"स्वच्छ, सुखी र समुन्नत प्रदेश" को सोच लिई आगामी पाँच वर्षमा प्रदेशका नागरिकको प्रति व्यक्ति आय १,६२० अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको यस योजनाले प्रदेश विकासका समग्र क्षेत्रलाई समेट्दै आगामी पाँच वर्षको विकासको खाका र कार्यदिशा निर्दिष्ट गरेको छ । योजनाको सफल कार्यान्वयनले आर्थिक वृद्धि, मानव विकास र समावेशी अवसरको वृद्धि गरी आर्थिक विषमता घटाउदै गरिबी निवारण तथा समतामुलक समाजको निर्माण गर्न र दिगो विकास लक्ष्य (Sustainable Development Goals) प्राप्त गर्न प्रदेश विकासका प्रयासलाई केन्द्रित गर्ने छ । योजनाको सफल कार्यान्वयनमा प्रदेश सरकारको प्रयासमा संघीय सरकार र स्थानीय तहसँग सहयोग, समन्वय र साझेदारी अवलम्बन गरिने छ ।

प्रभावकारी कार्यान्वयन मार्फत यस योजनाको उद्देश्य हासिल गर्न निजी क्षेत्रका साथै सहकारी र सामुदायिक क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने छ । प्रदेशको यो पहिलो पञ्चवर्षीय योजनाले विस्तृत परियोजना निर्माणका साथै क्षेत्रगत दीर्घकालीन गुरुयोजनाहरू निर्माण गर्ने, मध्यमकालीन खर्च संरचना निर्माण गर्ने, योजना कार्यान्वयनलाई वस्तुनिष्ठ बनाउन तर्कबद्ध खाकाको निर्माण गर्नुका साथै परियोजना बैंक स्थापना गर्न समेत मार्गनिर्देशित गर्नेछ । अन्त्यमा, यस योजना तर्जुमामा योगदान पुऱ्याउनु हुने प्रदेश सभाका माननीय सदस्यज्यूहरू, स्थानीय तहका प्रतिनिधिज्यूहरू, क्षेत्रीय गोष्ठीहरूमा उपस्थित भई सुझाव प्रदान गर्नु हुने महानुभावहरू, विषयगत मन्त्रालय, योजना निर्माणमा सहभागी विज्ञहरू र सम्बद्ध सबै धन्यवादका पात्र हुनुहुन्छ । प्रदेश योजना आयोग स्थापना भएको छोटो अवधिमा हासिल गरेको यस महत्त्वपूर्ण उपलब्धिका निमित्त सम्पूर्ण आयोग परिवार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

ईन्द्र बहादुर आङ्बो

# मन्तव्य

मर्यादित जीवन सुखी नागरिकको संकल्पः

हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले नेपाली इतिहासमा पहिलो पटक जारी गरेको नेपालको संविधान र संविधानले निर्दिष्ट गरेको सामाजिक न्यायको अनुभूति हुने गरी प्रत्येक नागरिकको मर्यादा अवसर नेतृत्व र सहभागितालाई ख्याल गर्दै; नेपालले प्रकट गरेको दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा राष्ट्रिय प्रतिबद्धता अनुरूप प्रदेश एकले गर्नुपर्ने र गर्न सक्ने समग्र विकास प्रयासलाई नीतिगत मार्गदर्शन हुने गरी आवधिक योजना तयार गरिएको छ । बहुआयामिक गरिबी, बेरोजगारी, कुपोषण, जस्ता मानव विकासका तगारालाई आम नागरिकको चेतनशील क्रियाशीलता मार्फत समाधान गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई हो । प्रशस्त सम्भावना रहेको प्रदेश एकलाई नागरिक मर्यादा, स्वतन्त्रता र अवसरको समानताका लागि कठिन त्यागपूर्ण बलिदानी संघर्ष गरेका जनताको क्रियाशील नेतृत्वमा उदाहरणीय प्रदेश बनाउन सकिने आधारहरू छन् ।

हामी आफैले गर्न सक्ने कृषिको क्षेत्रमा ठूलो स्तरको प्रगतिका लागि साना सिँचाइ, प्राङ्गारिक मल र जैविक कीटनाशकको प्रबन्ध गर्ने; उद्योगको क्षेत्रमा विद्युतको नियमित आपूर्ति, श्रमिकको उत्पादकत्वको वृद्धिको लागि सीप र तालिम दिने, भूमिको विवेकपूर्ण उपयोग सुनिश्चित गर्ने ; पर्यटनको क्षेत्रमा स्थानीय तहका जनताको परिचालन गरी पदमार्ग, होम-स्टे, पर्यापर्यटन र सांस्कृतिक भ्रमणको नयाँ आयाम स्थापित गर्ने जस्ता प्रदेश समृद्धिका महत्त्वपूर्ण आधार हुन सक्ने विषयमा योजनाले स्पष्ट दिशानिर्देश गरेको छ ।

ठूला परियोजनाको लागि केन्द्रीय सरकार, वैदेशिक लगानीकर्ता र दाताहरूसँग प्रदेश सरकारले सहकार्य गर्ने, स्थानीय सरकारसँग भएका साधन स्रोत र जनताको साथलाई साझेदारीमा उपयोग गर्ने, सहस्राब्दी विकास लक्ष्यको सापेक्षिक उपलब्धि हासिल गर्ने एवम् कसैलाई पछि पारिने छैन भन्ने मूल भावनालाई आत्मसात् गरी योजनाले सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति पहिचान गरेको छ ।

हाम्रो प्रदेशको नागरिकको मौलिक अधिकार, दिगो विकास लक्ष्य, "समृद्ध नेपाल, सुखी नेपाली" को महाअभियानलाई स्मरण गर्दा मर्यादित रोजगारी, पिउने पानी, प्राथमिक स्वास्थ्य, गुणस्तरीय शिक्षा, यातायातमा पहुँच र व्यक्तिमा रहेको सृजनशीलताको कदर हुने समाजिक आर्थिक वातावरण निर्माण गर्नु अहिलेको परम लक्ष्य हुनुपर्छ । यीनै कुरालाई मध्यनजर गरी केही निष्कर्ष खिचिएको छ । जस्तै जलस्रोतको विकास गर्दाको प्राथमिकताको क्रममा पिउने पानी, सिँचाइ, वातावरण अनुकूलन, स्थानीय जनताको सहभागिता र स्वामित्व अनि मात्र जल विद्युतलाई राखिएको छ । उत्पादन, भण्डारण र बजारीकरणलाई समानान्तर महत्त्व दिइएको छ । त्यस्तै विद्यालय स्थापना गर्नु पूर्व त्यसका लागि स्थानीय जनताले माग गरेको, उनीहरूले गर्ने योगदानको भरपर्दो प्रतिबद्धता प्रकट भएको, विद्यालय सञ्चालनमा स्थानीय जनताको अभिभावकत्व रहने सुनिश्चित भएको जस्ता कुराहरू ख्याल गरियोस् भन्ने अपेक्षा राखिएको छ ।

हाम्रो प्रदेश जल उत्पन्न प्रकोप र चट्याङ जस्तो प्राकृतिक प्रकोपले पीडित छ । नदी नियन्त्रण गर्नु, पूर्व सूचनाको प्रबन्ध गर्नु, सुरक्षाका उपायको सचेतना प्रवाह गर्नु, जलाधारको संरक्षण गर्नु, सामूहिक र सहकारी उत्पादन प्रणालीलाई प्रोत्साहित गर्नु र अनुसन्धान विकासका कामलाई जनताको दैनिकीमा अनुवाद गर्नु योजनाको लक्ष्य रहेको छ । योजना र बजेट अर्थ-राजनीतिको अभिन्न अङ्ग हो । जननेता मदन भण्डारीले जनताको सेवा गर्न प्रतिस्पर्धा गर्न सिकाउनु भएको क्षेत्रका हामी बासिन्दा हौं । प्रदेशका योजना संघीय

योजनासँग र स्थानीय योजना प्रदेशका योजनासँग तादात्म्य राखेर लागू गरियोस् भन्ने हाम्रो अभिप्राय रहेको छ । स्थानीय तहका योजनामा स्थानीय तहकै अगुवाइ रहोस्, प्रदेशको बढीमा साझेदारी वा योगदान मात्र रहोस् भन्ने हाम्रो चाहना हो । प्रदेशको सुशासनलाई पारदर्शिता जवाफदेहिता र जनतासँगको मित्रवत सहकार्यको ढाँचामा रूपान्तरण गर्ने तर्फ यस आवधिक योजनाले महत्त्व दिएको छ ।

आधारभूत तथ्याङ्कको अनुपलब्धता र परिस्थितिजन्य अनेक व्यवधानका बावजूद हाम्रो उपलब्धिको मुख्य श्रेय माननीय मुख्यमन्त्री लगायत सबै मन्त्रीज्यू, प्रदेश सभाका माननीय सदस्यज्युहरु, जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरू, स्थानीय तहका प्रमुख, उपप्रमुखज्यूहरू, मुख्यसचिवज्यू लगायत सबै सचिवज्यूहरू र उहाँहरूको कार्यसमूह, विज्ञ व्यक्तिहरू, पूर्वाञ्चल विश्वविद्यालयका विज्ञहरू, स्विस सरकार विकास सहयोगका विज्ञहरु र प्रदेश योजना आयोगका पदाधिकारी एवम् सम्पूर्ण कर्मचारीलाई जान्छ ।

प्रदेशका सम्पूर्ण नागरिक, राजनीतिक र व्यावसायिक संघ संस्थालाई अपनत्वपूर्ण नेत्रित्वदायी सहभागिता जनाएर यो आवधिक योजनाको उद्देश्य प्राप्त गर्ने अभियानमा सरिक भइदिनु हुन हार्दिक अपिल गर्दछु ।

हामी सबैको साझा संकल्प, मर्यादित जीवन, सुखी नागरिकको निर्माणमा हामीलाई सफलता मिलोस् ।

**सुबोधराज प्याकुरेल**
**उपाध्यक्ष, प्रदेश योजना आयोग**

# प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री शेरधन राई | - अध्यक्ष |
| माननीय मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय ईन्द्र बहादुर आङ्बो | - आमन्त्रित सदस्य |
| माननीय सुबोधराज प्याकुरेल | - उपाध्यक्ष |
| माननीय पूर्ण कुमार लोक्सोम | - सदस्य |
| माननीय मिना भण्डारी | - सदस्य |
| श्री सुरेश अधिकारी, प्रमुख सचिव | - सदस्य |
| श्री दामोदर रेग्मी, सचिव आर्थिक मामिला तथा योजना | - सदस्य |
| श्री भरत मणि रिजाल, सचिव, प्रदेश योजना आयोग | - सदस्य-सचिव |

# विषयसूची


**परिच्छेद एकः परिचय** १

१.१ पृष्ठभूमि १

१.२ संवैधानिक तथा कानुनी व्यवस्था १

१.३ आवधिक योजनाको उद्देश्य २

१.४ प्रादेशिक वस्तुगत स्थिति ३

१.५ सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण ६

१.६ योजना तर्जुमा प्रक्रिया ८

१.७ योजना तर्जुमाका आधार ९

१.८ सीमाहरू १०

**परिच्छेद दुईः आवधिक योजनाको समष्टिगत सोच, लक्ष्य, लगानी र स्रोतको बाँडफाँट** ११

२.१ पृष्ठभूमि ११

२.२ पन्ध्रौं राष्ट्रिय योजनासँगको आबद्धता ११

२.३ प्रदेशको दीर्घकालीन सोच १२

२.४ दीर्घकालीन सोचका आधार १२

२.५ समष्टिगत लक्ष्य १२

२.६ समष्टिगत उद्देश्य १२

२.७ परिमाणात्मक लक्ष्य १२

२.८ समष्टिगत रणनीति १४

२.९ दीर्घकालीन सोचका गन्तव्य सूचक १४

२.१० विकासमा क्षेत्रगत भूमिका २२

२.११ आर्थिक वृद्धिदर र साधनस्रोतको व्यवस्था २३

२.११.१ आर्थिक वृद्धिदर २३

२.११.२ सीमान्त पुँजी उत्पादन अनुपात र लगानी २९

२.११.३ लगानीका स्रोतहरू ३२

२.११.४ सार्वजनिक खर्च र खर्च बेहोर्ने स्रोत ३४

२.११.५ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधार ३६

**परिच्छेद तीनः समष्टिगत आर्थिक नीति** ३७

३.१ पृष्ठभूमि ३७

३.२ समष्टिगत आर्थिक वस्तुगत स्थिति ३७

**परिच्छेद चारः आर्थिक क्षेत्र** ४६

४.१ कृषि, सहकारी तथा भूमि व्यवस्थापन ४६

४.१.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास ४६

४.१.२ भूमि व्यवस्थापन ५२

४.१.३ गुठी व्यवस्थापन ५४

४.१.४ खाद्य सुरक्षा तथा पोषण ५६

४.१.५ सहकारी क्षेत्र ५८

४.२ उद्योग, वाणिज्य, आपूर्ति तथा पर्यटन ६०
४.२.१ उद्योग ६०
४.२.२ खानी तथा खनिज सम्पदा ६४
४.२.३ वाणिज्य तथा आपूर्ति ६६
४.२.४ पर्यटन ६८
४.३ वन तथा जैविक विविधता ७३
**परिच्छेद पाँचः सामाजिक क्षेत्र ७८**
५.१ शिक्षा ७८
५.२ स्वास्थ्य तथा पोषण ८३
५.३ खानेपानी तथा सरसफाइ ८९
५.४. जनसंख्या तथा बसाइँसराइ ९१
५.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण ९३
५.६ सामाजिक समावेशीकरण ९७
५.७ सामाजिक सुरक्षा तथा संरक्षण १००
५.८ ज्येष्ठ नागरिक १०१
५.९ अपाङ्गता भएका व्यक्ति १०३
५.१० बालबालिका तथा किशोर किशोरी १०६
५.११ युवा तथा खेलकुद १०९
५.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण ११२
५.१३ गैरसरकारी क्षेत्र ११४
**परिच्छेद छः पूर्वाधार क्षेत्र ११६**
६.१ शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन ११६
६.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन १२२
६.२.१ सिँचाइ १२२
६.२.२ जलउत्पन्न प्रकोप व्यवस्थापन १२५
६.३ ऊर्जा १२८
६.३.१ जलविद्युत १२८
६.३.२ सौर्य तथा अन्य नवीकरणीय ऊर्जा १३१
६.४ यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन १३३
६.५ विज्ञान तथा प्रविधि १३७
६.६ सूचना तथा सञ्चार प्रविधि १३९
**परिच्छेद सातः सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था १४२**
७.१ सुशासन तथा क्षमता विकास १४२
७.२ मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था १४७
**परिच्छेद आठः अन्तरसम्बन्धित क्षेत्र १५१**
८.१ गरिबी निवारण १५१
८.२ श्रम तथा रोजगारी १५३

८.३ वातावरण तथा जलवायु परिवर्तन १५७
८.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन १६०
**परिच्छेद नौः तथ्याङ्क प्रणाली, योजना प्रक्रिया एवम् अनुगमन तथा मूल्याङ्कन १६४**
**परिच्छेद दशः नतिजा खाका १६८**
१०.१ पृष्ठभूमि १६८
१०.२ नतिजा खाकामा समावेश गरिएका विषयहरू १६८
१०.३ नतिजा खाकामा दिगो विकास र राष्ट्रिय योजनाका दीर्घकालीन लक्ष्यका सूचकसँगको अन्तरसम्बन्धः १६८
१०.४ नतिजा खाकाको प्रयोग १६९
१०.५ नतिजा खाकामा साङ्केतिकरण १६९
१०.६ नतिजा खाका १७०

# संक्षेपीकरणको सूची

| | | |
|---|---|---|
| आ.मा.का.म. | - | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| आ.मा.यो.म. | - | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| उ.प.व.वा.म. | - | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| कि.ग्रा. | - | किलोग्राम |
| कि.मि. | - | किलोमिटर |
| कृ.प.वि.म. | - | कृषि तथा पशुपक्षी विकास मन्त्रालय |
| के.त.वि. | - | केन्द्रीय तथ्याङ्क विभाग |
| गै.स.स. | - | गैरसरकारी संस्था |
| जि.प्र.का. | - | जिल्ला प्रशासन कार्यालय |
| दि.वि.ल. | - | दिगो विकास लक्ष्य |
| ने.इ.प. | - | नेपाल इन्जिनियरीङ परिषद् |
| ने.ज.स्वा.स. | - | नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण |
| ने.वि.वि.प्र. | - | नेपाल विधि विज्ञान प्रयोगशाला |
| ने.श्र.स. | - | नेपाल श्रमशक्ति सर्वेक्षण |
| ने.स.वि.स. | - | नेपाल शहरी विकास सर्वेक्षण |
| प्र.यो.आ. | - | प्रदेश योजना आयोग |
| भू.कृ.स.म. | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| भौ.पू.वि.म. | - | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| मा.वि. | - | माध्यामिक विद्यालय |
| मा.वि.सू. | - | मानव विकास सूचकाङ्क |
| मु.म.प.का. | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| मे.ट. | - | मेट्रिक टन |
| रा.ज.स. | - | राष्ट्रिय जनसांख्यिक सर्वेक्षण |
| रा.यो.आ. | - | राष्ट्रिय योजना आयोग |
| रा.वि.प्र. | - | राष्ट्रिय विपद् प्रतिवेदन |
| रु. | - | रुपैया |
| वि.बैं. | - | विश्व बैंक |
| व्य.सू.प्र. | - | व्यवस्थापन सूचना प्रणाली |
| श्र.रो.सा.सु.म. | - | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| सा.वि.म. | - | सामाजिक विकास मन्त्रालय |
| सा.सु.को. | - | सामाजिक सुरक्षा कोष |
| स्था.पू.वि. | - | स्थानीय पूर्वाधार विकास विभाग |
| स्वा.व्य.सू.प्र. | - | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| हे. | - | हेक्टर |
| EMIS | - | Education Management Information System |

| | | |
|---|---|---|
| GIS | - | Geographic Information System |
| HMIS | - | Health Management Information System |
| LMBIS | - | Line Ministry Budgetary Information System |
| LMIS | - | Labour Management Information System |
| MICS | - | Multiple Indicator Cluster Survey |
| MTEF | - | Medium Term Expenditure Framework |
| NDHS | - | Nepal Demographic Health Survey |
| NLFS | - | Nepal Labour Force Survey |
| PIS | - | Personnel Information System |
| RMIS | - | Revenue Management Information System |
| SSP | - | State Support Program |
| TNA | - | Training Need Assessment |

# कार्यकारी सारांश

सगरमाथाको उच्चतम विन्दुदेखि केचनाको न्यूनतम विन्दुसम्मको मुलुककै विषम भूगोल समेटेको र अप्रतिम प्राकृतिक र सांस्कृतिक विविधता बोकेको प्रदेश नं. १ राजनीतिक र आर्थिक दुबै दृष्टिले नेपालको अग्रणी प्रदेश मध्ये पर्छ । कृषि, उद्योग, जलस्रोत, पर्यटन लगायत क्षेत्रमा विकासका प्रशस्त सम्भावना छन् भने आर्थिक सामाजिक विकासका सूचकहरूमा धेरै स्थलीय असमानताहरू पनि छन् । प्रदेशको प्रथम आवधिक योजनाले यी विकासका सम्भावनाहरूको सुनियोजित विस्तार गर्न र असमानतालाई सम्बोधन गर्दै सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्ने बृहत् लक्ष्य लिएको छ । "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोचसँग आबद्ध यस आवधिक योजनाले "स्वच्छ, सुखी र समुन्नत प्रदेश" तर्फ अग्रसर हुन रणनीतिक र कार्यनीतिक आधार स्थापित गर्छ ।

दिगो, समावेशी, समतामूलक, वातावरणमैत्री प्रदेश विकासका लागि तीन वटा रणनीतिक प्राथमिकता निर्धारण गरिएका छन् । पहिलो, कृषि, उद्योग आदि क्षेत्रमा उत्पादन र उत्पादकत्वको दिगो वृद्धि; दोस्रो सामाजिक असमानता घटाउन आधारभूत गुणस्तरीय शिक्षा, स्वास्थ्य र सम्बद्ध सेवा र सुविधाको सुनिश्चितता; तेस्रो, रणनीतिक महत्त्वका गुणस्तरीय सडक, ऊर्जा, पर्यटन; व्यवस्थित र योजनाबद्ध पूर्वाधार सहितको शहरीकरणको प्रवर्द्धन गर्दै ग्रामीण-शहरी अन्तरसम्बन्धको सुदृढीकरण । उल्लिखित रणनीतिक प्राथमिकता कार्यान्वयनका लागि सुशासन, समावेशीता र वातावरणीय अनुकूलन तीन आधारका रूपमा रहने छन् । नीतिगत तथा अन्य पूर्वाधार निर्माण र सहजीकरणमा प्रदेश सरकारको महत्त्वपूर्ण दायित्व रहनेछ भने निजी, सहकारी र गैर-सरकारी क्षेत्रले उत्पादन, सेवा प्रवाह र वितरणका माध्यमबाट रोजगारी अभिवृद्धिमा प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

योजना अवधिमा लगानी गर्नुपर्ने (आर्थिक वर्ष २०७५।७६ को स्थिर मूल्यमा) रु. १४ खर्ब ४२ अर्ब ८ करोड लगानीको प्रक्षेपण गरिएको छ । जसमा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट क्रमशः ३८.७, ५३.८, ५.५ र २ प्रतिशत योगदानको अपेक्षा गरिएको छ । यो लगानीबाट आ.व. २०८०-८१ मा ९.७ प्रतिशत (उत्पादकको मूल्यमा) को आर्थिक वृद्धिदर हासिल गरिने अनुमान छ । आधार वर्षको प्रतिव्यक्ति आय ९३४ बाट बढेर योजनाको अन्त्यमा १६२० अमेरिकी डलर र कुल गार्हस्थ्य उत्पादन ५ खर्ब ५ अर्ब बाट बढेर ८ खर्ब ३ अर्ब पुग्ने प्रक्षेपण गरिएको छ । यी लक्ष्य हासिल गर्न संघीय सरकारसँगको सहकार्यमा प्रदेशको वित्त, राजस्व र लगानी लगायत समग्र आर्थिक नीतिहरू निर्देशित रहने छन् ।

प्रदेशको कुल भू-भागको २३ प्रतिशत रहेको कृषि क्षेत्र प्रदेश विकासकै मेरुदण्ड हो । कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि भू-उपयोग नीति अनुरूपको कृषि भूमिको उपयोग, प्राङ्गारिक खेतीको प्रवर्द्धन, उत्पादकत्व वृद्धिका लागि क्षमता विकास र प्रविधिको प्रवर्द्धन र उत्पादनको कृषक-मैत्री भण्डारण र बजारीकरणमा जोड दिइएको छ । योजना अवधिमा कृषि क्षेत्रको उत्पादकत्व बाली अनुसार ३० प्रतिशत देखि ५० प्रतिशत सम्म बढ्ने अनुमान गरिएको छ । खाद्य तथा पोषण सुरक्षा कृषि रणनीतिको अभिन्न अङ्ग रहनेछ । कृषि उत्पादनका साथसाथै

वितरण र सेवा प्रवाहमा सहकारीको संस्थागत प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ, यद्यपि सहकारीको भूमिका सुरु अवधिमा सीमित नै रहने देखिन्छ ।

प्रदेशको तराई क्षेत्र कृषिजन्य र अन्य आयात प्रतिस्थापक र निकासी मूलक उद्योगको यथेष्ट सम्भावना बोकेको क्षेत्र हो । कृषि सम्बद्ध उद्योगको प्रवर्द्धनमा जोड दिइएको छ । उद्योगमा स्वदेशी र वैदेशिक लगानी आकर्षित गर्ने, प्रतिष्पर्धात्मक क्षमता, सीपमूलक र प्राविधिक दक्षता र उद्यमशीलता प्रवर्द्धन गर्ने रणनीति र कार्यनीतिहरू प्रस्ताव गरिएको छ । औद्योगिक क्षेत्र र कोरिडोरको विकासले औद्योगिक रोजगारीको विस्तार हुने अपेक्षा छ । प्रदेशमा उपलब्ध खनिज स्रोतको सम्भाव्यता सर्वेक्षण र विकासलाई उद्योग प्रवर्द्धनसँग जोडिनेछ ।

अत्यावश्यकीय वस्तुको सहज र विश्वसनीय वाणिज्य र आपूर्ति प्रणाली स्थापित गर्न कानुनी व्यवस्थाका अतिरिक्त रणनीतिक भौतिक पूर्वाधार, भण्डारण र सहकारी समेतलाई परिचालन गरी सुपथ बजारीकरणका उपायहरू अवलम्बन गरिनेछ ।

प्रचुर सम्भावना भएर पनि अपेक्षित विकास हुन नसकेको परिप्रेक्ष्यमा पर्यटनलाई प्रदेशको समृद्धिको महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ । यसका निम्ति पर्यटकीय गन्तव्यको विकास, विविधिकरण र प्रवर्द्धन, सम्भावना भएका पर्यटकीय वस्तु र क्षेत्रको पहिचान र विकास, पर्यटकीय सुविधाको स्तरीकरण र ब्राण्डिङ, पर्यटन अर्थतन्त्र आबद्ध रोजगारीको विस्तार र संस्थागत समन्वयमा नीतिहरू केन्द्रित छन् । आन्तरिक, भारतीय, चिनीया र अन्य अन्तर्राष्ट्रिय पर्यटकका आवश्यकता र चाहनालाई हेरेर पर्यटकीय पूर्वाधार र बजारीकरणको विकासमा जोड दिइनेछ । गुणस्तरीय पर्यटकीय सेवा र दक्षता अभिवृद्धिका लागि निजी क्षेत्रलाई सहजीकरण र प्रोत्साहन गरिनेछ ।

प्रदेशको कुल भू-भागको ४३ प्रतिशत वन क्षेत्र र १९ प्रतिशत भू-भाग निकुञ्ज वा संरक्षित क्षेत्र रहे पनि वनको वितरण र वातावरणीय प्रभावमा ठूलो भिन्नता छ । वन क्षेत्रको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, र समुदायलाई लाभको सुनिश्चिततालाई दृष्टिगत गरी वनको वैज्ञानिक व्यवस्थापन, वनको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आय र रोजगारीको विस्तार, जैविक विविधता र जलाधारको संरक्षण र गैर-काष्ठ उद्यम र उत्पादनको विकासमा जोड दिइनेछ ।

शिक्षाका क्षेत्रमा प्रदेशमा पूर्ण साक्षरता सहितको आधारभूत र माध्यमिक तहको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने र गुणस्तरीय, सीपमूलक शिक्षालाई रोजगारीसँग आबद्ध गरिनेछ । शिक्षालाई समावेशी र सर्वसुलभ बनाउने, प्राविधिक र व्यावसायिक शिक्षा र तालिमका अवसरमा वृद्धि गर्ने, शिक्षालाई जीवनोपयोगी बनाई रोजगारीसँग आबद्ध गर्ने र यी सबैका लागि संस्थागत पूर्वाधारको विकास गरिनेछ । योजना अवधिमा पूर्ण साक्षरताका साथै कम्तीमा १५ प्रतिशत विद्यार्थीले प्राविधिक, व्यावसायिक शिक्षा हासिल गरेको हुने अपेक्षा गरिएको छ ।

शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरिएको सन्दर्भमा गुणस्तरीय र समतामूलक स्वास्थ्य तथा पोषण प्रणालीको विकास गरिनेछ । गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न, पिछडिएका क्षेत्रमा सेवा विस्तार गर्न, विशिष्टिकृत र रेफरल सेवाको विस्तार र सुदृढीकरण गर्न, आयुर्वेद जस्ता वैकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन र सेवा प्रवाह गर्ने निजी, सहकारी र सामुदायिक निकायलाई नियमन गर्नुका साथै सहकार्य गर्ने

नीति लिइनेछ । यसरी प्रदेशमा विद्यमान स्वास्थ्य सेवाको असमानतालाई कम गर्दै कम्तीमा ८० प्रतिशत जनताका निम्ति गुणस्तरीय सेवा प्रवाहको प्रणाली विकसित हुने र सबै स्थानीय तहमा १५ शैयाको अस्पताल स्थापित भएको हुने अपेक्षा गरिएको छ । स्वास्थ्यसँग जोडिएको खानेपानी र सरसफाइका क्षेत्रमा गुणस्तर कायम गर्न, चेतना अभिवृद्धि गर्न अन्तर सरकारी समन्वय र सहकार्यमा जोड दिइनेछ । जनसांख्यिक लाभको फाइदा लिन उद्यमशीलताको विकास र जनसंख्या व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

लैङ्गिक समानताको संवैधानिक प्रत्याभूतिलाई मूर्त रूप दिन महिलाको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरणका निम्ति खास गरी सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि गर्ने, आधारभूत शिक्षा, प्रजनन स्वास्थ्य र प्राविधिक सीपमा सहज पहुँच र लैङ्गिक मूल प्रवाहिकरण गर्दै महिला हिंसाको अन्त्यका लागि प्रभावकारी नीति कार्यान्वयन गरिनेछ । त्यसै गरी सामाजिक समावेशिता सुनिश्चित गर्न सकारात्मक विभेद र आरक्षणका माध्यमबाट विकासमा पछाडि परेका समुदायको सहभागिता, सेवा सुविधामा पहुँच, सम्मानित जीवन सुनिश्चित गर्ने नीति लिइनेछ । जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका र किशोर किशोरीहरूको आवश्यकता र समस्या केन्द्रित नीतिहरू लिइनेछ ।

सामाजिक तथा आर्थिक क्षेत्रमा युवाको संलग्नता बढाउन क्षमता विकासका साथै स्वरोजगारी र खेलकुदको विकासलाई प्राथमिकता दिइएको छ । प्रदेशको सांस्कृतिक विविधता र पहिचानको संवर्धन र संरक्षण गर्न भाषा, संस्कृति, धार्मिक-ऐतिहासिक सम्पदाको विकास र व्यवस्थापनका साथै अनुसन्धान केन्द्रित प्रवर्द्धनमा जोड दिइएको छ । गैरसरकारी निकायको आर्थिक-सामाजिक विकासमा प्रभावकारी र परिपूरक भूमिका सुदृढ गरिनेछ ।

तीव्र शहरीकरण भइरहेको यो प्रदेशको बहुपक्षीय विकासको आधारशिला नै रणनीतिक र गुणस्तरीय भौतिक पूर्वाधारको विकास हो । शहरीकरणको स्वरूप, प्रवृत्ति र गति यसैसँग अन्योन्याश्रित रूपले जोडिएको छ । व्यवस्थित र अवसरयुक्त शहरी र ग्रामीण प्रणालीको विकास गर्न तराईमा ठूला शहरी कोरिडोरको योजनाबद्ध विकास गर्ने, पहाडी भेगका शहर-बजार समूहलाई शहरी कोरिडोरसँग आबद्ध गर्ने, ग्रामीण बजार केन्द्रहरूमा पूर्वाधार र आर्थिक अवसरको एकीकृत विकास गर्ने, पूर्वाधारको लगानीलाई एकीकृत मापदण्डका आधारमा निर्देशित गर्ने, भू-क्षमताका आधारमा नियोजित शहरी विस्तारलाई प्रवर्द्धन गर्ने, भवन संहिताको कार्यान्वयनका साथै जग्गा र आवास विकासका लागि संस्थागत संयन्त्रको विकास गर्ने नीतिलाई प्राथमिकता दिइएको छ ।

प्रदेशमा विद्यमान कृषि क्षेत्रका सम्भावनालाई उजागर गर्न तराईमा ठूला र मझौला र पहाडमा प्रायः साना सिँचाइ प्रणालीको विकास गर्ने, विद्यमान सिँचाइ प्रणालीको नियमित सम्भार र पुनः स्थापन प्रणालीको विकास गर्ने, प्रभावकारी संस्थागत समन्वय र सुदृढीकरण गर्न प्रदेशको सिँचाइ नीति केन्द्रित रहनेछ । योजना अवधिमा ४५ प्रतिशत कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुग्ने अपेक्षा छ । जल उत्पन्न प्रकोपको जोखिम र व्यवस्थापन यो प्रदेशको उच्च प्राथमिकतामा पर्ने विषय हो । यसका निम्ति प्रकोपको जोखिम घटाउन र संस्थागत समन्वय सहितको जोखिम व्यवस्थापन गर्न पूर्व अनुभवका आधारमा कार्यान्वयनका नीतिगत आधार तर्जुमा गरिएको छ ।

जल ऊर्जामा रहेको प्रचुर सम्भाव्यताका सन्दर्भमा उत्पादन वृद्धिका लागि लगानी प्रवर्द्धन गर्ने, प्रसारण र वितरणको प्रभावकारी व्यवस्थापन र अन्तर सरकारी समन्वय र वितरकको क्षमता अभिवृद्धिमा मुख्य रूपले जोड दिइएको छ । योजना अवधिमा प्रदेशमा विद्युत उत्पादन १५०० मेगावाट पुग्ने अनुमान छ । जल विद्युतका साथै सौर्य तथा अन्य नवीकरणीय ऊर्जा विकासका लागि नीतिगत पहल लिइनेछ ।

गुणस्तरीय सडक पूर्वाधार र सहज, व्यवस्थित यातायातले प्रदेशको गतिशील विकासमा सर्वोपरि महत्त्व राख्छ । योजनाबद्ध र गुणस्तरीय सडक विकास योजना कार्यान्वयन गर्न, यातायात व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्न, सडक बाहेक वैकल्पिक र मल्टीमोडल यातायात प्रणाली को विस्तार र व्यवस्थापन गर्नका लागि नीतिगत र कार्यान्वयनका आधारहरू निर्धारण गरिएका छन् । योजना अवधिमा यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने र सबै पालिका सर्वयाम सडक सञ्जालमा जोडिएको हुने अपेक्षा गरिएको छ । यसका साथै योजना अवधिमा विज्ञान र प्रविधि अनुसन्धानको पूर्वाधारको विकास गर्नुका साथै परम्परागत र स्थानीय प्रविधिको आधुनिकीकरणमा जोड दिइनेछ । सूचना र सञ्चारका क्षेत्रमा सूचनाको हकको प्रत्याभूति दिन, पत्रकारिताको विकास गर्न र प्रदेशलाई डिजिटल प्रणालीतिर उन्मुख गराउन प्राथमिकता दिइएको छ ।

सुशासनको अनुभूति जनस्तरसम्म हुने स्थितिको निर्माण गर्नु प्रदेश सरकारको प्रमुख दायित्व हो । यसका निम्ति नयाँ ढाँचामा प्रशासनिक पुनः संरचना गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, भ्रष्टाचार निवारणका निम्ति संस्थागत प्रणाली स्थापित गर्ने, अन्तर सरकारी समन्वयलाई सुदृढ गर्दै जनउत्तरदायी र पारदर्शी सार्वजनिक प्रशासनको विकासमा जोड दिइएको छ । शान्ति-सुरक्षा विकासको प्राथमिक आधार हुने भएकाले शान्ति सुरक्षाको व्यवस्थापन, नागरिक सचेतनाको अभिवृद्धि र मानव अधिकारको संरक्षणमा प्रदेश योजनाले महत्त्व दिएको छ ।

अन्तर-सम्बन्धित विषयहरूमा गरिबी निवारण उन्मुख सामाजिक सुरक्षाको उपयुक्त व्यवस्थापन, स्रोतमा पहुँच र प्रविधि र सीपको प्रवर्द्धन गरी गरिबको रोजगारीमा वृद्धि, सहकारी, सामुदायिक वा करार खेतीमा गरिब घर-परिवारको संलग्नता बढाउन जोड दिइएको छ । रोजगारीका क्षेत्रमा सीप र दक्षता बढाउँदै माग र आपूर्तिको सुनिश्चितता गरी रोजगारीका अवसर विस्तार गर्ने, वैदेशिक रोजगारीलाई मर्यादित र आय मूलक बनाउने र श्रमिकको हक अधिकारको संरक्षण गर्ने नीति लिइनेछ । जलवायु परिवर्तनलाई मध्यनजर गरी वातावरणीय स्वच्छता र सन्तुलन तथा फोहर मैला व्यवस्थापन र प्रदूषण नियन्त्रणका साथै जलवायु अनुकूलनका पहलहरूमा जोड दिइएको छ । एकीकृत विपद् व्यवस्थापन र प्रकोप न्यूनीकरण योजना तथा संस्थागत र सरोकारवाला बिचको समन्वयमा विपद् व्यवस्थापन नीति केन्द्रित रहेको छ ।

यथार्थपरक र नतिजामुखी योजना तर्जुमा प्रणालीको संस्थागत विकासका निम्ति गुणस्तरीय तथ्याङ्कको सङ्कलन, प्रशोधन र व्यवस्थापन, योजना प्रक्रियामा दिगो विकास लक्ष्यलाई समाहित गरी प्रतिफलको न्यायोचित वितरण तथा नतिजामुखी अनुगमन र मूल्याङ्कन प्रणालीको संस्थागत विकास गर्ने तर्फ नै प्राथमिक जोड दिइएको छ । योजना अवधिमा विकासका प्रमुख क्षेत्रहरूमा गुरुयोजनाहरूको निर्माण र कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपाली जनताको लामो र पटक-पटकको बलिदानपूर्ण संघर्षबाट नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । संविधानसभाबाट वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात् देश नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ । संविधान अनुसार नेपाल अहिले तीन तह (संघ, प्रदेश र स्थानीय) को सरकारको व्यवस्था सहितको सात प्रदेशीय संघीय राज्य भएको छ । संविधानले सबै प्रकारका विभेद र असमानतालाई अन्त्य गर्दै सम्पूर्ण नेपालीलाई सार्वभौमसत्ता सम्पन्न बनाई आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्दै समता मूलक समाजको निर्माण, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने परिकल्पना गरेको छ । प्रदेश सरकारको जिम्मेवारी मूलतः अन्तरसरकार समन्वय, विकास सम्बन्धी कार्य र स्थानीय तहलाई सहजीकरण गर्नु रहेको छ ।

सन्तुलित विकासको लागि आवधिक योजनाको तर्जुमा गर्ने मुख्य जिम्मेवारीसहित प्रदेश योजना आयोग गठन भएको हो । प्रदेश सरकारले पहिलो आवधिक योजना तर्जुमाको सिलसिलामा प्रादेशिक योजनाको पहिलो प्रयास स्वरूप यो योजना तयार पारेको छ । यस योजनाले प्रदेशको दीर्घकालीन विकास योजनाको जगको रूपमा समेत काम गर्ने अपेक्षा गरिएको छ ।

योजना तर्जुमाको लागि आवश्यक प्रादेशिक तथा जिल्लागत तथ्याङ्कको पर्याप्त उपलब्धता नभएतापनि सीमित स्रोत र साधनलाई न्यायोचित वितरण गरी जनताका असीमित आवश्यकता क्रमबद्ध रूपमा पूरा गर्न योजनाबद्ध ढङ्गले अघि बढ्नु आवश्यक छ । समावेशी र सन्तुलित विकासका रणनीति अवलम्बन गर्दै सामाजिक न्यायमा आधारित समाजवादउन्मुख प्रादेशिक अर्थतन्त्र निर्माणको मार्गदर्शनको लागि आवधिक योजना अपरिहार्य छ । प्रदेश भित्रका स्थानीय तहलाई पनि यस प्रदेशको समृद्धिको लागि मार्गदर्शन दिने तथा संघ, प्रदेश र स्थानीय तह बिच सहकार्य र समन्वय अभिवृद्धि गर्ने यस योजनाको मुख्य ध्येय रहेको छ ।

## १.२ संवैधानिक तथा कानुनी व्यवस्था

संविधानले राज्यको तीन तहमा अधिकारको बाँडफाँट गरी उक्त अधिकार संविधान र तत्-तत् तहका कानुन बमोजिम हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ५ ले ३५ विषय क्षेत्र संघको, अनुसूची ६ ले २१ विषय क्षेत्र प्रदेशको र अनुसूची ८ ले २२ विषय क्षेत्र स्थानीय तहको एकल अधिकारका क्षेत्रमा सूचिबद्ध गरेको छ । यसैगरी अनुसूची ७ ले संघ र प्रदेशको साझा अधिकारका रूपमा २५ वटा र अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहका अधिकारका साझा सूचीका विभिन्न १५ वटा विषय क्षेत्रलाई समेटेको छ ।

संविधानले प्रदान गरेका कतिपय मौलिक हक समेत प्रदेश सरकारको कार्य जिम्मेवारीमा पर्दछन् । संविधानले भाग ४ को धारा ५० (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक

विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने व्यवस्था गरेको छ ।

अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा मध्यमकालीन खर्च संरचना सहित पेस गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । मध्यमकालीन खर्च संरचना निर्माणका लागि विकासका प्राथमिकता सहित स्रोत-साधनको विनियोजनको सुनिश्चितता गर्न आवधिक योजना आवश्यक हुन्छ ।

संविधानद्वारा प्रदत्त अधिकारको प्रयोग गरी प्रदेश र स्थानीय तहको बहुपक्षीय विकास गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदेश सरकारमा आएको छ । प्रदेशको विकास चाहनालाई व्यवहारमा रूपान्तरण गर्न योजनाबद्ध विकास आवश्यक हुन्छ । यसका लागि प्रदेश विकासको मार्गचित्र, नीति र कार्यक्रमको तर्जुमा गरी क्रमशः कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

नेपालको संविधानले समाजवादउन्मुख भनेको राष्ट्रियताको संवर्द्धन, सामन्ती शोषणका सबै रूप समाप्त भएको अवस्था, उत्पादन एवम् उत्पादकत्वमा तीव्र वृद्धि भएको अवस्था, राज्यको नेतृत्वदायी भूमिका, लगानीमैत्री वातावरणको सृजना (स्वदेशी तथा विदेशी), निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गरी राष्ट्रिय पुँजीलाई प्रवर्द्धन गरेको अवस्था, उपभोक्तावादी अर्थ व्यवस्थामा न्यूनता आएको अवस्था, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन भएको, पर्याप्त रोजगारी सृजना भएको र आर्थिक परनिर्भरता समाप्त भएको अवस्था, उपलब्ध साधन र स्रोतको उच्चतम प्रयोग र न्यायपूर्ण वितरण गरेको अवस्था, समावेशी तथा मौलिक र मानव अधिकारको संवर्धन गर्दै लोकतन्त्रलाई सबल बनाएको अवस्था भन्ने बुझिन्छ । समाजवादउन्मुख अर्थ व्यवस्थामा आम नागरिकका लागि सामाजिक सुरक्षाको व्यवस्था गरिएको हुन्छ । यही कारणले खर्च अलि बढी हुन्छ र त्यसको लागि राजस्वका दर पनि अलि बढी रहन्छन् । श्रमिकले पर्याप्त मात्रामा श्रमको मूल्य पाउँछन् तर सामाजिक सुरक्षामा योगदान पनि गर्नु पर्छ । समृद्धिको कुरा गर्दा वितरणमा भन्दा पनि उत्पादकत्व वृद्धि र रोजगारी वृद्धिमा ध्यान दिइन्छ । समाजवादमुखी अवस्था भनेको समाजवादको विकास भई नसकेको अवस्था हो । आर्थिक वृद्धि र सामाजिक न्याय दुवैलाई एकै पटक समेटिएको अवस्था पनि हो । समाजवादउन्मुख अवस्था भनेको लोक कल्याणकारी राज्य व्यवस्था हो । यो शब्दलाई सबैभन्दा पहिले भियतनामले सन् १९८६ पछि प्रयोग गरेको थियो ।

## १.३ आवधिक योजनाको उद्देश्य

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्न सबै स्रोत, साधन र प्रयासलाई एकीकृत र सुव्यवस्थित रूपमा परिचालन गरी "स्वच्छ, सुखी र समुन्नत प्रदेश" भन्ने प्रदेशको सोचलाई वास्तविकतामा बदल्नु यस आवधिक योजनाको मूलभूत उद्देश्य रहेको छ ।

## १.४ प्रादेशिक वस्तुगत स्थिति

### (क) भौगोलिक अवस्थिति र राजनीतिक विभाजन

हिमाल, पहाड र तराई तीनै प्रकारको भौगोलिक धरातल समेटिएको यो प्रदेशमा विश्वका ६ वटा अग्ला हिमशिखर मध्ये संसारकै अग्लो हिमाल सगरमाथा (८,८४८ मि.) लगायत कञ्चनजङ्घा, ल्होत्से, मकालु र चोयु पर्दछन् । यसै गरी नेपालकै सबैभन्दा होचो ठाउँ केचना (५८ मि.) समेत यसै प्रदेशमा पर्दछ । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर (मुलुकको कुल क्षेत्रफलको १७.६ प्रतिशत) रहेको छ । कुल क्षेत्रफलको १८ प्रतिशत तराईमा र ८२ प्रतिशत पहाड र हिमाली प्रदेशमा पर्छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं १ पूर्वी नेपालका १४ जिल्लालाई समेटेर बनाइएको छ । जस अन्तर्गत १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह छन् ।

राजनीतिक दृष्टिले यो प्रदेश सचेत र परिवर्तनकारी नागरिकको उपस्थिति भएको प्रदेश हो । नेपालको वामपन्थी आन्दोलनको जन्मभूमि रहेको प्रदेशका वीरहरूले लोकतन्त्र, गणतन्त्र तथा जनताका सार्वभौम अधिकारका लागि शहादत प्राप्त गरेका छन् । २००७ साल पछि मुलुकले आधा दर्जन भन्दा बढी प्रधानमन्त्री यस प्रदेशबाट नै पाएको छ । राजनीतिक परिवर्तनको नेतृत्वदायी भूमिकामा यो प्रदेश नै अग्रणी रहेको छ ।

### (ख) ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्ष

किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्घा, बालगुरु षडानन्द, सामाजिक अभियन्ता योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान् विदुषीहरू जन्मेको यो क्षेत्र ऐतिहासिक, सांस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्त्वपूर्ण छ । किराँत राजादेखि महाभारतकालीन विराट राजासम्मको राज्य रहेको यो प्रदेशमा धार्मिक शक्तिपीठहरू तथा पौराणिक महत्त्वका स्थलहरू पाथीभरा, हलेसी महादेव, बराहक्षेत्र, दन्तकाली, सिद्धकाली, विष्णुपादुका, किचक बध, अर्जुनधारा, पिण्डेश्वरी धाम, बौद्ध धर्मावलम्वीको प्रसिद्ध स्थल साङ्ग्रिला वा स्वर्ग भनी उल्लेख गरिएको ठाउँ खेम्पालुङ तथा तेङ्बोचे गुम्बा तथा किराँतकालीन इतिहास र संस्कृतिसँग जोडिएका धेरै स्थल पर्दछन् ।

### (ग) जनसंख्या

प्रदेशको जनसंख्या २०६८ को जनगणना अनुसार ४५,३४,९४३ रहेको छ जुन मुलुकको कुल जनसंख्याको १७.१ प्रतिशत हो । जनसंख्याको वितरण तराईमा ५६ प्रतिशत र पहाड र हिमालमा ४४ प्रतिशत छ । प्रदेशको जनघनत्व १७५ प्रति वर्ग कि.मि. भए पनि तराईमा ५४९ र पहाड र हिमालमा ९४ प्रति वर्ग कि.मि. मात्र छ । जनसंख्याको वार्षिक औसत वृद्धिदर ०.७ प्रतिशत छ भने २०५८-२०६८ को अवधिमा ९ वटा जिल्लाको औसत वार्षिक जनसंख्या वृद्धिदर नकारात्मक रहेको छ । यस अवधिमा जनसंख्या वृद्धि इलाममा ०.२६ प्रतिशत, उदयपुरमा ०.९९ प्रतिशत, झापामा १.६६ प्रतिशत, मोरङमा १.३५ प्रतिशत र सुनसरीमा १.९९ प्रतिशत रहेको छ ।

चित्र १ : उमेर समूह अनुसार जनसंख्याको वितरण (प्रतिशत)




जनगणना, २०६८ अनुसार प्रदेशमा १५-६४ उमेरको श्रम गर्न सक्षम जनसंख्या ६१.५ प्रतिशत छ । जनसंख्या प्रक्षेपणको तथ्याङ्क हेर्दा आधार वर्षको ३० वर्षपछि अर्थात् वि.सं. २०९८ मा जनसांख्यिक संरचनामा धेरै फेरबदल आइसकेको हुनेछ । त्यति बेला, यो प्रदेशमा काम गर्ने उमेर समूह (१५-६४ वर्ष) मा ६९.२ प्रतिशत, केटाकेटी (१५ वर्ष भन्दामुनि) २२.३ प्रतिशत र पाका (६५+ वर्ष) ८.५ प्रतिशत रहने देखिन्छ ।

### (घ) प्राकृतिक स्रोत तथा जैविक विविधता

हिमाल, पहाड र तराईको जैविक विविधता, विश्व प्रख्यात गुराँसको वन लगायत धार्मिक तथा सांस्कृतिक महत्त्वका अनगिन्ती स्थानको सङ्गम स्थल यस प्रदेशमा वातावरणीय विविधता पनि प्रचुर मात्रामा छ । विश्वमा नै अत्यन्त दुर्लभ मानिएको रातो पाण्डादेखि संसारमा कतै पनि नपाइएको चरा काँडे भ्याकुरसम्मको वासस्थान पनि यही हो । प्रस्तावित लालीगुराँस संरक्षण क्षेत्र (तीनजुरे मिल्के जलजले) लगायत माइपोखरी, जामुनखाडी लगायत दर्जनौ सिमसार क्षेत्र तथा बर्जु ताल, सभापोखरी लगायतका तालतलैयाको पर्यावरणीय विविधता यो प्रदेशको विशिष्टता हो । सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र, कञ्चनजङ्गा संरक्षित क्षेत्र, कोशीटप्पु वन्यजन्तु आरक्ष लगायतका प्राकृतिक सम्पदा पनि यसै प्रदेशमा पर्दछन् ।

### (ङ) जातजाति र भाषाभाषी

मेचीको तिरदेखि सगरमाथाको शिरसम्म पुग्दा थारू, धिमाल, राजवंशी, सन्थाल, उराव, मुस्लिम, क्षेत्री, ब्राह्मण, नेवार, तामाङ, मगर, राई, लिम्बू, गुरुङ, शेर्पा, भोटे, मेचे जस्ता विविध जातजाति तथा तिनको फरक-फरक धर्म र संस्कृति लिएर यो प्रदेश बसेको छ । प्रदेशमा प्रशस्त जातीय विविधता भएतापनि जनसंख्याको ५ प्रतिशत भन्दा बढी भएका जम्मा ४ चार जात-जाति छन् - क्षेत्री १४.८ प्रतिशत, ब्राह्मण १२.१ प्रतिशत, राई ११.३ प्रतिशत र लिम्बू ८ प्रतिशत । प्रमुख १५ वटा जात जातिको अंश प्रदेशको कुल जनसंख्याको ७८.२ प्रतिशत छ । यो राई र लिम्बू जातिको ऐतिहासिक बसोबासको क्षेत्र हो । नेपालका झन्डै ९४ प्रतिशत लिम्बू र ८३ प्रतिशत राई जाति यहाँ बसोबास गर्दछन् । प्रदेशमा

बसोबास गर्ने अन्य जातीय समुदायमा मुख्यतः तामाङ ४.७ प्रतिशत , मगर ४.२ प्रतिशत, थारू ४.२ प्रतिशत, नेवार ३.७ प्रतिशत, मुसलमान ३.६ प्रतिशत, गुरुङ १.४ प्रतिशत, यादव १.३ प्रतिशत, दलित समुदाय ९.३ प्रतिशत र अन्य २१.४ प्रतिशत छन् ।

भाषाका आधारमा नेपाली ४३.०७ प्रतिशत, मैथली ११.१९ प्रतिशत, लिम्बू ७.३१ प्रतिशत र थारू ३.९२ प्रतिशत छन् । १५ वटा प्रमुख भाषा बोल्ने जनसंख्या ९०.३४ प्रतिशत छ ।जातिगत हिसाबमा ताप्लेजुङ, पाँचथर र तेह्रथुममा लिम्बू जातिको बाहुल्य छ भने खोटाङ, इलाम, भोजपुर र सोलुखुम्बुमा राईको । यसै गरी झापा र मोरङमा पहाडी ब्राह्मणको र संखुवासभा, धनकुटा, ओखलढुङ्गा र उदयपुरमा क्षेत्रीको बाहुल्य छ । सुनसरी जिल्लामा थारूको बाहुल्य छ । भाषाका सन्दर्भमा ताप्लेजुङ र पाँचथरमा लिम्बू भाषीको र अन्य जिल्लामा नेपाली भाषीको संख्या उल्लेखनीय छ ।

**(च) गार्हस्थ्य उत्पादन र राजस्व**

यस प्रदेशको आ.व. २०७५/७६ को कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा) ५ खर्ब ०५ अर्ब ८४ करोड ८ लाख छ । जुन नेपालको कुल गार्हस्थ्य उत्पादनको १७.३ प्रतिशत हो । केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७५/७६ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३७.३ प्रतिशत रहेको छ । यस प्रदेशको प्रति व्यक्ति आय ९३४ अमेरिकी डलर (नेपालको औसत १०४७ अमेरिकी डलर) रहेको छ । राजस्व सङ्कलनको अवस्था हेर्दा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, घरजग्गा रजिस्ट्रेसन आदि शीर्षकमा यस प्रदेशबाट जम्मा रु. ४२ अर्ब २२ करोड राजस्व सङ्कलन भएको देखिन्छ, जुन नेपालको सम्पूर्ण राजस्वको ८.८ प्रतिशत हुन आउँछ । भन्सार बिन्दुको राजस्व बाहेक यस प्रदेशबाट जम्मा राजस्व रु. १२ अर्ब १२ करोड मात्र राजस्व सङ्कलन भएको देखिन्छ, जुन मुलुकको गैर भन्सार राजस्वको २.५२ प्रतिशत मात्र हो । यस प्रदेशको समग्र राजस्व सङ्कलनमा भन्सार विन्दुको योगदान ७१.२९ प्रतिशत छ ।

**(छ) उद्योग र रोजगारी**

प्रदेशमा कुल उद्योगको संख्या ७३७ (कूल उद्योगको १८ प्रतिशत) र लगानी रु ३४२.६ अर्ब छ । यस मध्ये विदेशी लगानीमा साना ७३, मझौला ३० र ठूला २२ गरी जम्मा १२५ उद्योगमा १०२४.३ करोड लगानी स्वीकृत भएको देखिन्छ । उद्योग क्षेत्रमा प्रदेशमा ७० हजार ६ सयले रोजगारी पाएका छन्, जुन कुल औद्योगिक रोजगारीको करिब १३ प्रतिशत हो । लगानीका दृष्टिले यस प्रदेशका उद्योगमा कुल औद्योगिक लगानीको करिब २० प्रतिशत लगानी छ ।

**(ज) भू-बनोट र उपयोग**

भू-स्रोत व्यवस्थापनका हिसाबले खेतीका लागि बढी उपयुक्त जमिन तराई र भित्री मधेसमा १७ प्रतिशत मात्र छ । पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपातका निम्ति २४ प्रतिशत र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ । झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ ।

**(झ) वन तथा निकुञ्ज**

प्रदेशको कुल ४३ प्रतिशत भाग वन जङ्गलले ढाकेको छ । तराईका तीन जिल्लामा १९ प्रतिशत भूभाग मात्रै वन जङ्गलले ढाकेको छ । यस प्रदेशमा सगरमाथा, मकालु वरुण, कञ्चनजङ्घा र कोशीटप्पु गरी ४ वटा राष्ट्रिय निकुञ्ज र आरक्ष छन् । प्रदेशको १९ प्रतिशत भूभाग यसले ढाकेको छ ।

**(ञ) जल तथा ऊर्जा**

जल तथा ऊर्जाको यस प्रदेशमा प्रशस्त सम्भावना रहेको छ । १७ स-साना आयोजनाबाट हाल १३६.९ मेगावाट विद्युत् उत्पादन भइरहेको छ भने अन्य ५२१.३ मेगावाट निर्माणाधीन अवस्थामा छन् । २१७५.९ मेगावाट क्षमताका आयोजना अध्ययनका चरणमा छन् । हालै शिलान्यास भएको अरूण-३ को निर्माण पश्चात् यो प्रदेश जलविद्युत उत्पादनका दृष्टिले मुलुककै धनी प्रदेशमध्ये एक हुनेछ ।

**(ट) कृषि र सिँचाइ**

प्रदेशको कुल भू-भागको २३ प्रतिशत कृषि क्षेत्र पर्दछ । ३८.६ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ, जसको अधिकांश भूभाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्छ । खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र छिमेकमा समेत निर्यात गर्ने हैसियत राख्दछ । धान, मकै, कोदो, फापर, गहुँ र जौमा ३ लाख मेट्रिक टनभन्दा बढी बचत हुन्छ । यो प्रदेशको उपभोगलाई चाहिने भन्दा ३७ प्रतिशत बढी हो ।

**(ठ) पूर्वाधार**

यो प्रदेशमा २,३८९ कि.मि. पूर्व-पश्चिम र उत्तर दक्षिण रणनीतिक सडक छन् । ११,८३७ कि.मि. जिल्ला र स्थानीय सडक छन् । यी मध्ये कालोपत्रे सडक १० प्रतिशतभन्दा पनि कम छ । यस प्रदेशका १३ वटा विमानस्थल मध्ये विराटनगर र तुम्लिङ्टारका अतिरिक्त चालू अवस्थाका ८ वटा साना विमानस्थल छन् ।

**(ड) मानव विकास**

मानव विकास (दीर्घ जीवन, ज्ञानमा पहुँच र राम्रो जीवनस्तर)का निम्ति चाहिने आयका दृष्टिले नेपालको औसतभन्दा यो प्रदेशको स्थिति राम्रो देखिन्छ । प्रदेशको मानव विकास ०.५०४ छ । बहुआयामिक गरिबी औसत १९.७ प्रतिशत (राष्ट्रिय २८.६ प्रतिशत) छ । यस प्रदेशको औसत आयु ७०.७ वर्ष रहेको छ । त्यसैगरी यस प्रदेशको साक्षरता दर ७१.१ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ७९.३ प्रतिशत र महिला साक्षरता दर ६३.९ प्रतिशत रहेको छ ।

## १.५ सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण

उपरोक्त वस्तुस्थितिको विश्लेषणबाट प्रदेशको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती निम्न अनुसार आकलन गर्न सकिन्छ:

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • सबै समुदायको साझा फूलबारीको रूपमा रहनु । | • प्रदेशको संस्थागत क्षमता कमजोर हुनु । |

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • राजनीतिक स्थायित्व, प्रदेशमा स्पष्ट बहुमतको सरकार हुनु ।<br>• प्रदेश सञ्चालन सम्बन्धी २५ आधारभूत कानुन पारित हुनु ।<br>• वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा जानु ।<br>• औद्योगिक विकास अग्रणी स्थानमा रहनु ।<br>• उच्च मूल्यका कृषिजन्य उत्पादनको उपलब्धता हुनु ।<br>• तराई क्षेत्रमा पूर्वाधार (सडक, सिँचाइ आदि) को सापेक्षिक उपलब्धता बढी हुनु ।<br>• प्राकृतिक, धार्मिक, सांस्कृतिक, र साहसिक पर्यटकीय स्थल उपलब्ध हुनु ।<br>• जनसांख्यिक बनौटमा काम गर्ने उमेरको जनसंख्या उल्लेखनीय संख्यामा हुनु ।<br>• प्रदेशको साक्षरता दर राष्ट्रिय साक्षरता दर भन्दा बढी हुनु । | • प्रदेशको प्रशासनिक पद्धति र प्रक्रिया स्थापित भई नसक्नु ।<br>• प्रदेशका कतिपय अधिकार क्षेत्रका बारेमा प्रस्टता आई नसक्नु ।<br>• प्रदेशको आर्थिक विकासको स्पष्ट र एकीकृत सोचको विकास भई नसक्नु ।<br>• संविधान अनुसार संघीय सरकारले तर्जुमा गर्नु पर्ने प्रदेशसम्बन्धी ऐन, कानुन तर्जुमा भई नसक्नु ।<br>• कर्मचारीमा अस्थिरता रही रहनु ।<br>• प्रदेश कार्यालय सञ्चालन र कार्य सम्पादनका लागि आवश्यक भौतिक पूर्वाधारको कमी हुनु । |

| अवसर | चुनौती |
|---|---|
| • प्रदेशको पहिलो सरकार भएकाले आफैबाट शुरू गर्ने अवसर हुनु ।<br>• प्रदेश अनुकूल कानुन, संरचना र कार्यप्रणाली स्थापित गर्ने र नीतिगत आधार बनाएर अघि बढ्ने अवसर हुनु ।<br>• यथेष्ट संख्यामा उपलब्ध युवा श्रमशक्तिलाई उपयोग गर्ने अवसर उपलब्ध हुनु ।<br>• स्थानीय तहमा निर्वाचित नेतृत्वका कारण सृजनशील काम गर्ने अवसर विद्यमान हुनु ।<br>• तराईका जिल्लामा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धिका प्रशस्त सम्भावना रहनु । | • संघीयकरणको सङ्क्रमण व्यवस्थापन गर्नु ।<br>• विकासका समग्र क्षेत्र र पक्षलाई एक आपसमा जोडेर विकासको एकीकृत खाका निर्माण गर्नु ।<br>• आर्थिक स्रोतको वृद्धि तथा परिचालन गर्नु ।<br>• प्रदेश विकासमा बाह्य लगानी आकर्षित गर्नु ।<br>• उच्च जन अपेक्षाको परिपूर्ति र व्यवस्थापन गर्नु ।<br>• सार्वजनिक प्रशासनलाई वैज्ञानिक, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्नु । |

| अवसर | चुनौती |
|---|---|
| • विशिष्टिकृत कृषि, जैविक विविधतामा आधारित अर्ग्यानिक खेतीको अवसर हुनु ।<br>• चिया, अलैंची लगायतका उच्च मूल्यका नगदे बालीको विस्तार गर्न सकिने व्यापक सम्भावना रहनु ।<br>• कृषिमा आधारित औद्योगीकरण र प्रशोधन उद्योगको सम्भावना रहनु ।<br>• अन्तर्राष्ट्रिय व्यापार र सामुद्रिक पहुँचको प्रमुख बिन्दु हुनु ।<br>• जलस्रोतको प्रचुर सम्भावना हुनु ।<br>• विश्वमा उत्कृष्ट गन्तव्यको रूपमा स्थापित हुने गरी पर्यटनको प्रचुर सम्भावना हुनु ।<br>• पहाड र तराईको अर्थतन्त्रलाई पारस्परिक लाभ र परिपूरक सहयोग पुग्ने गरी साधन स्रोत परिचालन गर्ने अवसर हुनु ।<br>• व्यवस्थित शहरीकरण मार्फत एकीकृत सेवा प्रदान गर्ने अवसर हुनु । | • सार्वजनिक क्षेत्रको सूचना र सेवालाई एक द्वार प्रणाली मार्फत प्रवाह गर्नु ।<br>• विशेषगरी कृषिजन्य उत्पादनलाई भण्डारण तथा बजारीकरणको वैज्ञानिक व्यवस्थापन गर्नु ।<br>• विदेशिने जनशक्तिलाई प्रदेशमै अवसर उपलब्ध गराउनु ।<br>• प्राकृतिक विपद्को वैज्ञानिक व्यवस्थापन गरी वातावरणीय सचेतना जगाउनु ।<br>• संघ र स्थानीय तहसँग समन्वय गरी शिक्षा तथा स्वास्थ्यको गुणस्तरमा अभिवृद्धि गर्नु । |

## १.६ योजना तर्जुमा प्रक्रिया

### (क) सोचको विकास

आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमले प्रदेश विकासका गुरुयोजना तर्जुमा गर्ने उल्लेख भए अनुसार प्रदेश सरकारले दीर्घकालीन विकासका निमित्त प्रदेश विकास योजना तर्जुमा गर्ने प्रक्रिया अघि बढाएको ।

### (ख) निर्देशक समिति

मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव (प्रदेश सरकार), सचिव (आर्थिक मामिला तथा योजना मन्त्रालय), प्रदेश स्तरीय जिल्ला समन्वय समिति/नगरपालिका/गाउँपालिका महासंघका प्रमुख वा प्रतिनिधि सदस्य रहने गरी निर्देशक समितिको गठन गरिएको । सहजकर्ता (विज्ञ समूह) आमन्त्रित सदस्य रहने र निर्देशक समितिको सदस्य सचिवको रूपमा प्रदेश योजना आयोगका सचिव रहने व्यवस्था गरी आवधिक योजना तर्जुमा प्रक्रिया सुचारु गरिएको ।

### (ग) प्राविधिक समिति

प्रदेश आवधिक विकास योजना तर्जुमाका लागि प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा, प्रदेश योजना आयोगका सदस्यहरू, प्रदेश सरकारका प्रमुख सचिव र विषयगत मन्त्रालयका सचिवहरू सम्मिलित समितिको गठन भएको । योजना आयोग गठन पूर्व यो समितिको संयोजकत्व प्रदेश सरकारका प्रमुख सचिवले गर्ने व्यवस्था रहेको ।

**(घ) सल्लाहकार समिति**

प्रदेश विकास योजना तर्जुमा प्रक्रियालाई प्राविधिक पक्षमा मार्गनिर्देशनका लागि वरिष्ठ योजनाविद् तथा लब्धप्रतिष्ठित व्यक्तित्वहरू रहेको समिति गठन गरी समय समयमा सुझाव लिइँदै परिमार्जन गरिएको ।

**(ङ) प्रारम्भिक अवधारणाको निर्माण**

प्रदेशका विषयगत मन्त्रालयबाट प्रदेश कार्य विभाजन नियमावली अनुसार आ-आफ्ना कार्यक्षेत्रमा पर्ने विषय क्षेत्रमा प्रारम्भिक अवधारणापत्रको निर्माण गरी अवधारणापत्रलाई प्रारम्भिक आधार मानी थप विश्लेषणको कार्य अघि बढाइएको ।

**(च) विज्ञ समूहको गठन**

आवधिक योजनामा समावेश हुने विषय क्षेत्रमा मन्त्रालयबाट निर्माण भएका प्रारम्भिक अवधारणालाई उन्नत बनाउन मुख्य-मुख्य विषयहरूमा विषयगत विज्ञ समूह गठन गरी सम्बन्धित क्षेत्रको विषयगत तथ्याङ्क सङ्कलन तथा वस्तुस्थिति, चुनौती र सम्भावना विश्लेषण सहित प्रारम्भिक अवधारणापत्रमा थप परिष्कृत गर्ने कार्य गरिएको ।

**(छ) सहभागितामूलक परामर्श प्रक्रिया**

आवधिक योजनाको प्रारम्भिक अवधारणापत्रलाई प्रदेशको विभिन्न भूगोलमा कार्यशालाको आयोजना गरी स्थानीय तह, प्रदेश सभा तथा संघीय संसदका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, सरोकारवाला, नागरिक समाज एवम् संघ संस्था र विकास साझेदारसँग अर्थपूर्ण संवाद गरी प्राप्त उपयुक्त सुझावलाई समावेश गरिएको ।

**(ज) आधारपत्रको निर्माण**

सहभागितामूलक योजना तर्जुमा तथा परामर्श कार्यशालाहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणमा सम्बन्धित विषयगत मन्त्रालयबाट पुनः आवश्यक परिमार्जन एवम् परिष्कृत गरी प्राप्त दस्तावेजलाई प्रदेश योजना आयोगले एकीकृत स्वरूप प्रदान गरी मस्यौदा तर्जुमा गरिएको थियो । मस्यौदामा प्रदेश विकास परिषदमा बृहत् छलफल गरी प्राप्त सुझावहरू समेटेर आवधिक योजनाको आधार पत्र निर्माण गरिएको ।

**(झ) प्रथम योजनाको निर्माण**

योजना तर्जुमाको क्रममा सम्बन्धित मन्त्रालय र विज्ञहरूलाई संलग्न गराएर योजनामा समावेश गर्न प्रमुख आयोजना, कार्यक्रम तथा नतिजा खाका तयार गरी योजनाको विस्तृत स्वरूप तयार गरिएको छ । आवधिक योजनाको कार्यान्वयन प्रभावकारी बनाउन आर्थिक वर्ष २०७६/७७ देखि प्रारम्भ हुने गरी मध्यमकालीन खर्च संरचना समेत तयार गरिएको ।

## १.७ योजना तर्जुमाका आधार

प्रदेशको आवधिक योजनाका मार्गदर्शक आधार देहाय बमोजिम रहेका छन् :

(क) नेपालको संविधान,

(ख) विद्यमान ऐन नियम,

(ग) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति,

(घ) राष्ट्रिय / प्रादेशिक दीर्घकालीन सोच,

(ङ) राष्ट्रिय आवधिक योजना,

(च) दिगो विकासका लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता,

(छ) नेपाल सरकारका मार्गनिर्देशन,

(ज) प्रदेशको मुख्य समस्या र सम्भावना,

(झ) प्रदेश सरकारमा सहभागी दलहरूको चुनावी घोषणा-पत्र ।

## १.८ सीमाहरू

### (क) योजना तर्जुमाको प्रक्रिया

राष्ट्रिय योजना आयोगले प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन (नमुना) २०७५ जारी गर्नु अगावै यस आवधिक योजना तर्जुमाको प्रक्रिया आरम्भ भइसकेकाले सकेसम्म तादात्म्य मिलाउने प्रयास गरिएको छ ।

### (ख) अध्ययन विश्लेषण

प्रदेशको अद्यावधिक सूचना र तथ्याङ्क सहितको वस्तुगत विवरण तयार हुन नसकेको, प्रदेशगत कार्यप्रणाली भर्खरै मात्र आरम्भ भएकाले मन्त्रालयहरूमा तथ्याङ्क तथा सूचना अत्यन्त न्यून मात्रामा रहेको, खण्डीकृत तथ्याङ्कको कमीका बिच उपलब्ध तथ्य-तथ्याङ्कमा सीमित भएर योजना तर्जुमा प्रक्रिया अवलम्बन गरिएको छ ।

### (ग) कार्यक्षेत्रगत अस्पष्टता

प्रदेशको कार्यक्षेत्रका कतिपय विषयमा अद्यापि अस्पष्टता विद्यमान रहेकोले प्रदेश तहमा लिइने क्षेत्रगत विकासका पहल स्पष्ट रूपमा प्रस्तुत गर्न कठिनाइ रहेको छ ।

# परिच्छेद दुई: आवधिक योजनाको समष्टिगत सोच, लक्ष्य, लगानी र स्रोतको बाँडफाँट

## २.१ पृष्ठभूमि

नयाँ राजनीतिक संरचना अनुरूप तीनै तहका सरकार गठन भई क्रियाशिल भएका छन् । प्रदेश सरकारले संविधानका अधिकार सूची बमोजिमका कार्य सुव्यवस्थित र योजनाबद्ध रूपमा सम्पादन गर्ने उद्देश्यले यो आवधिक योजना तर्जुमा गरेको छ । यस योजनाले नेपालको दीर्घकालीन सोच २१०० (वि.सं.) र पन्ध्रौं योजनाले परिलक्षित गरेका लक्ष्य र उद्देश्य हासिल गर्न सहयोग पुऱ्याई प्रदेशको समृद्धि र समष्टिमा देशकै समृद्धिमा सहयोग पुऱ्याउने ध्येय लिएको छ ।

## २.२ पन्ध्रौं राष्ट्रिय योजनासँगको आबद्धता

पन्ध्रौं राष्ट्रिय योजनाले **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन सोच लिएको छ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता बमोजिम सन् २०२१ मा अति कम विकसित मुलुकबाट विकासशील मूलकमा स्तरोन्नति गर्ने र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आयस्तर भएको मुलुकमा पुग्ने दीर्घकालीन लक्ष्य तर्फ राष्ट्रिय योजना निर्दिष्ट रहेको छ ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई मूर्त रूप दिन १० वटा दीर्घकालीन राष्ट्रिय लक्ष्य निर्धारण गरेको छ । 'समृद्धि' का सूचकहरुमा (१) सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता, (२) मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, (३) उच्च र दिगो उत्पादन तथा उत्पादकत्व, (४) उच्च र समतामूलक राष्ट्रिय आय र 'सुख' को लक्ष्य सूचकमा (१) परिष्कृत तथा मर्यादित जीवन, (२) सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, (३) स्वस्थ र सन्तुलित पर्यावरण, (४) सुशासन, (५) सबल लोकतन्त्र र (६) राष्ट्रिय एकता, सुरक्षा र सम्मान रहेका छन् ।

उक्त लक्ष्य प्राप्तिका लागि देहाय अनुसारका आठ वटा दीर्घकालीन राष्ट्रिय रणनीतिहरू लिएको छ :

१. तीव्र, दिगो र रोजगार मूलक आर्थिक वृद्धि गर्ने,
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तर आबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता प्रवर्द्धन गर्ने ।

पन्ध्रौं राष्ट्रिय योजना अनुरूप प्रदेश योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्दिष्ट रहेका छन् ।

## २.३ प्रदेशको दीर्घकालीन सोच

**"स्वच्छ, सुखी र समुन्नत प्रदेश"**

## २.४ दीर्घकालीन सोचका आधार

दीर्घकालीन सोचलाई देहाय बमोजिम तीन मूल स्तम्भमा वर्गीकरण गरिएको छः

| १. स्वच्छ | २. सुखी | ३. समुन्नत |
|---|---|---|
| ३.१ स्वस्थ र सन्तुलित पर्यावरण | २.१ परिष्कृत तथा मर्यादित जीवन | १.१ उच्च र समतामूलक आय |
| ३.२ आधारभूत सरसफाइ सुविधा | २.२ सभ्य र न्यायपूर्ण समाज | १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| ३.३ नवीकरणीय ऊर्जा | २.३ सुशासन | १.३ सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता |
| ३.४ जैविक कृषि | २.४ जीवनस्तर | १.४ उच्च र दिगो उत्पादन र उत्पादकत्व |

## २.५ समष्टिगत लक्ष्य

**"सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण हुने"**

## २.६ समष्टिगत उद्देश्य

(क) उत्पादनमुखी क्षेत्रमा लगानी वृद्धि गरी आय र मर्यादित रोजगारीका अवसरमा वृद्धि गर्नु ।

(ख) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै उन्नत मानव संसाधन विकास एवम् समता मूलक समाजको आधार निर्माण गर्नु ।

(ग) गुणस्तरीय दिगो भौतिक पूर्वाधारको विकास गर्नु ।

(घ) जलवायु अनुकूलन गर्दै वन, वातावरण, जलाधार र जैविक विविधताको संरक्षण गर्नु ।

(ङ) सुशासनको अभिवृद्धि गर्नु ।

## २.७ परिमाणात्मक लक्ष्य

प्रथम पञ्चवर्षीय योजनाका मुख्य परिमाणात्मक लक्ष्य देहायको तालिका ४ मा प्रस्तुत गरिएको छः

**तालिका १ : आवधिक योजनाका प्रमुख लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | योजना अवधिको औषत लक्ष्य |
|---|---|---|---|---|
| **आर्थिक क्षेत्र** | | | | |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत (स्थिर मूल्य) | ४.५ | ९.७ |
| २ | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | रु. (करोडमा) | ५०,५८४ | ८०,३५६* |
| ३ | कृषि क्षेत्रको वार्षिक औसत | प्रतिशत | ३.७ | ५.६ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | योजना अवधिको औषत लक्ष्य |
|---|---|---|---|---|
| | वृद्धिदर | | | |
| | (क) कृषि तथा वन | | ५.२ | ५.५ |
| | (ख) मत्स्यपालनको वृद्धिदर | | ११.१ | १२ |
| ४ | गैर कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर | प्रतिशत | ५.२ | ११.५ |
| | (क) उद्योग क्षेत्र | प्रतिशत | ४.९ | १४.२ |
| | (ख) सेवा क्षेत्र | प्रतिशत | ५.३ | १०.२ |
| ५ | प्रति व्यक्ति आय[१] | अमेरिकी डलर | ९३४ | १,६२० |
| ६ | मुद्रास्फीति[५] | प्रतिशत | ५.५ | ६[१] |
| **सामाजिक क्षेत्र** | | | | |
| ७ | गरिबीको रेखा मुनि रहेको जनसंख्या[१] | प्रतिशत | १२.४ | ११ |
| ८ | बहु-आयामिक गरिबीको जनसंख्या१ | प्रतिशत | १९.७ | १४ |
| ९ | मानव विकास सूचकाङ्क (सन् २०१४)[४] | सूचकाङ्क | ०.५०४ | ०.६०० |
| १० | आर्थिक असमानता-सम्पत्तिमा (Gini)३ | सूचकाङ्क | ०.३५ | ०.३२ |
| ११ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Index) | अनुपात | १.०१ | ०.९० |
| १२ | लैङ्गिक विकास सूचकाङ्क[२] | सूचकाङ्क | ०.९२५ | ०.९६३ |
| १३ | साक्षरता दर[३] | प्रतिशत | ७९.१ | ९९ |
| १४ | खुद भर्ना दर[६] | प्रतिशत | ९५ | ९९ |
| १५ | अपेक्षित आयु (जन्मेको समयमा)[१] | वर्ष | ७०.७ | ७३.१ |
| १६ | बाल मृत्युदर[२] (प्रति हजार जीवित जन्ममा) | संख्या | ३६ | २२ |
| **भौतिक क्षेत्र** | | | | |
| १७ | कुल सडकमा कालोपत्रे सडक | कि.मि. | १,५४४ | ५,००० |
| १८ | सिँचाइ योग्य भूमिमा सिँचाइ | प्रतिशत | ५३ | ८० |
| १९ | खानेपानी सेवा पुगेको जनसंख्या | प्रतिशत | ९० | ९९ |
| २० | विद्युतमा पहुँच प्राप्त परिवार[३] | प्रतिशत | ९१.४ | ९९.५ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | योजना अवधिको औषत लक्ष्य |
|---|---|---|---|---|
| **शासकीय सुधार** | | | | |
| २१ | कानुनी शासन सूचकाङ्क[७] | सूचकाङ्क | ०.५३ | ०.५८ |
| २२ | सुशासन सूचकाङ्क (-२.५ देखि २.५ सम्म) | सूचकाङ्क | -०.७८ | १ |
| २३ | भ्रष्टाचार अनुभूति सूचकाङ्क[८] | सूचकाङ्क | ३१ | ४१ |

*आ.व. २०८०/८१ को कुल गार्हस्थ्य उत्पादन

१ = CBS, २ = मानव विकास प्रतिवेदन २०१८, ३ = NDHS, 2016, ४ = रा.यो.आ, ५ = ने.रा.बैं., ६ = Flash Report, ७ = कानुनी शासन सूचकाङ्क २०१८, ८ = ट्रान्सपरेन्सी इन्टरनेशनल

## २.८ समष्टिगत रणनीति

१. कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
२. समावेशी विकास सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।
३. शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा-सुविधाको पहुँचमा विस्तार गर्ने ।
४. यातायात, विद्युत, सिँचाइ आदि रणनीतिक महत्त्वका पूर्वाधारहरूको विकास गर्ने ।
५. वन, वातावरण, जैविक विविधताको विकास एवम् संरक्षण गर्ने ।
६. जलवायु परिवर्तन अनुकूलनता अभिवृद्धि एवम् प्रभावकारी विपद् व्यवस्थापन गर्ने ।
७. दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन गर्ने ।

## २.९ दीर्घकालीन सोचका गन्तव्य सूचक

"स्वच्छ, सुखी र समुन्नत प्रदेश" स्थापना गर्ने प्रदेशको दीर्घकालीन सोचका ४-४ वटा क्षेत्रगत आधारहरू तय गरी देहाय बमोजिमका गन्तव्य सूचक निर्धारण गरिएका छन्:

## (क) स्वच्छका गन्तव्य सूचक

**तालिका २: स्वच्छताका गन्तव्य सूचक**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४३.२४ | ४३.५० | ४३.७५ | ४४.०० | ४४.३५ | ४४.७४ |
| २ | वायु प्रदूषणको मात्रा (पि.एम. २.५) | μg/m³ | ५२.९५ | ५०.०० | ४६.५० | ४४.०० | ४२.०० | ४०.०० |
| ३ | हरित गृह ग्यााँस उत्सर्जन (यातायात तथा उद्योग क्षेत्र) | प्रतिशत | १२ | ११ | १० | ९ | ८.० | ८.० |
| ४ | वाणिज्य क्षेत्रबाट हरितगृह ग्यााँस उत्सर्जन | प्रतिशत | ५.०० | ४.८० | ४.५० | ४.३० | ४.१० | ३.८३ |
| ५ | कृषि क्षेत्रबाट हरितगृह ग्यााँस उत्सर्जनको परिमाण | गेगाजुल | ३,३०२ | ३,२५० | ३,२०० | ३,१५० | ३,१०० | २,९५० |
| ६ | आधारभूत सरसफाइ सुविधा पुगेको जनसंख्या | प्रतिशत | ६२. | ६५ | ७० | ७३ | ७६ | ८० |
| ७ | ऊर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | २ | २.२ | २.४ | २.६ | २.८ | २.३ |
| ८ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | परिवार संख्या | ९,००० | ९,५०० | १०,००० | १०,५०० | ११,००० | ११,५०० |

| क.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ९ | कुल गार्हस्थ्य उत्पादनमा विपद्वाट भएको क्षतिको अनुपात (Disaster loss as percent of GDP) | प्रतिशत | ०.८१ | ०.७ | ०.६ | ०.५ | ०.३५ | ०.२० |
| १० | जैविक बालीको अनुपात | प्रतिशत | १.९६ | २.०० | २.१० | २.२० | २.३५ | २.५० |

## (ख) सुखका गन्तव्य सूचक

### तालिका ३: सुखका गन्तव्य सूचक

| क.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १ | सुशासनमा आधारित नतिजामुखी प्रशासन | सूचकाङ्क (-२.५ देखि २.५ सम्म) | -०.७८ | -०.४ | ० | ०.४० | ०.८० | १.२५ |
| २ | भ्रष्टाचार न्यूनता अनुभूति | सूचकाङ्क (० देखि १०० सम्म) | ३१ | ३४.८ | ३८.६ | ४२.४ | ४६.२ | ५० |
| ३ | उत्तरदायित्व, पारदर्शीता र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क | सूचकाङ्क (१ देखि ६) | ३.० | ३.२ | ३.४ | ३.६ | ३.८ | ४.० |
| ४ | विपद्बाट मृत्यु | प्रति लाख | ३ | २.५ | २. | १.८ | १.७ | १.५ |
| ५ | विपद्बाट सम्पतिमा क्षति | रु. करोडमा | ६२ | ५० | ४० | ३० | २५ | २० |
| ६ | नागरिक सन्तुष्टि अनुभूतिको सूचकाङ्क | सूचकाङ्क | ४.७ | ४.९ | ५.० | ५.२ | ५.३ | ५.५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ७ | दर्ता भएका अपराध उजुरीको फछ्र्यौट | प्रतिशत | ६७.५ | ७२.० | ७७.० | ८१.० | ८६ | ९० |
| ८ | मानव अधिकार उल्लङ्घनका घटना | संख्या | ८४८ | ७६३ | ६७८ | ५९३ | ५०८ | ४२४ |
| ९ | शान्ति सुरक्षाका लागि प्रतिव्यक्ति बजेट | रुपैयाँ | ७४ | १७६ | १८१ | १८६ | १९५ | २०० |
| १० | लैङ्गिक सशक्तिकरण | सूचकाङ्क | ०.५७ | ०.५९ | ०.६२ | ०.६४ | ०.६७ | ०.६९ |
| ११ | लैङ्गिक हिंसा न्यूनीकरण | प्रतिशत | २२.२ | २१ | २० | १९ | १८ | १७ |
| १२ | लैङ्गिक असमानता न्यूनीकरण | सूचकाङ्क | ०.३८ | ०.३६ | ०.३४ | ०.३२ | ०.३० | ०.२८ |
| १३ | राजनीतिक सशक्तिकरण सूचकाङ्क | सूचकाङ्क | ०.७० | ०.७१ | ०.७२ | ०.७३ | ०.७४ | ०.७५ |
| १४ | सामाजिक सशक्तिकरण सूचकाङ्क | सूचकाङ्क | ०.४८ | ०.४९ | ०.५ | ०.५२ | ०.५४ | ०.५५ |
| १५ | आर्थिक सशक्तिकरण सूचकाङ्क | सूचकाङ्क | ०.४३ | ०.४४ | ०.४६ | ०.४८ | ०.५० | ०.५२ |
| १६ | बालबालिकाको जन्मदर्ता | संख्या | ६१ | ६५ | ७० | ७५ | ८० | ८५ |
| १७ | किशोरी अवस्थाको प्रजनन दर न्यूनीकरण | प्रतिशत | १६ | १२ | ८ | ६ | ५ | ४ |
| १८ | पुड्कोपना भएका बालबालिका | प्रतिशत | ३२.६ | ३२ | ३१.५ | ३१ | ३०.५ | ३० |
| १९ | कम तौल भएका बालबालिका | प्रतिशत | २४.४ | २४ | २३ | २२ | २१ | २० |
| २० | बालबालिकामा रक्तअल्पता | प्रतिशत | ५५.२ | ५२ | ४८ | ४५ | ४२ | ४० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| २१ | महिलामा रक्तअल्पता | प्रतिशत | ४३.३ | ४० | ३६ | ३४ | ३२ | ३० |
| २२ | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आबद्ध जनसंख्या | प्रतिशत | २७ | ३० | ३३ | ३६ | ३९ | ४२ |
| २३ | प्रादेशिक बजेटमा सामाजिक सुरक्षामा भएको खर्च | प्रतिशत | ११.३ | १२ | १२ | १२.५ | १३ | १३.७ |
| २४ | सामाजिक सुरक्षाको अनुभूति | सूचकाङ्क | ४.७ | ४.८ | ४.९ | ५.० | ५.१ | ५.२ |
| २५ | सुरक्षित र सम्मान जनक जीवनयापन गरिरहेका जेष्ठ नागरिक | प्रतिशत | - | ४० | ४५ | ५० | ५५ | ६० |

## (ग) समुन्नतिका गन्तव्य सूचक

**तालिका ४: समुन्नतिका गन्तव्य सूचक**

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १ | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | दश लाखमा | ५,०५,८४८ | ५,५०,२९१ | ६,०२,६६१ | ६,६२,४०६ | ७,२७,१७० | ८,०३,०५३ |
| २ | कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | ३६.७५ | ३५.५७ | ३४.३६ | ३३.०९ | ३१.९३ | ३०.६९ |
| ३ | उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | १९.०६ | १९.९२ | २०.७८ | २१.६९ | २२.०६ | २३.६१ |

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ४ | सेवा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | ४४.१७ | ४४.४९ | ४४.८५ | ४५.२१ | ४५.९९ | ४५.६८ |
| ५ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.५ | ८.७ | ९.५ | ९.९ | १०.१ | १०.४३ |
| ६ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ९३४ | १,०६२ | १,१९५ | १,३३६ | १,४६९ | १,६२० |
| ७ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.७ | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.९ |
| ८ | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ५.२ | १०.७ | ११.२ | ११.७ | ११.५ | १२.१८ |
| ९ | सम्पत्तिमा आधारित असमानता जनाउने Gini coefficient | Coefficient (०-१) | ०.३५० | ०.३४४ | ०.३३८ | ०.३३२ | ०.३२६ | ०.३२० |
| १० | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपात (PALMA Ratio) | अनुपात | १.०१० | ०.९८८ | ०.९६६ | ०.९४४ | ०.९२२ | ०.९०० |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६८.५९ | ६९ | ७० | ७१ | ७२.५ | ७३.१ |
| १२ | ५ वर्ष मुनिको बाल मृत्युदर | प्रति हजार जीवित जन्ममा | | ३३ | ३० | २७ | २४ | २२ |
| १३ | शिशु मृत्युदर | प्रति हजार जीवित जन्ममा | ३१ | २९ | २७ | २४ | २२ | २० |

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १४ | नवजात शिशु मृत्युदर | प्रति हजार जीवित जन्ममा | २२ | २१ | २० | १९ | १८ | १७ |
| १५ | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | प्रतिशत | ५१ | ५७ | ६५ | ७० | ७५ | ८० |
| १६ | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | रुपैयाँ अर्बमा | १७५.१ | १८४.१३ | १९४.२१ | २०५.०५ | २१६.८८ | २२९.६८ |
| १७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १९.७ | १८ | १७ | १६ | १५.१ | १४ |
| १८ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९१.४ | 93.4 | 95.5 | 98 | १०० | १०० |
| १९ | आधारभूत खानेपानी पुगेको जनसख्या | प्रतिशत | ९७.१ | ९८ | ९८ | ९९ | ९९ | ९९ |
| २० | सुरक्षित खानेपानी पुगेको जनसंख्या | प्रतिशत | १५ | १७ | १९ | २१ | २३ | २५ |
| २१ | आधा घण्टाको दूरीमा यातायातको पहुँच भएको जनसंख्या | प्रतिशत | ७८ | ८२ | ८६ | ८९ | ९२ | ९५ |
| २२ | सडक घनत्व | (कि.मि. / १०० वर्ग कि.मि.) | ४५.६९ | ४८ | ५१ | ५४ | ५७ | ६० |
| २३ | बेरोजगारी दर | प्रतिशत | १०.२ | ९.२० | ८.३० | ७.३० | ६.४० | ५.४० |
| २४ | श्रम सहभागिता दर | प्रतिशत | ३७.८० | ४२.२० | ४६.७० | ५१.१० | ५५.६० | ६०.० |

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ को उपलब्धि | आवधिक योजनाको गन्तव्य सूचक | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| २५ | श्रमको उत्पादकत्व | रु. हजारमा | १८९.५० | २०८.३० | २२७.०० | २४५.८० | २६४.५ | २८३.३० |
| २६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.७० | ३८.९० | ४१.२३ | ४३.७० | ४६.३३ | ५०.०० |
| २७ | कुल साक्षरता दर | प्रतिशत | ७९.१ | ८४ | ८८ | ९३ | ९६ | ९९ |
| | (क) आधारभूत तहको खुद भर्ना दर (NER) | प्रतिशत | ९१.८५ | ९३ | ९५ | ९७ | ९९ | १०० |
| | (ख) माध्यमिक तहको खुद भर्ना दर पहुँच (NER) | प्रतिशत | ४५ | ५४ | ६० | ६५ | ६७ | ७० |
| २८ | काम गर्ने उमेरका प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त जनसंख्या | प्रतिशत | २५ | ३० | ३५ | ४१ | ४६ | ५० |
| २९ | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १५.५७ | १६.५ | १७.५ | १९ | १९.५ | २० |
| ३० | कृषि भूमिको उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हे. | ३.०३ | ३.४ | ३.७ | ४.१ | ४.५ | ४.८ |
| ३१ | रोजगार आम्दानीमा लैङ्गिक असमानता (पुरुष : महिला) | अनुपात | ०.५८:०.४२ | ०.५७:०.४२ | ०.५७:०.४३ | ०.५६:०.४४ | ०.५५:०.४४ | ०.५५:०.४५ |

## २.१० विकासमा क्षेत्रगत भूमिका

### (क) सरकारी क्षेत्र

सरकारी क्षेत्रले पूर्वाधार विकासद्वारा विकासको आधार निर्माण गर्ने; नीतिगत, कानुनी, नियामक र प्रक्रियागत सुधार तथा सहजीकरण गरी आन्तरिक तथा बाह्य लगानीको वातावरण सृजना गर्ने; निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रलाई विकासमा आबद्ध गराउँदै नेतृत्वदायी भुमिका निर्वाह गर्नेछ । सरकारी क्षेत्र मूलतः: लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप आर्थिक-सामाजिक पूर्वाधार निर्माण गर्ने, सुशासन कायम गर्ने, अनुसन्धान तथा विकास गर्ने र सामाजिक न्यायसहितको आर्थिक प्रणाली निर्माणमा केन्द्रित रहनेछ ।

### (ख) निजी क्षेत्र

निजी क्षेत्रले सरकारको एक महत्त्वपूर्ण साझेदारको रूपमा सरकारबाट सिर्जित व्यावसायिक वातावरण र उपलब्ध प्रोत्साहनको उपयोग गर्दै नवीनतम सोच र प्रविधिसहितको लगानी वृद्धि गरी आय र रोजगारी बढाउने तथा प्रतिस्पर्धाको माध्यमबाट दक्षता र उत्पादकत्व वृद्धि गरी समग्र आर्थिक वृद्धिको वाहकको भूमिका निर्वाह गर्ने छ । कृषि, औद्योगिक एवम् सेवा क्षेत्रसँग अन्तरसम्बन्ध बढाउँदै आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

### (ग) सहकारी क्षेत्र

सरकारको प्रत्यक्ष संलग्नता आवश्यक नपर्ने र निजी क्षेत्र आकर्षित नहुने क्षेत्रमा आधारभूत वस्तु र सेवा प्रवाह सुनिश्चित गर्न सहकारी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहनेछ । खासगरी ग्रामीण तथा स्थानीयस्तरमा जनसमुदायलाई सङ्गठित गरी आर्थिक-सामाजिक रूपान्तरण गर्न र समावेशी आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । सहकारीको अभियान, सञ्जाल र शक्तिलाई उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, सामाजिक सुरक्षा र समुदायको विकासमा सक्रिय गराइनेछ ।

### (घ) गैरसरकारी संस्था, नागरिक समाज, सामुदायिक संघसंस्था र अन्य क्षेत्र

समुदाय लक्षित कार्यक्रम सञ्चालनमा समुदाय/उपभोक्ताको भूमिका उल्लेखनीय रहन्छ भने समूह परिचालन, सचेतनामूलक कार्यक्रम तथा समुदायमा आधारित सेवा प्रवाह र स-साना पूर्वाधार निर्माणमा गैरसरकारी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ । प्रदेशको नीति र प्राथमिकताभित्र रहेर सामाजिक परिचालनको माध्यमबाट स्थानीय साधन, स्रोत र सीप विकास गरी आय आर्जन, रोजगारी सृजना, जनचेतना अभिवृद्धि, लैङ्गिक तथा सामाजिक सशक्तिकरण एवम् नीति पृष्ठपोषणमा गैरसरकारी र सामुदायिक संस्थाको भूमिका रहनेछ । सार्वजनिक सेवा प्रवाहको स्वस्थ निगरानी, पारदर्शिता र जवाफदेहीताको पैरवी र गैरसरकारी तथा सामुदायिक संस्थाको कार्यलाई प्रभावकारी एवम् पारदर्शी बनाउन नागरिक समाजको महत्त्वपूर्ण भूमिका हुनेछ ।

## २.११ आर्थिक वृद्धिदर र साधनस्रोतको व्यवस्था

### २.११.१ आर्थिक वृद्धिदर

प्रदेशस्तरीय तथ्याङ्कको न्यूनताका बिच आर्थिक वृद्धिदर आकलन गर्नु चुनौतीपूर्ण देखिएता पनि उपलब्ध तथ्याङ्कका आधारमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरको प्रक्षेपण गरिएको छ । लगानीको आकलन सीमान्त पुँजी उत्पादन अनुपातको आधारमा प्रक्षेपण गरिएको छ । मूल्य अभिवृद्धि दर अनुमान गर्दा सन् २०१०।११ को जिल्लागत संरचना (योगदान) र केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्कलाई आधारको रूपमा लिइएको छ । अर्थतन्त्रमा सन् २०१०।११ को राष्ट्रिय सीमान्त पुँजी उत्पादन र प्रादेशिक अनुपात एउटै भएको अनुमान गरिएको छ । पुँजी निर्माण सम्बन्धी तथ्याङ्क प्रक्षेपण गर्दा राष्ट्रिय मूल्य सूचकाङ्कलाई आधारको रूपमा लिइएको छ । प्रदेशले अपेक्षा गरेको उच्च आर्थिक वृद्धि हासिल गर्न क्षेत्रगत आधारमा मूल्य अभिवृद्धि (उत्पादन)को अनुमान तथा प्रक्षेपण गरिएको छ । राष्ट्रिय योजनाको लक्ष्यमा सहयोग पुऱ्याउन र प्रदेश योजनाको लक्ष्य हासिल गर्न उच्च आर्थिक वृद्धि हासिल गर्नु आवश्यक छ । यसका लागि क्षेत्रगत आधारमा केही उच्च मूल्य अभिवृद्धि (उत्पादन) अनुमान गरिएको छ ।

विगत ५ वर्षको (आर्थिक वर्ष २०७०।७१ देखि २०७५।७६ सम्मको) प्रचलित मूल्यमा क्षेत्रगत औसत वृद्धिदर हेर्दा कृषि क्षेत्रको सबैभन्दा कम ६.५ प्रतिशत, उद्योग क्षेत्रको १४.७ प्रतिशत र सेवा क्षेत्रको १३.२ प्रतिशत रही समग्र अर्थतन्त्रको प्रचलित मूल्यमा मूल्य अभिवृद्धि दर १०.७ प्रतिशत रहेको छ ।

## तालिका ५: प्रदेशको क्षेत्रगत मूल्य अभिवृद्धि (प्रचलित मूल्यमा)

(रु. दश लाखमा)

| क.सं. | क्षेत्रहरू | आर्थिक वर्ष | | | | | | औसत वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७० /७१ | २०७१ /७२ | २०७२ /७३ | २०७३ /७४ | २०७४ /७५ | २०७५ /७६ | |
| **१.** | **कृषि** | **१२९,६३३** | **१३७,८२३** | **१४६,४८८** | **१५५,६५५** | **१६५,४२१** | **१७७,९५२** | **६.५** |
| १.१ | कृषि तथा वन | १२८,५६५ | १३६,६६४ | १४५,१३७ | १५४,१३६ | १६३,७६९ | १७६,०९५ | ६.४ |
| १.२ | मत्स्यपालन | १,०६८ | १,१५९ | १,३५० | १,५१९ | १,६५१ | १,८५८ | ११.९ |
| **२.** | **गैर कृषि** | **१६१,४६४** | **१८०,५८४** | **२०२,०८४** | **२३०,८१४** | **२६४,००६** | **३०६,१८८** | **१३.६** |
| **२.१** | उद्योग | **४६,८३८** | **५३,०७८** | **६०,६७५** | **७०,५५५** | **८०,९६९** | **९२,२९६** | **१४.७** |
| २.१.१ | खानी तथा भूगर्भ | १,५०१ | १,६२१ | १,७५१ | १,९४३ | २,२२५ | २,५२८ | ११.० |
| २.१.२ | उद्योग | २०,३५९ | २२,९४५ | २६,१८० | २९,१३८ | ३२,६९३ | ३७,६३९ | १२.९ |
| २.१.३ | विद्युत्, ग्याँस तथा पानी | ४,३८३ | ४,९३० | ५,७४४ | ६,३५७ | ७,१३९ | ८,३५२ | १३.५ |
| २.१.४ | निर्माण | २०,५९६ | २३,५८२ | २७,००१ | ३३,११७ | ३८,९१२ | ४३,७७६ | १६.९ |
| **२.२** | **सेवा** | **११४,६२६** | **१२७,५०७** | **१४१,४०८** | **१६०,२६०** | **१८३,०३७** | **२१३,८९१** | **१३.२** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ३४,२७२ | ३६,३२८ | ३७,९६३ | ३९,८६१ | ४१,८९४ | ४६,१८० | ५.८ |
| २.२.२ | होटेल तथा रेस्टुराँ | ४,८४५ | ५,४९९ | ५,९६६ | ६,८३१ | ७,९५९ | ९,३२७ | १३.८ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | १७,३२३ | १८,३११ | १९,११७ | २०,२८३ | २१,५७९ | २३,४५६ | ६.१ |
| २.२.४ | वित्तीय मध्यस्थता | ८,९४५ | १०,०८९ | ११,१७९ | १२,६१० | १४,७५४ | १७,४१२ | १४.० |

| क्र.सं. | क्षेत्रहरू | आर्थिक वर्ष | | | | | | औसत वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७० /७१ | २०७१ /७२ | २०७२ /७३ | २०७३ /७४ | २०७४ /७५ | २०७५ /७६ | |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | २१,३२० | २२,८१२ | २४,६६० | २७,१५१ | २९,९२० | ३३,१५८ | ९.३ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ५,५१२ | ६,४३८ | ७,४१७ | ८,७४५ | १०,३८९ | १२,४५६ | १७.६ |
| २.२.७ | शिक्षा | १२,२२६ | १५,०१४ | १८,५७२ | २२,८४४ | २७,८०१ | ३३,८२० | २२.६ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ४,७७७ | ५,५६५ | ६,१५० | ७,५४३ | ८,६३६ | १०,०२५ | १६.१ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ५,४०६ | ७,४४९ | १०,३८४ | १४,३९२ | २०,१०६ | २८,०५८ | ३९.१ |
| **कुल मूल्य अभिवृद्धि (FISIM समेत)** | | **२९१,०९७** | **३१८,४०८** | **३४८,५७१** | **३८६,४६९** | **४२९,४२७** | **४८४,१४०** | **१०.७** |

**स्रोत** : केन्द्रीय तथ्याङ्क विभागबाट हालै प्रकाशित राष्ट्रिय लेखा २०७६ र नेपाल मानव विकास प्रतिवेदन २०१४ मा आधारित रही प्रदेश योजना आयोगको गणना र प्रक्षेपित अनुमान ।

विगत ५ वर्षको (आर्थिक वर्ष २०७१।७२ देखि २०७५।७६ सम्मको) आर्थिक वर्ष २०७०।७१ स्थिर मूल्यमा क्षेत्रगत औसत वृद्धिदर हेर्दा कृषि क्षेत्रको सबैभन्दा कम ३.७ प्रतिशत रहेको छ भने गैर कृषि क्षेत्रको ५.२ प्रतिशत रहेको छ । गैर कृषि क्षेत्रमध्ये उद्योग क्षेत्रको ४.९ प्रतिशत र सेवा क्षेत्रको ५.३ प्रतिशत रही समग्र अर्थतन्त्रको स्थिर मूल्यमा मूल्य अभिवृद्धि दर ४.५ प्रतिशत रहेको छ (तालिका ६) ।

आ.व. २०७५।७६ लाई आधार वर्ष मानेर आ.व. २०८०।८१ सम्मको मूल्य अभिवृद्धि प्रक्षेपण गरिएको छ । जस अनुसार योजना अवधिमा समग्र औसत आर्थिक वृद्धिदर ९.७ प्रतिशतले हुने अनुमान छ । प्रक्षेपित अनुमान अनुसार कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ५.६ प्रतिशत अनुमान गरिएको छ । यसै

गरी उद्योग तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः १४.२ र १०.२ प्रतिशत गरी गैर कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ११.५ प्रतिशत हुने अनुमान गरिएको छ ।

**तालिका ६ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि**
**आ.व. २०७०/७१ को स्थिर मूल्यमा**

(रु. दश लाखमा)

| क्र.सं. | औद्योगिक वर्गीकरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| | | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | |
| १ | कृषि | **१२९,६३३** | **१३०,९९४** | **१३१,१४२** | **१३७,९१९** | **१४७,८५३** | **१५५,५४७** | **३.७** |
| १.१ | कृषि तथा वन | १२८,५६५ | १२९,८५० | १२९८६३ | १३६,५३८ | १४६,३६९ | १५३,९८० | ३.७ |
| १.२ | मत्स्यपालन | १,०६८ | १,१४४ | १,२७९ | १,३८१ | १,४८४ | १,५६७ | ८.० |
| २ | गैरकृषि | **१६१,४६४** | **१६७,०२०** | **१६६,४०६** | **१८१,०६३** | **१९४,६०६** | **२०७,९५८** | **५.२** |
| २.१ | उद्योग | **४६,८३८** | **४७,५६९** | **४४,६३३** | **५०,०१८** | **५४,५६३** | **५९,४५४** | **४.९** |
| २.१.१ | खानी तथा उत्खनन | १,५०१ | १,५३६ | १,४९३ | १,६९८ | १,८७६ | २,१०८ | ७.० |
| २.१.२ | प्रशोधन उद्योग | २०,३५९ | २०,४३४ | १८,८०० | २०,६२३ | २२,२८१ | २४,२७३ | ३.६ |
| २.१.३ | विद्युत, ग्याँस तथा पानी | ४,३८३ | ४,४१७ | ४,०८१ | ४,९१९ | ५,२०५ | ५,७७२ | ५.७ |
| २.१.४ | निर्माण | २०,५९६ | २१,१८३ | २०,२५९ | २२,७७७ | २५,२०१ | २७,३०० | ५.८ |
| २.२ | सेवा | **११४,६२६** | **११९,४५०** | **१२१,७७३** | **१३१,०४६** | **१४०,०४३** | **१४८,५०४** | **५.३** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ३४,२७२ | ३५,१०१ | ३४,३५० | ३७,६५१ | ४१,०६२ | ४३,६०० | ४.९ |
| २.२.२ | होटेल तथा रेस्टुराँ | ४,८४५ | ५,००६ | ४,५२२ | ४,८५३ | ५,३२७ | ५,६५३ | ३.१ |
| २.२.३ | यातायात, संचार र भण्डारण | १७,३२३ | १८,४०३ | १८,७७४ | २०,०२१ | २१,१०४ | २२,२७८ | ५.२ |
| २.२.४ | वित्तीय मध्यस्थता | ८,९४५ | ९,२०५ | ९,९९२ | १०,९०० | ११,५९६ | १२,१९५ | ६.४ |
| २.२.५ | रियल इष्टेट भाडा तथा व्यावसायिक सेवाहरू | २१,३२० | २१,४८४ | २२,२८३ | २३,५४७ | २४,७८१ | २६,४३८ | ४.४ |

| क्र.सं. | औद्योगिक वर्गीकरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | औसत वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| | | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | |
| २.२.६ | सार्वजनिक प्रशासन र रक्षा | ५,५१२ | ६,००० | ६,१५१ | ६,७०८ | ७,३५० | ७,७९३ | ७.२ |
| २.२.७ | शिक्षा | १२,२२६ | १२,८४९ | १३,७९१ | १४,६९४ | १५,४०४ | १६,१७८ | ५.८ |
| २.२.८ | स्वास्थ्य र सामाजिक कार्य | ४,७७७ | ५,३२० | ५,४९३ | ५,८९६ | ६,२६९ | ६,७३८ | ७.१ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | ५,४०६ | ६,०८२ | ६,४१७ | ६,७७५ | ७,१५० | ७,६३० | ७.१ |
| | कुल मूल्य अभिवृद्धि | **२९१,०९७** | **२९८,०१४** | **२९७,५४८** | **३१८,९८२** | **३४२,४५९** | **३६३,५०५** | **४.५** |

**नोट** : औषत जनसंख्या वृद्धिदर ०.७ प्रतिशत, नेपाली रुपैयाँको अनुपातमा अमिरकी डलरको तुलनामा विनिमयको वार्षिक वृद्धिदर ३ प्रतिशत

**स्रोत** : नेपाल मानव विकास प्रतिवेदन, २०१४ र केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित राष्ट्रिय लेखा तथ्याङ्क, २०७६ ।

योजना अवधिको क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन यस प्रकार रहेको छ ।

**तालिका ७ : क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन अनुमान**

**(आ.व. २०७५/७६ को स्थिर मूल्यमा)**

(रु. दश लाखमा)

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ | आर्थिक वर्ष | | | | | औसत वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
| १. | कृषि | १७७,९५२ | १८७,१२८ | १९७,३७१ | २०८,३८० | २२०,४०८ | २३३,४१३ | ५.६ |
| १.१ | कृषि तथा वन | १७६,०९५ | १८५,०७५ | १९५,०६९ | २०५,७९८ | २१७,५२९ | २३०,१४५ | ५.५ |
| १.२ | मत्स्यपालन | १,८५८ | २,०५३ | २,३०१ | २,५८२ | २,८७९ | ३,२६८ | १२.० |
| २. | गैर कृषि | ३०६,१८७ | ३३८,८९८ | ३७७,०३५ | ४२१,३३२ | ४६९,७८५ | ५२७,००९ | ११.५ |
| २.१ | उद्योग | ९२,२९६ | १०४,८३० | ११९,४०९ | १३६,६०८ | १५२,३१८ | १७९,६०५ | १४.२ |
| २.१.१ | खानी तथा भूगर्भ उत्खनन | २,५२८ | २,८७० | ३,२७७ | ३,७९८ | ४,३३४ | ४,९६२ | १४.४ |
| २.१.२ | उद्योग | ३७,६३९ | ४२,०८१ | ४७,३४१ | ५३,७७९ | ६१,२५५ | ७०,१३७ | १३.३ |
| २.१.३ | विद्युत, ग्याँस तथा पानी | ८,३५२ | ११,०२५ | १३,७८१ | १७,३६४ | २१,६१८ | २७,७८० | २७.२ |

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७५/७६ | आर्थिक वर्ष | | | | | औसत वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
| २.१.४ | निर्माण | ४३,७७६ | ४८,८५४ | ५५,०१० | ६१,६६६ | ६८,१४१ | ७६,७२७ | ११.९ |
| २.२ | सेवा | २१३,८९१ | २३४,०६८ | २५७,६२६ | २८४,७२४ | ३१७,४६७ | ३४७,४०४ | १०.२ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ४६,१८० | ५१,२१४ | ५६,९५० | ६३,४९९ | ७०,१६६ | ७८,३०५ | ११.१ |
| २.२.२ | होटेल तथा रेस्टुराँ | ९,३२७ | १०,६७९ | १२,५४८ | १४,८६९ | १७,४७२ | २०,४२४ | १७.० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | २३,४५६ | २५,९८९ | २८,७९६ | ३१,९०६ | ३५,५७५ | ३९,४१८ | १०.९ |
| २.२.४ | वित्तीय मध्यस्थता | १७,४१२ | १९,०१४ | २०,८२१ | २२,९४४ | २५,३३१ | २७,६३६ | ९.७ |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | ३३,१५८ | ३५,६४४ | ३८,४२५ | ४१,५३७ | ४४,६९४ | ४७,९१२ | ७.६ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १२,४५६ | १३,५१५ | १४,७१८ | १६,११६ | १७,४३७ | १८,९१९ | ८.७ |
| २.२.७ | शिक्षा | ३३,८२० | ३६,६२७ | ४०,१०७ | ४४,१५८ | ४८,७९४ | ५४,३०८ | ९.९ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १०,०२५ | १०,८८७ | १२,०२० | १३,२९४ | १४,८२३ | १६,५५७ | १०.६ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २८,०५८ | ३०,४९९ | ३३,२४४ | ३६,४०२ | ४०,११५ | ४३,९२६ | ९.४ |
| **कुल मूल्य अभिवृद्धि** | | **४८४,१४०** | **५२६,०२६** | **५७४,४०६** | **६२९,७१२** | **६९०,१९३** | **७६०,४२२** | **९.५** |
| **वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा** | | **११,५६५** | **११,९७०** | **१२,५०८** | **१३,०८४** | **१३,६९९** | **१४,३२९** | **४.४** |
| **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | | **४७२,५७५** | **५१४,०५७** | **५६१,८९८** | **६१६,६२८** | **६७६,४९४** | **७४६,०९३** | **९.६** |
| **खुद वस्तु तथा सेवा उत्पादन कर** | | **३३,२७३** | **३६,२३४** | **४०,७६४** | **४५,७७८** | **५०,६७६** | **५६,९५९** | **११.४** |
| **कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)** | | **५०५,८४८** | **५५०,२९१** | **६०२,६६१** | **६६२,४०६** | **७२७,१७०** | **८०३,०५३** | **९.७** |

### तालिका ८ : प्रचलित मूल्यमा गार्हस्थ्य उत्पादन तथा प्रतिव्यक्ति आय

(रु. दश लाखमा)

| क्षेत्र विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|---|
| १. कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) | ५०५,८४८ | ५५०,२९१ | ६०२,६६१ | ६६२,४०६ | ७२७,१७० | ८०३,०५३ |
| २. मुद्रास्फीति समायोजन -६ प्रतिशत | ० | ३०,३५१ | ६०,७०२ | ९१,०५३ | १२१,४०४ | १५१,७५४ |
| **३. कुल गार्हस्थ्य उत्पादन ( प्रचलित मूल्यमा )** | **५०५,८४८** | **५८०,६४२** | **६६३,३६३** | **७५३,४५९** | **८४८,५७४** | **९५४,८०७** |
| ४. USD विनिमय दर प्रक्षेपण (Regression Forecasting) | ११३.७० | ११४.०० | ११५.०० | ११६.०० | ११८.०० | ११९.५० |
| ५. जनसंख्या प्रक्षेपण (Regression Forecasting) | ४,७६१,८७६ | ४,७९५,२०९ | ४,८२८,७७६ | ४,८६२,५७७ | ४,८९६,६१५ | ४,९३०,८९१ |
| **६. प्रतिव्यक्ति आय (USD)** | **९३४** | **१,०६२** | **१,१९५** | **१,३३६** | **१,४६९** | **१,६२०** |

अर्थतन्त्रको हालको संरचनामा कृषि क्षेत्रको योगदान ३७.३ प्रतिशत रहेकोमा योजना अवधिको अन्तमा २९ प्रतिशत रहने, उद्योग क्षेत्रको योगदान १९.०६ प्रतिशत रहेकोमा योजना अवधिको अन्तमा २२ प्रतिशत सम्म पुग्ने र सेवा क्षेत्रको हालको योगदान ४४.१८ प्रतिशत रहेकोमा योजना अवधिको अन्तमा ४९ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

### २.११.२ सीमान्त पुँजी उत्पादन अनुपात र लगानी

यस योजना अवधिको कुल मूल्य अभिवृद्धि ३९७ अर्ब (प्रचलित मूल्यमा) हुने प्रक्षेपण गरिएको छ । उक्त मूल्य अभिवृद्धिको लक्ष्य हासिल गर्न योजना अवधिको लागि कुल लगानीको प्रक्षेपण तालिका ८ मा प्रस्तुत गरिएको छ । क्षेत्रगत पुँजी निर्माणको अनुमान बमोजिम आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा २०७६/७७ मा रु. २१३ अर्ब, २०७७/७८ मा रु. २४३ अर्ब, २०७८/७९ मा रु. २८४ अर्ब, २०७९।८० मा रु. ३१९ अर्ब र २०८०/८१ मा रु. ३८२ अर्ब गरी जम्मा रु. १४४२ अर्ब पुँजी निर्माण हुने प्रक्षेपित अनुमान छ । यी लगानीका अनुमान राष्ट्रिय योजना आयोगको सीमान्त पुँजी उत्पादन अनुपातमा आधारित छन् ।

## तालिका ९ : सीमान्त पुंजी उत्पादन अनुपात र कुल लगानी अनुमान
## (आ.व. २०७५/७६ को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पुंजी उत्पादन अनुपात | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| **१.** | **कृषि** | | ३०,१२४ | ३३,६०१ | ३६,१०७ | ३९,४५३ | ४२,६०७ | १८१,८९३ |
| १.१ | कृषि तथा वन | ३.३ | २९,६३७ | ३२,९८० | ३५,४०५ | ३८,७११ | ४१,६३५ | १७८,३६८ |
| १.२ | मत्स्यपालन | २.५ | ४८८ | ६२१ | ७०२ | ७४२ | ९७२ | ३५२५ |
| २. | गैर कृषि | | १८३,१६० | २०९,२२४ | २४७,९६० | २७९,५५३ | ३४०,२८८ | १,२६०,१८४ |
| **२.१** | उद्योग | | ८६,८६३ | ९६,३९२ | ११८,८७० | १३५,१८० | १८२,२३५ | ६१९,५३९ |
| २.१.१ | खानी तथा भूगर्भ उत्खनन् | ६.१ | २,०८२ | २,४८६ | ३,१७८ | ३,२६७ | ३,८३३ | १४,८४६ |
| २.१.२ | उद्योग | ५.२ | २३,०९६ | २७,३५३ | ३३,४७९ | ३८,८७२ | ४६,१८६ | १६८,९८५ |
| २.१.३ | विद्युत, ग्याँस तथा पानी | १७ | ४५,४३६ | ४६,८५६ | ६०,९१२ | ७२,३२२ | १०४,७४१ | ३३०,२६६ |
| २.१.४ | निर्माण | ३.२ | १६,२५० | १९,६९८ | २१,३०० | २०,७२० | २७,४७५ | १०५,४४२ |
| **२.२** | **सेवा** | | ९६,२९७ | ११२,८३२ | १२९,०९० | १४४,३७३ | १५८,०५३ | ६४०,६४५ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २.१ | १०,५७१ | १२,०४५ | १३,७५३ | १४,००१ | १७,०९२ | ६७,४६३ |
| २.२.२ | होटेल तथा रेस्टुराँ | ६.१ | ८,२५० | ११,४०० | १४,१६० | १५,८७३ | १८,०११ | ६७,६९४ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ११.५ | २९,१३२ | ३२,२७९ | ३५,७६५ | ४२,१९६ | ४४,१८५ | १८३,५५६ |
| २.२.४ | वित्तीय मध्यस्थता | ३.१ | ४,९६६ | ५,६०० | ६,५८३ | ७,३९७ | ७,१४६ | ३१,६९२ |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | ५.१ | १२,६८३ | १४,१७९ | १५,८७३ | १६,१०० | १६,४१२ | ७५,२४७ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४.५ | ४,७६४ | ५,४१३ | ६,२९२ | ५,९४७ | ६,६७० | २९,०८५ |

| क्र.सं. | लगानीका क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| २.२.७ | शिक्षा | ४.१ | ११,५०९ | १४,२६६ | १६,६०८ | १९,०१० | २२,६०६ | ८३,९९९ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८.८ | ७,५८७ | ९,९६४ | ११,२१२ | १३,४५३ | १५,२६१ | ५७,४७७ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २.८ | ६,८३५ | ७,६८६ | ८,८४३ | १०,३९६ | १०,६७० | ४४,४३० |
| कुल | | ४.९ | २१३,२८४ | २४२,८२५ | २८४,०६७ | ३१९,००६ | ३८२,८९५ | १,४४२,०७७ |

### २.११.३ लगानीका स्रोतहरू

योजना अवधिमा लगानी गर्नुपर्ने (आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा) रु. १४ खर्ब ४२ अर्ब ८ करोड मध्ये सरकारले ५ खर्ब ५७ अर्ब ७८ करोड (३८.७ प्रतिशत) र निजी क्षेत्रले ७ खर्ब ७६ अर्ब ५३ करोड (५३.८ प्रतिशत), यसैगरी सहकारी क्षेत्रले ७९ अर्ब ३० करोड (५.५ प्रतिशत) र सामुदायिक क्षेत्रले २८ अर्ब ४६ करोड (२ प्रतिशत ) लगानी हुने प्रक्षेपण रहको छ ।

**चित्र २ : लगानीका स्रोतहरु**




सार्वजनिक खर्च तर्फ निर्माण, सार्वजनिक प्रशासन, शिक्षा र स्वास्थ्यमा सरकारी लगानी बढी हुने अनुमान गरिएको छ । अन्य क्षेत्रमा निजी क्षेत्रको बढी लगानी अपेक्षा गरिएको छ । कुल लगानीमध्ये सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रमार्फत् योजना अवधिमा हुने लगानीको क्षेत्रगत लगानी तालिका ९ मा दिइएको छ ।

**तालिका १० : सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रगत लगानी**
**(आ.व. २०७५/७६ को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| **१.** | **कृषि** | **६,३०३** | **८,२७३** | **२,१७६** | **१,४३८** | **१८,१८९** |
| १.१ | कृषि तथा वन | ६,२४३ | ८,०२७ | २,१४० | १,४२७ | १७,८३७ |
| १.२ | मत्स्यपालन | ६० | २४७ | ३५ | ११ | ३५२ |
| **२.** | **गैर कृषि** | **४९,४७५** | **६९,३८०** | **५,७५५** | **१,४०९** | **१२६,०१८** |
| २.१ | उद्योग | २५,१४९ | ३५,०८० | १,७२४ | ० | **६१,९५४** |
| २.१.१ | खानी तथा भूगर्भ उत्खनन | ३१२ | ११४३ | ३० | ० | १,४८५ |

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| २.१.२ | उद्योग | ४,९०१ | ११,४९१ | ५०७ | ० | १६,८९९ |
| २.१.३ | विद्युत, ग्याँस तथा पानी | १५,१९२ | १७,१७४ | ६६१ | ० | ३३,०२७ |
| २.१.४ | निर्माण | ४,७४५ | ५,२७२ | ५२७ | ० | १०,५४४ |
| **२.२** | **सेवा** | **२४,३२६** | **३४,३००** | **४,०३०** | **१,४०९** | **६४,०६४** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ६०७ | ५,२६२ | ८७७ | ० | ६,७४६ |
| २.२.२ | होटेल तथा रेस्टुराँ | ५४२ | ५,८८९ | ३३८ | ० | ६,७६९ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८,४४४ | ९,१७८ | ७३४ | ० | १८,३५६ |
| २.२.४ | वित्तीय मध्यस्थता | २५४ | २,५३५ | ३८० | ० | ३,१६९ |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | ३७६ | ६,५४६ | ६०२ | ० | ७,५२५ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | २,९०९ | ० | ० | ० | २,९०९ |
| २.२.७ | शिक्षा | ५,४६० | २,१८४ | १६८ | ५८८ | ८,४०० |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ३,७३६ | १,१५० | ५७५ | २८७ | ५,७४८ |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | १,९९९ | १,५५५ | ३५५ | ५३३ | ४,४४३ |
| | **लगानी** | ५५,७७८ | ७७,६५३ | ७,९३० | २,८४६ | १४४,२०८ |
| | **लगानी प्रतिशतमा** | **३८.७** | **५३.८** | **५.५** | **२.०** | **१००** |

कुल लगानीमध्ये सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्र मार्फत् योजना अवधिमा हुने लगानीको क्षेत्रगत लगानी अनुपात तालिका १० मा दिइएको छ ।

**तालिका ११ : सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्र लगानी अनुपात**

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| **१.** | **कृषि** | | | | | |
| १.१ | कृषि तथा वन | ३५ | ४५ | १२ | ८ | १०० |
| १.२ | मत्स्यपालन | १७ | ७० | १० | ३ | १०० |
| **२.** | **गैर कृषि** | | | | | |
| **२.१** | उद्योग | | | | | |
| २.१.१ | खानी तथा भूगर्भ | २१ | ७७ | २ | ० | १०० |
| २.१.२ | उद्योग | २९ | ६८ | ३ | ० | १०० |
| २.१.३ | विद्युत, ग्याँस तथा पानी | ४६ | ५२ | २ | ० | १०० |
| २.१.४ | निर्माण | ४५ | ५० | ५ | ० | १०० |
| **२.२** | **सेवा** | | | | | |

| क्र.सं. | लगानीका क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ९ | ७८ | १३ | ० | १०० |
| २.२.२ | होटेल तथा रेस्टुराँ | ८ | ८७ | ५ | ० | १०० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ४६ | ५० | ४ | ० | १०० |
| २.२.४ | वित्तीय मध्यस्थता | ८ | ८० | १२ | ० | १०० |
| २.२.५ | घरजग्गा, बहाल, तथा व्यापारिक क्रियाकलाप | ५ | ८७ | ८ | ० | १०० |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १०० | ० | ० | ० | १०० |
| २.२.७ | शिक्षा | ६५ | २६ | २ | ७ | १०० |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ६५ | २० | १० | ५ | १०० |
| २.२.९ | अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ४५ | ३५ | ८ | १२ | १०० |
| **लगानी प्रतिशतमा** | | **३८.७** | **५३.८** | **५.५** | **२.०** | **१००** |

### २.११.४ सार्वजनिक खर्च र खर्च बेहोर्ने स्रोत

सरकारी बजेट तथा खर्च व्यहोर्ने स्रोतको विवरण तालिका ११ मा उल्लेख गरिएको छ । यसमा विशेष अनुदान र समपूरक अनुदानको हिसाब गरिएको छैन । योजना अवधिमा प्रदेशमा हुने कुल प्रक्षेपित बजेट (२०७५।७६ को स्थिर मूल्यमा ) रु. २ खर्ब ५८ अर्ब ५० करोड हुने अनुमान गरिएको छ । यसमध्ये चालु तर्फ रु. ८२ अर्ब ८१ करोड (४.४ प्रतिशतको वृद्धिदर), पुँजीगत तर्फ रु. १ खर्ब ५८ अर्ब ८६ करोड (१७.९ प्रतिशतको वृद्धिदर) र स्थानीय तहलाई दिइने अनुदान रु. १६ अर्ब ८२ करोड (१०.५ प्रतिशतको वृद्धिदर) हुने अनुमान गरिएको छ । कुल बजेटमध्ये नेपाल सरकारबाट प्राप्त हुने अनुदान रु. १ खर्ब ६३ अर्ब २७ करोड, राजस्व बाँडफाँटबाट प्राप्त हुने रु. ६२ अर्ब २१ करोड र आन्तरिक राजस्वबाट उठ्ने रु. २४ अर्ब ३५ करोड र नपुग रु. ८ अर्ब ६६ करोड आन्तरिक ऋणबाट व्यहोरिने अनुमान गरिएको छ ।

सार्वजनिक क्षेत्रबाट गरिने कुल लगानी (आ.व. २०७५/७६ को स्थिर मूल्यमा) रु. ५५ खर्ब ७७ अर्ब ८० करोड मध्ये संघ, प्रदेश र स्थानीय तहबाट क्रमशः: रु. २ खर्ब ८४ अर्ब ४७ करोड (५१ प्रतिशत), रु. १ खर्ब ५८ अर्ब ७२ करोड (२८.५ प्रतिशत) र रु. १ खर्ब १४ अर्ब ५९ करोड (२०.५ प्रतिशत) लगानी गर्ने अनुमान गरिएको छ ।

**चित्र ३ : सार्वजनिक क्षेत्रबाट गरिने अनुमानित कुल लगानी को हिस्सा**



## तालिका १२ : सरकारी बजेट (खर्च) र व्यहोर्ने स्रोतहरू
## (आ.व. २०७५/७६को स्थिर मूल्यमा)

(रु. दश लाखमा)

| क्र.सं. | विवरण | आधार वर्ष २०७५/७६ | आर्थिक वर्ष | | | | | | औषत वृद्धि प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६ /७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ | जम्मा | |
| १. | प्रदेशलाई संघबाट प्राप्त हुने अनुदान | २२,८८७ | २५,१५४ | २८,०९२ | ३१,९९६ | ३६,३८५ | ४१,६४७ | १६३,२७४ | १२.८ |
| २. | राजस्व बाँडफाँटबाट प्रदेशलाई प्राप्त हुने | ९,१८१ | १०,००४ | १०,९८३ | १२,१४५ | १३,६५१ | १५,४३० | ६२,२१३ | १०.९ |
| ३. | मौज्दात | २०० | - | - | - | - | - | - | - |
| ४. | प्रदेशको आन्तरिक राजस्व | ३,६६८ | ३,९८३ | ४,३४५ | ४,७८४ | ५,३०४ | ५,९३८ | २४,३५४ | १०.१ |
| ५. | प्रदेशको कुल आय | ३५,९३६ | ३९,१४१ | ४३,४२० | ४८,९२५ | ५५,३४० | ६३,०१५ | २४९,८४१ | १२.० |
| ६. | आन्तरिक ऋण | | १,३९९ | १,५३३ | १,६९३ | १,८९६ | २,१३७ | ८,६५७ | ११.२ |
| | **कूल स्रोत** | **३५,९३६** | **४०,५४०** | **४४,९५३** | **५०,६१८** | **५७,२३६** | **६५,१५२** | **२५८४९८** | **१२.६** |
| **७.** | **कूल बजेट** | **३५,९३६** | **४०,५४०** | **४४,९५३** | **५०,६१८** | **५७,२३६** | **६५,१५२** | **२४९,८४१** | **१२.६** |
| ७.१ | चालू | १४,५५४ | १५,१६९ | १५,७९४ | १६,६१८ | १७,३०० | १८,०७१ | ८२,८१३ | ४.४ |
| ७.२ | पुँजीगत | १८,८७७ | २२,६५३ | २६,१७८ | ३०,६८८ | ३६,२४७ | ४२,९५८ | १५८,८६३ | १७.९ |
| ७.३ | स्थानीय तहलाई अनुदान | २,५०५ | २,७१८ | २,९८१ | ३,३१० | ३,६८९ | ४,१२४ | १६,८२२ | १०.५ |

### २.११.५ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधार

संविधान अनुरूप आधारभूत तथा मौलिक हक उपयोगको वातावरण सृजना गर्ने, जनसांख्यिक लाभको यथासम्भव फाइदा लिने, उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने, आयको असमानता घटाई गरिबी न्यूनीकरण गर्ने, वातावरण र विकास बिच अन्तरसम्बन्ध सुदृढ गर्ने, समावेशीता र सामाजिक न्याय प्रवर्द्धन गर्ने तथा रोजगारी सृजना गर्ने तर्फ सार्वजनिक लगानी केन्द्रित गरिएको छ । सरकारी लगानीको बाँडफाँट तथा परिचालन सम्बन्धी प्रक्षेपण गर्दा माथि उल्लेख भएका अतिरिक्त देहायका आधार लिइएको छ ।

(क) सार्वजनिक, निजी र सहकारी क्षेत्र एक अर्काको परिपूरक र सहयोगी रूपमा रहने,

(ख) औद्योगिक वातावरण सृजना गर्दै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने,

(ग) आर्थिक वृद्धि, रोजगारी सृजना र गरिबी न्यूनीकरणका लागि उच्च योगदान दिने कृषि, उद्योग, व्यापार, भौतिक पूर्वाधार, पर्यटन, सहरी एवम् बस्ती विकास, सामाजिक विकास जस्ता क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्ने,

(घ) प्रमुख शहर, केन्द्रीय स्थल, बजार र सघन जनसंख्याको बसोबासलाई जोडने गरी भौतिक पूर्वाधार विकास र विस्तार गर्ने,

(ङ) सांस्कृतिक र सामाजिक विविधता र सद्भावको संवर्धन र प्रवर्द्धन गर्ने,

(च) सुशासनको प्रवर्द्धन गर्ने ।

# परिच्छेद तीनः समष्टिगत आर्थिक नीति

## ३.१ पृष्ठभूमि

संविधानले निर्देश गरे अनुसार सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता, उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा उच्च र दिगो आर्थिक वृद्धि र त्यसको न्यायोचित वितरणमार्फत सामाजिक न्याय प्राप्त गर्दै समाजवादउन्मुख समृद्ध अर्थतन्त्रको निर्माणमा योगदान गर्ने प्रदेशको आर्थिक नीति रहेको छ ।

## ३.२ समष्टिगत आर्थिक वस्तुगत स्थिति

### (क) कुल गार्हस्थ्य उत्पादन

आ.व. २०७४।७५ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ५ खर्ब ५ अर्ब ८४ करोड रहेको छ, जुन देशको कुल गार्हस्थ्य उत्पादनको करिब १७.४६ प्रतिशत हुन आउँछ । यस प्रदेशको प्रतिव्यक्ति आय ९३४ अमेरिकी डलर रहेको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, बन, खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७५ प्रतिशत छ, भने त्यसपछि क्रमशः उद्योग, विद्युत, ग्याँस पानी र निर्माण १९.०६ सेवा क्षेत्रको ४४.१७ प्रतिशत रहेको छ । कृषि क्षेत्रको कुल राष्ट्रिय उत्पादनमा यस प्रदेशको योगदान २१.५ प्रतिशत रहेको छ । यसैगरी सेवा र उद्योग क्षेत्रको क्रमशः १३.६५ प्रतिशत र १६.८ प्रतिशत योगदान रहेको छ । प्रदेशको श्रम शक्तिको उत्पादकत्व राष्ट्रिय औसत उत्पादकत्वको ९६.२५ प्रतिशत भन्दा कम रहेको देखिन्छ ।

### (ख) राजस्व

प्रदेशको खर्च आवश्यकता पूर्ति गर्न प्रभावकारी राजस्व परिचालन गर्न अपरिहार्य हुन्छ । प्रदेशको आर्थिक वर्ष २०७५/७६ मा कर राजस्व तर्फ रु. २ अर्ब ५६ करोड २३ लाख, गैर कर तर्फ रु. ८५ करोड, दण्ड जरीवाना तर्फ रु. २५ करोड, राजस्व बाँडफाँट तर्फ रु. ९ अर्ब १८ करोड ११ लाख, अनुदान तर्फ रु. २२ करोड ८८ लाख गरी कुल जम्मा रु. ३५ अर्ब ९३ करोड ६० लाख स्रोत प्राप्त भएको छ । चालू आर्थिक वर्षमा प्रदेशको आन्तरिक आय रु. ३६६ करोड अनुमान गरिएको छ । यो प्रदेशको कुल बजेटको करिब १० प्रतिशत मात्र हुन आउँछ । त्यस्तै गरी आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट आफ्नो कार्यक्रम, प्रदेश र स्थानीय सरकारमा प्रवाह हुने समेत गरी कुल स्रोत प्रवाह रु. १०० अर्ब हुने अनुमान गरिएकोमा प्रदेश मार्फत खर्च हुने रु. २९ अर्ब अर्थात् २९ प्रतिशत मात्र छ ।

### (ग) सार्वजनिक खर्च

प्रदेशको दिगो, समावेशी एवम् फराकिलो आर्थिक वृद्धि र विकासका लागि सार्वजनिक खर्चको उपयोगलाई मितव्ययी एवम् विश्वसनीय बनाउनु आवश्यक छ । वित्तीय सुशासन एवम् सार्वजनिक उत्तरदायित्वका सन्दर्भमा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी मापदण्ड, प्रदेश सशर्त, समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि निर्माण भएका छन् । प्रदेशको आ.व. २०७५/७६ को कुल बजेट रु. ३५ अर्ब ९३ करोड ६० लाख रहेको छ ।

उक्त विनियोजनमा चालू तर्फ रु. १४ अर्ब ५५ करोड ३५ लाख, पुँजीगत तर्फ रु. १८ अर्ब ८७ करोड ७४ लाख र वित्तीय हस्तान्तरण रु. ३ अर्ब ७३ करोड ९० लाख रहेको छ । उक्त रकम कुल विनियोजनको क्रमशः ४०.५ प्रतिशत, ५२.५ प्रतिशत र ७.० प्रतिशत हुन आउँछ ।

### (घ) आन्तरिक ऋण

संविधान अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा प्रदेश सरकारले आन्तरिक ऋण लिन पाउने व्यवस्था गरेको छ । प्रदेश सरकारले आफ्नो आन्तरिक राजस्व परिचालन र संघीय सरकारबाट प्राप्त हुने अनुदानमा मात्र भर नपरी अन्तरसरकारी वित्त ब्यवस्थापन ऐनले दिएको अधिकार प्रयोग गरी संघीय सरकारसँग स्वीकृति लिएर आन्तरिक ऋण उठाउन सक्नेछ । हाल आन्तरिक ऋणको सीमा प्रदेशले राजस्व बाँडफाँट प्राप्त गर्ने रकम र प्रदेशको आन्तरिक स्रोतको कुल रकमको १० प्रतिशतसम्म लिन पाउने व्यवस्था रहेको छ ।

### (ङ) वित्तीय हस्तान्तरण

स्रोतको बाँडफाँट अन्तर्गत प्रदेशबाट समेत स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष गरी चार प्रकारका अनुदान हस्तान्तरण गरिने संवैधानिक तथा कानुनी प्रावधान रहेका छन् । प्रदेशबाट स्थानीय तहलाई अनुदान हस्तान्तरण, अनुगमन, सुपरीवेक्षण तथा सहजीकरण गर्ने जिम्मेवारी प्रदेशको रहन्छ । आर्थिक वर्ष २०७५/७६ मा प्रदेशले समानीकरण अनुदान स्वरुप रु. ६ अर्ब ६१ करोड ३ लाख, सशर्त अनुदान स्वरुप रु. १३ अर्ब २७ करोड ६७ लाख, समपूरक अनुदान रु. २ अर्ब, विशेष अनुदान १ अर्ब, राजस्व बाँडफाँट रु. ९ अर्ब १८ करोड ११ लाख प्राप्त हुने अनुमान रहेको छ भने स्थानीय तहलाई जम्मा रु. २ अर्ब ५० करोड ५० लाख वित्तीय हस्तान्तरण गरेको छ ।

### (च) बचत तथा लगानी

प्रदेश स्तरका वित्तीय संस्थाको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन सम्बन्धी कार्य प्रदेशको अधिकार क्षेत्रमा रहेको छ । प्रादेशिक गार्हस्थ्य बचत वृद्धि हुँदा पुँजी निर्माण हुन गई आवश्यक लगानीको ठूलो हिस्सा गार्हस्थ्य उत्पादनबाट परिपूर्ति भई स्वाधीन एवम् आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न मद्दत पुग्छ । प्रदेशका कुल १३७ स्थानीय तहमध्ये १३० वटा स्थानीय तहमा वित्तीय संस्थाको पहुँच पुगेको छ । २०७५ आषाढ मसान्तसम्म रु. १ खर्ब ६४ अर्ब निक्षेप सङ्कलन र रु. २ खर्ब ६५ अर्ब कर्जा लगानी भएको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा बचतको अनुपात ३१ प्रतिशत रहेको छ । प्रतिव्यक्ति वार्षिक उपभोग रु. ३३,६१२।- रहेको छ । प्रदेशका विप्रेषण आय प्रति घर परिवार औषत रु. ६५,६२९।- रहेको छ । सहकारी संस्थाले कुल पुँजी रु. ७ अरब ५ करोड परिचालन गरेका छन् जसमा रु. २६ अर्ब ९७ करोड ९७ लाख बचत र रु. ३१ अर्ब ५३ करोड २२ लाख ऋण प्रवाह भएको देखिन्छ ।

### (छ) स्वदेशी तथा वैदेशिक लगानी

स्वदेश तथा विश्व अर्थतन्त्रबाट सृजना हुने प्रतिस्पर्धात्मक स्थितिमा खुला बजारमुखी अर्थ व्यवस्थालाई आत्मसात गरी उपलब्ध स्रोत र साधनको महत्तम परिचालन गर्न निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहन्छ । निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता विकास तथा विस्तार गर्न प्रदेश नीति, कानुन, प्रशासनिक प्रक्रिया एवम् संरचना निर्माण एवम् सुधारका कार्य अगाडि बढाउँदै लैजानु आवश्यक छ । यो प्रदेश ऐतिहासिक रूपमा नै औद्योगिक एवम् व्यापारिक रूपमा अग्रणी रहेकोले, आन्तरिक र वैदेशिक लगानी आकर्षित गरी निजी क्षेत्रको सक्रिय एवम् व्यवसायिक संलग्नताबाट प्रदेशको आर्थिक विकास र औद्योगिकरण गर्न सकिने ठूलो संभावना रहेको छ । हालसम्म यस प्रदेशमा १२७ वटा उद्योगमा रु. १५.२३ अर्ब वैदेशिक लगानी स्वीकृत भएको देखिन्छ । जुन कुल वैदेशिक लगानीको ६.२७ प्रतिशत हुन आउँदछ ।

### (ज) विकास सहायता परिचालन

संविधान अनुसार संघको सहमतिमा प्रदेशले विकास अनुदान र सहयोग प्राप्त गर्न सकिने उल्लेख छ । प्रदेशमा विकास निर्माण र पूर्वाधारका लागि ठूलो खर्च आवश्यक छ । जसका लागि विकास साझेदारबाट संघीय सरकारमा आउने विकास सहायतालाई प्रदेशमा प्राप्त गरी उपलब्धिमूलक रूपमा परिचालन गर्नु पर्ने हुन्छ ।

### (झ) सार्वजनिक संस्थान

सार्वजनिक हितका लागि सार्वजनिक सेवा, वित्तीय, उत्पादन मूलक र रोजगारी सृजना गर्ने क्षेत्रमा आफ्नो पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक संस्थाको गठनको आवश्यकता पर्दछ । प्रदेश स्तरमा सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान तथा कम्पनी सञ्चालन, व्यवस्थापन, सुधार र नियमन गर्ने अधिकार प्रदेश सरकारमा रहेको छ ।

### प्रमुख समस्या

संघीय कानुनी जटिलता, कमजोर औद्योगिक पूर्वाधार, न्यून उत्पादकत्व, राजस्व अधिकार र सरकारको जिम्मेवारी बिच असन्तुलन, कर प्रशासन संस्थागत भई नसक्नु, कमजोर विनियोजन दक्षता, न्यून पुँजीगत खर्च, मध्यमकालीन खर्च संरचना निर्माण भई नसक्नु, हस्तान्तरित आयोजना तथा कार्यक्रममा स्रोतसाधनको सुनिश्चता नहुनु, परियोजना बैंकको स्थापना भई नसक्नु, आन्तरिक ऋण उठाउने कार्यविधि तयार नहुनु, ऋणको उपयोग गर्ने परियोजनाको पहिचान भई नसक्नु, वित्तीय हस्तान्तरणको वैज्ञानिक आधार तयार नहुनु, वित्तीय कारोवारको बानी कम हुनु, बैंकको पहुँच सबै स्थानीय तहसम्म विस्तार भई नसक्नु, सबै वित्तीय कारोवार बैंङ्किङ प्रणालीमा आबद्ध भई नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

आन्तरिक स्रोतको दायरा वृद्धि गर्नु, उच्च मूल्य अभिवृद्धि हुने वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु, वैदेशिक लगानी आकर्षित गर्नु, विप्रेषण आय र बचतको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने वातावरण बनाउनु, विभिन्न वित्तीय उपकरणको व्यवस्था तथा बैंकिङ् एवम् वित्तीय प्रणालीमा सहज पहुँच स्थापित गराउनु, कर सङ्कलन प्रणाली सेवाग्राहीमैत्री बनाउनु, राजस्वको दायरा विस्तार गर्नु, स्रोत साधनको

महत्तम उपयोग (Value for Money) गर्नु, बजेट अनुशासन कायम गर्नु, प्रदेशमा विकास सहायता परिचालन गर्नु, संघीय सरकारसँग समन्वय गरी सम्भाव्य परियोजनाका निम्ति ऋण परिचालन र ऋण भुक्तानीको सुनिश्चितता गर्नु, स्थानीय तहलाई हस्तान्तरण हुने अनुदानको अधिकतम उपयोग हुने वातावरण बनाउनु, सार्वजनिक-निजी साझेदारीको विकास र निजी क्षेत्रलाई बढी उत्पादनमुखी बनाउनु, उद्योग / व्यवसायमैत्री कानुन निर्माण गर्नु, वस्तु तथा सेवाको प्रवाहमा अनधिकृत व्यवधान हटाउनु, आयात निर्यातमा ढुवानी प्रक्रिया सरलीकृत एवम् व्यवस्थित गर्नु, आयात निर्यात विन्दुमा क्वारेन्टाइन एवम् स्तरीयता प्रमाणीकरण सुविधा उपलब्ध गराउनु, लगानी आकर्षण गर्न जग्गा, सडक, विद्युत जस्ता औद्योगिक व्यवसायिक पूर्वाधारको सुनिश्चितता गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

अन्तर्राष्ट्रिय सिमानासँगको आबद्धता तथा सहज पहुँच, सबैभन्दा नजिकको सामुन्द्रिक बन्दरगाहको अवस्थिति, जलविद्युत क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानीको उच्च सम्भावना, वित्तीय संस्था तथा सहकारीको प्राचुर्यता, खाद्यान्न तथा नगदेबालीको उत्पादन र मूल्य अभिवृद्धिको सम्भावना, नागरिकमा बिमा प्रति आकर्षण बढ्नु, सरकारी खर्चमा वृद्धि भई आर्थिक अवसरमा वृद्धि हुनु, संस्थागत विप्रेषणको बढ्दो आप्रवाह, प्रदेशको आन्तरिक ऋण अधिकार सम्बन्धी कानुनी प्रबन्ध हुनु, प्रदेशमा विकास सहायता आकर्षित हुनु, विकास सहायता तथा वैदेशिक लगानीका साथ नयाँ ज्ञान र प्रविधि भित्रिने सम्भावना रहनु, स्थानीय तहलाई वित्तीय हस्तान्तरणको अवसर हुनु, प्राकृतिक सम्पदा तथा कृषिजन्य उद्योग विकासको संभावना रहनु, स्वदेशी तथा विदेशी लगानीको प्रचुर सम्भावना रहनु, सरकारी निजी क्षेत्रको साझेदारीबाट पूर्वाधारको क्षेत्रमा लगानीको सम्भावना रहनु, प्रादेशिक र अन्तर्राष्ट्रिय व्यापारको दायरा बढ्ने सम्भावना रहनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

समाजवादउन्मुख सबल अर्थतन्त्रः समुन्नत प्रदेश ।

**लक्ष्य**

सामाजिक न्याय सहितको सबल अर्थतन्त्रको निर्माण हुने ।

**उद्देश्य**

आयको न्यायोचित वितरण गर्दै उच्च, दिगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वित्तीय प्रणाली सुदृढ गरी बचत गर्ने क्षमता अभिवृद्धि र बचत परिचालनको वातावरण निर्माण गर्ने । | (क) सबै स्थानीय तहमा वित्तीय सेवा स्थापना र विस्तारमा सहजीकरण गरिनेछ ।<br>(ख) सबै नागरिकको बैंक खाता खोल्न प्रोत्साहन र सहजीकरण गरिनेछ ।<br>(ग) बचत समूह तथा सहकारी संस्थालाई प्रवर्द्धन गरी साना बचत कर्ताको बचत अभिवृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) वित्तीय साक्षरता (बैंकिङ्, बिमा, विप्रेषण आय, शेयर कारोबार, ऋणपत्र, धितोपत्र, बचतपत्र आदि) कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ङ) प्रदेश तथा स्थानीय तहका कर्मचारीका लागि योगदानमा आधारित निवृत्तिभरण कोष स्थापना गरी सञ्चालन गरिनेछ ।<br>(च) प्रादेशिक बैंकको सम्भाव्यता अध्ययन गरी स्थापना र सञ्चालन गरिनेछ । |
| २. राजस्व प्रणाली सुदृढ गरी राजस्वको दायरा विस्तार एवम् चुहावट नियन्त्रण गर्ने । | (क) कानुनी तथा संस्थागत सुधार द्वारा राजस्व प्रशासनलाई प्रभावकारी र राजस्वको दायरा फराकिलो पारिनेछ ।<br>(ख) घर जग्गा रजिष्ट्रेसन शुल्क, विज्ञापन शुल्क, पर्यटन शुल्क, कृषि आय आदिमा कर लगाउने सम्बन्धी प्रादेशिक कानुन/कार्यविधि तर्जुमा गरिनेछ ।<br>(ग) सक्षम, प्रभावकारी, व्यवसायिक, सेवाग्राही र प्रविधि मैत्री एवम् पारदर्शी कर प्रणालीको माध्यमबाट कर र गैरकर राजस्व सङ्कलनमा वृद्धि गरिनेछ ।<br>(घ) प्रदेशमा विद्युतीय कर अभिलेख प्रणाली स्थापना गरी स्थानीय तहको समेत आर्थिक तथा वित्तीय तथ्याङ्कलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गरिनेछ ।<br>(ङ) स्थानीय तहको राजस्व संकलन र परिचालन क्षमता अभिवृद्धि गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>(च) वैज्ञानिक घरजग्गा मूल्याङ्कन प्रणालीको विकास गरी सोको सबै क्षेत्रमा उपयोग सुनिश्चित गरिनेछ । |
| ३. वित्तीय स्रोतको महत्तम परिचालन हुने गरी सार्वजनिक खर्च प्रणाली सुदृढ गर्ने । | (क) वित्तीय सुशासन तथा बजेट अनुशासन सम्बन्धी नीति तथा कानुनको निर्माण गरिनेछ ।<br>(ख) विनियोजन दक्षता एवम् कार्यान्वयन प्रभावकारिता मार्फत स्रोतको अधिकतम उपयोग गरी पुँजीगत खर्च गर्ने क्षमतामा वृद्धि गरिनेछ ।<br>(ग) मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी आवधिक योजनाको प्राथमिकता अनुसारको स्रोत साधनको सुनिश्चिता गरिनेछ ।<br>(घ) प्रदेशको वित्तीय तथ्याङ्क, बजेटिङ, लेखाङ्कन र खर्च व्यवस्थापन प्रणालीलाई राष्ट्रिय मापदण्ड अनुसार बनाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ङ) आर्थिक प्रतिफल दर बढी भएका तथा सीमान्त पुँजी उत्पादन अनुपात उच्च हुने आयोजना प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>(च) गरिबी न्यूनीकरण उन्मुख लक्षित कार्यक्रममा बजेटको अंश बढाउँदै लगिनेछ । |
| ४. प्रदेश आर्थिक समृद्धिको सशक्त साझेदारको रूपमा निजी क्षेत्रको विकास गर्ने । | (क) स्वदेशी लगानी आकर्षित गर्न प्रदेशको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सक्ने प्रतिस्पर्धी लाभका क्षेत्रको पहिचान गरी ऊर्जा उपलब्धता, औद्योगिक सुरक्षा लगायत आधारभूत भौतिक पूर्वाधार सुविधा प्रदान गरिनेछ ।<br>(ख) सिण्डिकेट एवम् कार्टेलिङ, अनौपचारिक व्यापार लगायतका सबै किसिमका औद्योगिक तथा व्यापारिक व्यवधान हटाउन नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ ।<br>(ग) निर्यात योग्य उद्योगको विकासका लागि विशेष आर्थिक क्षेत्र स्थापना गरी सो क्षेत्रमा बन्द हड्ताल नहुने वातावरण निर्माण गरिनेछ ।<br>(घ) निजी क्षेत्रलाई व्यवसाय सञ्चालनमा पारदर्शिता अपनाउन व्यवसायिक सुशासन र सामाजिक उत्तरदायित्व वहन गर्न प्रेरित गरिनेछ । |
| ५. तुलनात्मक लाभका क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने । | (क) प्रदेशको दिगो, फराकिलो एवम् उच्च आर्थिक वृद्धिका लागि वैदेशिक लगानी सम्बन्धी नीति/कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) वैदेशिक लगानीका लागि बढी उत्पादनशील र प्रतिफलदायक क्षेत्रको पहिचान गरी प्राथमिकता निर्धारण गरिनेछ ।<br>(ग) वैदेशिक लगानीलाई आकर्षित गर्न पूर्वाधार तथा सेवा सुविधा सुनिश्चित गरिनेछ ।<br>(घ) संघीय सरकारसँगको समन्वयमा वैदेशिक लगानी एवम् मुनाफा फिर्ता लैजाने व्यवस्था मिलाइनेछ ।<br>(ङ) वैदेशिक लगानीका प्रक्रिया सरलीकरण गर्ने गरी एक द्वार प्रणालीको विकास गरिनेछ ।<br>(च) गैर आवासीय नेपालीको लगानी मञ्च स्थापना गरी लगानीलाई प्रोत्साहन र आकर्षित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (छ) निश्चित प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानीमा कर छुटको व्यवस्था मिलाइने छ ।<br>(ज) स्वदेशी तथा वैदेशिक लगानी आकर्षणका लागि अन्तरसरकार, अन्तर निकाय समन्वय प्रभावकारी बनाइनेछ ।<br>(झ) वैदेशिक लगानी मार्फत हासिल आधुनिक ज्ञान, सिप, दक्षता र प्रविधिलाई पुँजीको रूपमा अधिकतम उपयोग गरिनेछ । |
| ६. प्रदेशको प्राथमिकता अनुरुप विकास सहायताको अधिकतम परिचालन गर्ने । | (क) संघीय विकास सहायता नीति अनुरुप प्रदेश विकास सहायता नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) विकास सहायतालाई प्रदेशको बजेट प्रणालीमार्फत प्राथमिकताका क्षेत्रमा परिचालन गरिनेछ ।<br>(ग) सहायताको खण्डिकरण नहुने गरी प्राथमिकता प्राप्त, ठुला तथा उत्पादनशील आयोजनामा परिचालन गरिनेछ ।<br>(घ) प्रदेश सरकारमा प्राप्त हुने सबै प्रकारको विकास सहायतालाई विकास सहायता ब्यवस्थापन प्रणाली (Aid Management System) मा व्यवस्थित गरिनेछ । |
| ७. आन्तरिक ऋणको प्रभावकारी परिचालन गर्ने । | (क) आन्तरिक ऋण उठाउने कार्यलाई ब्यवस्थित गर्न संघीय सरकारसँग समन्वय गरी आवस्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।<br>(ख) आन्तरिक ऋणलाई स्रोत र आवस्यकताको बिचको खाडल न्युन गर्ने उपकरणको रूपमा पुँजि निर्माणमा योगदान गर्न सक्ने आर्थिक सामाजिक विकासका परियोजनामा उपयोग गरिनेछ ।<br>(ग) प्रदेश परियोजना बैंकमा रहेका उच्च प्रतिफल दिने परियोजनामा लगानी गर्न आन्तरिक ऋणको उपयोग गरिनेछ । |
| ८. वैज्ञानिक वित्तीय हस्तान्तरण प्रणाली स्थापित गर्ने । | (क) संघबाट प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय अनुदानलाई उपयोग गर्ने प्राथमिकताका क्षेत्र किटान गरिनेछ ।<br>(ख) समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसारका परियोजनामा वित्तीय हस्तान्तरण गरिने छ ।<br>(ग) राजस्व बाँडफाँट र वित्तीय अनुदानमा प्रदेशको हिस्सेदारी बढाउन तथा स्वीकृत मापदण्ड र सूचक अनुसार प्राप्त हुने |

| रणनीति | कार्यनीति |
|---|---|
| | बजेटको सुनिश्चितता गर्न संघीय सरकारसँग पैरवी गरिनेछ ।<br>(घ) प्रदेशबाट स्थानीय तहलाई हस्तान्तरण गरिने अनुदान समय सीमा भित्र उपलब्ध गराइनेछ ।<br>(ङ) स्थानीय तहलाई हस्तान्तरण हुने सशर्त, समपुरक, विशेष अनुदानको मापदण्ड र सूचक तयार गरी कार्यान्वयन गरिनेछ ।<br>(च) स्थानीय तहमा हुने वित्त हस्तान्तरण र प्रतिवेदन विद्युतीय प्रणालीमा आबद्ध गरी कार्यान्वयन अवस्थाको अनुगमन, मूल्याङ्कन गरिनेछ ।<br>(छ) खर्च प्रभावकारीताका निमित्त स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ ।<br>(ज) प्रदेश विभाज्य कोषलाई व्यवस्थित गरी समयबद्ध रूपमा राजस्व बाँडफाँटको रकम प्रवाह गरिनेछ । |
| ९. सार्वजनिक संस्थान/समितिलाई सार्वजनिक हितमा प्रभावकारी उपयोग गर्ने । | (क) प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान, कम्पनी आदि हस्तान्तरण गरी प्राप्त गरिनेछ ।<br>(ख) सार्वजनिक संस्थान सञ्चालन गर्नुपर्ने क्षेत्रको पहिचान गरी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान, कम्पनी सम्बन्धी नीतिगत एवम् कानुनी व्यवस्था गरिनेछ ।<br>(ग) प्रदेश सरकारले सञ्चालन गर्नुपर्ने सार्वजनिक संस्थानको सङ्गठन र व्यवस्थापन सर्वेक्षण गरी स्थापना गरिनेछ ।<br>(घ) सार्वजनिक संस्थानमा कर्मचारी पदपूर्ति प्रदेश लोकसेवा आयोग मार्फत गरिनेछ।<br>(ङ) व्यवस्थापनलाई उत्तरदायी बनाई सार्वजनिक संस्थानमा व्यवस्थापकीय तथा वित्तीय सुशासन कायम गरिनेछ ।<br>(च) सार्वजनिक प्रशासनको उच्च व्यवस्थापकसँग व्यवस्थापन करार गरी निजको सेवा तथा सुविधालाई कार्यसम्पादनमा आबद्ध गरिनेछ ।<br>(छ) निजी क्षेत्र आकर्षण नहुने तथा सरकारले दायित्व बहन गर्न अनिवार्य भएका सार्वजनिक संस्थानमा मात्र प्रदेश सरकार आफैले लगानी गर्नेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेशको स्रोत परिचालनमा आन्तरिक स्रोतको हिस्सा २० प्रतिशत पुगेको हुने, कुल गार्हस्थ्य उत्पादनमा वार्षिक औसत ९.७ प्रतिशत वृद्धि हुने, प्रति व्यक्ति आय १६२० अमेरिकी डलर पुगेको हुने, कृषि र गैर कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर क्रमशः ५.६ र ११.५ भएको हुने, राजस्व सङ्कलनमा एकीकृत सूचना प्रवाह प्रणाली स्थापना भएको हुने, विकास सहायता सम्झौताको ८० प्रतिशत भन्दा बढी उपयोग भएको हुने, प्रदेशबाट स्थानीय तहलाई हस्तान्तरण गरिने अनुदान सूत्रमा आधारित भएको हुने र प्रदेशमा आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी नीति तथा कानुन निर्माण भएको हुने, लगानी सम्बन्धी ऐन, कानुन र नियम बनेको हुने, प्रदेशको अन्तर्राष्ट्रिय व्यापारको हिस्सा १५ प्रतिशतले बढेको हुने, प्रदेशको अधिकार क्षेत्र भित्रका समितिहरू नेपाल सरकारबाट हस्तान्तरण भएको हुनेछ ।

# परिच्छेद चारः आर्थिक क्षेत्र

## ४.१ कृषि, सहकारी तथा भूमि व्यवस्थापन

### ४.१.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास

**पृष्ठभूमि**

प्रदेश आर्थिक विकासको मेरुदण्डको रूपमा कृषि क्षेत्र रहेको छ । संविधानले भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने; कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण कृषि सम्बन्धी नीति निर्धारण गरेको छ । यसका लागि कृषिबालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण,पशुपक्षी तथा मत्स्य प्रजनन एवम् नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाई भन्दा बढी (३६.७५ प्रतिशत) रहेको छ । कृषि क्षेत्रमा उपयोग भएको औसत कृषि जमिन ०.६६ हेक्टर रहेको छ । कृषि जमिनको खण्डीकरणले यो अनुपात घट्दो क्रममा छ । राष्ट्रिय कृषिको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान २१.५ प्रतिशत रहेको छ । देशको कुल ३० लाख ९१ हजार हेक्टर खेती गरिएको जग्गा मध्ये ७ लाख १५ हजार ४२७ हेक्टर (करिब २३.११ प्रतिशत) जग्गा यसै प्रदेशमा पर्दछ । यस प्रदेशको राष्ट्रिय खाद्यान्न उपलब्धतामा २३.११ प्रतिशत योगदान रहेको छ । कृषि भूमिको उत्पादकत्व ३.०३ मे.ट. प्रति हेक्टर रहेको छ । प्रदेशको अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा ८ प्रतिशत रहेको छ । कृषि मजदुरको उत्पादकत्व ८३५ अमेरिकी डलर रहेको छ । प्रदेशको उत्पादन मध्ये आन्तरिक खपत गरी बाँकी ३ लाख ३४ हजार २१५ मे.ट. खाद्यान्न बचत देखिन्छ । धान, मकै, गहुँ, आलु, अलैंची, अदुवा, चिया आदि यस प्रदेशका मुख्य बालीनाली हुन् । प्रदेशको प्रमुख बाली यस प्रकार रहेका छन् ।

**तालिका १३ : प्रदेशमा कृषिबालीको उत्पादन**

| प्रमुख बाली | राष्ट्रिय उत्पादन (मे.ट.) | प्रदेश १ उत्पादन (मे.ट.) | राष्ट्रिय उत्पादनमा प्रदेशको हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| धान | ५२,३०,३२७ | १०,८५,७७० | २०.७६ |
| मकै | २३,००,१२१ | ६,६०,९७५ | २८.७४ |
| गहुँ | १८,७९,१९१ | १,७९,६९५ | ९.५६ |
| फापर | १२,०३९ | २,९३७ | २४.४० |
| कोदो | ३,०६,७०४ | ९५,१६९ | ३१.०३ |
| आलु | २५,९१,६८६ | ८,७९,२५० | ३३.९३ |
| अलैंची | ७,०११ | ६,०९५ | ९३.४७ |
| अदुवा | ७,८४,२९७ | ९७,०५५ | ३४.७२ |
| चिया | २४,६५४ | २४,४४९ | ९९.१७ |

**स्रोतः** *Statistical Information on Nepalese Agriculture 2073/74 (2016/17), Ministry of Agriculture and Livestock Development, Nepal*

तराईका झापा, मोरङ र सुनसरी जिल्ला तथा भित्री मधेसको उदयपुर जिल्ला धान, गहुँ, उखु, मकै, कोदो र जूट खेतीका लागि उर्वर भूमि हुन् । तराईमा आँप, लिची र केरा जस्ता फलफूल र पहाडी भेगमा मुख्य रूपमा सुन्तला, चिया, अलैंची, एभोकाडो, किवी, अदुवा आदि उत्पादन गरिन्छ । यस प्रदेशको पहाडी क्षेत्रको प्रमुख बाली चिया हो । झापा र इलाम जिल्ला चिया उत्पादनका लागि मुलुककै अग्रणी क्षेत्र हुन् भने इलाम, पाँचथर, धनकुटा, भोजपुर, मोरङ र सोलुखुम्बु जिल्लामा प्रमुख रूपमा अर्थोडक्स चिया उत्पादन हुन्छ । चियाको राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान ९९.१७ प्रतिशत रहेको छ ।

नेपालको प्रमुख कृषि उत्पादक ५ जिल्लामध्ये मोरङ, झापा र सुनसरी यसै प्रदेशमा पर्दछन् । झापा, मोरङ र सुनसरी नेपालका सर्वाधिक धान उत्पादन हुने जिल्ला हुन् भने धनकुटा, इलाम र झापा तरकारी उत्पादन गर्ने जिल्ला मध्ये प्रमुख हुन् । दुग्ध उत्पादन तर्फ गाई र भैंसी तथा मासुजन्य उत्पादन तर्फ बाख्रा, सुँगुर, कुखुरा र माछा मुख्य रूपमा रहेका छन् । राष्ट्रिय उत्पादनको २७ प्रतिशत दुध, १९.३ प्रतिशत मासु, ८.८६ प्रतिशत अण्डा र १२.६६ प्रतिशत मत्स्य उत्पादन यसै प्रदेशमा हुने गरेको छ ।

**तालिका १४ः प्रदेश नं. १ मा पशुपक्षीजन्य उत्पादन**

| विवरण | राष्ट्रिय उत्पादन | प्रदेश १ उत्पादन | राष्ट्रिय उत्पादनमा प्रदेशको हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| दुध (मे.ट.) | १,९२४,२०० | ५८१,७७९ | ३०.२३ |
| माछा (मे.ट.) | ५५,८४३ | ७,०७२ | १२.६६ |
| मासु (मे.ट.) | ३३२,५४४ | ६४,०५४ | १९.२६ |
| अण्डा (करोडमा) | १३५ | ११.९७ | ८.८५ |

**स्रोत :** *Statistical Information on Nepalese Agriculture 2073/74 (2016/17), Ministry of Agriculture and Livestock Development, Nepal*

प्रदेशमा बागवानी उत्पादन २,०४७.५९४ मे.ट. र पशुपक्षीजन्य उत्पादन ६५२.९०५ हजार मे.ट. रहेको छ । दुध उत्पादनमा मूल्य अभिवृद्धि ४० रहेको छ । कृषि तथा पशु प्रसार सेवाको पहुँच १२ प्रतिशत रहेको छ ।

### प्रमुख समस्या

जमिनको खण्डीकरण एवम् घडेरीकरण हुनु, कृषिको व्यावसायीकरण हुन नसक्नु, सिँचाइको अपर्याप्तता र विद्यमान सिँचाइ आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, प्रशोधन क्षमताको कमी एवम् न्यून मूल्य अभिवृद्धि, कृषकमा नयाँ प्रविधि, उन्नत बिउ/मल, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञानको अभाव, बालीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका कृषि प्रणाली सम्बन्धी जानकारीको कमी, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, बजारीकरण र

पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम् पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको अभाव, चरन र खर्क व्यवस्थापनको अभाव, कृषि अनुसन्धान र कृषि प्रसार वीच समन्वयको कमी आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्नु, कृषि सम्बद्ध संस्थागत तथा संरचनागत व्यवस्था गर्नु, स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्नु, कृषि सम्बद्ध अनुसन्धान संस्था एवम् संरचना संघीय सरकारबाट प्राप्त गर्नु, परम्परागत कृषि ज्ञानको पुनर्खोज गरी आधुनिकीकरण र उपयोग गर्नु, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्नु, खाद्यवस्तुको गुणस्तर कायम गर्नु, हानिकारक कीटनाशक विषादी र रासायनिक मल र आनुवांशिक परिवर्तन गरिएका (genetically modified) बाली वस्तु नियन्त्रित गर्नु, अन्तरसरकार समन्वय प्रभावकारी बनाउनु, जग्गाको चाक्लाबन्दी गर्नु, कृषि, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

खाद्य सम्बन्धी हक संवैधानिक रूपमा स्थापित हुनु, दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु, राष्ट्रिय आवधिक योजनामा खाद्य तथा पोषणलाई प्राथमिकता दिइनु; कृषि, दुग्ध तथा मासुजन्य उत्पादनको बढ्दो माग, बाली बस्तुका पकेट क्षेत्र र सुपर जोनको बलियो आधार हुनु, वर्षैभरी विविध कृषि उत्पादनको लागि मौसमी अनुकूलता, कृषि अनुसन्धान केन्द्र, विश्वविद्यालय र प्राविधिक शिक्षालयको ज्ञान उपलब्धता हुनु, जैविक तथा प्राङ्गारिक खेती प्रति बढ्दो आकर्षण, कृषि क्षेत्र प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नका साथै उच्च प्राथमिकतामा पर्नु, तुलनात्मक लाभका उच्च मूल्य बालीको प्रचुर सम्भावना र आन्तरिक तथा बाह्य बजारमा निर्यातको अवसर हुनु, बढ्दो सडक सञ्जाल, ज्ञान, सीप, पुँजी र उन्नत प्रविधिसहित वैदेशिक रोजगारीबाट फर्किएका युवा कृषि क्षेत्रमा आकर्षित हुनु तथा कृषि विषय अध्ययन गरेका युवालाई समेत व्यावसायिक कृषिमा परिचालन गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

समुन्नत कृषि, सम्पन्न किसान : समृद्ध प्रदेश ।

**लक्ष्य**

कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धि हुने ।

**उद्देश्य**

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
२. तुलनात्मक लाभ भएका बाली तथा पशुपक्षीजन्य उत्पादनको विकास एवम् बिस्तार गर्नु ।
३. कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. भू-उपयोग नीति अनुरुप कृषि जमिनको संरक्षण र उपयोग गर्ने । | (क) कृषि विकासका लागि आवश्यक प्रादेशिक नीति नियमको तर्जुमा गरिनेछ ।<br>(ख) भूमि बैंक मार्फत जग्गाधनीलाई न्यूनतम उत्पादन मूल्य तोकी आधुनिक कृषिको विकासकालागि भूमिको उपलब्धता सुनिश्चित गरिनेछ।<br>(ग) कृषि क्षेत्रमा ग्रामीण पूर्वाधार निर्माण गर्न लगानीलाई प्राथमिकताका साथ परिचालन गरिनेछ ।<br>(घ) सहकारी खेती एवम् जग्गाको चाक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ । |
| २. कृषिको व्यवसायीकरणमा निजीक्षेत्र, सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य गर्ने । | (क) कृषि, पशुपक्षी र मत्स्यजन्य क्षेत्रको विकास र व्यावसायीकरणमा निजीक्षेत्र, सहकारी तथा अन्तरसरकार समन्वय, सहयोग र सहकार्य गरिनेछ ।<br>(ख) कृषि, पशुपक्षी तथा मत्स्य विकासको लागि निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>(ग) प्रतिस्पर्धी क्षमता भएका प्रमुख बाली, पशुपक्षी र मत्स्यजन्य वस्तुको पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(घ) कृषि व्यावसायीकरण र बजार पहुँचमा सुधार गर्न सूचना प्रविधिको विकास, विस्तार र उपयोग गरिनेछ ।<br>(ङ) कृषि, पशुपक्षी र मत्स्यजन्य कार्यक्रम सञ्चालनमा समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।<br>(च) कृषि तथा पशुपक्षीजन्य विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ ।<br>(छ) निजी क्षेत्रसँगको सहकार्यमा कृषकलाई स्तरीय कृषि सेवा उपलब्ध गराइनेछ ।<br>(ज) निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको सहकार्यमा कृषि यान्त्रिकीकरणलाई बढावा दिइनेछ ।<br>(झ) उत्पादन, भण्डारण र बजारीकरणमा किसानको सामूहिक स्वामित्व प्रोत्साहन गरिनेछ ।<br>(ञ) स्थान विशेषमा उत्पादन हुने खाद्यान्न, तरकारी तथा फलफूल लगायत कृषि तथा पशुपक्षी उत्पादन अभिवृद्धिका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ट) मत्स्य विकासका लागि पकेट क्षेत्र लगायतका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। |
| ३. प्राङ्गारिक खेती, आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बाली र पशुपक्षी उत्पादनमा वृद्धि गर्ने । | (क) माटो र हावापानी एवम् भौगोलिक धरातलको सम्भाव्यताका आधारमा आधारभूत खाद्य वस्तु, उच्च मूल्य बाली तथा पशुपक्षीको पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी प्राङ्गारिक उत्पादनको ब्राण्डिङ गरिनेछ ।<br>(ग) प्राङ्गगारिक खेतीमा निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।<br>(घ) कृषि विकास कार्यक्रमसँग समन्वय र आबद्ध हुने गरी सिँचाइ र कृषि सडकको विकास गरिनेछ ।<br>(ङ) बहु-बाली, नगदे बाली, फलफूल र औषधीजन्य कृषि उत्पादन अभिवृद्धि सम्बन्धी कार्ययोजना निर्माण गरी लागु गरिनेछ ।<br>(च) सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम प्रणाली अवलम्बन गर्ने सफल किसानलाई प्रोत्साहन एवम् कदर गरिनेछ ।<br>(छ) सुलभ कृषि कर्जामा सहजीकरण गरी पहुँचको विस्तार गरिनेछ ।<br>(ज) प्रदेशको प्राथमिकतायुक्त बालीमा सहज एवम् सहुलियतपूर्ण ऋृण तथा अनुदान उपलब्ध गराइनेछ ।<br>(झ) वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि, पशुपक्षी तथा मत्स्य व्यवसायमा प्रोत्साहन गर्न सुलभ तथा सहुलियतपूर्ण ऋृण तथा अनुदान, तालिम, प्रविधि, बजार पहुँच अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४. कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास एवम् प्रविधि हस्तान्तरण गर्ने । | (क) कृषि तथा पशुपक्षी क्षेत्रको विकास सम्बद्ध संस्थाको संस्थागत विकास र सुदृढीकरण गरिनेछ ।<br>(ख) कृषि अनुसन्धान केन्द्रहरूको सहकार्यमा जडीबुटी खेती गर्ने, कृषक र पशुपालकका लागि तालिम सञ्चालन गरिनेछ ।<br>(ग) जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न उपलब्ध प्रविधि तथा सेवा कृषकलाई उपलब्ध गराइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) उत्पादकत्व वृद्धिका लागि कृषि अनुसन्धानबाट प्राप्त उपलब्धिलाई कृषक समक्ष पुऱ्याई नवीन प्रविधिको उपयोगमा कृषकको क्षमता अभिवृद्धि गरिनेछ ।<br>(ङ) निजी क्षेत्रसँगको सहकार्यमा कृषि यन्त्र तथा उपकरण, उन्नत नस्ल तथा बिउ विजन र प्राङगारिक मल सुलभ दरमा उपलब्ध गराइनेछ ।<br>(च) कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न ज्ञान तथा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(छ) जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्न बाली  तथा पशु बिमा तथा राहतका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ज) बाली तथा पशुपक्षीजन्य रोगको अनुसन्धान गरि उपयुक्त उपचार सेवा उपलब्ध गराइनेछ ।<br>(झ) पशु चिकित्सालयको सुदृढीकरण गरि सेवा प्रभावकारी बनाइनेछ । |
| ५. उत्पादित वस्तुको बजारीकरण गर्ने । | (क) आन्तरिक तथा बाह्य बजार लक्षित निर्यातजन्य बालीको प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) सम्पूर्ण मूल्यश्रृङखला (उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण) मा आधारित कृषि प्रणाली अवलम्बन गरिनेछ ।<br>(ग) निर्यात विविधीकरण गर्नका साथै निर्यातमा आउने बाधाको सम्बोधन गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ । |
| ६. कृषि एवम् पशुपक्षी उद्योगको संरक्षण, विकास र विस्तार गर्ने । | (क) कृषिमा आधारित साना, मझौला तथा ठूला उद्योगको स्थापनालाई प्रोत्साहन र सहजीकरण गरिनेछ ।<br>(ख) कृषिजन्य उद्योगका उत्पादनलाई गुणस्तर परीक्षणको विशेष सुविधा उपलब्ध गराइनेछ ।<br>(ग) कृषि उत्पादनको ब्राण्डिङ र बजारीकरणलाई सहयोग गरिनेछ ।<br>(घ) कृषिमा आधारित उद्योगको लागि सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ ।<br>(ङ) कृषि क्षेत्रको उन्नतिका लागि लगानी प्रवर्द्धन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

कृषि क्षेत्रको वार्षिक वृद्धिदर ५.६ प्रतिशत पुगेको हुने, कृषि प्रशोधन र कृषिजन्य उद्योगमा निजी क्षेत्रको लगानीमा वार्षिक वृद्धि १५ प्रतिशत, मकैको उत्पादकत्व प्रति हेक्टर २.५ मे.ट. वाट ४.२५ मे.ट., धानको उत्पादकत्व ३.५ मे.ट. प्रति हेक्टर वाट ५ मे.ट., माछाको उत्पादकत्व ४.८ मे.ट. प्रति हेक्टरबाट ६.० मे.ट. प्रति हेक्टर हुने; तरकारीको उत्पादनमा वार्षिक १० प्रतिशत वृद्धि; कुखुराको मासुको उत्पादनमा वार्षिक १५ प्रतिशत वृद्धि भएको हुने र मिल्क होलिडे अन्त्य हुने; खसीको मासुको उत्पादनमा वार्षिक १५ प्रतिशत वृद्धि हासिल गर्ने; निर्यात गरिने कृषिजन्य उपज मध्ये २० प्रतिशत वस्तु प्रशोधित एवम् मूल्य अभिवृद्धि भएको हुने, स्वस्थकर खाद्यान्नको उपलब्धतामा सुधार भएको हुने; जैविक वालीको अनुपात २.५० प्रतिशत पुगेको हुने, रैथाने जातका कृषि तथा पशुपक्षी उत्पादन वृद्धि भएको हुनेछ ।

## ४.१.२ भूमि व्यवस्थापन

### पृष्ठभूमि

भूमिको विवेकपूर्ण उपयोगका लागि दिगो व्यवस्थापन तथा सुशासन कायम गर्न जरुरी देखिएको छ । भूमिमा सर्वसाधारण जनताको पहुँच तथा संवेदनशीलतालाई मध्यनजर गरी न्यायिक पहुँच स्थापित गर्न, सामाजिक आर्थिक कारणले पछाडि परेका वर्गको भूमिमा पहुँच बढाउन र भू-स्वामित्वको सुरक्षाको प्रत्याभूति गर्न वैज्ञानिक भूमि नीति तर्जुमा गरी लागु गर्न आवश्यक देखिएको छ । यसैगरी भूमि तथा भूमि स्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू-उपयोग नीति, २०७२ अनुरूप भूमिको वर्गीकरण र भू-उपयोगसम्बन्धी कानुन तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिएको छ ।

तीन जिल्लामा भूमिको विद्युतीय अभिलेख अद्यावधिक गरी राख्ने कार्य भएको छ भने ६ कार्यालयमा वैज्ञानिक नक्साङ्कन, विद्युतीय अभिलेख व्यवस्थापन र जग्गा खरिद बिक्री सूचना प्रणाली कार्यान्वयनमा रहेको छ ।

### प्रमुख समस्या

कृषि योग्य भूमिको गैर कृषि प्रयोजनमा बढ्दो रूपान्तरण, कृषि योग्य जमिन बाँझै रहनु, अनियन्त्रित खण्डीकरण, सार्वजनिक जग्गामा बढ्दो अतिक्रमण, कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि हुन नसक्नु, सुकुमबासी समस्या समाधान प्रभावकारी नहुनु, भू-उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्न कठिनाइ हुनु, भूमि प्रशासनलाई समयानुकूल र प्रविधियुक्त बनाउन नसक्नु आदि मुख्य समस्या हुन् ।

### चुनौती

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु, व्यवस्थित एवम् एकीकृत बस्ती विकास गर्नु, अर्थतन्त्रका उत्पादनमूलक क्षेत्रका लागि भूमिको उपलब्धता सुनिश्चित गर्नु, कृषि भूमिको खण्डीकरण रोक्नु, सीमित भूमिको दिगो व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

नेपालको संविधानले भूमि व्यवस्थापन र जग्गाको अभिलेखलाई प्रदेशको अधिकार सूचीमा राख्नु, राष्ट्रिय भू-उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनको लागि भूमि सुधार कार्यक्रम कार्यान्वयनमा रहनु, प्रदेशस्तरमा भू-उपयोग, चाक्लाबन्दी, भूमिखण्डीकरण सम्बन्धी अध्ययन भई प्रतिवेदन तयार हुनु, भूमि व्यवस्थापन प्रदेश सरकारको प्राथमिकताको विषय हुनु, व्यवस्थित बसोबास गराउने प्रयास हुनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

भूमिको वैज्ञानिक व्यवस्थापन तथा विवेकपूर्ण उपयोग ।

### लक्ष्य

वैज्ञानिक भूमि व्यवस्थापनबाट कृषि, पर्यटन, उद्योग व्यापारको लागि समृद्ध-आधार निर्माण हुने ।

### उद्देश्य

भूमिको नक्साङ्कन तथा अभिलेख व्यवस्थित गर्दै प्रभावकारी उपयोग गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भू-उपयोग नीति तर्जुमा गरी भूमिको वैज्ञानिक वर्गीकरण एवम् उपयोग गर्ने । | (क) संघीय भू-उपयोग नीति अन्तर्गत वैज्ञानिक नापनक्सा अनुसार भूमिको वर्गीकरण गरी सो अनुसारको उपयोग सुनिश्चित गरिनेछ ।<br>(ख) कृषि योग्य भूमि बाँझो राख्ने प्रवृत्ति र खण्डीकरणलाई निरुत्साहित गरिनेछ ।<br>(ग) कृषिका लागि अनुपयुक्त भूमिमा मात्र औद्योगिक क्षेत्र र बस्ती बिस्तार गरिनेछ ।<br>(घ) नदी उकास क्षेत्र र खाली पर्ती जमिन सरकारी स्वामित्वमा ल्याई उपयोगिता सुनिश्चित गरिनेछ ।<br>(ङ) भूमिको दिगो उपयोग, रूपान्तरण, र व्यवस्थापन गर्ने पद्धति स्थापित गरिनेछ ।<br>(च) कित्ताकाट गर्दा कृषि जमिनको संरक्षणलाई योगदान पुग्ने गरी मापदण्डको आधारमा ठूलो क्षेत्रफल कायम गरिनेछ ।<br>(छ) भूमि बैंक स्थापना गरी व्यावसायिक प्रयोजनका लागि जग्गा उपलब्ध गराइनेछ । |
| २. भूमि प्रशासन सेवा वैज्ञानिक एवम् सरलीकृत गर्ने । | (क) भूमिहीन नागरिकका लागी सुरक्षित आवास कार्यक्रम लागु गर्नको लागि सम्बन्धित सरोकारवालासँग सहकार्य गरिनेछ ।<br>(ख) संघ र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीलाई व्यवस्थित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ग) स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोकिनेछ ।<br>(घ) भूमि प्रशासन सेवालाई विद्युतीय सूचना प्रणालीमा आबद्ध गरी वैज्ञानिक तथा सरलीकृत गरिनेछ ।<br>(ङ) सार्वजनिक जग्गाको अवस्थिति अनुसारको विद्युतीय अभिलेख व्यवस्थित गरिनेछ ।<br>(च) सरकारी, सार्वजनिक, गुठी तथा निजी जग्गा सम्बन्धी प्रादेशिक अभिलेख व्यवस्थापन गरी तिनको संरक्षण र संवर्द्धन गरिनेछ । |
| ३. भूमिको चाक्लाबन्दी गरी यान्त्रिकीकरण मार्फत व्यावसायिक कृषि प्रवर्द्धन गर्ने । | (क) भूमिको चाक्लाबन्दीलाई प्रोत्साहन गरी व्यावसायिक कृषिलाई प्रोत्साहन गरिनेछ ।<br>(ख) जडीबुटी, फलफूल, तरकारी लगायत खाद्यान्न उत्पादनका लागि भूमिहीन किसानलाई सहकारी/समूहमा आधारित करार खेतीका लागि जग्गा उपलब्ध गराइनेछ । |
| ४. वर्गीकृत भूमिको अन्य कार्यमा हुने रूपान्तरण नियन्त्रण गर्ने । | (क) कृषि योग्य भूमिको अन्य प्रयोजनमा रूपान्तरण नियन्त्रण गरिनेछ ।<br>(ख) औद्योगिक प्रयोजनका लागि अधिग्रहण वा खरिद गरिएको भूमि अन्य प्रयोजनमा उपयोग गरिने छैन । |

**अपेक्षित उपलब्धि**

भू-उपयोग नीति कार्यान्वयन हुने, १४ वटै जिल्लामा भूमि अभिलेख विद्युतीय सूचना प्रणालीमा आबद्ध भएको हुने, सबै मालपोत तथा नापी कार्यालयहरूको कारोबार विद्युतीय प्रणालीमा आबद्ध भएको हुने, कृषि योग्य भूमिको खण्डीकरण रोकिने, भूमि बैंक स्थापना भइ सहकारीमा आधारित करार खेती प्रणाली स्थापित हुने र अव्यवस्थित बस्तीको व्यवस्थापन हुनेछ ।

### ४.१.३ गुठी व्यवस्थापन

**पृष्ठभूमि**

गुठी व्यवस्थापन नेपालको नितान्त मौलिक व्यवस्थापकीय शैली हो । नेपालको संविधान २०७२ मा प्रदेशको अधिकारको सूचीमा गुठी व्यवस्थापन समावेश छ । त्यसैगरी संविधानको धारा २९० को उपधारा १ मा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेको किसान एवम् गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानुन बनाउन सक्ने व्यवस्था रहेको छ । गुठी सम्पत्तिको व्यवस्थित अभिलेख नुहुँदा प्रभावकारी संरक्षण एवम् उपयोग हुन नसकि अतिक्रमण बढ्दै गएको अवस्था छ । गुठी सम्पत्तिको संरक्षणमा सरोकारवालाको भूमिका सशक्त देखिएको छैन ।

नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत कार्य विस्तृतीकरणका अनुसार गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, सार्वजनिक गुठी अन्तर्गतका जग्गा जमिन र सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन, गुठी जग्गा र गुठी व्यवस्थापनका सन्दर्भमा संघीय सरकार, प्रदेश र स्थानीय तहसँग सहयोग एवम् समन्वय र परम्परागत रूपमा गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वको सञ्चालन र व्यवस्थापन कार्य प्रदेशले गर्ने गरी कार्य विभाजन गरिएको छ ।

**प्रमुख समस्या**

प्रदेशस्तरमा रहेका गुठीको यकिन तथ्याङ्क उपलब्ध हुन नसक्नु, गुठीका प्रकृति एवम् सम्पत्तिको विवरण यकिन नहुनु, गुठी सम्पत्तिको पर्याप्त संरक्षण एवम् उपयोग हुन नसक्नु, गुठीका अधिकांश घर, पाटी, पौवा तथा सत्तल मर्मत सम्भारका लागि जिम्मेवार संस्थागत प्रबन्ध प्रभावकारी नहुनु, गुठी जग्गामा अतिक्रमण बढ्दै जानु र गुठी सम्पदाको मर्मत सम्भारको लागि सरकारले खर्च गर्नु पर्ने अवस्था रहनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

गुठी सम्पत्तिको तथ्याङ्क यकिन गर्नु, गुठी सम्पदाको संरक्षण र व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

गुठी व्यवस्थापन प्रदेश सरकारको जिम्मेवारी भित्र रहनु, प्रदेशमा गुठी सम्पत्ति प्रशस्त रहेको अनुमान हुनु; गुठी सम्पत्तिको प्रभावकारी उपयोगबाट आर्थिक उपार्जन, सांस्कृतिक विकास र सामाजिक ऐक्यबद्धता हासिल गर्न सकिने अवस्था रहनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

गुठी सम्पदाको संवर्द्धन सम्पदा र सार्वजनिक सम्पत्तिको संरक्षण ।

**लक्ष्य**

गुठी सम्पत्ति एवम् ऐतिहासिक सम्पदाको उचित व्यवस्थापन र संरक्षण हुने ।

**उद्देश्य**

गुठीसँग सम्बन्धित ऐतिहासिक मठ, मन्दिर तथा सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुठी सम्पत्तिको अभिलेखीकरण, संरक्षण एवम् व्यवस्थापन गर्ने । | (क) गुठी व्यवस्थापनको नेपाली मौलिक शैलीको अवधारणामा खलल नपुग्ने गरी गुठी सम्पत्तिको व्यवस्थापनको लागि कानुनी, संस्थागत एवम् कार्यगत संरचना बनाइनेछ ।<br>(ख) प्रदेशभरिका सार्वजनिक एवम् निजी गुठीसँग सम्बन्धित सम्पदा एवम् सम्पत्ति र सो अवस्थाको यकिन विवरण सङ्कलन गरी अद्यावधिक पारिनेछ । |

| | |
|---|---|
| | (ग) गुठी सम्पत्तिको अतिक्रमण रोकि प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ । |
| २. गुठी सम्पत्तिको उपयोगिता अभिवृद्धि गरी सामूहिक हितमा उपयोग गर्ने । | (क) गुठी सम्पत्तिलाई सामूहिक हितमा उपयोग ल्याउन मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) गुठी सम्पत्तिको संरक्षण, व्यवस्थापन र विकासका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेशस्तरमा गुठी सम्पत्तिको अभिलेखाङ्कन भई प्रभावकारी व्यवस्थापन हुने, गुठीसँग जोडिएका सम्पदाको संरक्षण हुने, गुठी व्यवस्थापनको नेपाली मौलिक परम्पराको संरक्षण हुने, गुठी सम्पत्तिको आय वृद्धि हुने छ ।

### ४.१.४ खाद्य सुरक्षा तथा पोषण

**पृष्ठभूमि**

खाद्य तथा पोषण सुरक्षालाई उत्पादन, पहुँच, उपभोग प्रयोग र निरन्तरताको आयाममा हेर्नु पर्ने हुन्छ । खाद्य तथा पोषण सुरक्षालाई संविधानमा मौलिक हकको रूपमा स्थापित गरिएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार पोषणका सूचकमा राष्ट्रिय औसतको तुलनामा यो प्रदेशको स्थिति तुलनात्मक रूपमा राम्रो रहेको छ । प्रदेशमा न्यूनतम क्यालोरी प्राप्त जनसंख्या ९१.९ प्रतिशत, औषत क्यालोरी (२५३६) मा पहुँच ६८ प्रतिशत र आधारभूत खाद्य सुरक्षा प्राप्त परिवार ५२.६ प्रतिशत रहेको छ । प्रदेशमा खाद्य असुरक्षित परिवार ९.२ प्रतिशत, प्रतिव्यक्ति प्रति वर्ष खाद्य उत्पादन २५६.२ कि.ग्रा. रहेको छ ।

**प्रमुख समस्या**

पोषणयुक्त खाद्यान्नमा गरिब जनताको न्यून पहुँच हुनु, खाद्य वितरण प्रभावकारी नहुनु, खाद्य सुरक्षा सम्बन्धी खण्डीकृत तथ्याङ्कको कमी, खाद्यान्नमा मिसावट एवम् विषादीको अत्याधिक प्रयोग हुनु, पर्याप्त ज्ञान बिना परम्परागत खाद्य अभ्यासमा आएको परिवर्तनले स्वास्थ्य समस्या देखा पर्नु, खाद्य तथा पोषण सम्बन्धी चेतनाको कमी जस्ता विषय प्रमुख समस्या हुन् ।

**चुनौती**

पर्याप्त मात्रामा खाद्य वस्तुको उत्पादन र सन्तुलित वितरण गर्नु, मिसावट एवम् विषादी रहित खाद्यान्न प्राप्तिको सुनिश्चितता गर्नु, पोषणयुक्त आहारविहार सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, गरिब एवम् सीमान्तकृत समूहमा पोषणयुक्त आहारको पहुँच सुनिश्चित गर्नु, परम्परागत आहारविहारको पुनर्स्थापना गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

खाद्य सम्बन्धी हक संवैधानिक रूपमा स्थापित हुनु, दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु, राष्ट्रिय आवधिक योजनामा खाद्य तथा पोषणलाई प्राथमिकता दिइनु, पोषण नीति तथा रणनीति को विकास हुनु, बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहनु र पोषण सम्बन्धी सेवाको विस्तार

तथा बानीव्यहोरालाई अभियानको माध्यमबाट सुधारका लागि विभिन्न प्रयास हुनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता : स्वस्थ नागरिक, स्वस्थ प्रदेश ।

### लक्ष्य

पोषणयुक्त खाद्यान्नमा दिगो पहुँच तथा उपभोग वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षाको लक्ष्य हासिल हुने ।

### उद्देश्य

खाद्य तथा पोषण सुरक्षा प्रदान गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जैविक तथा प्राङ्गारिक खेती प्रणाली मार्फत गुणस्तरीय खाद्यान्न उत्पादनमा वृद्धि गर्ने । | (क) जैविक तथा प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्द्धन गरी स्थानीय स्तरमा उपलब्ध हुने जातका बालीको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>(ख) जैविक खेती प्रणाली प्रवर्द्धन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ । |
| २. स्थानीय स्तरमा उत्पादन हुने खाद्यपदार्थको प्रयोगलाई जोड दिने । | (क) स्थान विशेषमा उत्पादन हुने खाद्यान्न, तरकारी तथा फलफूल लगायत कृषि तथा पशुपक्षी उत्पादनको अभिवृद्धिका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>(ख) स्थानीय रैथाने जातका खाद्य बाली उत्पादनमा पकेट क्षेत्र निर्धारण गरी प्रोत्साहन गरिनेछ । |
| ३. खाद्य तथा पोषण शिक्षा कार्यक्रमलाई व्यापक बनाउनको लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्ने । | (क) खाद्य व्यवहारमा सुधारका लागि सचेतनामूलक कार्यक्रम, प्रचार प्रसार तथा अभियान सञ्चालन गरिनेछ ।<br>(ख) खाद्य व्यवहारका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय राम्रा अभ्यासको ग्रहण गरिनेछ ।<br>(ग) खाद्यवस्तुको गुणस्तर नियमन गरिनेछ । |
| ४. उत्पादनको उचित भण्डारण साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने । | (क) स्थानीय जातका उत्पादित बालीको भण्डारण एवम् बजारीकरणलाई प्रोत्साहित गरिनेछ ।<br>(ख) खाद्य तथा पोषण सुरक्षाको हिसाबले जोखिममा रहेका समुदाय र खाद्य सङ्कट स्थानमा खाद्यवस्तु वितरणलाई सरल एवम् पहुँच योग्य बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ग) कृषि उपज भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको अनुसरण तथा अवलम्बन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

९६ प्रतिशतमा न्यूनतम क्यालोरी पुगेको र ८० प्रतिशतलाई औषत क्यालोरी (२,५३६) पुगेको हुने, उच्च खाद्य असुरक्षित परिवार ५ प्रतिशतमा झरेको हुने, प्रतिव्यक्ति खाद्य उत्पादन २८० प्रति वर्ष पुगेको हुने, स्वस्थकर खाद्यान्नको उपलब्धतामा सुधार भएको हुने; रैथाने जातका कृषि तथा पशुपक्षी उत्पादन वृद्धि भएको हुने; असहाय, गरिब र सीमान्तकृत समुदायमा खाद्य तथा पोषणको पहुँच पुगेको हुने; पोषण सुरक्षाका हिसाबले प्रदेशमा पाँच वर्षमुनिका बच्चाको पुड्कोपना (उमेर अनुसार उचाइ कम) भएका बच्चाको संख्या घटेर २० प्रतिशत पुगेको हुने, प्रजनन उमेरका महिलामा हुने रक्त अल्पता घटेर ३० प्रतिशत पुगेको हुने र पाँच वर्षमुनिका बालबालिकामा हुने रक्त अल्पता घटेर ३० प्रतिशत पुगेको हुनेछ ।

### ४.१.५ सहकारी क्षेत्र

**पृष्ठभूमि**

सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्त्वपूर्ण खम्बाको रूपमा लिइन्छ । संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ । आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय र सहकार्य गर्ने कार्य जिम्मेवारी प्रदेश सरकारमा रहेको छ ।

सहकारी क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान १ प्रतिशत रहेको छ । प्रदेशमा आ.व. २०७५/७६ सम्ममा ५,१४४ सहकारी संस्था सञ्चालन रहि ८,२५० जनाले रोजगार प्राप्त गरेका छन् । सहकारी क्षेत्रमा १९ अर्ब ७५ करोड भन्दा बढी शेयर पुँजी लगानी भएको छ । ऋण तथा बचत सहकारीबाट करिब २७ अर्ब बचत परिचालन गरी ३१ अर्ब ५३ करोड भन्दा बढी ऋण प्रवाह भएको देखिन्छ ।

**समस्या**

अधिकतम सहकारी संस्था बचत तथा ऋण परिचालनमा केन्द्रित हुनु, बचत तथा ऋण सहकारीमा वित्तीय जोखिम उच्च रहनु, संस्थागत सुशासनको कमी आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

सहकारीताको उपयोग उत्पादन, वितरण तथा सेवा क्षेत्रमा विस्तार गर्नु, वित्तीय सुशासन कायम गर्नु, सहकार्यताको भावना अभिवृद्धि गर्दै विपन्न वर्गलाई समेट्नु, बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमन गर्नु, आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

प्रदेशमा सहकारीको उपस्थिति राम्रो हुनु, स-साना बचत परिचालन भई पुँजी निर्माणमा सहयोग पुग्नु, वित्तीय पहुँचको विस्तार हुनु, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास हुनु, स्थानीय स्तरमा वित्तीय अन्तरसम्बन्ध कायम हुनु आदि अवसर हुन् ।

**क्षेत्रगत सोच**

सहकारिताको माध्यम; समृद्धिको आधार ।

**लक्ष्य**

सहकारी क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान बढेको हुने ।

**उद्देश्य**

सहकारी क्षेत्रको विकास एवम् प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. समुदायलाई सहकारीमा संगठित गरी अर्थतन्त्रको सबल स्तम्भको रूपमा विकास गर्ने । | (क) सहकारी सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।<br>(ख) छरिएर रहेका उत्पादन समूहलाई सहकारीमा आबद्ध गरी संस्थागत रूपमा क्रियाशिल हुन प्रोत्साहित गरिनेछ ।<br>(ग) सहकारी र स्थानीय उत्पादन समूहलाई कृषि तथा गैर कृषि उपजको बहु-उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण, कृषि प्रसार, पूर्वाधार विकास तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गरिनेछ ।<br>(घ) विपन्न वर्गलाई सहकारीमा सङ्गठित गरी व्यावसायिकता तर्फ उन्मुख गर्न वित्तीय एवम् प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।<br>(ङ) विद्युत तथा पानी सहकारी गठनका लागि प्रोत्साहन गरी विद्युत तथा खानेपानी वितरण र सम्भारको प्रबन्ध गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>(च) सहकारीमा कार्यरत जनशक्तिलाई क्षमता विकास तालिम र सहकारी शिक्षा विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(छ) सहकारी क्षेत्रको विकासमा अन्तरसरकार समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ज) अनुगमन तथा नियमन प्रभावकारी बनाई सहकारी क्षेत्रमा संस्थागत र वित्तीय सुशासन कायम गरिनेछ ।<br>(झ) सूचना प्रविधिको उपयोग गरी सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।<br>(ञ) जडीबुटी, फलफुल, तरकारी लगायत खाध्यान्न उत्पादनका लागि भूमिहिन किसानलाई सहकारी / समूहमा आधारित करार खेतीका लागि भूमि बैंक मार्फत जग्गा उपलब्ध गराइनेछ । |

**अपेक्षित उपलब्धि**

सहकारी क्षेत्रले प्रदेश गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत योगदान पुगेको हुने; १५,००० व्यक्तिलाई रोजगार प्रदान गरेको हुने; निक्षेप र ऋण प्रवाह ४०० प्रतिशत वृद्धि भएको हुने; तालिम प्राप्त जनशक्तिका संख्यामा वृद्धि भएको हुने; सञ्चालित सहकारीको कम्तिमा २० प्रतिशत उत्पादन, वितरण र सेवा सहकारी रहेको हुने; वित्तीय पहुँच सहज भएको हुने; सहकारी सूचना प्रणालीको स्थापना भएको हुने; सहकारी क्षेत्रको नियमन प्रभावकारी भएको हुनेछ ।

## ४.२ उद्योग, वाणिज्य, आपूर्ति तथा पर्यटन

### ४.२.१ उद्योग

**पृष्ठभूमि**

उद्योग क्षेत्र अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको छ । संविधानले औद्योगीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगिकीकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख गरेको छ । सो लक्ष्य प्राप्त गर्नका सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगले कुल रोजगारीमा १३ प्रतिशत योगदान दिनुपर्ने हुन्छ । प्रदेशमा कुल १ लाख ६८ हजार ५१८ उद्योग रहेका छन् । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १९.०६ प्रतिशत रहेको छ । उद्योग क्षेत्रको वार्षिक उत्पादन रु. ८२ अर्ब २७ करोड रहनका साथै यस क्षेत्रले १,०१,२७९ जनालाई रोजगार प्रदान गरेको छ ।

**प्रमुख समस्या**

अपेक्षाकृत रूपमा उद्योगमा लगानी आकर्षित गर्न नसक्नु; उद्योग विकासका लागि दक्ष जनशक्तिको विकास र उपयोग हुन नसक्नु, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संयन्त्र नहुनु, उद्योगलाई कृषि, वन तथा खनिज जस्ता क्षेत्रसँग आबद्ध गर्न नसक्नु, कृषि र वनका उत्पादनको मूल्य अभिवृद्धि बिना निर्यात भई रहनु, जमिन, भौतिक पूर्वाधार र ऊर्जाको अपर्याप्तता, निर्यात योग्य वस्तुको उत्पादन

र विविधीकरण हुन नसक्नु, कामदारको न्यून उत्पादकत्व, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग स्थापनामा नवीनतम सोचको कमी आदि प्रमुख समस्या हुन् ।

**अवसर**

जनसंख्यामा युवाको बाहुल्यता रहनु, बढ्दो शहरीकरण, आयात निर्यातको सहज अवस्था, कृषि तथा वनजन्य कच्चा पदार्थको सहज उपलब्धता, बढ्दो ऊर्जा आपूर्तिका कारण उद्योगधन्दा सञ्चालन गर्न सहज वातावरण सृजना हुन आदि प्रमुख अवसर हुन् ।

**चुनौती**

उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु आदि प्रमुख चुनौती हुन् ।

**क्षेत्रगत सोच**

आर्थिक रूपान्तरणका लागि औद्योगीकरण : समृद्धिका लागि रोजगारी प्रवर्द्धन ।

**लक्ष्य**

प्रदेश गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि हुने ।

**उद्देश्य**

१. औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

२. स्थानीय स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन गर्दै रोजगारीका अवसर सृजना गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. आयात प्रतिस्थापक र निकासीमूलक उद्योगको विकास गर्न आर्थिक तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | (क) उद्योग विकास सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा गरी आवश्यक सेवा सुविधा तथा शुल्कमा विशेष सहुलियत प्रदान गरिनेछ ।<br>(ख) विद्यमान औद्योगिक कोरिडोरको बिस्तार र निर्यात प्रवर्द्धन केन्द्रको स्थापना गरी आधारभूत औद्योगिक सुविधा उपलब्ध गराइनेछ ।<br>(ग) स्थानीय कच्चा पदार्थ र सीपमा आधारित घरेलु, साना तथा मझौला उद्योगको विकास र औद्योगिक ग्राम स्थापनामा स्थानीय तहलाई सहयोग, सहजीकरण र प्रोत्साहन गरिनेछ ।<br>(घ) कृषि, पर्यटन र खनिजमा आधारित उद्योगको विकासमा सहजता कायम हुने गरी पूर्वाधारको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. स्थानीय स्रोत, साधन र सीपमा आधारित उद्योग स्थापनाका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने । | (क) स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने गरी प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षणका लागि संघ र सम्बन्धित स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ ।<br>(ख) सुमधुर औद्योगिक श्रम सम्बन्ध कायम हुने गरी औद्योगिक वातावरण निर्माण गरिनेछ ।<br>(ग) पुनरप्रशोधनमा आधारित उद्योगको स्थापना र विस्तारमा प्रोत्साहन गरिनेछ ।<br>(घ) औद्योगिक क्षेत्रमा लगानी आकर्षित गर्न र सेवा सुविधा सम्बन्धी कार्य गर्न एकद्वार प्रणालीको व्यवस्था गरिनेछ ।<br>(ङ) औद्योगिक क्षेत्रको स्थापना, प्रदर्शनी स्थलको निर्माण, औद्योगिक मेलाको आयोजना, सम्भाव्य उद्योगको स्किम प्रदर्शन आदिका माध्यमबाट औद्योगिक लगानी आकर्षण गरिनेछ ।<br>(च) लगानीमैत्री वातावरण बनाउन स्थानीय तहबाट कर तथा सेवा सुविधामा सहुलियत प्रदान गर्न समन्वय र सहकार्य गरिनेछ ।<br>(छ) औद्योगिक फोहर उत्सर्जनको मापदण्ड तयार गरी वातावरण प्रदूषणलाई न्यूनीकरण गर्न सम्बन्धित प्रतिष्ठानलाई जिम्मेवार बनाइनेछ । |
| ३. कृषिजन्य उद्यमको पहिचान गरी प्रतिस्पर्धात्मक क्षमता बढाउँदै निर्यात अभिवृद्धि गर्ने । | (क) प्रतिष्पर्धात्मक लाभका क्षेत्रमा लगानी गर्ने उपयुक्त वातावरण निर्माण गर्न आवश्यक भौतिक र आर्थिक पूर्वाधारको निर्माण र विकास गरिनेछ ।<br>(ख) कृषि उद्यमशीलताको विकास गर्न स्थानीय तहसँग सहकार्य गरी सीप विकास, सहुलियत ऋण तथा प्रविधि हस्तान्तरण आदि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ग) आधुनिक प्रविधि, अनुसन्धान, मूल्य श्रृङखलायुक्त (Value Chain) र अग्र-पृष्ठ सम्बन्ध (Forward & backward linkage) भएका उद्योगलाई प्रोत्साहन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) सार्वजनिक, निजी र समुदायको साझेदारीमा कृषिमा आधारित प्रशोधन उद्योग स्थापना र उत्पादित वस्तुको निर्यात प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ । (ङ) अन्तर्राष्ट्रिय बजारको माग अनुरूप अलैंची, चिया, कफी आदि जस्ता उच्च मूल्यका कृषि उपजको प्रशोधन गर्न निजीक्षेत्रसँगको सहकार्यमा उद्योग स्थापना गरी निर्यात प्रवर्द्धन गरिनेछ । (च) आधुनिक प्रविधियुक्त र अनुसन्धानमूलक उद्योगलाई प्रोत्साहन गरिने छ । |
| ४. उद्योग विकासका लागि आवश्यक दक्ष, उद्यमशील, व्यावसायिक र प्राविधिक जनशक्ति तयार गरी उद्यमशीलता बढाउने । | (क) दक्ष जनशक्ति मागको आङ्कलन गरी श्रम बजारमा आउने परिवर्तन अनुरूप जनशक्ति उत्पादन गरिनेछ । (ख) न्यून आय भएका युवा लक्षित स्वरोजगार उन्मुख सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । (ग) प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्योगसँग आबद्ध गर्न निजी क्षेत्र समेतको सहकार्यमा अभ्यासार्थी (internship) को रूपमा काम गरी सीप र उद्यमशीलता हासिल गर्ने अवसर प्रदान गरिने छ । (घ) वैदेशिक रोजगारबाट फर्केका कामदारलाई सिकेको सीप सम्बन्धी विषयमा उद्यम व्यवसाय गर्न आवश्यक सहयोग र सहजीकरण गरिने छ । |
| ५. औद्योगिक सुशासन अभिवृद्धि गर्ने । | (क) निजी क्षेत्रको प्रभावकारी नियमन गर्न कानुनी एवम् संस्थागत सुधारमा जोड दिइनेछ। (ख) निजी क्षेत्रलाई व्यवसाय सञ्चालनमा पारदर्शिता अपनाउन, व्यावसायिक सुशासन र सामाजिक दायित्व वहन गर्न प्रेरित गरिनेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २३.६१ प्रतिशत पुगेको हुने, उद्योग क्षेत्रमा २ लाख रोजगारी पुगेको हुने, स्वदेशी तथा वैदेशिक लगानीको उल्लेखनीय रूपले वृद्धि हुने, थप ५ वटा औद्योगिक क्षेत्र र कोरिडोर स्थापना भएको हुने, उच्च मूल्य वस्तुको उत्पादन विविधीकरण भएको हुने, साना लघु तथा घरेलु उद्योगको उत्पादनमा वृद्धि भएको हुने, स्वरोजगार उन्मुख र सीपयुक्त जनसंख्या बढेको हुनेछ ।

### ४.२.२ खानी तथा खनिज सम्पदा

**पृष्ठभूमि**

नेपालमा खनिज सम्पदा विकासका प्रयास ६५ वर्षभन्दा लामो समय देखि भई रहेको छ । संविधानमा खानी अन्वेषण तथा व्यवस्थापनलाई प्रदेशको अधिकार सूचिमा व्यवस्थित गरिएको छ । कार्य विभाजन अनुसार खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान तथा सर्वेक्षण प्रदेशको अधिकारमा व्यवस्थित छ ।

यस प्रदेशको ओखलढुङ्गा र इलाम डाँडामा तामा, भोजपुरमा अभ्रख, धनकुटा, मोरङ र उदयपुरमा चुनढुङ्गा, खोटाङ र भोजपुरमा खरीढुङ्गा, महाभारत पर्वत श्रृंखलामा मार्बल, तराई, चुरे पहाड र महाभारतको विस्तृत क्षेत्रमा पेट्रोलियम, तराईको विस्तृत भू-भागमा ग्याँस, कोशी नदीमा सुन, उदयपुरको कम्युघाटमा म्याग्नेसाइट पाइने प्रारम्भिक अध्ययनले देखाएको छ ।

**प्रमुख समस्या**

खानी तथा खनिज सम्पदा सम्बन्धी प्रादेशिक नीति, ऐन, नियम तयार नहुनु, खनिज सम्पदा सम्बन्धी यकिन तथ्याङ्कको अभाव, खनिज सम्पदाको अनुसन्धान, उत्खनन र उपयोगमा उदासिनता, व्यावसायिक उत्पादन हुन सक्ने सम्भावनाका खानी तथा खनिज सम्पदाको पहिचान हुन नसक्नु, निजी क्षेत्र आकर्षित नहुनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

खनिज सम्पदाको विस्तृत अध्ययन गरी व्यावसायिक उत्पादनको सम्भावना भएका क्षेत्रको पहिचान गर्नु, पर्याप्त स्रोतको व्यवस्था गर्नु, निजी क्षेत्रलाई आकर्षित गर्नु, खानी सम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्नु, नयाँ प्रविधिको समुचित उपयोग गर्नु, भौगोलिक अवस्थिति, भौगर्भिक संरचना, भू-धरातलीय बनोट तथा तदनुरूप प्राविधिक क्षमता अभिवृद्धि गर्नु, खनिज पहुँच मार्ग र बिजुलीको पहुँच पुऱ्याउनु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

तामा, अभ्रख, चुनढुङ्गा, खरी ढुङ्गा, मार्बल, पेट्रोलियम, ग्याँस, सुन, म्याग्नेसाइट आदिको खानी भएको प्रारम्भिक अध्ययनले देखाउनु, प्रदेश सरकारको प्राथमिकतामा रहनु, विद्युत तथा पहुँच मार्गको विस्तार हुँदै जानु, स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सृजना हुँदै जानु, गैर आवासीय नेपालीलाई खानी अन्वेषण र व्यवस्थापन कार्यमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, भूमण्डलीकरणसँगै औद्योगिक उत्पादनको शृङ्खला विकासोन्मुख मुलुकतर्फ विस्तार हुँदै जानु, सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार हुनु, उपलब्ध खनिज सम्पदाको उपयोग गरी उच्चतम लाभ लिन सकिने अवस्था रहनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

खनिज सम्पदाको उपयोग : समृद्धिको योजनामा सहयोग ।

**लक्ष्य**

प्रदेश गार्हस्थ्य उत्पादनमा खानी तथा खनिज सम्पदाको योगदान बढेको हुने ।

**उद्देश्य**

प्रदेशमा उपलब्ध खनिज स्रोतको संघीय सरकार र निजी क्षेत्रको सहकार्यमा अन्वेषण र उत्खनन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. खनिज सम्पदाको भौगर्भिक सर्वेक्षण, पहिचान, अन्वेषण र व्यवस्थापनका लागि आवश्यक नीतिगत, कानुनी एवम् संरचनागत व्यवस्था गर्ने । | (क) संघीय सरकारसँगको समन्वयमा खनिज अन्वेषण र व्यवस्थापन सम्बन्धी आवश्यक नीति, कानुन, कार्यविधि, मापदण्डको तर्जुमा गरिनेछ ।<br>(ख) खनिज अन्वेषण, गुणात्मक पहिचान र मान्यताका कार्यलाई व्यवस्थित गर्न प्रदेश तहमा अत्याधुनिक प्रयोगशालाको स्थापना गरिनेछ ।<br>(ग) खानी क्षेत्रमा खनिज उत्खनन कार्य पश्चात् सो क्षेत्रमा वातावरण सन्तुलनका लागि पुनर्स्थापन कार्य गर्न विशेष व्यवस्था गरिनेछ ।<br>(घ) खानी अन्वेषण, वातावरण संरक्षण तथा विकासका लागि खनिज कोषको स्थापना गरिनेछ ।<br>(ङ) खानी क्षेत्रमा काम गर्ने कामदारलाई जोखिमको आधारमा सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ।<br>(च) खनिज अन्वेषण, प्रशोधन र प्रवर्द्धन कार्यमा आवश्यक पर्ने जनशक्ति विकासका लागि स्वदेशी प्राविधिक विद्यालय तथा विश्वविद्यालयसँग सहकार्य गरिनेछ । |
| २. संघीय सरकार र निजी क्षेत्रसँगको समन्वयमा खनिज सम्पदाको अन्वेषण र उत्खनन गरी व्यावसायिक उत्पादन गर्ने । | (क) प्रदेशभित्रका खानीको नक्साङ्कन, तथ्याङ्क सङ्कलन र खनिज पदार्थको प्रकृति एवम् महत्त्वको आधारमा खनिजलाई वर्गीकरण गरिनेछ ।<br>(ख) खानी अध्ययन, अनुसन्धान कार्य तोकिएको सरकारी निकाय वा योग्य व्यक्ति वा योग्य संघसंस्थासँग सहकार्य, सम्झौता वा अनुमति प्रदान गरी गरिनेछ ।<br>(ग) खनिजमा आधारित उद्योगलाई आन्तरिक माग पूरा गर्न र निर्यात प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ । |

| | |
|---|---|
| | (घ) सम्भावना भएका मूल्यवान् पत्थरको उद्योग स्थापना, जनशक्ति विकासमा निजी, सहकारी, सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ । <br>(ङ) खनिज अन्वेषण, उत्खनन तथा उत्पादन कार्यमा स्थानीयलाई रोजगारीका लागि प्राथमिकता दिइनेछ । <br>(च) खनिज सम्पदाको उपयोग, विकास एवम् नवीनतम प्रविधिको प्रयोग र प्रवर्द्धनका लागि निजी क्षेत्रलाई आकर्षित गरिनेछ । |

**अपेक्षित उपलब्धि**

आवश्यक नीतिगत, कानुनी एवम् संरचनागत व्यवस्था भएको हुने, ५ वटा खानी क्षेत्रको पहिचान भएको हुने, ८ वटा खनिज अन्वेषण र उत्खनन भएको हुने, १०० जना दक्ष जनशक्ति उत्पादन भएको हुने, खानी क्षेत्रको कुल गार्हस्थ्यमा १ प्रतिशत योगदान भएको हुनेछ ।

### ४.२.३ वाणिज्य तथा आपूर्ति

**पृष्ठभूमि**

उत्पादित वस्तुलाई समुचित वितरण मार्फत उपभोक्ता सम्म पुऱ्याई अर्थतन्त्रलाई चलायमान बनाउने वाणिज्य तथा आपूर्ति क्षेत्रको महत्त्वपूर्ण योगदान रहन्छ । संविधानले प्रदेश भित्रको व्यापार प्रदेशको अधिकार सूचीमा र आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन संघ तथा प्रदेशको साझा सूचीमा राखेको छ ।

प्रदेशमा आर्थिक तथा व्यापारिक संस्था १६८,४३४ वटा सञ्चालनमा छन् । नेपालका सबैभन्दा बढी आर्थिक एकाइ रहेका पाँच जिल्ला मध्ये झापा, मोरङ र सुनसरी यस प्रदेशमा पर्दछन् । जनसंख्याको हिसाबले मोरङ र झापा व्यवसायमा अधिकतम संलग्न हुने पाँच जिल्ला मध्ये तेस्रो र पाचौंमा पर्दछन् । अन्तर्राष्ट्रिय व्यापारका हिसाबले महत्त्वपूर्ण विराटनगर (रानी) र काँकडभिट्टा जस्ता नाका यसै प्रदेशमा पर्दछन् ।

वाणिज्य क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान ९.१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा ८५ अर्ब २ करोड बराबरको व्यापारिक कारोवार भएको देखिन्छ । यसैगरी आपूर्तिमा उपभोक्ता सन्तुष्टि सूचकाङ्क ४.७० (०-१०) रहेको छ ।

**प्रमुख समस्या**

व्यापारिक गतिविधि विस्तार भएपनि बजारमा गुणस्तरीय वस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध नहुनु, आयातमा आधारित आपूर्ति व्यवस्था रहनु, व्यापार घाटा अत्याधिक रहनु, मूल्यसूची राख्ने प्रवृत्ति नहुनु, बिलबिजक जारी गर्ने प्रवृति नहुनु र विपद्को समयमा अत्यावश्यक वस्तुको आपूर्ति सहज हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

मानव सिर्जित तथा प्राकृतिक कारणबाट समय समयमा आपूर्तिमा आउने व्यवधान समाधान गर्नु, कृषि उपजको व्यापारमा हुने बिचौलिया विस्थापित गर्नु, गुणस्तरीय वस्तुको उपलब्धता र उपभोक्ताको हकहित संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

आन्तरिक व्यापारिक गतिविधि बढ्नु, यातायात पूर्वाधारको विकासले गाउँ शहर अन्तरसम्बन्धी बलियो हुनु, वैदेशिक रोजगारीले क्रयशक्ति बढ्न गई आन्तरिक बजारको क्षमता बढ्नु, महत्त्वपूर्ण अन्तर्राष्ट्रिय नाका विद्यमान रहनु, सुख्खा बन्दरगाह निर्माणको चरणमा रहनु, तेस्रो देश निकासीमा सहजता बढ्दै जानु, स्थानीय तहमा बजार केन्द्रहरू विकसित हुँदै जानु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

सरलिकृत व्यापारः समृद्धिको आधार ।

### लक्ष्य

प्रदेश गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको योगदान १५ प्रतिशत पुगेको हुने ।

### उद्देश्य

१. व्यापारिक गतिविधि वृद्धि गर्नु ।
२. सर्वसुलभ आपूर्ति प्रणाली स्थापित गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुदृढ वाणिज्य तथा आपूर्ति प्रणाली स्थापित गर्ने । | (क) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हक हित संरक्षण सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) एकाधिकार र कार्टेलिङलाई नियन्त्रण गर्न आवश्यक कानुनको तर्जुमा र अनुगमन गरी प्रतिस्पर्धामा आधारित बजार प्रवर्द्धन गरिनेछ ।<br>(ग) स्थानीय स्तरबाट व्यवसाय दर्ता र अनुगमन गर्ने प्रणालीलाई सहज र प्रभावकारी बनाइनेछ ।<br>(घ) स्थानीय तहसँग सहकार्य गरी सरकारी निकायमा स्वदेशी वस्तुको प्रयोगमा जोड दिइने छ ।<br>(ङ) स्थानीय तहका वाणिज्यसँग सम्बन्धित संघसंस्थासँग समन्वयमा गाउँ शहर अन्तरसम्बन्ध स्थापित गरी व्यापार प्रवर्द्धन गरिनेछ ।<br>(च) प्रत्येक पसलमा मूल्यसूची राख्नु पर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ । |

| | |
|---|---|
| | (छ) स्वच्छ, पारदर्शी र व्यावसायिक व्यापारका लागि व्यवसाय सञ्चालकलाई अभिमुखीकरण तालिम प्रदान गरिनेछ । |
| २. भौतिक पूर्वाधारको यथोचित व्यवस्था गरी प्रादेशिक व्यापार प्रवर्द्धन गर्ने । | (क) व्यापार प्रवर्द्धन तथा आपूर्तिमा सूचना प्रविधिको प्रयोग मार्फत आधुनिकीकरण गरिनेछ ।<br>(ख) तुलनात्मक लाभको आधारमा जिल्लागत रूपमा भिन्न-भिन्न वस्तु उत्पादन गरी व्यापार बढाइनेछ ।<br>(ग) व्यापारिक रणनीतिक केन्द्रमा सडक, विद्युत,सञ्चार लगायत सुविधा विस्तार गरिनेछ ।<br>(घ) परम्परागत हाटबजार प्रणालीको आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ । |
| ३. आधारभूत तथा उपभोग्य वस्तुको भण्डारण, बजारीकरण र गुणस्तर कायम गरी आपूर्ति सुनिश्चित गर्ने । | (क) आधारभूत उपभोग्य वस्तुको आपूर्ति व्यवधान हटाउन हरेक स्थानीय तहमा भण्डारणको व्यवस्था मिलाइनेछ ।<br>(ख) गुणस्तरीय वस्तुको आपूर्ति प्रभावकारी बनाउन नियमित बजार अनुगमन गरिनेछ ।<br>(ग) अनलाइन व्यापार प्रवर्द्धन गरिनेछ ।<br>(घ) सहकारीलाई सुपथ मूल्यका पसल खोल्न प्रोत्साहन गरिनेछ ।<br>(ङ) कृषि बजारको प्रवर्द्धनमा सहकारीको भूमिका बढाई बिचौलियाको भूमिका निरुत्साहित गरिनेछ । |

**अपेक्षित उपलब्धि**

वाणिज्य क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान १५ प्रतिशत पुगेको हुने, आपूर्ति उपभोक्ता सन्तुष्टी सूचकाङ्क ५.१० पुगेको हुने, व्यापारिक गतिविधि बढेको हुने, २०० वटा हाटबजार व्यवस्थित भएको हुने, अत्यावश्यक वस्तुको पर्याप्त भण्डार भएको हुने, १३७ सूपथ मूल्य सहकारी पसल स्थापना भएको हुनेछ ।

### ४.२.४ पर्यटन

**पृष्ठभूमि**

पर्यटन राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधार हो । सर्वोच्च शिखर सगरमाथा लगायत विश्वका अग्ला ५ हिमश्रृंखलाको अवस्थिति यस प्रदेशमा रहेको छ । पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, नेपालको विविध सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै  लाभ वितरणमा स्थानीयलाई प्राथमिकता दिने राज्यको पर्यटन सम्बन्धी नीति रहेको छ। पर्यटन क्षेत्र संघ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटिएको छ ।

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्र (होटेल तथा रेस्टुराँ) को योगदान २.०५ प्रतिशत रहेको छ । पर्यटन क्षेत्रको आयमध्ये आन्तरिक पर्यटन र अन्तर्राष्ट्रिय पर्यटनको योगदान क्रमशः ५७ प्रतिशत र ४३ प्रतिशत रहेको छ । नेपालमा सन् २०१७ मा भित्रिएका कुल पर्यटक ११,७३,०७२ मध्ये ४८,४३८ (५.१५ प्रतिशत) ले यो प्रदेशको भ्रमण गरेका छन् । प्रदेशमा भ्रमण गरेका पर्यटक मध्ये खुम्बु क्षेत्रमा ९३.१५ प्रतिशत, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा कञ्चनजङ्घा संरक्षण क्षेत्रमा ६ प्रतिशत, र कोसी टप्पु वन्यजन्तु आरक्षणमा ०.७९ प्रतिशत ले भ्रमण गरेको देखिन्छ । यस प्रदेशको काँकडभिट्टा नाका हुँदै वि.सं. २०७२ मा १,७७,४११ र २०७४ मा २,१९,५७१ भारतीय पर्यटक नेपाल भित्रिएको देखिन्छ । तेस्रो मुलुकका ४८ हजार पर्यटक काँकडभिट्टा नाका भई नेपाल प्रवेश गर्ने गरेको देखिन्छ ।

पर्यटनबाट प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १.९३ प्रतिशत योगदान रहेको छ । यस क्षेत्रमा करिव ३२ हजार जनाले रोजगार प्राप्त गरेको देखिन्छ । प्रदेशमा १३ वटा पर्यापर्यटन गन्तव्य रहेका छन् ।

नेपाल सरकारले प्रमुख पर्यटकीय गन्तव्य स्थलको लागि पहिचान गरेका १०० वटामध्ये १६ वटा यस प्रदेशमा
पर्दछन् । बराहक्षेत्र, पाथीभरा, हलेसी महादेव, कन्याम, तिनजुरे मिल्के जलजले, गुफा पोखरी जस्ता धार्मिक तथा रमणीय स्थलमा आन्तरिक पर्यटन साथै तीर्थयात्री बढ्दो क्रममा रहेका छन् ।

**प्रमुख समस्या**

प्रदेशमा अन्तर्राष्ट्रिय पर्यटकको आगमन न्यून रहनु, खुम्बु क्षेत्र बाहेक अरू क्षेत्रले अन्तर्राष्ट्रिय पर्यटक आकर्षित गर्न नसक्नु, पर्यटनको लाभ स्थानीय समुदायले अपेक्षित रूपमा प्राप्त गर्न नसक्नु,पर्यटकीय गन्तव्यको विकास र विविधीकरण हुन नसक्नु, अनधिकृत रूपमा पर्यटक शुल्क लगाउने र झन्झट दिने प्रवृत्ति देखिनु, धार्मिक पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन गर्न नसक्नु, पर्यटकीय पूर्वाधारको अभाव, पर्यटकलाई आकर्षित गर्न चाहिने सेवा, सुविधा र पर्यटकीय वस्तुको कमी, पर्यटकीय सूचना प्रवाह व्यवस्थित र प्रभावकारी हुन नसक्नु, आन्तरिक र बाह्य पर्यटकको व्यवस्थित अभिलेख नहुनु आदि प्रमुख समस्या हुन् ।

## चुनौती

पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्नु, सामाजिक, सांस्कृतिक र वातावरणीय मापदण्डका आधारमा पर्यटन उद्योगको स्तरीकरण तथा प्रमाणीकरण गर्नु, पर्यटकीय सम्भावनाका क्षेत्रमा पर्यटन पूर्वाधारको विकास गर्नु, प्रदेशबाट छिमेकी मुलुकका प्रमुख शहरका साथै आन्तरिक पर्यटकीय गन्तव्यमा जोड्न हवाई सेवा सञ्चालन गर्नु, पर्यटकीय स्तरका होटेल तथा अन्य पर्यटकीय सुविधाको विस्तार गर्नु, गन्तव्य स्थलको विविधीकरण, विकास, ब्राण्डिङ, प्रचार प्रसार र प्रवर्द्धन तथा बजारीकरण गर्नु, पर्यटन व्यवसाय सम्बद्ध निजी क्षेत्रको क्षमता वृद्धि गर्नु, पर्यटन सूचना व्यवस्थापन प्रणाली तथा पर्यटन सूचना सेवा स्थापना गर्नु, विभिन्न तहमा सङ्कलन हुने पर्यटन शुल्कमा दोहोरोपना हटाउनु, स्थानीयलाई लाभ दिनु, व्यावसायिकता तथा उद्यमशीलताको विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

साहसिक आरोहण पर्यटनका निमित्त उत्कृष्ट गन्तव्य, विश्वकै उत्कृष्ट ट्रेकिङ मार्ग हुनु, मुलुकका प्रमुख धार्मिक गन्तव्यको अवस्थिति, नेपालको सबभन्दा होचो स्थान केचनाकवल यसै प्रदेशमा पर्नु, भारतका छिमेकी शहर दार्जिलिङ र सिक्किममा भारतीय तथा अन्तर्राष्ट्रिय पर्यटक ठूलो संख्यामा आगमन हुनु, पर्यटकीय पदमार्गको विकास गर्न सकिने अवस्था हुनु, किमाथान्का नाकाले चिनियाँ  पर्यटकीय विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना रहनु, पर्यापर्यटन, प्याराग्लाइडिङ, र्‍याफ्टिङ जस्ता साहसिक पर्यटकीय उपज तथा वस्तुको विकासको सम्भावना राम्रो रहनु, विविध प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रचुरता, अधिकांश स्थानीय तहको प्राथमिकतामा पर्यटन क्षेत्र पर्नु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

पर्यटन क्षेत्रको दिगो विकास : प्रदेश समृद्धिको आधार ।

**लक्ष्य**

पर्यटन क्षेत्रको दिगो विकासद्वारा आय र रोजगारीका अवसर वृद्धि गर्ने ।

**उद्देश्य**

१. प्रदेशलाई मुलुकको पर्यावरण अनुकूल प्रमुख पर्यटन गन्तव्यको रूपमा विकास गर्नु ।
२. पर्यटकको संख्या, बसाइँ र क्रय दर वृद्धि गर्नु ।
३. पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. पर्यटकीय गन्तव्य र उपजको विकास, विविधीकरण र प्रवर्द्धन गर्ने । | (क) आन्तरिक, भारतीय, चिनियाँ लगायत अन्य पर्यटकको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी  प्रदेश पर्यटन विकास गुरुयोजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) पर्यटन विविधीकरणका लागि प्याराग्लाइडिङ, क्यानोनिङ, र्‍याफटिङ, पर्वतारोहण, रक क्लाइमविङ, बन्जी जम्पिङ, घोडसवारी, जिप फ्लाइङ, गल्फ कोर्ष जस्ता साहसिक, खेलकुद, मनोरञ्जनात्मक, पर्यटकीय उपजको विकास गरिनेछ ।<br>(ग) आधारभूत सुविधाको प्रबन्ध गरी धार्मिक तथा सांस्कृतिक पर्यटन क्षेत्रलाई सर्किटको रूपमा विकास गरिनेछ ।<br>(घ) छिमेकी मुलुकका सीमावर्ती क्षेत्रमा पर्यटक आकर्षणका प्रवर्द्धनात्मक कार्यक्रमको  आयोजना गरिनेछ ।<br>(ङ) प्रवर्द्धन र प्रचार प्रसारका लागि आवश्यक सामग्री तयार गरी प्रचार प्रसार र बजारीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (च) पर्यटन प्रवर्द्धनका लागि विदेशमा रहेका नेपाली र नेपाली संस्थाको परिचालन गरिनेछ ।<br>(छ) पर्या-पर्यटनको विकास तथा प्रवर्द्धन गरिनेछ । |
| २. पर्यटन सेवा सुविधाको व्यावसायीकरण गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता अनुरूप स्तरीकरण गर्ने । | (क) पर्यटन सेवा सुविधालाई अन्तर्राष्ट्रिय मापदण्ड र मान्यता अनुसार पर्यावरण अनुकूल, जबाफदेही र जिम्मेवार बनाउन आवश्यक नीति बनाई लागु गरिनेछ ।<br>(ख) पर्यटन उद्यमशीलता विकास गर्न निजी क्षेत्रको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको तालिमको व्यवस्था गरी पर्यटन क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको उत्पादन गरिनेछ ।<br>(ग) तारे तथा पर्यटकीय होटेलको सेवा सुविधाको स्वमूल्याङ्कन गरी व्यावसायिकता अभिवृद्धि गरिनेछ ।<br>(घ) स्थानीय पर्यटन सेवासँग सम्बन्धी तालिम प्रदान गरी व्यावसायिकता साथै गुणस्तर अभिवृद्धि र स्थानीय रोजगारी प्रवर्द्धन गरिनेछ ।<br>(ङ) होमस्टेलाई प्रवर्द्धन र व्यावसायीकरण गरी स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याइनेछ ।<br>(च) स्थानीय कला संस्कृति झल्कने सम्पदाको संरक्षण र प्रदर्शन गरी पर्यटकलाई आकर्षित गर्न सङ्ग्रहालयको स्थापना गरिनेछ ।<br>(छ) होटेल, रेस्टुराँ तथा सेवा गृहको उपहार बिक्री कक्ष स्थापना गरी स्थानीय विशेषता झल्कने उत्पादनको बिक्री र प्रवर्द्धन गरिनेछ । |
| ३. पर्यटकीय ब्राण्डिङ गरी विश्वमा प्रदेशको प्रचार गर्ने । | (क) स्थान विशेषको विशिष्टताका आधारमा स्थानीय पर्यटकीय ब्राण्डको विकास गरिनेछ ।<br>(ख) प्रदेशका प्रसिद्ध हिमाल आरोहण गर्ने आरोहीलाई सम्बन्धित देशमा प्रदेश पर्यटन सद्भाव दूतको रूपमा पर्यटन प्रवर्द्धन गर्न उपयोग गरिनेछ ।<br>(ग) प्रदेशको पहिचान दिलाउने विभिन्न वस्तु उत्पादन गरी पर्यटकलाई किन्न आकर्षित गरिनेछ । |
| ४. पर्यटकीय सेवा सुविधाको वृद्धि गरी पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्ने । | (क) गुणस्तरीय पर्यटन विकासमा होटेल तथा अरू सेवा सुविधामा लगानी आकर्षण गर्न स्थानीय करमा छुट र सुविधाका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ख) गुणस्तरीय पर्यटन विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>(ग) पर्यटकको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।<br>(घ) मेला आयोजना गरी पर्यटन समाग्रीको प्रचार प्रसार एवम् बिक्री गरिनेछ।<br>(ङ) साहसिक पर्यटन क्षेत्रमा विपद्जन्य सूचना तथा संयन्त्रको व्यवस्था मिलाइनेछ ।<br>(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय होटेल सञ्जाल स्थापनाका लागि समन्वय र प्रोत्साहित गरिनेछ ।<br>(छ) पर्यटकीय सेवा प्रदायक संस्था र कार्यरत जनशक्तिको क्षमता र सीप विकास गरी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।<br>(ज) पर्यटक आगमन विन्दुमा आतिथ्यता व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था मिलाइनेछ । |
| ५. पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमा जोड दिने । | (क) पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान गरी विकास गरिनेछ ।<br>(ख) पर्यटकको आगमन र बसाइँमा वृद्धि गर्न नयाँ पर्यटकीय वस्तुको विकास र विस्तार गरिनेछ ।<br>(ग) सबै मौसममा पर्यटक आकर्षित गर्न पर्यटन प्याकेजको व्यवस्था गरिनेछ ।<br>(घ) धार्मिक र सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>(ङ) प्रमुख पर्यटकीय केन्द्र र पदमार्गका महत्त्वपूर्ण बिन्दुमा जाति विशेषका सङ्ग्रहालय र सांस्कृतिक कार्यक्रमको व्यवस्था गरी स्थानीय कला संस्कृति र परम्परासँग पर्यटनलाई जोड्दै लगिनेछ । |
| ६. संस्थागत व्यवस्था, समन्वय र सहकार्य गर्ने । | (क) प्रादेशिक पर्यटन सम्बन्धी संस्थागत संरचनाको स्थापना गरी पर्यटन सम्बन्धी कार्यको विकास, व्यवस्थापन र नियमन गरिनेछ ।<br>(ख) विभिन्न पर्यटकीय प्रवेश स्थल र पर्यटन केन्द्रमा निजी क्षेत्रसँगको साझेदारीमा पर्यटन सूचना केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ग) स्थानीय तहमा उद्यान, बालउद्यान, पर्यटकीय पदमार्ग, तथा ऐतिहासिक स्थलको पहिचान र संरक्षण, सङ्ग्रहालय, चिडियाखाना आदि स्थलको विकास गर्न स्थानीय सरकारसँग सहकार्य गरिनेछ ।<br>(घ) आन्तरिक पर्यटन आकर्षित गर्न प्रमुख पर्यटन स्थलसम्म भरपर्दो र सहज यातायातको पहुँच पुऱ्याउन स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>(ङ) स्तरीय पर्यटकीय होटेल स्थापना, पर्यटकीय पूर्वाधारको विकास र विस्तार एवम् पर्यटकीय केन्द्रमा हवाई सेवाको विस्तार आदिमा निजी क्षेत्र र अन्तरसरकार समन्वय गरिनेछ।<br>(च) पर्यटक प्रवेश गर्ने नाका, विमानस्थल, सार्वजनिक स्थललाई आकर्षक, व्यवस्थित, सुविधामय बनाउन सम्बन्धित संस्थासँग समन्वय गरिनेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेश गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान ५ प्रतिशत पुगेको हुने, यस क्षेत्रको रोजगारी ६४ हजार पुगेको हुने पर्यापर्यटकीय गन्तव्य ५० वटा पुगेको हुने, २० वटा ट्रेकिङ ट्रेल निर्माण भएको हुने, आधारभूत पूर्वाधार र सेवा सुविधासहित प्रमुख पर्यटकीय गन्तव्य विकास हुने, अन्तर्राष्ट्रिय पर्यटन आवागमनमा वृद्धि हुने र पर्यटन सम्बन्धी संरचना स्थापना भइ कार्य सुचारु भएको हुने, पर्यटन तथा होटेल व्यवस्थापन तालिम केन्द्र स्थापना भएको हुने, स्थानीय स्वरोजगारी एवम् रोजगारी वृद्धि हुनेछ ।

## ४.३ वन तथा जैविक विविधता

देशमा रोजगारीको सृजना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, घाँसपातका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन तथा जैविक विविधताको उल्लेखनीय भूमिका रहेको छ । संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धमा उल्लेख भएको छ । संविधानमा प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेश अधिकारको सूचीमा रहेको छ ।

प्रदेशमा ११,३३६ वर्ग कि.मि. (कूल क्षेत्रफलको ४३.२४ प्रतिशत) वन क्षेत्र रहेको छ । प्रदेशमा ३,६४५ वटा सामुदायिक वन (४,२१,३५२ हे.), ९४९ कबुलियती वन (३,८८६ हे.), ३९ वटा धार्मिक वन (३७८.४० हे.) र ४ वटा साझेदारी वन (७,२११ हे.) रहेका छन् । यस प्रदेशमा सगरमाथा र मकालु-वरुण राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष र कञ्चनजङ्घा संरक्षण क्षेत्र समेत रहेका छन् । संरक्षित क्षेत्र ४,८५८ वर्ग कि.मि. र १,२७८ वर्ग कि.मि. मा फैलिएका ३ वटा मध्यवर्ती क्षेत्र अवस्थित छन् । आ.व. २०७४।७५ मा प्रदेशमा काठ १ करोड १० लाख ९८ हजार २८९.४९

क्यू.फि., दाउरा ३ हजार ४४१.०९ चट्टा, जडीबुटी तथा गैरकाष्ठ वन पैदावार १७ लाख ५१ हजार ५६९ कि.ग्रा. र खोटो ८ लाख ४ हजार ६०३.५० कि.ग्रा. उत्पादन भएको पाइन्छ ।

बन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १.७ प्रतिशत योगदान रहेको छ । प्रदेशमा जैविक विविधता संरक्षण भएको बनको क्षेत्रफल ६१३६ हेक्टर र ३११ जलाधार क्षेत्र रहेका छन् ।

**प्रमुख समस्या**

नीतिगत, कानुनी र संरचना एवम् जनशक्तिको व्यवस्था भई नसक्नु, वन क्षेत्रको उत्पादन र लाभको न्यायोचित वितरण नहुनु, वन तथा जैविक विविधता सम्बन्धी जनचेतनामा कमी हुनु, अन्तर तह र अन्तर निकाय समन्वय कमजोर हुनु, वन क्षेत्र माथिको अतिक्रमण र वन अपराध पूर्णतया रोक्न नसक्नु, वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन नहुनु, वन विकास र आय आर्जन तथा रोजगारी बिच सन्तुलन कायम गर्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

बढ्दो इन्धन र काठको मागको व्यवस्थापन गर्नु, वन डढेलो रोक्नु, कृषि, शहरीकरण, बस्ती विकास एवम् सुकुम्बासी समस्याबाट वन अतिक्रमण रोक्नु, विकास निर्माणबाट हुने वन अतिक्रमणको व्यवस्थापन गर्नु, जैविक विविधता संरक्षण गर्नु, पानीका मुहान र सिमसार क्षेत्रको संरक्षण गर्नु, वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु, भू-क्षय, पहिरो, वातावरण प्रदूषण रोक्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

जनप्रतिनिधि तथा सरकारको प्राथमिकताको विषय रहनु, निजीक्षेत्र तथा समुदायको चासो बढ्नु, वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवर्द्धन मार्फत आय र रोजगारीसँग आबद्ध हुन सक्ने अवस्था रहनु, सामुदायिक वनको क्षेत्र र यसमा आबद्ध समूहको संख्या उल्लेखनीय हुनु, भू तथा जलाधारलाई एकीकृत गरी वन र कृषि दुबै क्षेत्रको आम्दानी अभिवृद्धि गर्न सकिने सम्भावना हुनु, वनस्पतिजन्य स्रोतको वैज्ञानिक र व्यावसायिक उपयोग गर्न सकिने अवस्था विद्यमान रहनु; कार्वन संचितिको उपयोग, इन्धन र वन पैदावारको आपूर्ति, जडीबुटीको उत्पादन, मूल्य अभिवृद्धि, उपयोग र निर्यात गर्न सकिने अवस्था रहनु; पानीका स्रोतको संरक्षण र उपयोग, प्राकृतिक रमणीयता र वातावरण एवम् जैविक विविधताको उपलब्धता रहनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

संरक्षित वन, जैविक विविधता : स्वच्छ र समृद्ध प्रदेश ।

**लक्ष्य**

प्रदेश गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान वृद्धि हुने ।

**उद्देश्य**

१. वनक्षेत्रको विकास एवम् दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्नु ।
२. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाई न्यायोचित वितरण सुनिश्चित गर्नु ।

३. उच्च मूल्य जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन र मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वन क्षेत्र तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्थानीय जनताको पहुँच बढाउने । | (क) समुदायमा आधारित वृक्षारोपण, वन संरक्षण र वैज्ञानिक व्यवस्थापन गराइनेछ ।<br>(ख) वनको दिगो व्यवस्थापनका लागि सूचक आधारमा राम्रो गर्ने समुदायलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>(ग) वन क्षेत्रको अतिक्रमण नियन्त्रणका लागि नीतिगत र संरचनागत व्यवस्था गरी अन्तरनिकाय समन्वय गरी कार्य योजना कार्यान्वयन गरिनेछ ।<br>(घ) वन डढेलो नियन्त्रण गर्न, डढेलो प्रतिरोधी क्षमताको विकास, संस्थागत व्यवस्था, समुदायको क्षमता विकास, अग्निरेखा निर्माण र व्यवस्थापन, आकाशे पानी सङ्कलनमा जनसहभागिता आदि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ङ) सडक तथा सिँचाइ संरचनाका दायाँबायाँ भू-संरक्षण गर्ने र पूर्वाधारलाई वाधा नपुग्ने खालका वृक्षारोपणलाई प्रोत्साहित गरिनेछ ।<br>(च) व्यावसायिक वृक्षारोपण, कृषि, वन, गैरकाष्ठ प्रजाति र जडीबुटी खेतीका लागि निजी जग्गा भाडामा लिने दिने सम्बन्धी कानुनी व्यवस्थाका लागि नेपाल सरकारको समन्वयमा आवश्यक व्यवस्था गरिनेछ ।<br>(छ) सामुदायिक वनको उत्पादन विविधीकरण, उत्पादकत्व वृद्धि, उपयोग, लाभको न्यायिक वितरण र बजारीकरणका लागि आवश्यक अनुसन्धान गरिनेछ ।<br>(ज) हरित अभियान मार्फत वन बिस्तार तथा जैविक विविधता संरक्षणमा टेवा पुर्‍याइनेछ । |
| २. वनक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन र रोजगारीसँग आबद्ध गर्ने । | (क) वैदेशिक रोजगारीबाट फिर्ता आएका युवा युवतीलाई वनमा आधारित साना तथा मझौला उद्योगमा लगानीका लागि प्रोत्साहन “वैदेशिक रोजगारी फिर्ती युवा उद्यम कार्यक्रम” सञ्चालनको लागि आवश्यक कानुन र कार्यविधि निर्माण गरी लागु गरिनेछ ।<br>(ख) निजी तथा सार्वजनिक जग्गामा समुदाय र निजी क्षेत्रको सहभागितामा वृक्षारोपण गरी वन पैदावारको सहज आपूर्तिको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ग) बारी, कान्ला र खेतको सिमाना छुट्टिने ठाउँमा हरित पेटी र सुरक्षा पेटी कायम हुने गरी बढी मूल्य जाने बिरुवा लगाउन निःशुल्क बिरुवा वितरणका साथै अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । <br> (घ) कृषि जमिनको धरातलीय र हावापानीको सम्भाव्यता अनुसार उच्च मूल्यका फलफूलका बिरुवा रोप्न प्रोत्साहन गरी उत्पादित उपजको बजार पहुँचको व्यवस्था मिलाइनेछ । <br> (ङ) विदेशबाट हुने काठको आयात घटाएर शून्यमा झार्दै वन पैदावार खासगरी काठ तथा काष्ठजन्य फर्निचरको उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाइनेछ । <br> (च) हालको गैरकाष्ठ वन पैदावारको बिक्रीबाट प्राप्त हुने राजस्व अभिवृद्धि गर्न सबै बिक्रीलाई राजस्वको दायरा भित्र ल्याइनेछ, यसका लागि राजस्व प्रशासनमा उल्लेखनीय सुधार गरिनेछ । <br> (छ) वन पैदावारको आपूर्तिमा निजी क्षेत्र र समुदायलाई खुल्ला बजार पद्धतिमा आबद्ध गरी प्रतिस्पर्धात्मक बनाइनेछ । |
| ३. जैविक विविधताको संरक्षण र पर्या-पर्यटनको विकास गर्ने । | (क) जैविक विविधता संरक्षणको दृष्टिकोणले स्थापना भएका मौजुदा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रलाई संघीय सरकारसँगको सहकार्यमा पर्या-पर्यटन प्रवर्द्धनका लागि खुल्ला गर्न आवश्यक कानुन निर्माण गरी न्यूनतम पूर्वाधार विस्तार गरिनेछ । <br> (ख) हाल व्यवस्थित जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका सार्वजनिक तथा निजी जग्गाका रुख, बोटबिरुवाले ओगटेको क्षेत्रफल वृद्धि गरिनेछ । <br> (ग) उच्च मूल्यका विभिन्न फलफूल, गैरकाष्ठ, वन पैदावार, जडीबुटी, अम्रिसो, बाँस, निगालो, बहुवर्षीय घाँस आदि लगाउन आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरी कृषकलाई आकर्षित गरिनेछ । <br> (घ) सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरिनेछ । |
| ४. वनक्षेत्र भित्र र बाहिर धरातलीय सम्भाव्यताका आधारमा उच्च मूल्यका जडीबुटीको विकास र | (क) आयुर्वेद विभागको समन्वयमा महत्त्वपूर्ण जडीबुटीको अध्ययन अनुसन्धान गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने । | (ख) धरातलीय सम्भाव्यताका आधारमा हिमाली, पहाडी र तराई क्षेत्रमा उच्च मूल्यका जडीबुटीको खेती गर्न आवश्यक प्रोत्साहन स्वरूप बिउ तथा अन्य सुविधाको व्यवस्था मिलाइनेछ ।<br>(ग) मूल्य अभिवृद्धिको लागि जडीबुटी प्रशोधन र भण्डारणको आवश्यक व्यवस्था मिलाइनेछ ।<br>(घ) जडीबुटीको गुणस्तर वृद्धि गरी छिमेकी लगायत अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।<br>(ङ) प्रदेशस्तर र जिल्लास्तरमा वनस्पति उद्यानको स्थापना र व्यवस्थापनका लागि समुदायसँग सहकार्य गरिनेछ । |
| ५. अन्तरसरकार, सरोकारवाला निकाय र निजीक्षेत्रसँगको समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने । | (क) वन, वातावरण, जैविक विविधता र जलाधार संरक्षणको क्षेत्रमा काम गर्ने सबै गैरसरकारी संस्था, निजीक्षेत्र, विकास साझेदार, सामुदायिक संस्थासँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) वन क्षेत्रको न्यूनतम क्षति हुने गरी समन्वयात्मक रूपमा विकास कार्यक्रम सञ्चालन गरिनेछ । वन क्षति भएको अवस्थामा सम्बन्धित संस्थाले विनाशको क्षतिपूर्ति गर्नु पर्ने व्यवस्था गरिनेछ ।<br>(ग) सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा काष्ठ, गैरकाष्ठ तथा जडीबुटी उत्पादनको प्रशोधन र मूल्य अभिवृद्धि गरिनेछ । |

**अपेक्षित उपलब्धि**

वनको क्षेत्रफल ४४.७४ प्रतिशत पुगेको हुने, प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा २ प्रतिशत योगदान पुगको हुने, प्रदेशमा जैविक विविधता संरक्षण भएको बनको क्षेत्रफल ६,७२१ वर्ग कि.मी. पुगेको हुने, सामुदायिक वनको क्षेत्रफल २,५०० हेक्टरले वृद्धि भएको हुने, जनसहभागितात्मक वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन भएको हुने, उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन १७ प्रतिशत वृद्धि भएको हुने, पर्या-पर्यटनको विकास भएको हुनेछ ।

# परिच्छेद पाँचः सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### पृष्ठभूमि

शिक्षा मानव विकास र सामाजिक, आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार हो । संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । राज्यका नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुरा निर्देशित गरेको छ । शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जारी गरी कार्यान्वयन प्रारम्भ गरेको छ ।

नेपाल सरकारले सबैका लागि समावेशी र समतामूलक एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनभरका लागि सिकाइका अवसर प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य प्रासिका सन्दर्भमा 'शिक्षा २०३०' कार्य ढाँचा तय गरेको छ । प्रदेशमा आर्थिक वर्ष २०७४/७५ मा बाल विकास/पूर्व प्राथमिक शिक्षामा भर्ना दर ९१.३ प्रतिशत रहेको छ जसमध्ये छात्राको ९०.५ प्रतिशत छ भने छात्रको ९२.१ प्रतिशत रहेको छ । कक्षा १ मा बाल विकास/पूर्व प्राथमिक शिक्षा पुरा गरेका बालबालिका ६५.५ प्रतिशत रहेका छन् । आधारभूत तहमा विद्यार्थी टिकाउ दर ८५ प्रतिशत रहेको छ । प्रदेशको प्राथमिक र आधारभूत शिक्षामा क्रमशः ७ प्रतिशत र १० प्रतिशत र माध्यामिक तहमा ५८ प्रतिशत भन्दा बढी बालबालिका विद्यालय बाहिर छन् । विद्यालय छाड्ने र विद्यालय भन्दा बाहिर रहनेमा जनजाति र दलितको अनुपात बढी पाइएको छ । प्रदेशमा कार्यरत शिक्षकहरूमा पुरुष शिक्षक ६६.२ प्रतिशत र महिला शिक्षक ३३.८ प्रतिशत रहेका छन् । नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार यस प्रदेशको साक्षरता दर ७९.१ प्रतिशत रहेको छ । प्रदेशमा ११ जिल्ला पूर्ण साक्षर घोषित भएका छन्।

प्रदेशमा १३७ वटा स्थानीय तहमध्ये २८ वटा स्थानीय तहमा मात्र प्राविधिक र व्यावसायिक धारका विद्यालय छन् । प्राविधिक धारका विद्यातलको संख्या ५० रहेको छ । यी संस्थामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT द्वारा सञ्चालित २८ वटा स्कूलमा दीर्घकालीन र १७ वटामा अल्पकालीन कार्यक्रम सञ्चालित छन् । यस प्रदेशमा त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त १९५ वटा क्याम्पस र वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान समेतमा गरी जम्मा ४१,३५० विद्यार्थी अध्ययनरत छन् ।

### प्रमुख समस्या

विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर बढ्दै जानु, विद्यालय उमेर समूहका उल्लेखनीय बालबालिका विद्यालय बाहिर रहनु, साक्षरता दरमा भौगोलिक, जातिगत र लैङ्गिक विषमता रहनु, शिक्षकको माग र आपूर्ति बिच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र विद्यार्थी न्यून रहनु, सार्वजनिक विद्यालयका विद्यार्थीको औसत सिकाई उपलब्धि घट्दै जानु, शिक्षण सिकाई खासगरी विज्ञान गणित,

नेपाली जस्ता विषयमा कमजोर हुनु, माध्यमिक विद्यालयमा विद्यार्थीको पहुँचमा लैङ्गिक विषमता व्यापक रहनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय र सुशासन पक्ष कमजोर रहनु र गुणस्तरमा समस्या बढ्दै जानु आदि प्रमुख समस्या हुन् ।

## चुनौती

सबैका लागि समतामूलक गुणस्तरीय शिक्षा विशेष गरी सामाजिक-आर्थिक रूपले पछि परेका तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकालाई शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु र टिकाउ दर बढाउनु, अधिकांश स्थानीय तहमा प्राविधिक धारका विद्यालय नपुग्नु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास/पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु र यसको गुणस्तरमा सुधार ल्याउनु, सामुदायिक विद्यालयमा खासगरी जनजाति, दलित, विपन्न र विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याउनु,  गरिब, विपन्न र पिछडिएको वर्गमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको पहुँचमा अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु आदि प्रमुख चुनौती हुन् ।

## अवसर

तीनै तहका सरकारले शिक्षालाई उच्च प्राथमिकतामा राख्नु, शिक्षामा अभिभावकको चासो र सरोकार बढ्दै जानु, प्राविधिक तथा उच्च शिक्षामा आकर्षण तथा लगानी बढ्नु, पाठ्यक्रम विकास, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति कार्यान्वयन तथा नियमन सम्बन्धी कार्य प्रदेशको कार्यक्षेत्रमा हुनु, शिक्षक तालिम र माध्यामिक परीक्षा सञ्चालनमा प्रदेशको भूमिका रहनु, विश्वविद्यालयको स्थापना गर्न सक्ने अधिकार प्रदेश सरकारमा रहनु आदि प्रमुख अवसर हुन् ।

## क्षेत्रगत सोच

शिक्षित नागरिक : मानवपुँजी सहितको उन्नत प्रदेश ।

## लक्ष्य

गुणस्तरीय शिक्षाद्वारा मानव विकास उच्च भई प्रदेशको समृद्धिमा योगदान पुगेको हुने ।

## उद्देश्य

१. पूर्ण साक्षर प्रदेश निर्माण गर्नु ।
२. आधारभूत तथा माध्यामिक तहमा विद्यालय उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु ।
३. शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र सीपमूलक बनाई रोजगारीसँग आबद्ध गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. साक्षरता अभियान सञ्चालन गर्ने । | (क) पूर्ण साक्षर अभियान सञ्चालनका लागि अन्तर सरकारी समन्वयका माध्यमबाट अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा जस्ता विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | (ख) पूर्ण साक्षर प्रदेश निर्माण गर्न विद्यालय केन्द्रित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ग) स्थानीय सरकारसँगको सहकार्यमा उच्च शिक्षामा इन्टर्नसीप केन्द्रित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(घ) डिजिटल साक्षरता कार्यक्रमलाई काम र आयसँग जोड्ने नीति लिइनेछ । |
| २. सबै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने । | (क) आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा ल्याउन भर्ना अभियानमा बाल क्लब, अभिभावक तथा नागरिक समाज मार्फत स्थानीय सरकारलाई सहजीकरण गरिनेछ ।<br>(ख) विद्यालय छाड्ने दर घटाउन सीमान्तकृत, विपन्न, दलित, जनजाति तथा पछाडी परेका समुदायका बालबालिकालाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ग) बालिका शिक्षालाई प्रोत्साहन गर्न विद्यालयमा स्यानीटरी प्याड लगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ । |
| ३. शिक्षालाई समावेशी र सर्वसुलभ बनाउने । | (क) आधारभूत तहमा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यामिक तहमा नि:शुल्क (साधारण तथा प्राविधिक) शिक्षाको सुनिश्चितताका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ ।<br>(ख) पिछडिएको समुदायको बालबालिकाका सिकाई उपलब्धि वृद्धि गर्न विशेष कक्षा सञ्चालन गर्न स्थानीय सरकारलाई प्रोत्साहित गरिने छ ।<br>(ग) प्राथमिक र आधारभूत तहसम्म मातृ भाषामा शिक्षा दिने नीति अवलम्बन गरिनेछ ।<br>(घ) सबै बालबालिकालाई विद्यालय शिक्षामा आबद्ध गर्न स्थानीय सरोकारवालाको समेत परिचालन गरिनेछ ।<br>(ङ) विद्यालयमा महिला शिक्षकको अनुपातमा अभिवृद्धि गर्ने नीति लिइनेछ ।<br>(च) विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन स्थान विशेषका आधारमा विशिष्टिकृत कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (छ) उच्च शिक्षामा समावेशी नीति अन्तर्गत पछाडी परेका समुदायलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । |
| ४. गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने । | (क) प्रदेशको उच्च शिक्षा र सो को गुणस्तर सम्बन्धी नीति, कानुन, योजना, मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) उच्च शिक्षालाई रोजगारमूलक बनाउन रणनीतिक स्थानमा मानित विश्वविद्यालय (Deemed University) र प्राविधिक विश्वविद्यालय स्थापना गरिनेछ ।<br>(ग) उच्च शिक्षालाई खोज तथा अनुसन्धानमूलक बनाउन विश्वविद्यालयलाई अनुसन्धान केन्द्रको रूपमा समेत विकास गर्दै लगिनेछ ।<br>(घ) उच्च शिक्षालाई रोजगारी र उद्यमशीलतासँग जोड्न विश्वविद्यालयहरुमा Business Incubation Center र Placement Cell को व्यस्थापन गरिनेछ ।<br>(ङ) शिक्षा र अनुसन्धानलाई विकास एवम्र सुदृढ गर्न प्रदेश स्थित अन्य विश्वविद्यालयसँग समेत सहकार्य गरिनेछ । |
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका अवसरमा वृद्धि गर्ने । | (क) प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (Provincial Council of Technical and Vocational Education and Training-PCTVET) र सीप विकास सम्बन्धी कानुन बनाई प्रदेशभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई व्यवस्थित गरिनेछ ।<br>(ख) विशिष्टिकृत प्राविधिक उच्च शिक्षा केन्द्र र पोलिटेक्निकल संस्थाको स्थापना गरिनेछ ।<br>(ग) पारम्परिक सीप तथा विदेशमा सिकेका सबै प्रकारका सीप र अनुभवलाई मापदण्डका आधारमा प्रमाणीकरणको व्यवस्था गरिनेछ ।<br>(घ) स्थानीय सम्भाव्यतामा आधारित हरेक स्थानीय तहमा कम्तीमा एक प्राविधिक तथा व्यावसायिक विषय शिक्षाको पठन पाठन गराउन स्थानीय तहलाई सहजीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ङ) प्राविधिक तथा व्यावसायिक शिक्षाको दिगो विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरी औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालनमा ल्याइनेछ । |
| ६. शिक्षालाई सीपमूलक, गुणस्तरीय, जीवनोपयोगी र रोजगार मूलक बनाउने । | (क) प्राविधिक शिक्षालाई कृषि, उद्योग, पर्यटन, पूर्वाधार र रोजगारीका आवश्यकतालाई ध्यानमा राखेर विस्तार गरी तालिम कार्यक्रमको सञ्चालन र नियमन प्रभावकारी रूपमा गरिनेछ ।<br>(ख) उच्च शिक्षामा अनिवार्य रूपमा कम्तीमा ३ देखि ६ महिनाको स्वयंसेवक सेवा कार्यक्रमलाई पाठ्यक्रमको अङ्कै रूपमा विकास गरी लागु गरिनेछ ।<br>(ग) प्राकृतिक र जलवायुका दृष्टिकोणले उपयुक्त ठाँउमा स्वदेशी/विदेशी लगानीमा विशिष्ट प्रकारका शिक्षालय स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>(घ) माध्यामिक विद्यालयको शुरु देखि नै अनुसन्धान र प्रयोगात्मक शिक्षामा विद्यार्थीलाई संलग्न गराइनेछ ।<br>(ङ) प्रधानाध्यापक र शिक्षकको कार्यसम्पादन विद्यार्थीको नतिजासँग आबद्ध गरिनेछ । |
| ७. अन्तरसरकार समन्वय र नीतिगत तथा संस्थागत पूर्वाधार विकास गर्ने । | (क) बहु-प्राविधिक शिक्षालयको स्थापना गरिनेछ ।<br>(ख) विद्यालय पूर्वाधार निर्माण सम्बन्धी मापदण्डमा बालिका शौचालय र अपाङ्गमैत्री सूचक समावेश गरिनेछ ।<br>(ग) सबै विद्यालयमा सूचना प्रविधिको प्रयोग, कम्प्युटर ल्याव स्थापना, इ-लाइब्रेरी सञ्चालन गर्न र यसका लागि उपयुक्त शिक्षक तालिम सहितको स्मार्ट कक्षा सञ्चालन गर्न स्थानीय सरकारलाई सहयोग गरिनेछ ।<br>(घ) प्रदेश भित्रका विद्यालय शिक्षकका लागि विद्यालय केन्द्रित तालिम प्रदान गर्न स्थानीय सरकारलाई सहयोग गरिनेछ ।<br>(ङ) वैज्ञानिक परीक्षा प्रणाली अवलम्बन गरी आधारभूत तथा माध्यामिक तहको शिक्षण सिकाइको गुणस्तर मूल्याङ्कन गर्नमा स्थानीय सरकारलाई सहयोग गरिनेछ ।<br>(च) विद्यालय बिच प्रतिस्पर्धाका आधारमा उत्कृष्ट सामुदायिक विद्यालयलाई पुरस्कृत गरिनुका साथै अनुभव साटासाट गर्न प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (छ) विद्यालय व्यवस्थापनलाई चुस्त बनाई विद्यालय शिक्षामा सुशासन कायम गर्न विभिन्न सरोकारवालाको जबाफदेहीता अभिवृद्धि गर्न स्थानीय सरकारसँग सहकार्य गरिनेछ ।<br>(ज) प्रदेशको शिक्षा सम्बन्धी नीति, कानुन, योजना, मापदण्ड तर्जुमा गरी कार्यान्वयनका साथै सबै जिल्लामा नमुना विद्यालय सञ्चालन / विस्तार गरिनेछ ।<br>(झ) पाठ्यक्रमको विकास तथा गुणस्तर कायम गर्न प्रादेशिक पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिनेछ ।<br>(ञ) प्रदेश स्तरीय विद्यालय शिक्षकको गुणस्तर अभिवृद्धि गर्न प्रादेशिक शैक्षिक तालिम केन्द्रको स्थापना गरिनेछ ।<br>(ट) मापदण्डका आधारमा विद्यालय गाभ्ने र नक्साङ्कन कार्यमा स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ ।<br>(ठ) स्थानीय तहलाई विद्यालयको पूर्वाधार र भौतिक आवश्यकताको प्रक्षेपणका साथ कार्य योजना बनाई लागु गर्न सहयोग गरिनेछ ।<br>(ड) विद्यालय व्यवस्थापन सम्बन्धी मापदण्ड तयार पार्न स्थानीय सरकारलाई सहयोग गरिनेछ । |

**अपेक्षित उपलब्धि**

पूर्ण साक्षर प्रदेशको स्थापना भएको हुने, कम्तीमा १५ प्रतिशत विद्यार्थीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेको हुने, शिक्षण सिकाई औसत उपलब्धि प्रत्येक विषयमा कम्तीमा ७० प्रतिशत पुगेको हुने, सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षाको नतिजामा ९० प्रतिशत भन्दा बढी विद्यार्थीलाई कक्षा ११ मा प्रवेश गर्न सक्ने हुने, प्रादेशिक शिक्षक तालिम केन्द्रको स्थापना भई सञ्चालनमा आएको हुने, खुद भर्ना दर ९९ प्रतिशत पुगेको हुने, ९५ प्रतिशत अपाङ्गता भएका बालबालिकाले विद्यालय शिक्षाको अवसर प्राप्त गरेको हुने, प्रत्येक जिल्लामा एक प्राविधिक शिक्षालयको स्थापना भएको हुने, माध्यामिक तहका सबै विद्यालयमा पुस्तकालय स्थापना भएको हुने, गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको बिस्तार भएको हुने, प्रदेशस्तरका विश्वविद्यालयमा अनुसन्धान केन्द्र, Business Incubation Center को स्थापना भएको हुनेछ ।

## ५.२ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

स्वास्थ्य जीवन मानव विकास सूचकाङ्कको महत्त्वपूर्ण आधार हो । संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा परिभाषित गर्दै आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकलाई निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको

बारेमा जानकारी पाउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकासका लक्ष्य रहेको छ ।

प्रदेशमा अपेक्षित आयु ७०.७ वर्ष रहेको छ । पाँच वर्षमुनिका पुड्कोपना भएका बालबालिकाको अंश ३२.६ प्रतिशत (राष्ट्रिय औसत ३५.८ प्रतिशत), पुड्कोपनाबाट अति प्रभावित बालबालिकाको अंश ९.३ प्रतिशत (राष्ट्रिय औसत १२.० प्रतिशत) छ । पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको अंश २४.४ प्रतिशत (राष्ट्रिय औसत २७ प्रतिशत) छ भने अति प्रभावित बालबालिकाको अंश ४.१ प्रतिशत (राष्ट्रिय औसत ५.४ प्रतिशत) देखिन्छ । पाँच वर्षमुनिका रक्त अल्पता भएका बालबालिकाको अंश ५५.२ प्रतिशत (राष्ट्रिय औसत ५२.७ प्रतिशत) छ भने रक्त अल्पतामा अति प्रभावित बालबालिका ०.५ प्रतिशत छ । प्रजनन उमेरका महिलामा हुने रक्त अल्पता (१५-४९ वर्ष) भएका महिलाको अंश ४३.३ प्रतिशत (राष्ट्रिय औसत ४०.८ प्रतिशत) रहेको छ । संस्थागत सुत्केरी ६२ प्रतिशत, शिशु मृत्युदर र बाल मृत्युदर क्रमशः ३१ र ३६ प्रति हजार जीवित जन्ममा, नवजात शिशु मृत्युदर (जन्मेको २८ दिन भित्र) २२ प्रति हजार, कुल प्रजनन दर राष्ट्रिय सरह २.३ रहेको छ । त्यस्तै परिवार नियोजनका साधनको प्रयोग दर न्यून (४० प्रतिशत) रहेको छ ।

**प्रमुख समस्या**

पाँच वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलामा न्यून पोषण र रक्त अल्पता रहनु, नसर्ने प्रकृतिका रोगको प्रकोप बढ्नु, सरुवा रोग जनस्वास्थ्य समस्याका रूपमा रहनु, जेष्ठ नागरिकको स्वास्थ्य बढी जोखिममा रहनु, वंशाणुगत तथा जन्मजात रोग, वातावरणीय स्वास्थ्य, व्यवसायजन्य स्वास्थ्य, युवा, किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको सम्बोधन नहुनु; जलवायु प्रदूषण, खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले  सृजना हुने स्वास्थ्यमा बढ्दो खतरा हुनु; सडक दुर्घटना , लैङ्गिक तथा घरेलु हिंसा आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्य जनशक्ति र स्वास्थ्य सम्बन्धी पूर्वाधारको व्यवस्था गर्नु, रिफरल स्वास्थ्य सेवा उपलब्ध गराउनु, अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दुर्गम र पिछडिएको क्षेत्रमा विज्ञ तथा स्वास्थ्य जनशक्ति टिकाई राख्नु, स्वास्थ्य बिमालाई सर्वव्यापी तुल्याउनु, निर्धारित निःशुल्क औषधि उपलब्ध गराउनु, उपचारमा अनुसन्धान पद्धति अवलम्बन गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

स्वास्थ्य सेवा तीनै तहका सरकारको प्राथमिकता रहनु, आधारभूत स्वास्थ्य सेवा स्थानीय तह र रिफरल स्वास्थ्य सेवा प्रदेशको अधिकारमा रहनु, सर्वसाधारणको स्वास्थ्य तथा पोषण प्रतिको जागरण बढ्दै जानु, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था विद्यमान रहनु, दिगो

विकासका लक्ष्य प्रति सरकारको प्रतिबद्धता रहनु, सबैका लागि स्वास्थ्यको विश्वव्यापी अभियानमा संघीय सरकारको प्रतिबद्धता रहनु, स्वास्थ्य सेवा प्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो रहनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

स्वस्थ नागरिक : सक्षम प्रदेश ।

### लक्ष्य

समतामूलक र गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा प्रणालीका माध्यमद्वारा नागरिकको स्वास्थ्यस्तर सुधार भएको हुने ।

### उद्देश्य

१. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. विशिष्टिकृत तथा रिफरल सेवा विस्तार गर्नु ।
३. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय आधारभूत स्वास्थ्य तथा पोषण सेवाको पहुँच बढाउने । | (क) स्वास्थ्य र पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) धूम्रपान, मद्यपान र सुर्तीजन्य पदार्थको बिक्री वितरणलाई कानुनी व्यवस्था गरी व्यवस्थित गरिनेछ ।<br>(ग) स्वास्थ्य संस्थाका संरचना प्रचलित भवन निर्माण संहिता अनुसार अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ ।<br>(घ) हरेक स्थानीय तहमा एम्बुलेन्स तथा शव परीक्षण सेवा सहितको एक अस्पताल र प्रत्येक वडामा गर्भवती तथा प्रसुति सेवा सहितको स्वास्थ्य संस्था स्थापना गरिनेछ ।<br>(ङ) दक्ष जनशक्ति विकासका लागि प्रदेश तहमा स्वास्थ्य तालिम केन्द्रको स्थापना गरी तालिम सञ्चालन गरिनेछ ।<br>(च) स्वास्थ्य संस्थाको जनशक्ति र स्वास्थ्य उपकरणको आवश्यकता परिपूर्ति गर्दै स्वास्थ्य संस्थाको सुदृढीकरण गरिनेछ ।<br>(छ) स्वास्थ्य संस्थामा निःशुल्क पूर्ण खोप सुविधा उपलब्ध गराइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ज) स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत महिला, बालबालिका तथा किशोर किशोरीको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरिनेछ ।<br>(झ) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रमको विस्तार गरिनेछ ।<br>(ञ) स्वास्थ्य कर्मीलाई विरामीको उपचारको क्रममा हुने स्वास्थ्य जोखिम न्यूनीकरण गर्न स्वास्थ्यकर्मी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ट) स्वास्थ्य सेवाका सम्पूर्ण आयाम (मानव संसाधन, भौतिक संरचना, आर्थिक गतिविधि, सेवा आदि) समेटिने गरी प्रदेशस्तरमा प्रभावकारी स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ । |
| २. दुर्गम तथा पिछडिएका क्षेत्रमा स्वास्थ्य तथा पोषण सेवाको विस्तार गर्ने । | (क) दुर्गम क्षेत्रमा अत्यावश्यक औषधि, उपकरण तथा सामग्रीको समुचित व्यवस्थापन गरिनेछ ।<br>(ख) स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउन दुर्गम तथा विकट क्षेत्रमा स्वास्थ्यकर्मी, औषधि तथा उपकरण, टेली मेडिसिन तथा भण्डारणको सुविधा प्रदान गरिनेछ । |
| ३. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गरी रोगको न्यूनीकरण गर्ने । | (क) रोग प्रतिरोधात्मक क्षमताको विकासको लागि पोषण, सरसफाइ तथा वातावरण प्रदूषण बारे जनचेतना अभिवृद्धि गरिनेछ ।<br>(ख) विपद्बाट हुने स्वास्थ्य जोखिम सम्बन्धमा विद्यालय तहदेखि नै जागरूकता र उत्थानशीलताको विकास गरिनेछ ।<br>(ग) स्वास्थ्यजन्य विपद् पूर्व तयारी, औषधिको संचिति तथा विपद् द्रुत उद्धार टोली तयारी अवस्थामा राखिने छ ।<br>(घ) जनस्वास्थ्य, सरसफाइ र निरोधात्मक स्वास्थ्य चेतनाको अभिवृद्धि गर्न नागरिक समाज, शैक्षिक संस्था, सञ्चार लगायतका क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>(ङ) नियमित व्यायाम, योग जस्ता कुरालाई विद्यालय र जीवन प्रणालीको अङ्गको रूपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. विशिष्टिकृत तथा रिफरल स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरण गर्ने । | (क) जिल्ला अस्पतालको क्षमता अभिवृद्धि गरी रिफरल अस्पतालको रूपमा विकास गरिनेछ ।<br>(ख) रणनितिक स्थानमा ट्रमा सेन्टर, मुटु रोग, क्यान्सर, मृगौला रोग आदिको उपचार सहितको विशिष्टिकृत रिफरल अस्पतालको स्थापना गरिनेछ ।<br>(ग) जटिलता व्यवस्थापनलाई प्रभावकारी बनाई गुणस्तरीय सेवा उपलब्ध गराउन प्रदेशमा रहेका स्वास्थ्य प्रतिष्ठानलाई प्रभावकारी रिफरल संस्थाको रूपमा विकास गरिनेछ ।<br>(घ) निजीक्षेत्रको सामाजिक उत्तरदायित्व कोषबाट प्रवाह हुने रकममा प्रदेश सरकारबाट म्याचिङ फण्डको व्यवस्था गरी आकस्मिक तथा प्रकोपजन्य उपचारका लागि विशेष कोषको व्यवस्था गरिनेछ ।<br>(ङ) प्रादेशिक चिकित्साशास्त्र अध्ययन तथा अनुसन्धान प्रतिष्ठान स्थापना गरी स्वास्थ्य सम्बन्धी जनशक्तिको उत्पादन र विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गरिनेछ । |
| ५. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवालाई एकीकृत स्वास्थ्य सेवामा मूल प्रवाहीकरण गर्ने । | (क) आधुनिक चिकित्सा, वैकल्पिक चिकित्सा, परम्परागत जडीबुटी, औषधि तथा उपचार प्रणाली समेतलाई समेट्ने गरी प्रदेश स्तरमा स्वास्थ्यसम्बन्धी अनुसन्धानका क्रियाकलापलाई प्रवर्द्धन गर्दै लगिनेछ ।<br>(ख) स्वास्थ्यमा प्रतिकूल असर पार्ने सन्देश प्रवाह, औषधि तथा खाद्य पदार्थको अनधिकृत बिक्री वितरणको नियमन गरिनेछ ।<br>(ग) आयुर्वेद स्वास्थ्य संस्थाहरूको स्तरोन्नति एवम् सेवा बिस्तार गरिनेछ ।<br>(घ) आयुर्वेद लगायतका वैकल्पिक उपचार पद्धतिलाई आधुनिक उपचार केन्द्रमा नै एकीकृत गरी एकै स्थानबाट उपचार सेवा उपलब्ध गराइनेछ ।<br>(ङ) परम्परागत उपचारमा संलग्न स्थानीय जनशक्तिलाई स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिनेछ ।<br>(च) आयुर्वेद लगायतका वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्न हाल भई रहेको आयुर्वेद संस्थाहरूको स्तरोन्नति एवम् सेवा विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. अन्तरसरकार समन्वयमा स्वास्थ्य क्षेत्रमा निजी, सहकारी, गैरसरकारी क्षेत्रको सहकार्य अभिवृद्धि प्रभावकारी नियमन गर्ने । | (क) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन मापदण्ड सहितको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।<br>(ख) निजी, सहकारी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्य सम्बन्धी व्यावसायिक संघ/संस्था बिच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>(ग) स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रबाट हुने लगानीलाई व्यवस्थित गरिनेछ ।<br>(घ) स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।<br>(ङ) प्रदेश सरकार र स्थानीय सरकारसँगको सामञ्जस्य तथा सहकार्यमा प्रदेश स्तरमा प्रभावकारी प्रेषण प्रणाली स्थापना गर्ने ।<br>(च) अन्तरसरकार र निजी क्षेत्रको समन्वयमा अस्पतालजन्य फोहोरको उचित र दीर्घकालीन व्यवस्थापनका उपाय अवलम्बन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

अपेक्षित आयु ७३.१ वर्ष पुगेको हुने, आधा घण्टाको दूरीमा उपलब्ध आधारभूत स्वास्थ्य सेवामा ८० प्रतिशत जनताको पहुँच पुगेको हुने, ९५ प्रतिशत बालबालिकामा पूर्ण खोप खोप पुगेको हुने, वडा तहमा प्रजनन सुविधा सहितको स्वास्थ्य संस्था र सबै स्थानीय तहमा कम्तीमा १५ शैयाको अस्पतालको स्थापना हुने, रणनितिक स्थानमा २ वटा विशिष्टिकृत अस्पताल स्थापना भएको हुने, सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवामा उल्लेखनीय सुधार हुने, शत प्रतिशतले आवश्यक खोप प्राप्त गरेका हुने, वैकल्पिक उपचार सेवा एक द्वार प्रणालीमा आबद्ध हुने, सम्भाव्य स्थानमा रिफरल अस्पताल स्थापना भएको हुने, स्वास्थ्य बिमामा सबै नागरिक आबद्ध भएको हुने, बाल मृत्युदर, शिशु मृत्युदर र नवजात शिशु मृत्युदर क्रमशः २२, २० र १७ मा झरेको हुने, पाँच वर्षमुनिका पुड्कोपना भएका बालबालिकाको आकार ३० प्रतिशतमा झरेको हुने, कम तैल भएका बालबालिका २० प्रतिशत, रक्त अल्पता भएका बालबालिका ४० प्रतिशत, महिलामा रक्त अल्पता ३० प्रतिशतमा झरेको हुनेछ । यसैगरी १८ वटा अस्पतालहरूमा विशिष्टकृत स्वास्थ्य सेवा प्रदान भएको हुने, ११ वटा स्वास्थ्य संस्थामा वैकल्पिक चिकित्सा प्रणाली एकीकृत भएको हुने, १० वटा स्वास्थ्य संस्थामा एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागु भएको हुने र बहुक्षेत्रीय पोषण कार्यक्रमले १४ वटै जिल्ला समेटेको हुनेछ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### पृष्ठभूमि

मानवोचित जीवन यापनका लागि स्वच्छ खानेपानी र सरसफाइको महत्त्वपूर्ण स्थान रहेको छ । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गर्दै प्रदेशस्तरीय खानेपानी सेवा प्रदेशको अधिकार सूचिमा राखेको छ । प्रदेशमा ९७ प्रतिशत जनसंख्यामा खानेपानीको सुविधा पुगेको छ जसमा ४९.५ प्रतिशत पाइपबाट खानेपानी पुगेको देखिन्छ । प्रदेशमा १५ प्रतिशत घरधुरीमा सुरक्षित खानेपानीको सुविधा पुगेको छ । तराइका केही जिल्लाको पानीमा फलाम र आर्सेनिकको मात्रा निर्धारित भन्दा बढी रहेको पाइएको छ ।

प्रदेशका १२ जिल्ला खुला दिशामुक्त घोषणा भईसकेकाछन् भने ६२ प्रतिशत घरपरिवारमा शौचालयको पहुँच रहेको देखिन्छ । झाडापखालाबाट ५ वर्ष मुनिका १७ प्रतिशत बालबालिका प्रभावित भएको देखिन्छ ।

### प्रमुख समस्या

खानेपानीका पर्याप्त स्रोत नहुनु र भएका पनि संरक्षण नहुनु, सरसफाइ चेतनाको कमी, खानेपानी सम्बन्धी प्रदेश ऐन कानुन तथा नीति, नियम तयार भई नसक्नु, खानेपानी सम्बन्धी संस्थागत पूर्वाधार र प्राविधिक जनशक्तिको कमी, खानेपानी मूल सम्बन्धी विवाद रहनु, अधुरा आयोजनाको संख्या उल्लेखनीय रहनु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, प्रदेशलाई पूर्ण सरसफाइयुक्त बनाउनु, उपभोक्ता संस्थाको स्थायित्व, परिचालन र नेतृत्व विकास गर्नु, पानीको गुणस्तर कायम गर्नु, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्नु, शहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानीका स्रोतको संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

खानेपानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, उपभोक्ता समिति र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ समन्वय समिति क्रियाशिल रहनु, र सरसफाइ कार्यक्रमले स्थानीय तहमा समेत सामाजिक अभियानको रूप लिनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

सचेत नागरिकको अगुवाइ : स्वच्छ खानेपानी र सरसफाइ ।

### लक्ष्य

खानेपानी तथा सरसफाइ सुविधामा पहुँच वृद्धि भएको हुने ।

**उद्देश्य**

गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाइ सुविधा विस्तार गर्नु ।

**रणनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउन अन्तरसरकार समन्वय र सहकार्य गर्ने । | (क) निर्माणाधीन तथा क्रमागत आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।<br>(ख) स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा नपुगेका स्थानको पहिचान गरी सुविधा पुऱ्याइनेछ ।<br>(ग) सबैलाई खानेपानी र सरसफाइ सुविधा पुऱ्याउन सरोकारवाला निकायबिच साझेदारी र सहकार्य गरिनेछ ।<br>(घ) खानेपानीका स्रोत नभएका ठाउँमा वैकल्पिक उपाय र प्रविधि जस्तै: आकाशे पानी सङ्कलन, भूमिगत जलस्रोत आदि अवलम्बन गरी सुविधा उपलब्ध गराइनेछ ।<br>(ङ) एक घर, एक धारा, एक शौचालायको नीति अवलम्बन गरिनेछ ।<br>(च) सुख्खाग्रस्त क्षेत्रमा अनिवार्य खानेपानी नीति अवलम्बन गरिनेछ ।<br>(छ) प्रादेशिक खानेपानी आयोजनालाई निश्चित समय भित्र सम्पन्न हुने गरी बजेटको सुनिश्चितता गरिनेछ ।<br>(ज) खानेपानी सुविधा नपुगेका समुदायलाई सुविधा पुऱ्याउन स्थानीय तहलाई विशेष अनुदान प्रदान गरिनेछ ।<br>(झ) स्थानीय तहसँग समन्वय गरी पूर्ण सरसफाइयुक्त प्रदेश घोषणा गरिनेछ ।<br>(ञ) सबै विद्यालय, सामुदायिक भवनमा लैङ्गिक मैत्री शौचालय र बजार केन्द्रमा सार्वजनिक शौचालय निर्माण गर्न स्थानीय तह र गैरसरकारी संस्थालाई परिचालन गरिनेछ ।<br>(ट) आर्थिक रूपमा अति विपन्न तथा भूमिहीनलाई शौचालय तथा सार्वजनिक शौचालय निर्माण अनुदानको व्यवस्थाका लागि स्थानीय तहसँग साझेदारी गरिनेछ । |
| २. खानेपानीको गुणस्तर कायम गर्ने । | (क) खानेपानीको गुणस्तर परीक्षण गरी क्रमशः शुद्धीकरण गर्दै लगिनेछ ।<br>(ख) खानेपानीको मुहान संरक्षण गरी प्रदूषण रहित बनाइनेछ ।<br>(ग) खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी प्रविधि, विधि र सुविधा समुदाय तहसम्म पुऱ्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. समुदाय, विद्यालय र उपभोक्ता संस्थामा खानेपानी र सरसफाइ सम्बन्धी सचेतना ल्याउने । | (क) नदीमा जथाभाबी फोहोर फाल्न नियन्त्रण गरिनेछ ।<br>(ख) स्थानीय तह, गैरसरकारी संस्था र नागरिक समाजलाई परिचालन गरी खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतना ल्याइनेछ ।<br>(ग) स्थानीय तहबाट विद्यालय केन्द्रित सरसफाइ अभियान सञ्चालन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

९९ प्रतिशत जनसंख्यालाई आधारभुत खानेपानी, ८० प्रतिशत घरपरिवारमा सरसफाई सुविधा, २५ प्रतिशत घर परिवारमा सुरक्षित खानेपानी सुविधा पुगेको हुने, सबै जिल्ला खुला दिशामुक्त भएको हुने, ५० वटा स्थानीय तह पूर्ण सरसफाईयुक्त घोषित भएका हुने, ५ वर्ष मुनिका बालवालिकामा झाडापखालाको प्रकोपमा कमी अई १० प्रतिशतमा झरेकोहुने, विद्यालयमा बालबालिकाका लागि अलग शौचालय र सामुदायिक भवनमा लैङ्गिक, बाल तथा अपाङ्ग मैत्री शौचालयको व्यवस्था भएको हुने, स्थानीय तहको साझेदारीमा संयुक्त उपयोगको लागि कम्तीमा १४ वटा फोहोर मैला तथा स्रोत परिचालन केन्द्र स्थापना भएको हुने, पानी परीक्षण प्रयोगशाला १४ वटा स्थापना भएको हुनेछ ।

## ५.४. जनसंख्या तथा बसाइँसराइ

### पृष्ठभूमि

जनसंख्या एक बहुपक्षिय सरोकारको विषय हो । संविधान अनुसार जनसंख्या व्यवस्थापनलाई संघ तथा प्रदेशको साझा अधिकार क्षेत्रभित्र राखिएको छ । प्रदेशको कुल जनसंख्या ४५,३४,९४३ रहेको छ । प्रदेशमा काम गर्ने उमेर समूह (१५-५९ वर्ष) कुल जनसंख्याको ५८.४५ प्रतिशत रहेको छ । भौगोलिक वितरणका हिसाबले तराईका तीन जिल्लामा ५६ प्रतिशत, हिमाली जिल्लामा ८.६ प्रतिशत, र पहाडी जिल्लामा ३५.४ प्रतिशत जनसंख्या रहेको छ । त्यसैगरी लैङ्गिक अनुपात ९१.४७ (९१.७ पुरुष बराबर १०० महिला) रहेको छ । सन् १९५० को दशकदेखि नै पहाडबाट तराई तिरको बसाइँसराइको क्रम शुरू भएता पनि विगत दुई दशक देखि बसाइँसराइको परिमाण बढेको देखिन्छ । यस प्रदेशको ९ जिल्लामा बसाई सराईका कारण जनसंख्याको अकार घट्दो छ । ग्रामीण क्षेत्रको निर्जनिकरण दर प्रतिवर्ष ०.०३ प्रतिशत रहेको छ ।

**प्रमुख समस्या**

क्रियाशिल जनशक्ति विदेशिँदा उत्पादनशील क्षेत्रमा जनशक्ति कमी हुनु, आश्रित जनसंख्याको उपस्थिति बढी हुनु, बौद्धिक जनशक्ति विदेश पलायन बढ्नु, आन्तरिक बसाइँसराइले जनसंख्याको वितरण असन्तुलित हुनु, जनसंख्याको वृद्धिको तुलनामा रोजगारी सृजना नहुनु, जनसंख्या सम्बन्धी वर्गीकृत तथ्याङ्कको सङ्कलन तथा विश्लेषणको कमी रहनु, प्रजनन स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित गर्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

प्रदेशको नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनसांख्यिक सूचक, जनसांख्यिक गतिशीलता एवम् आर्थिक तथा भौतिक विकासका सूचक एवम् बसाइँसराइ बिच सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्ति स्वदेशमै उपयोग गर्न प्रभावकारी व्यवस्थापन गर्नु, आन्तरिक बसाइँसराइ तथा शहरीकरणलाई व्यवस्थित गर्नु, बदलिएको उमेर संरचना र लैङ्गिक अनुपातले पार्ने नकारात्मक असरको न्यूनीकरण गर्नुजनसंख्या वृद्धिका अनुपातमा आर्थिक तथा सामाजिक विकासका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्नु, बढ्दो जनसंख्या र रोजगारी बिचमा सन्तुलन कायम गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

जनसांख्यिक बनोटमा उच्चतम लाभ लिन सकिने अवस्था रहनु, जनसंख्या व्यवस्थापन प्रति सरकार तथा गैरसरकारी क्षेत्रको चासो बढ्नु, परिवार नियोजन प्रति जनताको सचेतना बढ्नु, कुल प्रजनन दर प्रतिस्थापन दरमा पुग्नु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

व्यवस्थित बसोबास र उन्नतिको अवसर : आफ्नै थलोमा रमाउने रहर ।

### लक्ष्य

जनसांख्यिक लाभको उच्चतम उपयोग हुने ।

### उद्देश्य

१. जनसंख्या वृद्धि र रोजगारी बिच अन्तरसम्बन्ध कायम गरी आन्तरिक बसाइँसराइ व्यवस्थित गर्नु ।
२. जनसांख्यिक संरचनाको आर्थिक सामाजिक विकासमा उच्चतम उपयोग गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जनसंख्या व्यवस्थापनमा अन्तरसरकार र अन्तर निकाय समन्वय गर्ने । | (क) जनसंख्या सम्बन्धी नीति, कानुन, योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>(ख) जनसांख्यिक तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।<br>(ग) जन्म, विवाह, बसाइँसराइ तथा मृत्यु जस्ता व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई सुदृढीकरण गर्नका लागि समन्वय गर्नका साथै प्रदेशस्तरीय जनसांख्यिक सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।<br>(घ) सानो परिवार सुखी परिवारका लागि गुणस्तरीय परिवार योजना सेवाको बिस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ङ) प्रजनन अधिकारमा महिलाको निर्णायक भूमिका स्थापित गर्न स्थानीय तह तथा सम्बद्ध संघसंस्थासँग सहकार्य गरिनेछ । (च) सन्तुलित र आत्मनिर्भर जनसंख्या निर्माणको लागि प्रभावकारी सूचना, शिक्षा तथा व्यवहार परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । (छ) जनसांख्यिक एवम् पारिवारिक सर्वेक्षण गर्न समन्वय र व्यवस्थापन गरिनेछ । |
| २. उद्यमशीलता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने । | (क) स्थानीय तहसँग समन्वय एवम् सहकार्यमा बेरोजगार युवा समूहलाई रोजगारमूलक कार्यमा उपयोग गरी जनसांख्यिक लाभ लिइनेछ । (ख) उत्पादकत्व वृद्धिका लागि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरी सक्रिय जनसंख्यालाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ । (ग) ग्रामीण क्षेत्रका युवा शक्तिलाई उद्यमशीलता तालिम दिइ तालिमको उपयोग गराउने अवस्था सृजना गरिनेछ । |

**अपेक्षित उपलब्धि**

श्रम सहभागिता दर ४७.६ प्रतिशत पुगेको हुने, आन्तरिक बसाइँसराइका कारण जनसंख्याको आकार घट्ने जिल्ला ५ वटामा झरेको हुने, रोजगारीमा अनौपचारिक क्षेत्रको हिस्सा ४८.२ प्रतिशत पुगेको हुने, १० हजार जनाले सीप विकास तथा उद्यमशिलता तालिम प्राप्त गरेको हुने ग्रामीण बसाइँसराइ दर शुन्यको अवस्थामा पुगेको हुनेछ ।

## ५.५ लैङ्गिक समानता तथा महिला सशक्तिकरण

### पृष्ठभूमि

लैङ्गिक समानता तथा महिला सशक्तिकरण मानव अधिकार तथा दिगो विकासको एक महत्त्वपूर्ण पक्ष हो । संविधानले महिलाको आर्थिक, सामाजिक विकास र सशक्तिकरण मौलिक हकको रूपमा प्रत्याभूत गर्दै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सङ्कल्प गरेको छ ।

जनगणना २०६८ अनुसार यस प्रदेशको कुल जनसंख्यामध्ये महिलाको ५२.२ प्रतिशत छ । प्रदेशमा महिला घरमुलीको २६.३ प्रतिशत (नेपालमा २५.७ प्रतिशत) रहेको छ । जिल्लागत रूपमा हेर्दा उदयपुर जिल्लामा सबैभन्दा बढी २९ प्रतिशत र सबैभन्दा कम इलाममा १९.७ प्रतिशत रहेका छन् । लैङ्गिक अनुपातका हिसाबले हेर्दा यस प्रदेशमा ९१.५ (नेपालको ९४.२) रहेको छ । सबैभन्दा कम

लैङ्गिक अनुपात ओखलढुङ्गा र तेह्रथुममा ८६.६ र सबैभन्दा बढी इलाम तथा सुनसरीमा ९४.६) रहेको छ ।

स्थानीय तहमा महिलाको प्रतिनिधित्व करिब ४१ प्रतिशत (१,१५५ दलित सहित २,४७२ महिला) छ भने प्रदेश सभामा ३३ जना महिला प्रतिनिधित्व रहेको छ । निजामती सेवामा महिलाको सहभागिता उल्लेख्य रूपमा बढदै गइरहेको छ भने दलितको सहभागिता न्यून रहेको अवस्था छ । सामुदायिक विकासमा आमा समूह, वन समूह, महिला स्वास्थ्य स्वयंसेविका, सहकारी, कृषि समूह, सिँचाइ समूह आदिमा महिलाको अग्रणी भूमिका छ ।

यस प्रदेशमा लैङ्गिक विकास सूचकाङ्क ०.९२५, लैङ्गिक सशक्तिकरण सूचकाङ्क ०.५७, लैङ्गिक असमानता न्यूनीकरण सूचकाङ्क ०.३८ रहेको छ ।

**प्रमुख समस्या**

लैससास सम्बन्धी खण्डीकृत सूचनाको कमि हुनु र भएका कार्यक्रमको मूलप्रवाहिकरण नहुनु, रोजगारीका अवसरको कमि, आर्थिक स्रोत र साधनमा पहुँच न्यून रहनु, लैङ्गिक हिंसामा अपेक्षित मात्रामा कमि नआउनु, नयाँ किसिमका लैङ्गिक तथा घरेलु हिंसा देखा पर्नु; महिला माथिको जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक, सामाजिक र सांस्कृतिक विभेद कायम रहनु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार नहुनु; महिला हिंसा, बाल-विवाह, दाइजो र बोक्सी जस्ता कुरीतिजन्य व्यवहार अझै पनि अभ्यासमा रहनु, सम्पत्तिमा महिलाको स्वामित्व स्थापित नहुनु आदि प्रमुख समस्या हुन् ।

## चुनौती

परम्परागत सोच रहेको नेपाली समाजमा महिलाको नेतृत्व स्थापित गराउनु, महिला प्रतिको विभेदपूर्ण दृष्टिकोणमा परिवर्तन ल्याउनु, पछि पारिएका महिलालाई आर्थिक तथा सामाजिक जीवनमा सक्षम बनाउनु, स्रोत साधनको पहुँचमा रहेको असमानता घटाउनु, निर्णय क्षमतामा वृद्धि गर्नु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिला माथिको जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक, सामाजिक र सांस्कृतिक विभेद समाप्त पार्नु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

अन्तर्राष्ट्रिय महासन्धीद्वारा महिला हक अधिकारको सुरक्षा, पहिचानको सुनिश्चितता, महिला समानता र सशक्तिकरण गर्नुका साथै लैङ्गिक हिंसालाई अन्त्य गर्ने प्रतिवद्धता रहनु, घरेलु हिंसा सम्बन्धी प्रादेशिक ऐन, २०७५ प्रमाणीकरण हुनु, हिंसा पीडित महिला, किशोरी र बालिकाका लागि सुरक्षित आवासगृह निर्माण हुनु, हिंसा पीडित महिलाका लागि एकद्वार प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर हुनु, स्थानीय तहमा अल्पकालीन सुरक्षित आवासगृह स्थापना हुनु आदि अवसर हुन् ।

**क्षेत्रगत सोच**

लैङ्गिक समानताः प्रदेशको मान्यता

**लक्ष्य**

लैङ्गिक मूल प्रवाहीकरण र सशक्तिकरण गर्दै महिला विकास सूचकाङ्कमा सुधार हुने ।

**उद्देश्य**

१. महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्नु ।

२. लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरण गर्नु ।

३. निर्णायक तहमा महिलाको समानुपातिक अवसरको सृजना गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. लक्षित तथा सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि र संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गर्ने । | (क) नीति निर्माण तहमा महिलाको पहुँच वृद्धि गरी सम्पूर्ण संरचनामा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>(ख) महिलामा बढ्दो रूपमा रहेको मनोगत समस्या मध्यनजर गर्दै प्रत्येक स्थानीय तहमा एक मनोविमर्शकर्ताको व्यवस्था गरिनेछ ।<br>(ग) एकल तथा असहाय महिला सुरक्षा कोष सञ्चालन गरिनेछ ।<br>(घ) महिलाको दक्षता वृद्धिका लागि कम्प्युटर तथा प्रविधि प्रयोग सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ङ) राष्ट्रपति महिला उत्थान कार्यक्रममा संघसँग सहकार्य गरिनेछ ।<br>(च) महिलाको काम, विशेषतः घरेलु एवम् सेवामूलक कामको मूल्याङ्कन गर्ने सूचक निर्माण गरी औपचारिक श्रम तथा सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ । |
| २. आधारभूत तथा प्राविधिक शिक्षा, स्वास्थ्य, सीप तथा प्रजनन स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने । | (क) प्राविधिक विश्वविद्यालय मार्फत उच्च तहको प्राविधिक जनशक्ति तयार गर्दा महिलालाई आरक्षण सहित प्राथमिकता दिइने छ ।<br>(ख) सामुदायिक वनको व्यवस्थापनमा महिला सहभागितालाई विशेष जोड दिइने छ ।<br>(ग) महिलालाई वैकल्पिक ऊर्जा प्रयोगमा जोड दिई विद्युतीय उपकरण र प्रविधिको प्रयोग गर्ने सीप हस्तान्तरण गरिनेछ ।<br>(घ) उद्यमशील महिला समूह तथा संस्थाद्वारा उत्पादित सामग्रीको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ङ) PCTEVT मार्फत तालिम प्रदान गरी सञ्चालन गर्ने युवा स्वरोजगार कार्यक्रममा महिलालाई प्राथमिकतामा राख्न वित्तीय स्रोतसम्मको पहुँचको जानकारी गराउने । |
| ३. रूढिवादी परम्पराको रूपमा रहेका कुरीतिको अन्त्य गर्दै लैङ्गिक समानताको आधार निर्माण गर्ने । | (क) छोरीको स्वस्थ जन्म, उपयुक्त पोषण र शिक्षामा विशेष जोड दिइनेछ ।<br>(ख) लैङ्गिक उत्तरदायी बजेट विनियोजन वृद्धि गरी स्थानीय तहसम्म संस्थागत गर्दै त्यसको परीक्षण, मूल्याङ्कन र अनुगमन गरिनेछ ।<br>(ग) लैङ्गिक तथा घरेलु हिंसाबाट पीडित महिलाको लागि १४ वटै जिल्लामा अल्पकालीन पुनर्स्थापना केन्द्रको स्थापना तथा हाल सञ्चालनमा रहेकालाई स्तरोन्नति गरिनेछ ।<br>(घ) मानव बेचबिखन नियन्त्रणको लागि संवेदनशील सीमा क्षेत्रका स्थानीय तह तथा गैरसरकारी संस्थाको सहकार्यमा सामुदायिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>(ङ) महिलासँग जोडिएका सामाजिक कुरीति तथा गलत प्रचलन विरुद्ध स्थानीय स्तरमा अभियान सञ्चालन गरिनेछ ।<br>(च) किशोरीले विद्यालय शिक्षाबाट वञ्चित हुनुपर्ने सबै प्रकारका बाधा खासगरी महिनावारीसँग सम्बन्धित असहज र सामाजिक-सांस्कृतिक बाधा हटाइनेछ ।<br>(छ) मुस्लिम समुदायको धार्मिक तथा सांस्कृतिक परम्परा एवम् मधेशी समुदायको सामाजिक परम्परालाई मध्यनजर गर्दै छोरीको असमान शिक्षा, विवाह, दाइजो जस्ता विषयसँग सम्बन्धित प्रचलनलाई हटाउन चेतनामूलक कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन तथा अनुगमन गरिनेछ ।<br>(ज) लिङ्ग पहिचानको आधारमा गरिने गैरकानुनी गर्भपतनलाई पूर्ण निषेधित गर्न स्वास्थ्य सेवा प्रदायक संस्थाको अनुगमन गरी त्यस्तो कार्य गर्ने स्वास्थ्य संस्थालाई कारबाहीको दायरामा ल्याइनेछ ।<br>(झ) लैङ्गिक हिंसा निवारणमा पुरुषको अर्थपूर्ण भूमिका र सहभागिता प्रवर्द्धन गरिनेछ । |
| ४. लैङ्गिक मूल प्रवाहीकरणका सबै चरणमा अर्थपूर्ण सहभागित बढाउने । | (क) लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबावपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ख) सार्वजनिक स्थल, सार्वजनिक भवन, अस्पताल, शौचालय आदि महिलामैत्री बनाइनेछ ।<br>(ग) महिला शिक्षा, सशक्तिकरण, वित्तीय साक्षरता र महिला उद्यमशीलतालाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(घ) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि कार्यान्वयन तथा अनुगमन कार्यक्रम सञ्चालन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

लैङ्गिक विकास सूचकाङ्क ०.९६३ पुगेको हुने, लैङ्गिक सशक्तिकरण सूचकाङ्क ०.६९ पुगेको हुने, लैङ्गिक असमानता न्यूनीकरण सूचकाङ्क ०.२८ भएको हुने, सामाजिक विकासमा महिलाको प्रतिनिधित्व वृद्धि भएको हुने, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी समाज निर्माण हुने, लैङ्गिक उत्तरदायी बजेट विनियोजन २५ प्रतिशत पुगेको हुने, नीति निर्णायक तहमा महिलाको पहुँच २२ प्रतिशत पुगेको हुने, सम्पत्ति माथिको स्वामित्व ४० प्रतिशत पुगेको हुने, पुरुष-महिला आय अनुपात १:०.७२ मा भएको हुने, सबै स्थानीय तहमा एकल महिला सुरक्षा कोष स्थापना भएको हुने, सबै जिल्लामा मनोविमर्श सेवा पुगेको हुनेछ ।

## ५.६ सामाजिक समावेशीकरण

**पृष्ठभूमि**

सामाजिक समावेशीकरणले सामाजिक सद्भाव र व्यवहारमा क्रमशः सुधार गरी राष्ट्रिय एकता बलियो बनाउन भूमिका निर्वाह गरेको हुन्छ । संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ ।

प्रदेशको कुल जनसंख्याको ३५.१ प्रतिशत जनजाति (नेवार ६.२ प्रतिशत समेत), ३१ प्रतिशत ब्राह्मण क्षेत्री, १३.३ प्रतिशत दलित, ४.३ प्रतिशत मुस्लिम, १५.४ प्रतिशत तराई अन्य जात र १ प्रतिशत अन्य समूह छन् । करिब २ प्रतिशत दृष्टि, श्रवण, शारीरिक, बोली तथा मानसिक सम्बन्धी अपाङ्गता भएका व्यक्ति छन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह पनि रहेका छन् । प्रदेशमा सामाजिक सशक्तिकरण सूचकाङ्क ०.४८ र अर्थिक सूचकाङ्क ०.४३ रहेको छ ।

**प्रमुख समस्या**

सामाजिक-आर्थिक क्षेत्रमा विभेद विद्यमान रहनु; बोक्सी, दाइजो, छुवाछुत, सामाजिक बहिष्कार जस्ता निषेधित कार्य व्यवहारमा रहनु, स्रोतसाधन तथा सेवा सुविधामा यस्ता समुदायको न्यायोचित पहुँच पुग्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व पुऱ्याउनु, विभिन्न समुदाय तथा वर्ग बिच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत साधन एवम् अवसरमा समावेशीता सिद्धान्त अनुरुप अवसर सृजना गर्नु, नकारात्मक सामाजिक मूल्य-मान्यताको व्यापकता हटाउनु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउन गठन भएका संवैधानिक आयोगसँग सहकार्य गर्ने अवसर हुनु; धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि हुनु, राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा यस्ता समुदायको प्रतिनिधित्व बढ्दै जानु, प्रदेशमा बनेका विभिन्न सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा हुनु, मुलुकी देवानी (संहिता) ऐन, २०७४ जारी हुनु, परम्परागत तथा रूढिवादी प्रचलनका विरुद्धमा सरकारी तथा गैरसरकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमका कारण जनचेतना बढ्दै जानु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

सामाजिक सद्भाव र व्यवहार : राष्ट्रिय एकताको आधार ।

### लक्ष्य

सामाजिक-आर्थिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायलाई समावेशीकरणको माध्यमबाट प्रदेश विकासको मूल प्रवाहमा आएको हुने ।

### उद्देश्य

राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा पछाडि परेका समुदायको स्रोत, साधन, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. राज्य संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने । | (क) सामाजिक समावेशीकरण सम्बन्धी जिम्मेवारी वहन गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>(ख) शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सामाजिक तथा आर्थिक रूपले पछाडी परेका/पारिएका समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>(ग) लक्षित कार्यक्रममा आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, यौनिक अल्पसङ्ख्यक, लोपोन्मुख जाति, पिछडा वर्ग लगायत दुर्गम हिमाली तथा पहाडी जिल्लाका नागरिकको सहभागिता सुनिश्चित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) वञ्चितीकरणमा परेका समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक नेतृत्व तथा मूलभूत अधिकार तथा सामाजिक न्याय सुनिश्चित गरिनेछ । |
| २. समावेशीकरणको माध्यमबाट स्रोत, साधन, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्ने । | (क) आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको स्रोत साधनमा पहुँच बढाइनेछ ।<br>(ख) स्थानीय रैथाने समुदायले प्रयोग गरि आएको प्राकृतिक स्रोतबाट उपयुक्त विकल्प बेगर विस्थापित गरिने छैन । कानुनी रूपमा विस्थापित हुने रैथाने समुदायको संस्कृति र सामुदायिक ऐक्यवद्धता कायमै रहने गरी एकीकृत रूपमा बसोबासको व्यवस्था गरिनेछ ।<br>(ग) स्थानीय समुदायले प्रयोग गरी आएको प्राकृतिक स्रोत उपरको अग्राधिकार सुनिश्चित गर्ने ।<br>(घ) प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र उपयोगमा महिलाको समान हिस्सेदारी सुनिश्चित गरिनेछ । |
| ३. परम्परामा आधारित विभेद एवम् रूढिवादी अभ्यास हटाई नागरिकलाई सम्मानित जीवनको सुनिश्चितता गर्ने । | (क) अन्धविश्वासजन्य बोक्सी, दाइजो, छुवाछुत, कुरीति, सामुदायिक बहिष्करण र हिंसाजन्य प्रवृत्तिलाई निरुत्साहित गर्दै सामाजिक सद्भाव र मेलमिलाप बढाइनेछ ।<br>(ख) सामाजिक सद्भाव र मेलमिलापको भावना जगाउन कलाकार, संस्कृतिकर्मी, स्रष्टा, सबै धार्मिक क्षेत्रका अगुवा र समाजसेवीलाई उत्प्रेरित गरिने छ ।<br>(ग) जातीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक, भाषिक वा अन्य कुनै आधारमा गरिने अपमानजनक व्यवहारलाई जनचेतना मार्फत न्यूनीकरण गर्दै यस्ता दण्डनीय व्यवहारलाई कानुनी दायरामा ल्याइनेछ ।<br>(घ) समाजबाट बहिष्कृत तथा अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा पछाडि परेका समुदायको आयमा असमानता दरमा कमि भई ०.३६ मा झरेको हुने, प्रदेशमा राजनीतिक, सामाजिक सशक्तिकरण र आर्थिक सूचकाङ्क क्रमशः ०.७५, ०.५५ र ०.५२ पुगेको हुने, उपलब्ध स्रोत साधनमा आदिवासी जनजाति, महिला, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको पहुँच बढेको हुने; वञ्चितिमा परेका समुदायका ३ हजार जनालाई क्षमता विकास तालिम दिइएको हुने, राज्य संरचनाको विभिन्न क्षेत्रमा समानुपातिक प्रतिनिधित्व हुने, अन्तरसमुदाय सद्भाव वृद्धि भएको हुनेछ ।

## ५.७ सामाजिक सुरक्षा तथा संरक्षण

### पृष्ठभूमि

मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षा तथा संरक्षणले महत्त्वपूर्ण योगदान गर्न सक्छ । संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । श्रमिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय, विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका छन् । यसका अतिरिक्त अवकाश प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी तथा नेपाली सेनाका सकल दर्जाका व्यक्तिलाई समेत सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्रदान गर्दै आएको छ ।

प्रदेशमा सामाजिक सुरक्षा अनुभूति सूचकाङ्क ४.७ (०-१०) रहेको छ । सामाजिक सुरक्षा तथा संरक्षणको दायरा भित्र २७ प्रतिशत जनसंख्या समेटिएको देखिन्छ । यसैगरी बजेटमा सामाजिक सुरक्षा तर्फ विनियोजन ११.२ प्रतिशत रहेको छ ।

### प्रमुख समस्या

प्रदेशस्तरमा सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था भइ नसक्नु, श्रमिकका लागि ल्याइएको सामाजिक सुरक्षा कार्यक्रममा प्रतिष्ठानको आबद्धता भइ नसक्नु, नागरिकलाई सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको यथेष्ट जानकारी नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

नीतिगत, कानुनी र नियमनकारी प्रारूपको विकास गर्नु, सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमसँग आबद्ध गर्दै लैजानु, जोखिममा रहेका जनसमुदायको पहिचान गरी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु, वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौती हुन् ।

### अवसर

सामाजिक सुरक्षा तथा संरक्षणलाई राष्ट्रिय विकासको एक महत्त्वपूर्ण एजेन्डाको रूपमा स्थापित गरिनु, सामाजिक सुरक्षा प्रणालीलाई व्यापक, वित्तीय रूपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

सामाजिक सुरक्षा र संरक्षण : कर्तव्यबोधको परिपालन ।

### लक्ष्य

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई गुणस्तरीय एवम् प्रभावकारी बनाई लोककल्याणकारी राज्यको स्थापना गर्ने ।

**उद्देश्य**

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा पहुँच वृद्धि गर्नु ।

**रणनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामाजिक सुरक्षा तथा संरक्षणलाई प्रभावकारी बनाउने। | (क) स्थानीय तहसँगको सहकार्यमा सामाजिक सुरक्षा तथा संरक्षण नीति तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।<br>(ख) सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।<br>(ग) वाणिज्य बैंकहरूसँग समन्वय गरी हरेक स्थानीय तहमा कम्तीमा एउटा शाखा विस्तार गरिनेछ ।<br>(घ) सामाजिक सुरक्षा भत्ता स्थानीय निकायको समन्वयमा सहजै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>(ङ) प्रदेश भित्र रहेका प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा अनिवार्य आबद्धता गरिनेछ ।<br>(च) सामाजिक सुरक्षा कार्यक्रमको एकीकृत अभिलेख राख्ने व्यवस्था गरिनेछ ।<br>(छ) प्रतिष्ठानको सामाजिक उत्तरदायित्व कोषलाई रोजगारदाताको समेत प्रतिनिधित्व रहने गरी प्रदेश स्तरीय एकीकृत कोष स्थापना गरी सामाजिक क्षेत्रमा परिचालन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेशमा सामाजिक सशक्तिकरण सूचकाङ्क ५.२ पुगेको हुने, सामाजिक सुरक्षा तथा संरक्षणको दायरामा आउने जनसंख्या ४२ प्रतिशत पुगेको हुने, सामाजिक सुरक्षा प्रणालीको नीति निर्माण हुने, छरिएर रहेका कार्यक्रम एकीकृत भई व्यवस्थित रूपमा कार्यान्वयन हुनेछ ।

## ५.८ ज्येष्ठ नागरिक

**पृष्ठभूमि**

ज्येष्ठ नागरिकलाई सुरक्षित र सम्मानित तुल्याउने वातावरण सृजना गर्नु सरकारको दायित्व हो । संविधानले ज्येष्ठ नागरिकको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूति गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिक सम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा छन् । नेपाल सरकारले ज्येष्ठ नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । प्रदेशस्तरमा दिवा सेवा कार्यक्रम, अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम तथा वृद्धाश्रम कार्यक्रम सञ्चालनमा छन् । ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ तर्जुमा भई कार्यान्वयनमा छ ।

**प्रमुख समस्या**

परिवारबाट बिछोडिएका जेष्ठ नागरिकका लागि आश्रय स्थल पर्याप्त नहुनु, जेष्ठ नागरिकको ज्ञान सीप उपयोग तथा पुस्तान्तरणमा कमी हुनु, एकल परिवारको वृद्धिसँगै जेष्ठ नागरिकको एकाङ्कीपनमा वृद्धि हुनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

ज्येष्ठ नागरिकको विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको नियमन र समन्वय गर्नु, ज्येष्ठ नागरिक ग्राम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको बिस्तार गर्नु, ज्येष्ठ नागरिकको लागि काम गर्ने संस्थालाई प्रदान गरिने अनुदानको मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, प्रदेशका १४ जिल्लामा सञ्चालित वृद्धाश्रमको प्रभावकारी अनुगमन गर्नु आदि चुनौती हुन् ।

**अवसर**

ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिनु, केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरी असहाय र दुर्व्यवहारबाट पीडित ज्येष्ठ नागरिकलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिनु, पुनर्स्थापनाका लागि सेवा प्रदान गर्ने कार्य प्रारम्भ हुनु, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट ज्येष्ठ नागरिकको हितको क्षेत्रमा क्रियाशीलता बढ्दै जानु आदि अवसर हुन्।

**क्षेत्रगत सोच**

ज्येष्ठ नागरिकको सम्मान : विवेकी समाजको निर्माण ।

**लक्ष्य**

सेवा सुविधामा पहुँच सुनिश्चित गरी ज्येष्ठ नागरिकलाई सुरक्षित र सम्मानित तुल्याउने ।

**उद्देश्य**

ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्दै उनीहरूको सम्मानजनक जीवनयापनको व्यवस्था हुने

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जेष्ठ नागरिकको अनुभव, ज्ञान र सीपलाई सामाजिक पुँजीको रूपमा उपयोग गर्ने । | (क) जेष्ठ नागरिक आवासीय र दिवा ज्ञान केन्द्र स्थापना गरी तिनको ज्ञान अनुभवबाट समाजलाई लाभान्वित गराइनेछ ।<br>(ख) अन्तर पुस्ता ज्ञान हस्तान्तरणका लागि नियमित भेटघाट र अन्तरक्रियाको प्रबन्ध गरिनेछ ।<br>(ग) ज्येष्ठ नागरिक प्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(घ) ज्येष्ठ नागरिकको लागि राज्यबाट प्रदान गरिने सार्वजनिक सेवा सुविधाको मापदण्ड निर्धारण गरी त्यस्तो सुविधा |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्राथमिकताका साथ उपलब्ध गराउन निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ । |
| २. ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा र मौलिक हक प्रत्याभूत गर्ने । | (क) ज्येष्ठ नागरिकमैत्री सार्वजनिक पूर्वाधार मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ ।<br>(ख) सरोकारवालासँगको साझेदारीमा वृद्धाश्रम/सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिने छ र त्यस्ता सेवा केन्द्रको नियमन र अनुगमनलाई प्रभावकारी बनाइनेछ ।<br>(ग) ज्येष्ठ नागरिकले पूर्ण पारिवारिक परिवेश प्राप्त गर्न परिवारका सदस्यले ज्येष्ठ नागरिक प्रतिको दायित्व प्रचलित कानुन र सामाजिक मूल्य मान्यताको न्यूनतम दायरा नघटाई पूरा गर्नुपर्ने आधार सृजना गरिनेछ ।<br>(घ) हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोविमर्श तथा कानुनी सहायता उपलब्ध गराइनेछ ।<br>(ङ) पारिवारिक तथा सामाजिक अपहेलनामा परेका, परित्यक्त, शारीरिक एवम् मानसिक रूपले अशक्त भएका विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकका लागि लक्षित गरी विशेष राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(च) ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण जीवन जिउने वातावरण तयार गर्ने परिवारलाई सूचकका आधारमा सम्मान गरिनेछ । |

### अपेक्षित उपलब्धि

वृद्ध अवस्थाको सूचकाङ्क (Index of ageing) १८ पुगेको हुने, ६० प्रतिशत ज्येष्ठ नागरिकले सुरक्षित र सम्मानजनक जीवनयापन गरेका हुने, सबै स्थानीय तहमा ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना भएको हुने, एक सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण भई सञ्चालन हुनेछ ।

## ५.९ अपाङ्गता भएका व्यक्ति

### पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक एवम् स्वावलम्बी जीवनयापनका अवसर सृजना गर्नु लोककल्याणकारी राज्यको मान्यता हुन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, २००६ र नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र

आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । प्रदेश सरकारको अर्थ सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा अपाङ्गता भएका व्यक्तिलाई घरजग्गा रजिस्ट्रेसन शुल्कमा २५ प्रतिशत छुट दिने र अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने सवारीसाधन खरिदमा भन्सार शुल्क नलाग्ने व्यवस्था गरेको छ ।

**प्रमुख समस्या**

अपाङ्गता भएका व्यक्तिको आर्थिक अवस्था सुधार हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिको लागि सीपमूलक तालिम न्यून रहनु, मानसिक एवम् बौद्धिक अपाङ्गता भएका व्यक्तिको क्षमता विकासका लागि कार्यक्रम न्यून रहनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

अपाङ्गमैत्री भौतिक संरचना बनाउनु, अपाङ्गता सम्बन्धी काम गर्ने संस्थालाई दुर्गम क्षेत्रमा परिचालन गर्नु, अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, अपाङ्गता भएका व्यक्तिलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनु, अपाङ्गता भएका व्यक्तिको सम्मानित जीवन बाँच्ने अधिकार सुनिश्चित गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणका लागि आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२ तथा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ कार्यान्वयन हुनु, अपाङ्गता सम्बन्धी सहायक सामग्री उत्पादन तथा वितरणको व्यवस्था हुनु, राज्यको प्रशासनिक तथा राजनीतिक तहमा प्रतिनिधित्वको सुनिश्चितता हुनु, समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन हुनु, सार्वजनिक भौतिक संरचना अपाङ्गमैत्री बनाउने पद्धतिको विकास हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

अपाङ्गता भएका व्यक्तिको सम्मान : समावेशी समाजको पहिचान ।

**लक्ष्य**

अपाङ्गगता भएका व्यक्तिको आत्मनिर्भर स्वावलम्बी र सम्मानजनक जीवनयापन हुने

**उद्देश्य**

१. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई राज्यद्धारा प्रदान गरिएको सेवा सुविधामा समतामूलक पहुँच बढाउनु ।
२. अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक सशक्तिकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. पूर्वाधार एवम् सेवा प्रवाह गर्ने निकायलाई अपाङ्गमैत्री बनाई पहुँच बढाउने । | (क) सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदि अपाङ्गमैत्री हुने गरी निर्माण गरिनेछ र मौजुदा सार्वजनिक संरचना अपाङ्गमैत्री बनाउँदै लगिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | (ख) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सार्वजनिक यातायात अपाङ्गमैत्री हुने गरी सञ्चालन गराइनेछ ।<br>(ग) बौद्धिक अपाङ्गता, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेसाहारा व्यक्तिका लागि गैरसरकारी संघसंस्था एवम् निजी क्षेत्रसँगको साझेदारीमा अपाङ्गता पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ ।<br>(घ) हाल सञ्चालनमा रहेका समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई स्थानीय निकाय तथा सरोकारवाला निकायको समन्वयमा थप प्रभावकारी बनाइनेछ । |
| २. अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, उद्यमशीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सृजना गर्ने । | (क) अपाङ्गताको प्रकृतिअनुसार विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिको आर्थिक आयआर्जनका उपायको खोजी गरी सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।<br>(ख) प्रदेशमा स्थापना गरिने प्राविधिक विश्वविद्यालय मार्फत उच्च तहको प्राविधिक जनशक्ति तयार गर्दा अपाङ्गता भएका व्यक्तिलाई आरक्षण सहित प्राथमिकता दिइने छ ।<br>(ग) अपाङ्गता भएका व्यक्तिको लागि काम गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संघ संस्थाको सहभागितालाई प्रोत्साहन गरिनेछ । |
| ३. पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिको जीवन सहज, सम्मानित र सुरक्षित बनाउने । | (क) अपाङ्गता भएका व्यक्तिको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) ब्रेल लिपि वा अपाङ्गता अनुकूलको नवीन प्रविधि तथा बहिरा व्यक्तिका लागि सबै सेवा प्रदायक निकायमा दोभाषेको व्यवस्था मिलाइनेछ ।<br>(ग) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्न प्रादेशिक सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>(घ) पूर्ण अपाङ्गता भएका व्यक्तिको लागि जीवन निर्वाहभत्ताको व्यवस्था गरिनेछ ।<br>(ङ) अपाङ्गता भएका व्यक्तिको हेरचाह तथा पालनपोषण गर्न परिवारका सदस्यलाई अभिप्रेरित गरिनेछ ।<br>(च) शारीरिक अपाङ्गता भएका र सङ्कटमा परेकाहरू प्रति समाजको सामूहिक दायित्वबोध बढाउने गरी उन्नत |

| रणनीति | कार्यनीति |
|---|---|
| | संस्कृतिको उन्नयनका लागि नागरिक सङ्गठनसँग सहकार्य गरिनेछ । |

**अपेक्षित उपलब्धि**

अपाङ्गता भएका व्यक्तिहरूको आत्मनिर्भर, स्वावलम्बी र सम्मानजनक जीवनयापन गर्ने संख्या ६० प्रतिशत नाघेको हुने, शत प्रतिशत सार्वजनिक संरचना निर्माण अपाङ्गतामैत्री भएको हुने, ४०० जनालाई आवश्यकतामा आधारित सीपमूलक तालिम प्रदान गरिएको हुने, संस्थागत तथा भौतिक पूर्वाधारको विस्तार भई अपाङ्गमैत्री र अवरोधमुक्त समाजको निर्माण हुने, बौद्धिक अपाङ्गता, अटिजम, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेवारिसे महिला, पुरुष, युवा, किशोर किशोरी तथा बालबालिका लागि सामुदायिक, निजी तथा गैरसरकारी संस्थासमेतको साझेदारीमा पुनर्स्थापना कार्यक्रम सञ्चालन हुने तथा अपाङ्गता क्षेत्रमा विभिन्न ज्ञान सीप भएका जनशक्तिको विकास तथा अपाङ्गता भएका व्यक्तिको रोजगारी तथा स्वरोजगारीमा पहुँच स्थापित भई सम्मानजनक जीवन जिउने अवस्थाको सृजना हुनेछ ।

## ५.१० बालबालिका तथा किशोर किशोरी

**पृष्ठभूमि**

बालबालिका तथा किशोर किशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी विषय महत्त्वपूर्ण हुन् । संविधानले बाल अधिकार मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । नेपालद्वारा बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९८९ को अनुमोदन समेत भएको अवस्था छ । प्रदेशमा १८ वर्ष सम्मका बालबालिकाको संख्या जम्मा २० लाख ३६ हजार ६८७ (४४.९१ प्रतिशत) र १६ वर्ष मुनिका बालबालिकाको संख्या १८ लाख ७८ हजार ३७३ (४१.४२ प्रतिशत) रहेको छ । त्यसैगरी १० देखि १९ वर्ष सम्मका किशोर किशोरी २४.१ प्रतिशत छन् । प्रदेशमा बालश्रम ३७.४ प्रतिशत रहेको छ । प्रदेशमा बाल बिझ्याइमा परेका बालबालिकाका लागि बाल सुधार गृह, बाल हेल्पलाइन निःशुल्क टेलिफोन सेवा सञ्चालनमा छन् ।

**प्रमुख समस्या**

बालबालिका तथा किशोर किशोरीको संवेदनशीलता अनुभूत गरी कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन हुन नसक्नु; बाल बचावट संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम प्रभावकारी नहुनु; हराएका बालबालिकाको उद्धार गर्न प्रभावकारी संयन्त्र नहुनु, संरक्षण विहीन बालबालिकाको सूचना तथा तथ्याङ्क नहुनु, बालबालिकासँग सम्बन्धित निर्णय प्रक्रियामा तिनको अर्थपूर्ण सहभागिता नहुनु, बालबालिकालाई सुरक्षित रूपमा हुर्काउने सन्दर्भमा अभिभावकमा चेतना नहुनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, सम्बन्धित निकाय बिच बालबालिका र किशोर किशोरीसम्बन्धी कार्यक्रममा समन्वय ल्याउनु, बाल न्यायप्रणाली तथा बालमैत्री पद्धतिलाई व्यवहारमा उतार्नु, खुल्ला सिमानाका कारण बालबालिका भारतका विभिन्न शहरमा बेचिने कार्य नियन्त्रण

गर्नु, हराएका बालबालिकाको उद्धार कार्यमा प्रभावकारिता ल्याउनु, अनाथ असहाय बालबालिकाको विकास र संरक्षण प्रभावकारी बनाउनु, बालबालिकालाई परित्याग गर्ने कार्य नियन्त्रण गर्नु, लागु औषध दुर्व्यसनी र अवैध कार्यमा बालबालिका तथा किशोर किशोरीको प्रयोग रोक्नु, बालिका तथा किशोरीमाथि हुने हिंसा एवम् परम्परागत हानिकारक प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

बालबालिका तथा किशोर किशोरीको शिक्षामा उल्लेखनीय सहभागिता हुनु, स्वास्थ्य क्षेत्रमा सुधार हुनु, बालबालिकाको हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति हुनु, स्थानीय तहबाट बालहित कार्यक्रम सञ्चालन हुनु, बाल अधिकार प्रतिको सचेतनामा वृद्धि हुनु, बालमैत्री स्थानीय शासन घोषणा हुनु, श्रमिक बालबालिकाको उद्धार, राहत तथा मनोविमर्श र पारिवारिक पुनर्मिलन, पुनर्एकिकरण तथा पुन स्थापनाको लागि बाल हेल्पलाइन सेवा सञ्चालनमा हुनु, जिल्ला अदालत र उच्च अदालतमा बाल इजलास गठन हुनु, प्रदेश सरकारले बाल-विवाह अन्त्य गर्ने घोषणापत्र जारी गर्नु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

सर्वाङ्गीण बाल विकास : सक्षम नागरिकको मूल आधार ।

**लक्ष्य**

बाल बचावट, संरक्षण, सहभागिता र विकासका सबै पक्षमा विशेष पहलबाट बालबालिका तथा किशोर किशोरीमैत्री समाज निर्माण हुने ।

**उद्देश्य**

१. बालबालिका र किशोर किशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गरी बालमैत्री प्रदेशको स्थापना गर्नु ।
२. बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. बाल बचावट, संरक्षण, सहभागिता र विकासका सबै विषय समावेश गरी नीतिगत, संस्थागत र कार्यगत व्यवस्था गर्ने । | (क) बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल बचावट, संरक्षण, सहभागिता र विकासका सूचकका आधारमा नीति तथा कार्यक्रम तर्जुमा र सञ्चालन गरिनेछ ।<br>(ख) बाल विकास सेवा प्रदायक तथा विद्यालय कर्मचारीको दरबन्दी सृजना गरी उचित पारिश्रमिक उपलब्ध गराइनेछ ।<br>(ग) बालबालिका र किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्नका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) श्रमिक बालबालिकाको उद्धार र संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ङ) सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध सम्बन्धी प्रादेशिक कानुन तर्जुमा गरी कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ ।<br>(च) हिंसाबाट प्रभावित बालबालिका तथा किशोर किशोरीको उपयुक्त संरक्षणका साथै कानुनी सहायता तथा आवश्यक उपचारात्मक सेवा उपलब्ध गराइनेछ ।<br>(छ) बेचबिखन, बालश्रम लगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोर किशोरीका लागि राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ज) घरेलु हिंसा तथा यौन हिंसामा परेका किशोरीका लागि छुट्टै पुनर्स्थापना तथा पारिवारिक र सामाजिक समायोजन गरिनेछ ।<br>(झ) बालबालिका तथा किशोर किशोरीलाई दुर्व्यसन एवम् अवैध क्रियाकलापमा संलग्न गराउनेलाई दण्डित गरिनेछ ।<br>(ञ) बालबालिका र किशोर किशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि शिक्षा र खेलकुद सम्बन्धी कार्यक्रम मार्फत पहुँच स्थापित गरिनेछ ।<br>(ट) बालमैत्री स्थानीय शासनलाई स्थानीय तह तथा प्रदेश तहमा कार्यान्वयनमा ल्याई प्रदेशलाई बालमैत्री प्रदेश बनाइनेछ । |
| २. सामाजिक चेतना अभिवृद्धि एवम् शिक्षामा पहुँच स्थापित गरी बालबालिकाको सर्वोत्तम विकासमा जोड दिने। | (क) अभिभावकविहीन बालबालिकालाई सामुदायिक संघसंस्थाको सहयोगमा अभिभावकत्व प्रदान गरिनेछ ।<br>(ख) समाजमा प्रचलित विभिन्न हानिकारक अभ्यासका साथै बालबालिका तथा किशोर किशोरी माथि हुने हिंसालाई रोकथाम गर्न निरोधात्मक उपायको अवलम्बन गरिनेछ ।<br>(ग) बाल-विवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाह विरुद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | (घ) कानुनी विवादमा परेका बालबालिकाको आचरणमा सुधार ल्याउन एवम् उनीहरूको शिक्षादीक्षा लगायत जीवनोपयोगी र व्यावसायिक सीप प्रवर्द्धनसम्बन्धी कार्यलाई प्रोत्साहन गरिनेछ ।<br>(ङ) बालबालिकालाई अनुशासनका नाममा दिइने शारीरिक तथा मानसिक सजायलाई परिवार, समुदाय, विद्यालयबाट निरुत्साह गर्न सकारात्मक अनुशासन पद्धतिलाई प्रोत्साहन गरिनेछ ।<br>(च) विद्यालय, सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदि बालबालिकाका लागि मैत्रीपूर्ण बनाइनेछ ।<br>(छ) सडक बालबालिकालाई उद्धार, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा पुनर्एकिकरण गरी प्रदेशलाई सडक बालबालिका रहित बनाइनेछ । |

**अपेक्षित उपलब्धि**

१५ वटा स्थानीय तहमा बाल मैत्री शासन स्थापना भएको हुने, बाल श्रम २५ प्रतिशतमा झरेको हुने, एक वटा अल्पकालिन बाल संरक्षण केन्द्रको स्थापना भएको हुने; सबै जिल्लामा बालमनोविमर्श सेवा तथा कानुनी परामर्श केन्द्रको सञ्चालन भएको हुने, सबै स्थानीय तहमा बालविवाह विरुद्धमा सचेतना अभियान सञ्चालन भएको हुने, २४ वटा अनाथ बालबालिका पूनर्स्थापना केन्द्र स्थापना भएको हुने, सडक बालबालिकाविहिन प्रदेश भएको हुने, एक हजार जना किशोरकिशोरीले जीवन उपयोगी सीप प्राप्त गरेको हुने, सबै स्थानीय तहसँग बाल उद्धार कोष स्थापनामा सहकार्य भएको हुनेछ ।

## ५.११ युवा तथा खेलकुद

### पृष्ठभूमि

साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण युवा वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिन्छ । युवालाई राजनीतिक आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्तिका रूपमा लिन सकिन्छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४०.३ प्रतिशत रहेको छ । संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदान गर्न स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न उपयुक्त अवसर प्रदान गर्ने कुराको उल्लेख छ । उत्पादनमूलक संस्थामा युवा जनसंख्याको आबद्धता २५.२ प्रतिशत रहेको छ ।

प्रदेशको कार्यक्षेत्रमा मुख्यतः युवा तथा खेलकुद सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधार विकास, खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन, राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियेगिताको आयोजना र सहभागिता रहेको छ ।

प्रदेशमा युवा बेरोजगारी ३५.८ प्रतिशत रहेको छ । शिक्षा, तालिम र रोजगारीबाट विमुख भएको जनसंख्या ३७.३ प्रतिशत रहको छ । यसैगरी राष्ट्रिय खेलकुदमा ९ जनाले स्वर्ण पदक प्राप्त गरेका छन् । प्रदेशमा खेलकुद मैदान र रङ्गशालाको कुल संख्या १५० रहेको छ ।

**प्रमुख समस्या**

युवा तथा खेलकुद सम्बन्धी संस्थागत संरचना कमजोर हुनु, युवा लक्षित उद्यमशील र रोजगारीका अवसर विस्तार नहुनु, शिक्षा प्रणालीमा युवा क्षमता र सिर्जनशीलतालाई सम्बोधन गर्न नसक्नु, युवा तथा खेलकुद सम्बन्धी संस्थागत संरचना कमजोर हुनु, खेलकुद क्षेत्रको विकासमा व्यवहारिक महत्त्वबोध नहुनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

मध्यम र उच्च शिक्षा प्राप्त गरेका युवा विदेश पलायन हुने प्रवृत्ति रोक्नु, सामाजिक र आर्थिक सेवामा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभरूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि गरी स्वदेशमा रोजगारी र स्वरोजगारको व्यवस्था गर्नु, सामाजिक र आर्थिक रूपान्तरणमा युवा परिचालन गर्नु, प्रदेशस्तरमा पर्याप्त खेलकुद तथा पूर्वाधारको विकास, निर्माण, स्तरोन्नति, खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता गराउनु, खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

बढ्दो युवा जनसंख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई हालको जनसांख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु , प्रादेशिक सरकार गठन पछि युवालाई राष्ट्र निर्माणमा मूल प्रवाहीकरण गर्ने सोच र इच्छा शक्ति देखिनु, युवामा आफ्नो शक्ति र भूमिका प्रति जागरूकता आउनु , युवा र खेलकुद लक्षित कार्यक्रमलाई विस्तार गर्नका लागि आधार तयार हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

पौरखी युवा, सिर्जनशील नेतृत्व : समृद्ध नेपाल, सुखी अभिभावकत्व ।

**लक्ष्य**

युवाको विकास तथा खेलकुदका अवसरद्वारा स्वास्थ्य, अनुशासित, सिर्जनशील एवम् प्रदेश समृद्धिमा योगदान दिन सक्ने नागरिक विकास हुने ।

**उद्देश्य**

१. युवा प्रतिभा विकास तथा उद्यमशीलता एवम् स्वरोजगारका अवसर सृजना गर्नु ।
२. सबैका लागि खेलकुदको अवधारणा अनुरूप खेलकुद क्षेत्रलाई अनुशासित र मर्यादित बनाउँदै युवालाई खेलकुदको अवसर प्रदान गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवा क्षमता विकास र परिचालन गरी सामाजिक-आर्थिक क्षेत्रमा संलग्नता बढाउने । | (क) युवा परिषद्को गठन गरी प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) अन्वेषणात्मक कार्यमा युवा वैज्ञानिकलाई प्रोत्साहन गर्दै प्रदेशमा प्रविधिको स्थानीयकरणका लागि प्रविधि उपयोग कोष स्थापना गरिनेछ ।<br>(ग) बहुउद्देश्यीय युवा सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ ।<br>(घ) परम्परागत पेशा र व्यवसायको जगेर्ना र व्यावसायीकरणमा युवा सहभागिता अभिवृद्धि गरिने छ ।<br>(ङ) समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत विभेद लैङ्गिक हिंसा तथा अमानवीय कार्यको अन्त्यका लागि युवा परिचालन गरिनेछ । |
| २. खेलकुद मार्फत स्वस्थ, सिर्जनशील, अनुशासित र मर्यादित युवाशक्तिको विकास गर्ने । | (क) युवाको क्षमता एवम् उद्यमशीलता अभिवृद्धि गरी खेलकुदलाई स्वरोजगार एवम् रोजगारसँग आबद्ध गरिनेछ ।<br>(ख) युवालाई विपद् व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गरिनेछ ।<br>(ग) परम्परागत खेलकुदलाई विकास र संरक्षण गरिनेछ ।<br>(घ) प्रदेश स्तरीय खेलकुद बोर्ड गठन गरी खेलकुदको विकास र विस्तार गरिने छ ।<br>(ङ) सबै प्रकारका शिक्षण संस्थालाई खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रेरित र प्रोत्साहित गरिनेछ ।<br>(च) खेलकुदको विकास तथा व्यावसायीकरण गर्न संघ संस्था तथा निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।<br>(छ) साहसिक र पर्यटकीय खेलकुदको विकास गरी खेलकुद क्षेत्रलाई आत्मनिर्भर बनाउँदै लगिनेछ ।<br>(ज) खेलकुदको विकासका लागि अध्ययन अनुसन्धान गरिनेछ ।<br>(झ) समाजमा बढिरहेको युवा निराशा, दुर्व्यसन, अपराधलाई रोक्न युवा सचेतना कार्यलाई उच्च प्राथमिकता दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ञ) बहुखेलकुद प्रतियोगिता आयोजना हुने प्रादेशिक रङ्गशालाको निर्माण गरिनेछ । |

**अपेक्षित उपलब्धि**

प्रादेशिक अर्थतन्त्रमा युवाको योगदान ७६.२ प्रतिशत पुगेको हुने, ६० वटा परम्परागत पेशाको संरक्षण एवम् आधुनिकीकरण भएको हुने; शिक्षा, तालिम र रोजगारीबाट विमुख भएको जनसंख्या घटेर २३.८ मा झरेको हुने, १०० वटा युवा सिर्जनशील कोष स्किमको विकास भएको हुने, खेलकुदको व्यावसायिक क्लवको विकास भएको हुने, बहुखेलकुद प्रतियोगिता आयोजना हुने प्रादेशिक रङ्गशालाको निर्माण भएको हुने, प्रादेशिक तहमा खेलकुद प्रतियोगिताको नियमित रूपमा आयोजना हुने, उत्पादनमूलक संस्थामा युवा जनसंख्याको आवद्धता ३५ प्रतिशत पुगेको हुनेछ ।

## ५.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण

### पृष्ठभूमि

कला, भाषा, धर्म, सस्कृति, ऐतिहासिक सम्पदा, परोपकारी गुठी प्रणाली आदि नेपालको मौलिक राष्ट्रिय पहिचान हुन् । संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रका रूपमा परिभाषित गरेको छ । नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा अबलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्धन र संरक्षण गर्ने हक प्रदान गरेकोछ । यसैगरी ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्धन र विकासका लागि अध्ययन अनुसन्धान, उत्खनन तथा प्रचारप्रसार गर्ने, राष्ट्रिय सम्पदा, कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने नीति अवलम्बन गरेको छ ।

प्रदेशमा नेपाली (४२.७), मैथिली (११.२), लिम्बु (७.३), थारु (३.९), बान्तवा (२.९) लगायत करिब १०० भन्दा बढी भाषा बोलिन्छन् । लिम्बू, राई, धिमाल, राजवंशी, सन्थाल र किसान लगायतका भाषा बोलिने मूल स्थान यही प्रदेश हो । जातजाति, भाषा, भेषभुषा, रहनसहनका मानिसको बसोबास रहेको यस प्रदेश ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक दृष्टिले समृद्ध छ । विविध भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग एवम् गुठी व्यवस्थापन प्रदेशको कार्यक्षेत्रभित्र पर्दछन्।

**प्रमुख समस्या**

मातृभाषा, साहित्य, सम्पदा, कला र संस्कृतिको शोध, खोज, अनुसन्धान र सर्वेक्षण तथा संरक्षणको कमि हुनु, भाषा, कला एवम् संस्कृतिको क्षेत्रमा कार्यरत संघसंस्था र सरकारकाबिच प्रभावकारी सहकार्य हुन नसक्नु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आयआर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आदि प्रमुख समस्या हुन् ।

### चुनौती

विभिन्न मातृभाषा र लिपिको अभाव तथा मानकीकरणको समस्या समाधान गर्नु, लोपोन्मुख भाषा, कला साहित्य, संस्कृतिको तथा सम्पदा संरक्षण गर्नु; भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक

सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु, बढ्दो शहरीकरणका कारण मूर्त र अमूर्त संस्कृति विनाश र परिवर्तन हुँदै जानु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि संवैधानिक निर्देशन रहनु, अद्वितीय मौलिक संस्कृतिको प्राचुर्यता रहनु, भाषा, कला एवम् संस्कृतिको पर्यटन लगायतका क्षेत्रसँग आबद्धता गरी आय र रोजगारी वृद्धिको सम्भावना रहनु, पर्याप्त सांस्कृतिक विविधता तथा कला र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सांस्कृतिक पहिचान कायम राख्नु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

बहुल सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन : सामाजिक न्यायपूर्ण प्रदेश ।

**लक्ष्य**

मौलिक संस्कृति, धार्मिक, पुरातात्त्विक एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गरी प्रदेशको चिनारी स्थापित हुने ।

**उद्देश्य**

प्रदेशभित्रको भाषा, कला, साहित्य, तथा सङ्गीत क्षेत्रको संवर्द्धन र विकास गरी धार्मिक, भाषिक र सांस्कृतिक एकता र सद्भाव कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने । | (क) भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदा संरक्षण र संवर्द्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक सम्पदाको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>(ग) भाषा, कला, साहित्य, संस्कृति र सम्पदा संरक्षण गरी प्रदेशलाई समुन्नत बनाउन प्रदेशस्तरीय प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ ।<br>(घ) प्रदेश स्तरीय बहु-सांस्कृतिक ग्रामको स्थापना र विकास गरिने छ ।<br>(ङ) विभिन्न विधाका कलाकारको विकास तथा उत्प्रेरणाका लागि कला केन्द्रको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ।<br>(च) स्थानीय भाषा, साहित्य एवम् सम्पदा संरक्षण र संवर्द्धनका लागि संघीय र प्रादेशिक निकाय तथा संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (छ) सबै जातजातिको भाषा, लिपी, धर्म संस्कृति, भेषभुषा र रीति रिवाजको अध्ययन अनुसन्धान गरी संरक्षण र संवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ज) प्रदेशमा रहने सबै जात जातिको सांस्कृतिक पहिचान झल्काउने मुख्य पूजाआजा, धर्म, धार्मिक शक्तिपीठ, धाम तथा मठमन्दिरको संरक्षण, संवर्द्धन गर्दै धार्मिक पर्यटन स्थलको रूपमा विकास गरिनेछ ।<br>(झ) पुरातात्त्विक स्मारकहरूको खोजी र विभिन्न संग्रहालयहरूको संरक्षण र संवर्द्धन गरिने छ । |

**अपेक्षित उपलब्धि**

१३ वटा लोपोन्मुख भाषा संस्कृतिको संरक्षण भएको हुने, १५ वटा पुरातात्विक सम्पदा (१०० वर्षभन्दा पुराना) को संरक्षण भएको हुने, ५ वटा सङ्ग्रहालयको स्थापना भएको हुने, एक वटा बहुजातीय सांस्कृतिक ग्राम स्थापना भएको हुने, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको अन्वेषण अनुसन्धान हुनेछ ।

## ५.१३ गैरसरकारी क्षेत्र

### पृष्ठभूमि

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक—सामाजिक विकासमा गैरसरकारी क्षेत्रको महत्त्वपूर्ण योगदान रहन्छ । सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जबाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थालाई एक द्वार प्रणालीमा आबद्ध गर्दै राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा संलग्न गराउने राज्यको नीति रहेको छ ।

नेपालमा हाल १४५ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामध्ये ४० संस्था यस प्रदेशमा क्रियाशिल छन् । त्यसैगरी १,०१८ गैरसरकारी संस्था यस प्रदेशमा क्रियाशिल छन् ।

**समस्या**

गैरसरकारी संस्थाको प्रदेश सरकारसँग समन्वयको कमी हुनु, गैरसरकारी संस्थाको कार्य प्रगति उपलब्ध नहुनु, समाज कल्याण परिषदसँग समन्वय कमजोर हुनु, गैरसरकारी क्षेत्रको कार्यक्रम तथा खर्च पारदर्शी नहुनु, गैरसरकारी संस्थाको कार्यक्रम प्रदेश सरकारको वार्षिक कार्यक्रममा आबद्ध नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

प्रदेश सरकारका प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थाको परिचालन गर्नु, गैरसरकारी संस्थाको समन्वय प्रभावकारी बनाउनु, गैरसरकारी संस्थाका कार्यक्रमलाई प्रदेश वार्षिक कार्यक्रममा आबद्ध गर्नु, गैरसरकारी संस्थाको चालु खर्चलाई सीमामा राखी कार्यक्रम खर्चमा वृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

गैरसरकारी संस्थाप्रदेश विकासमा स्रोत परिपुरक र साझेदार रूपमा विकास हुनु, गैरसरकारी संस्थामा युवाको बढ्दो आकर्षण र सहभागिता, दुर्गम तथा पिछडिएका क्षेत्र एवम् सामाजिक परिचालन, सचेतना अभिवृद्धि तथा सेवा प्रवाहका क्षेत्रमा गैरसरकारी संस्थाको भूमिका प्रभावकारी हुनु आदि प्रमुख अवसर हुन।

### क्षेत्रगत सोच

गैरसरकारी संस्थाको परिचालन; सामाजिक रूपान्तरण ।

### लक्ष्य

गैरसरकारी संस्थाको परिचालनले चेतनाको अभिवृद्धि भई आर्थिक-सामाजिक विकासको आधारशीला निर्माणमा सहयोग पुगेको हुने ।

### उद्देश्य

गैरसरकारी संस्थालाई आर्थिक-सामाजिक विकासमा प्रभावकारी ढङ्गले परिचालन गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गैरसरकारी संस्थालाई विकासका प्राथमिकता क्षेत्रमा प्रभावकारी परिचालन एवम् नियमन गर्ने । | (क) गैरसरकारी संस्थाको अभिलेख व्यवस्थित एवम् अद्यावधिक गरिनेछ ।<br>(ख) अन्तरसरकार समन्वयमा गैरसरकारी संस्थाको प्रभावकारी परिचालन एवम् नियमन गरिनेछ ।<br>(ग) गैरसरकारी संस्थाका कार्यक्रम प्रदेश तथा स्थानीय तहको वार्षिक कार्यक्रममा आबद्ध गरिनेछ ।<br>(घ) तुलनात्मक रूपमा बढी प्रभावकारी देखिएका क्षेत्र जस्तै दुर्गम क्षेत्र, सामाजिक परिचालन, सचेतना अभिवृद्धि, सेवा प्रवाह र क्षमता विकास आदिमा गैरसरकारी संस्थाको परिचालन गरिनेछ ।<br>(ङ) गैरसरकारी संस्थाको प्रशासनिक खर्चलाई वान्छित सीमामा रहने गरी कार्यक्रम तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा स्रोत परिचालन गर्न प्रोत्साहन गरिने छ ।<br>(च) गैरसरकारी संस्थामा आन्तरिक सुशासन तथा पारदर्शिता अभिवृद्धिमा जोड दिइनेछ । |

### अपेक्षित उपलब्धि

गैरसरकारी संस्थाका कार्यक्रम प्रदेश तथा स्थानीय तहका सरकारका प्राथमिकता र कार्यक्रम पुस्तिकामा समावेश भएको हुने, गैरसरकारी संस्थाको प्रभावकारी नियमन भएको हुने आदि अपेक्षा गरिएकोछ ।

# परिच्छेद छः पूर्वाधार क्षेत्र

## ६.१ शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन

### पृष्ठभूमि

शहरीकरणलाई आर्थिक विकासको इन्जिन पनि भन्ने गरिन्छ । स्वच्छ वातावरण र आवासलाई संविधानले मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकास, पछाडी परेका क्षेत्रको पूर्वाधार विकास र विकास निर्माण प्रक्रियामा स्थानीय सहभागिता वृद्धि गर्ने नीतिमा उल्लेख छ । यसैगरी प्रदेश भित्रको शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजना, भवन निर्माण प्रविधिको प्रवर्द्धन, राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन प्रदेशको अधिकार सूचीमा रहेका छन् ।

### (क) शहरी प्रणाली

वि.सं. १९५० साल पछि स्थापित सबैभन्दा पुरानो नगर विराटनगर महानगरपालिका सहित यस प्रदेशमा २ उप-महानगरपालिका र ४६ नगरपालिका छन् । यस मध्ये तराईमा २३, भित्रि तराईमा ४, पहाडमा १५ र हिमालमा ७ रहेका छन् । नगरपालिकाको औसत जनघनत्त्व प्रति हेक्टर ४.४ र गाँउपालिकाको प्रति हेक्टर २.० ब्यक्ति रहेको छ । जनसंख्याको वितरण हेर्दा तराईमा ६६.२ प्रतिशत, भित्रि तराईमा ८.९ प्रतिशत, पहाडमा १९.१ प्रतिशत र हिमालमा ५.९ प्रतिशत देखिन्छ । प्रदेशको कुल जनसंख्या मध्ये ५८.३ प्रतिशत नगरपालिकामा बस्छन् । प्रदेशमा कोशी राजमार्गको ४५ कि.मि. लामो विराटनगर देखि धरान खण्ड एउटै सघन शहरी कोरिडोरको रूपमा बिस्तार भइरहेको छ । यस खण्डमा जन घनत्व १० व्यक्ति प्रति हेक्टर भन्दा ज्यादा रहेको छ । यस्तो शहरी कोरिडोर पूर्व पश्चिम राजमार्गको ९२ कि.मि. लामो मेचीनगर देखि इनरुवा खण्डमा पनि विकसित भइरहेको छ । यसै गरी मेची राजमार्ग, सगरमाथा राजमार्ग र कटारी ओखलढुङ्गा जोडने सहायक राजमार्ग अवस्थित क्षेत्रमा पनि शहरीकरण भइरहेको छ। प्रदेशमा समग्र सुविधायुक्त शहरी बस्ती २२.४ प्रतिशत मात्र छ । ३७.८ प्रतिशत घरहरू भवनमापदण्ड अनुसार निर्माण भएकाछन् । पुराना वा नयाँ केहीलाई छोडी नगरपालिका प्राय ग्रामीण स्वरूपका नै छन् । खानेपानी, सरसफाइ,सडक सञ्जाल, विद्युत आपूर्ति लगायतका आधारभूत शहरी पूर्वाधारको अवस्था कमजोर छ ।

### (ख) ग्रामीण प्रणाली

प्रदेशमा अवस्थित ८८ गाउँपालिकाले ४१.७ प्रतिशत जनसंख्या र २६ हजार १२५ ब. कि.मि. क्षेत्रफल (६७ प्रतिशत) ओगटेको छ । तराईमा २१, पहाडमा ४७ र हिमाली क्षेत्रमा २० गाउँपालिका छन् । तराईमा गाउँपालिकाको औसत जनसंख्या ३६ हजार ८६९ छ भने पहाड र हिमालमा क्रमशः १७ हजार ९२२ र ११ हजार ७१४ छ । ग्रामीण प्रणालीमा “बजार केन्द्र” एउटा महत्त्वपूर्ण इकाई हो । यस्ता बजार केन्द्र पक्की सडकसँगै विकसित भएका छन् । बजार केन्द्रमा १०० देखि ५ हजार

सम्म जनसंख्या र १० देखि २२० व्यापारिक इकाई हुने गरेको पाइन्छ । केही बजार केन्द्र साना शहरको रूपमा समेत विकसित भइ सकेको देखिन्छ ।

५०.८० प्रतिशत घरधुरीमा आधारभूत सेवा सुविधा भएको, ९.३ प्रतिशत घरधुरीमा नाला/ढल सुविधा रहेको, जस्ता पाता/आर.सि.सि. भएको घरधुरी ४४.८ प्रतिशत रहेको, ३७.८ प्रतिशत जनसंख्याको सुरक्षित आवास भएको, नक्सा पास गरी बनेका घरधुरी संख्या ४८ प्रतिशत पुगेको देखिन्छ ।

**(ग) जग्गा व्यवस्थापन**

**भू-बनावट**

प्रदेशमा विकास योग्य जग्गा सीमित मात्र छ । भिरालोपन (३० डिग्री भन्दा माथि), वन, तथा नदी ताल जस्ता भू-भागलाई कटाउँदा प्रदेशमा विकास योग्य जमिनको क्षेत्रफलको एक तिहाइ (३३.२ प्रतिशत) मात्र छ । त्यस्तो विकास योग्य जमिनमा नै महत्त्वपूर्ण कृषि जमिन समेत पर्दछ ।

**जग्गाको खण्डीकरण**

कृषि जमिनको द्रुततर रूपमा खण्डीकरण भइरहेको छ । त्यसमा पनि सानो कित्ताकाट गर्ने नीति विद्यमान रहेकोले पनि कृषि जमिनको संरक्षण हुन सकिरहेको छैन । यस्तो खण्डीकरणले अव्यवस्थित शहरीकरणमा वृद्धि भइरहेको छ । पूर्वाधार विकास तथा उद्योग स्थापनाको लागि आवश्यक जग्गा प्राप्त गर्न पनि कठिन हुने गरेको छ । तुलनात्मक रूपमा प्रदेशमा कित्ताको औसत क्षेत्रफल ०.३६ हेक्टर र समग्र नेपालको ०.२० हेक्टर छ ।

**(घ) जग्गा व्यवस्थापन प्रणाली**

जग्गा बजार प्रणालीको स्वरूप ९५ प्रतिशत अनौपचारिक रहेको अनुमान गरिएको छ । जग्गा किन-बेच गर्नु पर्दा जग्गा सम्बन्धी सूचना सहज रूपमा प्राप्त नभई मध्यस्थताको भर पर्नुपर्ने र पारिवारिक आवश्यकताले कित्ताकाट हुने अवस्थाले अनौपचारिक बनाएको छ ।

**(ङ) आवास विकास पद्धति**

आवासमा परिवारको पहुँच अत्याधिक मात्रामा आफ्नै प्रयासबाट हुने गरेको देखिन्छ । निजी आवास विकासमा सरकारी भूमिका न्यून रहेको पाइन्छ । तथापि राष्ट्रिय पुनर्निर्माण अभियान, जनता आवास कार्यक्रमको माध्यम द्वारा नेपाल सरकारले निजी आवासको निर्माण विकास गरिरहेको छ । सरकारको नीतिले मुख्य रूपमा आवासमा परिवारको पहुँच बढाउन सेवा सुविधायुक्त आवासीय घडेरीको विकासमा जोड दिएको छ । प्रदेशमा जग्गा एकीकरण पद्धतिको कार्यान्वयन ताप्लेजुङको फुङलिङमा भइसकेको र विराटनगर तथा धरानमा कार्यान्वयनमा छन् । प्रदेशमा अनौपचारिक तथा अस्वस्थकर बस्तीमा बसोबास गर्ने परिवार पनि छ । धरानमा यस्तो जनसंख्या १८ प्रतिशत छ ।

**(च) भवनको किसिम**

प्रदेशमा समग्र परिवार संख्या मध्ये ८० प्रतिशत भन्दा बढीले आफ्नै स्वामित्वको आवासमा र बाँकी मध्ये ९.७ प्रतिशतले भाडाका आवासमा बसोबास गरेको पाइन्छ । शहरी क्षेत्रमा ७० प्रतिशत भवन आवासीय प्रकृतिको भएको अनुमान छ । बाँकी संस्थागत तथा व्यावसायिक छन् । पहाडी तथा हिमाली

जिल्लाका अत्याधिक आवासीय भवन माटोको जोडाइमा ढुङ्गा र ईटाको गारोले बनेका छन् । राष्ट्रिय भवन संहिताको कमजोर कार्यान्वयनले पनि निर्मित भवन भूकम्पीय दृष्टिकोणले कमजोर देखिन्छ ।

**प्रमुख समस्या**

शहरी योजना तर्जुमा र कार्यान्वयन नहुनु, योजना तथा भवन निर्माण मापदण्ड र संहिताको प्रभावकारी कार्यान्वयन नहुनु, आधारभूत भौतिक संरचनाको कमी हुनु , पूर्वाधार संरचनाको विकासमा समन्वय कमजोर हुनु, न्यून आय वर्गका परिवारको आवासमा पहुँच नहुनु, नदी नाला तथा बन जस्ता सार्वजनिक जमिन तथा सांस्कृतिक सम्पदामा अतिक्रमण बढ्नु, ग्रामीण र शहरी प्रणाली बिच अन्तरसम्बन्ध कमजोर रहनु, विकास नीतिमा बजार केन्द्र प्राथमिकतामा नपर्नु, जग्गा बजार प्रणाली अनौपचारिक हुनु, न्यूनतम क्षेत्रफलमा आधारित कित्ताकाट प्रणाली विद्यमान रहनु, शहरी पूर्वाधार वातावरण मैत्री, लैङ्गिक मैत्री, वाल मैत्री र अपाङ्ग मैत्री नहुनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

आधारभूत शहरी सेवा सुविधाको विकासका लागि स्रोत जुटाउनु, शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउनु, प्रादेशिक तथा स्थानीय संस्थागत क्षमता र प्राविधिक दक्षता विकास गर्नु, शहरी विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थापित गर्नु, जग्गाको अत्याधिक विखण्डन तथा बढ्दो मूल्यले उद्योग कलकारखाना तथा शहरी पूर्वाधार संरचना विकासका लागि आवश्यक जग्गा प्राप्त गर्नु, भूमी खण्डीकरण रोक्नु, शहरी कोरिडोर व्यवस्थित गरी आर्थिक अवसर सृजना गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

शहरी आर्थिक कोरिडोरको नियोजित विकासको लागि प्रयास हुनु, शहरी आर्थिक कोरिडोरको माध्यमद्वारा ग्रामीण प्रणाली र पहाडी शहरी प्रणालीको विकास गर्न सकिने अवस्था हुनु । बजार केन्द्रको विकासद्वारा समग्र ग्रामीण क्षेत्रको विकासमा योगदान गर्न सकिने अवस्था हुनु, शहरी र बजार केन्द्रको सामूहिकरणद्वारा एकीकृत आर्थिक विकास र सेवा प्रवाहको सम्भावना रहनु, शहरी विकास एवम् भू-व्यवस्थापन प्रदेशको अधिकारमा हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

मौलिक निर्माण, सामाजिक सम्पदा : व्यवस्थित शहर र गाउँ बिचको अन्तरनिर्भरता ।

**लक्ष्य**

आवासमा पहुँच र सेवा सुविधा तथा अवसरयुक्त शहर र गाउँ प्रणालीको निर्माण भएको हुने ।

**उद्देश्य**

१. शहरी र बजार केन्द्रको विकास सम्भाव्यता र पारस्परिक अन्तरसम्बन्धलाई उजागर गर्दै शहरी पूर्वाधारमा लगानी अभिवृद्धि गर्नु ।

२. प्रादेशिक र स्थानीय भौतिक योजना (Spatial Structure Plan) को तर्जुमा एवम् कार्यान्वयन संस्थागत गर्नु।

३. जग्गाको दिगो उपयोग, रूपान्तरण र व्यवस्थापन गर्नु ।

४. सुरक्षित आवासमा सबैको पहुँच र हक सुनिश्चित गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. पहाड र हिमाली क्षेत्रका शहर र बजार केन्द्रको क्लष्टर (समूहीकृत) मा क्षेत्रीय शहरी संरचनाको विकास गरी शहरी कोरिडोरसँग आबद्ध गर्ने । | (क) भौगोलिक सामिप्यता, तुलनात्मक लाभ र प्राकृतिक अन्तरसम्बन्ध भएको प्रमुख शहरी केन्द्र, साना शहर तथा बजार केन्द्र लाई समेटी सामूहिकीकरण गरिनेछ ।<br>(ख) पहाड र हिमाली क्षेत्रका शहरी क्लष्टरलाई प्राथमिकतामा दिई विकास योजनामा स्थानीय सरकारसँग सहकार्य गरिनेछ । |
| २. ठूला शहरी कोरिडोरलाई नियोजित विकास र व्यवस्थापन गर्दै योजनाबद्ध आर्थिक क्षेत्रको रूपमा रूपान्तरण गर्ने । | (क) विराटनगर-धरान लगायत बहु-उद्देश्यात्मक एकीकृत शहरी कोरिडोर योजनालाई आधार स्तम्भको रूपमा लिइ कार्यान्वयन गरिनेछ ।<br>(ख) मेचीनगर-इनरुवा लगायत कोरिडोरमा उत्तर-दक्षिण कोरिडोरसँग समन्वय हुने योजना तर्जुमा र कार्यान्वयन गरिनेछ । |
| ३. ग्रामीण बस्तीको बजार केन्द्रमा शहरी पूर्वाधार सेवा र आर्थिक अवसरको एकीकृत विकास गर्ने । | (क) बजार केन्द्रको विकासको लागि सेवा सुविधायुक्त जग्गाको उपलब्धता बढाउन जग्गा एकीकरण तथा निर्देशित जग्गा विकास कार्यक्रम स्थानीय तहसँगको सहकार्यमा सञ्चालन गरिनेछ ।<br>(ख) विकसित घडेरी, पूर्वाधार सेवा सुविधामा सहज पहुँच, हाटबजार संरचना तथा शीत भण्डारको विकास र प्रशासनिक प्रक्रियामा सहुलियत एवम् सरलीकरण गरी बजार केन्द्रमा निजी लगानी आकर्षण गरिनेछ ।<br>(ग) बजार केन्द्रलाई नजिकको राजमार्गसँग जोड्ने सडक सञ्जाल विस्तार गरिने छ । |
| ४. प्रदेशको पूर्वाधार लगानीलाई प्रादेशिक भौतिक योजना, एकीकृत मापदण्ड बनाई निर्देशित गर्ने । | (क) प्रादेशिक भौतिक योजना तर्जुमा, स्वीकृति, तथा कार्यान्वयन सम्बन्धी कानुनी तथा संस्थागत संरचना निर्माण गरिनेछ ।<br>(ख) प्रादेशिक भौतिक योजनाले पूर्वाधार संरचनाको प्राथमिकीकरण सहित स्पष्ट भौतिक खाका समावेश गरेको हुनेछ ।<br>(ग) प्रदेश सरकारको आवश्यक भौतिक संरचना (मन्त्रालय, प्रदेश सभा, आयोग, निर्देशनालय र कार्यालय) विकास सम्बन्धी योजना बनाई कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) जोखिमयुक्त क्षेत्र, प्राकृतिक तथा सांस्कृतिक सम्पदा क्षेत्रमा विकास निर्माण दुरुत्साहित गरी सुरक्षित विकास योग्य स्थानमा योजना तर्जुमा, भवन निर्माण, वास्तुकला, पूर्वाधार र वातावरणीय गुणस्तर सम्बन्धी एकीकृत मोडल मापदण्ड बनाई कार्यान्वयन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ । |
| ५. शहरी विकास र बिस्तार क्षेत्र, कृषि जमिन जस्ता प्राकृतिक संरक्षण क्षेत्रको पहिचान गरी व्यवस्थापन गर्ने । | (क) योजना तथा निर्माण सम्बन्धी मापदण्डको तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।<br>(ख) स्थानीय तहमा जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड बनाई लागु गरिनेछ ।<br>(ग) भूपयोग वर्गिकरणका आधारमा शहरी विकास र बिस्तार क्षेत्रलाई म्यापमा वा नापी नक्सामा सीमा रेखा कोरी संरक्षण गरिने कृषि जमिन तथा प्राकृतिक स्रोत क्षेत्रबाट अलग्याइने विधि अपनाइनेछ ।<br>(घ) कित्ताकाट गर्दा कृषि जमिनको संरक्षणलाई योगदान पुग्ने गरी मापदण्डको आधारमा ठूलो क्षेत्रफल कायम गरिनेछ ।<br>(ङ) शहरी विकास क्षेत्र पहिचान गर्दा भविष्यमा कम्तीमा १० वर्षको लागी आवास लगायत विभिन्न शहरी क्रियाकलापको निम्ति चाहिने जग्गा सुरक्षित राखिनेछ ।<br>(च) कृषिका लागि अनुपयुक्त स्थानमा मात्र शहरी बिस्तार क्षेत्र तोकिनेछ ।<br>(छ) शहरी संरचना निर्माण बिस्तार गर्दा शहरी विकास र तोकिएको शहरी बिस्तार क्षेत्रमा मात्र गरिनेछ । |
| ६. जग्गाको उपलब्धता सम्बन्धी सूचनामा नागरिकको सहज पहुँच स्थापित गर्न शहर र प्रदेश स्तरीय जग्गा खरिदबिक्री सूचना प्रणालीको उपयोग गर्ने । | (क) शहरी विकास क्षेत्र पहिचान गर्दा भविष्यका लागी आवास लगायत विभिन्न शहरी क्रियाकलापको निम्ति चाहिने जग्गा सुरक्षित राखिनेछ ।<br>(ख) जग्गा किन-बेच सम्बन्धी शहरी र प्रादेशिक सूचना सम्बन्धी कार्यविधि र विद्युतीय सूचना प्रणाली विकास गरी निजी क्षेत्रलाई आबद्ध गर्दै कार्यान्वयन गरिनेछ । |
| ७. न्यून आर्थिक क्षमताका परिवारलाई प्राथमिकता दिई सबैलाई समेट्ने विविध आवास | (क) आवास व्यवस्थापनका निम्ति केन्द्र सरकार र स्थानीय सरकारसँग समन्वय गरी उचित कानुन, कार्यविधि र मापदण्ड बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| निर्माण र आपूर्तिका उपाय तथा संयन्त्रको प्रवर्द्धन गर्ने । | (ख) शहरी केन्द्रमा निजी क्षेत्रलाई उपयुक्त सहुलियत दिई न्यून आय वर्गका लागि सुलभ आवासको विकासमा जोड दिइनेछ ।<br>(ग) ग्रामीण क्षेत्रमा अति न्यून आय भएका विशेष वर्गका लागि विद्यमान जनता आवास कार्यक्रमलाई पुनरावलोकन गर्दै कार्यान्वयन गरिनेछ ।<br>(घ) योजनावद्ध सामुहिक आवास र सयुक्त आवास विकासको अवधारणा प्रवर्द्धन गरिनेछ । |
| ८. आवास सहित व्यावसायिक प्रतिष्ठान, रणनीतिक शहरी संरचना तथा नयाँ शहर विकासका निम्ति आवश्यक सेवा सुविधायुक्त जग्गाको लागि सहभागितामूलक जग्गा विकास पद्धतिको कार्यान्वयन गर्ने । | (क) विद्यमान नीति, कानुन, योजना तथा भवन निर्माण मापदण्डसँग तादात्म्य हुने गरी अनियोजित तथा अस्वस्थ्यकर बस्तीको प्रभावकारी व्यवस्थापन गरिनेछ ।<br>(ख) अनौपचारीक र अस्वस्थकर बस्तीमा जमिनको सामुहिक सहभागिता (ल्याण्ड सेयरिङ) जस्ता पद्धति अपनाई नागरिकको आवासमा हक र पहुँच सुरक्षित गरिनेछ ।<br>(ग) भौतिक योजनाले प्राथमिकीकरण गरेका स्थानमा जग्गा एकीकरण र निर्देशित जग्गा विकास कार्यक्रम जस्ता सहभागितामूलक जग्गा विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>(घ) जग्गा एकीकरण कार्यक्रमको लागि प्राविधिक इकाई, जनशक्ति र कोषको व्यवस्था गरिनेछ ।<br>(ङ) जग्गा एकिकरण कार्यक्रममा व्यापकता ल्याउन स्थानीय सरकारलाई प्राविधिक र आर्थिक सहयोग प्रदान गरिनेछ । |
| ९. निजी क्षेत्रबाट गरिने घडेरी विकासलाई स्थानीय सरकारको योजना तथा मापदण्ड अनुकूल हुने गरी प्रवर्द्धन गर्ने । | (क) शहरी बहालयुक्त आवासको गुणस्तर सम्बन्धी मापदण्ड तर्जुमा गरी स्थानीय सरकारको समन्वय र समुदायको सहभागितामा शहरी क्षेत्रमा बहालयुक्त आवासको प्रवर्द्धन गरिनेछ ।<br>(ख) निजी क्षेत्रबाट गरिने घडेरी विकासलाई स्थानीय तहमा योजना स्वीकृतिको प्रक्रियाद्वारा नियोजित गरिनेछ । |
| १०. राष्ट्रिय भवन संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाई भवन निर्माणलाई सुरक्षित तुल्याउने । | (क) राष्ट्रिय भवन संहिताको कार्यान्वयनको लागी संघ, स्थानीय सरकार, र अन्य निकायसँग सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ख) राष्ट्रिय भवन संहिता र योजना, भवन निर्माण, वास्तुकला, पूर्वाधार तथा वातावरण सम्बन्धी एकीकृत मोडल मापदण्डलाई संयोजन गरी कार्यान्वयन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

९४.४९ प्रतिशत घरधुरीमा आधारभूत सेवा सुविधा पुगेको हुने, ४० प्रतिशत घरधुरीमा नाला/ढल सुविधाको पुगेको हुने, जस्ता पाता/आर.सि.सि. भएको घरधुरी ५० प्रतिशत पुगेको हुने, सबै स्थानीय तहसहित प्रदेशमा Spatial Structure Plan तर्जुमा तथा कार्यान्वयन भएको हुने, ५० प्रतिशत जनसंख्याले सुरक्षित आवास प्रयोग गरेको हुने, दुईवटा शहरी आवास कोरिडोर क्षेत्रको विकास भएको हुने, ४ वटा शहरी क्लस्टर विकास भएको हुने, सबै स्थानीय तहका केन्द्रहरुमा आधारभूत शहरी संरचना विकास भएको हुने, ६ वटा जग्गा एकिकरण कार्यक्रम कार्यन्वयन भएको हुने, सबै स्थानीय तहमा भवन आचारसंहिता लागु भएको हुने, विराटनगर-धरान लगायतका शहरी कोरिडोर क्षेत्रका विकास सम्बन्धी परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन तथा डिजाइन प्रतिवेदन तयार भई कार्यान्वयनमा आएको हुने । मेचीनगर-इनरुवा लगायत शहरी कोरिडोरको पनि अध्ययन तथा योजना तर्जुमा भएको हुने, शहरी योजना, जग्गा विकास तथा व्यवस्थापन कार्यक्रम र मापदण्ड लागु भएको हुनेछ ।

## ६.२ सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

### ६.२.१ सिँचाइ

**पृष्ठभूमि**

संविधानमा जलस्रोतको बहुपयोगी विकास गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने" राज्यको नीति रहेको छ ।

प्रदेशमा कुल ७ लाख ८३ हजार ५९५ हे. जग्गा कृषि योग्य जमिन मध्ये हालसम्म ३ लाख २ हजार ४५८ हे. मा सिँचाइ सुविधा पुगेको छ भने ४ लाख ८१ हजार १३७ हे. भूमिमा सिँचाइ सेवा उपलब्ध गराउन बाँकी रहेको छ । तराईको मुख्य कृषि उत्पादन क्षेत्रमध्ये सुनसरी जिल्लाको करिब ७५ प्रतिशत जग्गा सुनसरी-मोरङ आयोजनाभित्र पर्ने भएकोले अधिकांश भागमा सिँचाइ सुविधा पुगेको देखिन्छ भने झापामा ५२ प्रतिशत र मोरङमा ६३ प्रतिशत सिँचाइ सुविधा पुगेको देखिन्छ । सुनसरी-मोरङ सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र ६८,००० हे. मध्ये बर्षातमा करिब ४०,००० हे. र हिउँदमा करिब १५,००० हे. भूमिमा मात्र सिँचाइ सुविधा पुग्ने गरेको छ । यस बाहेक प्रदेशमा कृषक व्यवस्थित सिँचाइबाट समेत जम्मा २,५५,१८० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको पाइन्छ । प्रदेशमा उपलब्ध सिँचाइ सुविधाको ५० प्रतिशत मात्र सिचाई सुविधा उपयोग भएको देखिन्छ ।

**प्रमुख समस्या**

सिँचाइ प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, कृषक व्यवस्थित कुलोमा पनि स्व:व्यवस्थापन भन्दा स्रोतको निमित्त सरकार प्रतिको निर्भरता बढ्दै जानु, सिँचाइ शुल्क उठन नसक्नु, कृषि र सिँचाइ सम्बद्ध निकाय

बिच समन्वय कमजोर हुनु, सिँचाइ सम्बन्धी सङ्गठनात्मक पुनर्संरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता, नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, ड्रिप आदि) सिँचाइको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु, विद्युतीय सिँचाइ प्रणालीको महसुल कृषकले धान्न नसक्नु, नदीको सतह गहिरिने क्रमले सिँचाइ आयोजना प्रभावित हुनु आदि आदि प्रमुख समस्या हुन्।

## चुनौती

नयाँ ठूला आयोजना निर्माण गर्नु, सिँचाइ प्रणालीको लागत उच्च हुनु , आयोजनाको लागि जग्गा प्राप्त गर्नु, सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउनु, अन्तरजलाधार जलस्थानान्तरणको योजना कार्यान्वयन गर्नु, पानीको सतह गहिरिँदा भूमिगत सिँचाइ प्रभावित हुनु, सिँचाइ आयोजनाको पुनर्स्थापना गर्नु, सिँचाइ आयोजनाका लागि वनक्षेत्र प्राप्त गर्नु, तराईमा भूमिगत सिँचाइ प्रणालीको यथोचित विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

## अवसर

सिँचाइका लागि नदी नाला प्रशस्त हुनु, तराईमा भूमिगत सिँचाइ स्रोतको उपलब्धता, सिँचाइयोग्य कृषि जमिनको पर्याप्तता, सिँचाइ प्रदेश र स्थानीय सरकारको प्राथमिकताको विषय हुनु, कृषक व्यवस्थित सिँचाइ प्रणाली प्रशस्त हुनु, प्रादेशिक सिँचाइ प्रदेश सरकारको कार्यक्षेत्रमा पर्नु, सप्तकोशी र यसका सहायक नदी तमोर अरूण, सुनकोसी जस्ता नदीमा बहुदेशीय आयोजनाको सम्भावना रहनु, जनसहभागिताको सम्भावना प्रशस्त हुनु, उपभोक्ताको सञ्जाल विस्तार हुनु र सिँचाइ सम्बन्धी नवीन ज्ञान र प्रविधिमा पहुँच बढ्दै जानु, दीर्घकालीन कृषि विकास रणनीतिमा सिँचाइको विशिष्ट स्थान रहनु, २५ वर्षे जलस्रोत रणनीति र राष्ट्रिय जल योजनाले जलस्रोतको बहुपयोगबारे निर्दिष्ट गर्नु आदि प्रमुख अवसर हुन् ।

## क्षेत्रगत सोच

व्यवस्थित सिँचाइ, उन्नत कृषि : समृद्ध प्रदेश सुखी प्रदेशवासी ।

## लक्ष्य

कृषि योग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सुविधाको विस्तार भएको हुने ।

## उद्देश्य

१. सिँचित क्षेत्रको विस्तार गर्नु ।
२. विद्यमान सिँचाइ आयोजनाको पूर्ण उपयोग गर्नु ।
३. कृषक व्यवस्थित सिँचाइ प्रणालीलाई सुदृढीकरण गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. तराईमा ठूला र मझौला तथा पहाड र उच्च भागमा मझौला र साना सिँचाइ प्रणालीको विकास गर्ने । | (क) निर्माणाधीन तथा क्रमागत आयोजनालाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।<br>(ख) जनसहभागिताका उच्च सम्भावना भएका मझौला र साना सिँचाइ आयोजनाको निर्माणमा प्राथमिकता दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ग) कृषि उपजको बढी सम्भावना भएका पकेट क्षेत्रमा प्राथमिकताका साथ सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।<br>(घ) साना मध्यम आयोजनाका लागि स्थानीय पारम्परिक मूल, कुलो, खोल्सालाई एक-आपसमा जोडेर बहुआयामिक सिँचाइ प्रणालीको विकास गरिने छ ।<br>(ङ) तराईमा सम्भाव्य ठूला सिँचाइ आयोजना तथा अन्तरजलाधार जलस्थानान्तरण जस्ता बहूउद्देश्यीय आयोजना पहिचान र निर्माणमा संघीय सरकारसँग समन्वय गरिनेछ ।<br>(च) सिमसार क्षेत्रमा बहुउद्देश्यीय (खानेपानी, सिँचाइ, माछापालन, पर्यटन, जलाधार संरक्षण) आयोजनाको विकास गरिनेछ । |
| २. सतह सिँचाइको पहुँच नपुग्ने स्थानमा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास गर्ने । | (क) सिँचाइको दिगो स्रोत नभएका कृषि क्षेत्रमा भूमिगत तथा उपयुक्त नयाँ प्रविधि अवलम्बन गरी सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।<br>(ख) विद्युत र सोलार जस्ता नया प्रविधि उपयोग गरी नदि किनारामा सिँचाइ सुविधा विस्तार गरिनेछ । |
| ३. विद्यमान सिँचाइ प्रणालीको नियमित मर्मत सम्भार र पुनर्स्थापना गर्ने । | (क) सिँचाइ प्रणालीमा विद्युत पहुँच पुर्‍याउनुका साथै उपयोग हुने विद्युत महसुलको आधारभूत शुल्क तथा विद्युत उपभोग शुल्कमा छुटको व्यवस्था मिलाइनेछ ।<br>(ख) सुनसरी-मोरङ सिँचाइ आयोजनाको कुनै एउटा शाखा नहर प्रणालीमा प्रदेश सरकारको अनुदान सहयोगमा नवीकरण सुधार तथा कमाण्ड एरिया डेभलपमेन्टको कार्यक्रम आयोजनाको ढाँचामा लागु गरिनेछ ।<br>(ग) नयाँ तथा विद्यमान सिँचाइ आयोजनाको मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि सरकारले विउपुँजी दिई लाभका आधारमा उपभोक्ताको योगदान रहने गरी मर्मत सम्भार कोषको स्थापना गरी उपभोक्तालाई नै जिम्मेवार बनाइनेछ ।<br>(घ) साना तथा मझौला सिँचाइ आयोजनाको पुनर्स्थापनामा सम्बन्धित उपभोक्ता समिति परिचालन गरी निश्चित अनुदानको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ङ) परम्परा देखि कृषकद्वारा निर्माण र सञ्चालन हुँदै आएका सिँचाइ प्रणालीको दिगो व्यवस्थापनमा उपभोक्तालाई प्राविधिक सहयोग गरिनेछ ।<br>(च) सिंचित क्षेत्रको उत्पादकत्व वृद्धिको अनुपातमा सिँचाइ सेवा शूल्क निर्धारण गरी जल उपभोक्ता संस्थाहरुको मातहतमा मर्मत सम्भार कोष खडा गरिनेछ ।<br>(छ) उत्कृष्ट कृषक व्यवस्थित सिँचाइ प्रणालीको मूल्याङ्कन गरी पुरस्कृत गर्नका साथै प्राप्त ज्ञानको हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ । |
| ४. संस्थागत सुदृढीकरण तथा अन्तरसरकार र अन्तर निकाय समन्वय प्रभावकारी बनाउने । | (क) सिँचाइ प्रणाली विस्तार भएको कृषि योग्य जमिनको अन्य प्रयोजनमा रूपान्तरण हुन नपाउने गरी कानुनी व्यवस्था गरिनेछ ।<br>(ख) स्थानीय समुदायलाई सिँचाइको पानी उपयोग र न्यायपूर्ण वितरण सम्बन्धी मापदण्ड बनाई लागु गर्न सहयोग गरिनेछ ।<br>(ग) सिँचाइ र कृषि सम्बद्ध निकाय बिच समन्वय र सहकार्य गर्ने व्यवस्था गरिनेछ । |

**अपेक्षित उपलब्धि**

४५ प्रतिशत कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुगेको हुने, सिंचित क्षेत्र विस्तार भई ३ लाख ४५ हजार हेक्टर पुगेको हुने, विद्यमान सिँचाइ प्रणालीमा सुधार भई उपयोग ६० प्रतिशत पुगेको हुने, कृषक व्यवस्थित सिँचाइ प्रणाली विस्तार भइ २ लाख ६० हजार पुगेको हुने, नवीन सिँचाइ प्रणालीको प्रयोग भएको हुनेछ ।

### ६.२.२ जलउत्पन्न प्रकोप व्यवस्थापन

**पृष्ठभूमि**

जल उत्पन्न प्रकोपको क्षेत्रमा हिमश्रृंखलामा हुन सक्ने सम्भाव्य हिमपहिरोदेखि पहाडमा जाने पहिरो, नदी खोलामा आउने बाढी, जग्गा कटान र बस्ती डुबानसम्मका विषय पर्दछन् । संविधानले "जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै प्रकोप जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरेको छ । यस प्रदेशमा जल उत्पन्न प्रकोपका दृष्टिले जोखिम युक्त बिरिङ, कनकाई, रतुवा, मावा, कमल आदि नदी तथा ताप्लेजुङको हाङ्देवा लगायतका पहिरो, हिमाली श्रृंखलामा हिमताल विस्फोटको खतरामा छन् । जनताको तटबन्ध विशेष कार्यक्रम एवम् नियमित नदी नियन्त्रण कार्यक्रम अन्तर्गत नदी नियन्त्रणतर्फ २६५० कि.मि. मा कार्य गर्नु पर्ने लक्ष्य रहेकोमा १६८ कि.मि. मा मात्र तटबन्ध निर्माण भएको छ । यस कार्यक्रम अन्तर्गत ३० वटा मुख्य नदी समेटेको छ ।

जलउत्पन्न प्रकोपबाट वार्षिक असत ११७५ परिवार प्रभावित भएको पाईन्छ । प्रदेशमा हाल सम्म १६८ कि.मी तटबन्ध निर्माण भएको छ भने ५ वटा पहिरो नियन्त्रण गरिएको, १० प्रतिशत खर्च Bioengineering मा खर्च गर्ने गरिएको देखिन्छ । कोशी नदीमा बाढी सूचना प्रणाली जडान भएको छ।

### प्रमुख समस्या

जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी प्रदेशको अधिकार स्पष्ट नहुनु, कार्यविधि तयार भइ नसक्नु, संस्थागत र जनशक्ति व्यवस्था पर्याप्त नहुनु, प्राविधिक जनशक्तिको कमी र अनिश्चितता, जोखिम नक्साङ्कन नहुनु, विज्ञताको कमी, पहिरो रोकथाममा खासै पहल नहुनु आदि प्रमुख समस्या हुन् । ।

### चुनौती

प्रकोप सम्भाव्य क्षेत्रको नक्साङ्कन गर्नु, जोखिम सूचना प्रणालीको व्यवस्था गर्नु, अत्याधिक नदी नाला र पहिरोजन्य जोखिम नियन्त्रणका लागी आर्थिक स्रोतको व्यवस्थापन गर्नु, जलाधार क्षेत्रको संरक्षण गर्नु, नदी दोहन र अतिक्रमण रोक्नु, वनक्षेत्रको विनाश हुँदै जानु, जोखिमयुक्त क्षेत्रमा बस्ती विकास हुनु, पूर्वाधार निर्माण पूर्व वातावरण र जोखिम पक्षको अध्ययन गर्ने परिपाटी स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

प्रकोप व्यवस्थापनको कार्य प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्र र प्राथमिकतामा पर्नु, जनसहभागिताको सम्भावना रहनु, जनताको तटबन्ध जस्ता संघीय सरकारका कार्यक्रम प्रदेशमा रहनु, दिगो विकासका जलाधार तथा वातावरण संरक्षण सम्बन्धी लक्ष्य स्थानीयकरण हुनु, वातावरण र प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतना बढनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरण, सुरक्षित जीवन ।

### लक्ष्य

जल उत्पन्न प्रकोपजन्य धन जनको क्षति न्यूनीकरण भएको हुने ।

### उद्देश्य

जल उत्पन्न प्रकोप न्यूनीकरण गर्दै नदी कटान तथा बाढी पहिरोजन्य क्षति कम गर्नु ।

### रणनीति तथा कार्यनिति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जल उत्पन्न प्रकोपको जोखिम घटाउने । | (क) जलाधार क्षेत्र लक्षित संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) प्रकोप जोखिम क्षेत्रको अध्ययन गरी जोखिम नक्साङ्कन गरिनेछ ।<br>(ग) हिमताल, जलवायु परिवर्तन सम्बन्धमा अनुसन्धान गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) उच्च जोखिमयुक्त हिमतालहरूको जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ङ) नदी कटान तथा पहिरोजन्य जोखिम क्षेत्रबाट सुरक्षित स्थानमा योजनाबद्ध रूपमा बस्तीको स्थानान्तरण गरिनेछ र त्यस्ता जोखिमयुक्त स्थानमा पुन: बस्ती बसाउने क्रमलाई नियन्त्रण गरिनेछ ।<br>(च) जोखिम सूचना तथा पूर्व सूचना प्रणालीको जडान गरिनेछ ।<br>(छ) नदी किनार र पहिरो जोखिमजन्य क्षेत्रको संरक्षणका लागि बायो इन्जिनियरिङ प्रविधि समेतको उपयोग गरिनेछ ।<br>(ज) अतिसङ्क्रमित क्षेत्रमा क्रमशः तटबन्ध निर्माण गर्दै लगिनेछ ।<br>(झ) नदी नियन्त्रण र पहिरो रोकथामका लागि स्थानीय रैथाने प्रविधिलाई प्रोत्साहन गरिनेछ ।<br>(ञ) पूर्वाधार निर्माणमा जोखिम पक्षको अध्ययन अनिवार्य गराइनेछ ।<br>(ट) ठूला नदीहरूमा बाढीको पूर्व सूचना प्रणालीको स्थापना गरिनेछ ।<br>(ठ) प्रकोप जोखिम सचेतना अभियान सञ्चालन गरिनेछ । |
| २. संस्थागत सुदृढीकरण र अन्तरसरकार समन्वय गर्ने । | (क) जनताको तटबन्ध' कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्न र यसको क्षेत्र विस्तार गर्न संघीय सरकार सँग समन्वय गरिनेछ ।<br>(ख) नदीजन्य सामाग्री सङ्कलन तथा व्यवस्थित उपयोगका लागि कार्यविधि बनाई लागु गरिनेछ ।<br>(ग) समुदायमा आधारित जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालनका लागी स्थानीय सरकारलाई सहयोग गरिनेछ ।<br>(घ) प्रदेश, जिल्ला र स्थानीय तहका प्रकोप व्यवस्थापन समितिसँग समन्वय र क्षमता विकास गरिनेछ ।<br>(ङ) प्रदेश सिँचाइ निर्देशनालय अन्तर्गत जल उत्पन्न प्रकोप महाशाखा स्थापना गरी आवश्यक जनशक्ति व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (च) प्रकोप जोखिम क्षेत्रका स्थानीय बासिन्दालाई स्थानीय सरकारको सहकार्यमा जोखिमबाट बच्ने र आकस्मिक व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ । |

**अपेक्षित उपलब्धि**

जलउत्पन्न प्रकोप नियन्त्रण गुरु योजना तयार भएको हुने, जोखिम क्षेत्र पहिचान भई नक्साङ्कन भएको हुने, जलउत्पन्न प्रकोपबाट प्रभावित १६७५ परिवार पुर्नस्थापित भएको हुने, बाढी जोखिमयुक्त नदीहरूमा ३०० कि.मि. तटबन्ध निर्माण भएको हुने, ३० वटा पहिरो रोकथाम भएको हुने, २० वटा बाढीबाट जोखिममा परेका बस्तीहरूको संरक्षण भएको हुने, प्रमुख ६ वटा नदीमा बाढी पूर्व सूचना प्रणाली स्थापना भएको हुने, प्रमुख नदीमा बाढी सूचना प्रणाली स्थापना भएको हुने, संस्थागत व्यवस्था र जिम्मेवारी तोकिएको हुने, नदीजन्य पदार्थको सङ्कलन र उपयोग सम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयनमा आएको हुनेछ ।

## ६.३ ऊर्जा

### ६.३.१ जलविद्युत

**पृष्ठभूमि**

जलस्रोत यस प्रदेशको प्रचुर आर्थिक विकासको सम्भावना भएको क्षेत्र हो । संविधानले जलस्रोतको बहुपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने कुरा निर्देशित गरेको छ । प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा प्रदेश सरकारको अधिकार सूचीमा रहेको छ । प्रदेश सरकारले जलस्रोतको योजना तर्जुमा गर्दा खानेपानी, सिँचाइ, प्रकृति अनुकूलन पर्यटन तथा मत्स्यपालन र जलविद्युत गरी चार वर्गमा प्राथमिकता क्रम निर्धारण गरेको छ ।

यस प्रदेशमा नेपालको जलस्रोतको जलाधार क्षेत्रको २८ प्रतिशत भन्दा बढी क्षेत्र रहेको छ । नेपालबाट बग्ने वार्षिक औसत २२४ अर्ब घनमिटर जलमध्ये २२ प्रतिशत भन्दा बढी (४९.१३ अर्ब घनमिटर) पानी यसै प्रदेश भएर बग्दछ । यस प्रदेशको क्षेत्रमा करिब ३४,००० मे.वा. जलविद्युत उत्पादनको सम्भावना रहेको छ । यस प्रदेशका ७ जिल्लामा सञ्चालित ११ वटा स-साना प्लान्टबाट १२१ मे.वा. विद्युत उत्पादन भई हाल १२९ मे.वा. विद्युत अपुग रहेको देखिन्छ। करिब १,१२० मे.वा. विद्युत शक्ति क्षमताका ४० वटा आयोजना उत्पादन अनुमति लिई निर्माणको चरणमा छन् भने ४०६७ मे.वा. क्षमताका ८६ वटा आयोजनाले सर्वेक्षण अनुमति पाएका छन् । यी दुबैलाई जोड्दा यस प्रदेशमा ढिलो चाँडो ५,१८७ मे.वा. विद्युत शक्ति उत्पादन हुन सक्ने अवस्था देखिन्छ । ९१.४ प्रतिशत परिवारको विद्युत सेवामा पहुँच पुगेको छ ।

**प्रमुख समस्या**

विद्युतसँग सम्बन्धित संस्थागत संरचना तयार भई नसक्नु, पहिचान गरिएका ठूला आयोजनामा पहुँच मार्ग नहुनु, PPA सम्झौतामा विलम्ब हुनु, बढ्दो माग धान्न नसक्नु, थुप्रै ग्रामीण भेगमा विद्युतको पहुँच नहुनु,

जग्गा अधिकरणमा विवाद भई विलम्ब हुनु, वातावरणीय अध्ययन स्वीकृतिमा अत्याधिक समय लाग्नु, विद्युत चुहावट हुनु, स-साना जलविद्युत आयोजनाको मर्मत सम्भार र पुनरुत्थान हुन नसक्नु, प्रसारण लाइनको अपर्याप्तता, विद्युत उत्पादन र प्रचारण आयोजनामा स्थानीय अवरोध हुनु, विद्युत अनुमति पत्र लिई ओगट्ने प्रवृत्ति रहनु, सेवा गुणस्तरीय नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

बढ्दो मागलाई परिपूर्ति गर्नु, अनुमति प्राप्त आयोजनाको निर्माण गराउनु, उच्च विद्युत आयोजना लागत अनुसारको स्रोत व्यवस्थापन गर्नु, निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्नु, विद्युत चुहावट रोक्नु, विद्युत नपुगेका ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्नु, जग्गा अधिकरण र वातावरणीय अध्ययन स्वीकृतिको प्रक्रियालाई द्रुत गतिमा सम्पन्न गर्नु, विद्युत आयोजनामा स्थानीय जनताको लागत साझेदारी सुनिश्चित गर्नु, निर्माण लागत पुँजी तथा ब्याजदरमा तरलता बढी हुनु, पहुँच सडकको निर्माण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

हिमक्षेत्रबाट बग्ने नदी तथा अन्य स्थायी पानीको स्रोत भएका नदी नालाको प्राचुर्यता हुनु, माथिल्लो अरूण पिकिङ आर-ओ-आर, तमोर जलाशय, दुधकोशी जलाशय जस्ता क्षमताशील आयोजना रहनु, सरकारको प्राथमिकताको क्षेत्र हुनु , स्थानीयको लगानी आकर्षण हुनु, ५,००० मे.वा. भन्दा बढी क्षमताको अनुमति लिई सकेको अवस्था हुनु, अन्तर्देशीय प्रसारण लाइनको निर्माण अगाडी बढ्नु, जलस्रोतको परिमाण र वार्षिक flow variation मा अनुकूलता रहनु, विद्युतको आन्तरिक बजार वृद्धि हुँदै जानु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

प्रदेशको समृद्धिको आधार : जलविद्युतको विकास ।

### लक्ष्य

जलविद्युतको उत्पादन र पहुँच वृद्धि भएको हुने ।

### उद्देश्य

प्रदेशमा विद्युत उत्पादन,प्रसारण र वितरण क्षमता वृद्धि गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलविद्युत क्षेत्रमा लगानी बढाई उत्पादन वृद्धि गर्ने । | (क) उत्पादन अनुमतिपत्र प्रदान भई निर्माणमा गएका आयोजनालाई निर्दिष्ट समयमै सम्पन्न गर्ने गराइनेछ ।<br>(ख) सर्भे अनुमतिपत्र प्रदान भइ विस्तृत सम्भाव्यता अध्ययन (DFS) को क्रममा प्रवेश गरेका आयोजनालाई निर्माणको चरणमा लगिनेछ ।<br>(ग) "प्रदेशको पानी, प्रदेशकै जनताको लगानी" अनुरूप तमोर, अरूण र सुनकोशी लगायत नदी बेसिनमा एक-एक वटा |

| रणनीति | कार्यनीति |
|---|---|
| | दुई-दुई सय मे.वा. का परियोजना प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिनेछ ।<br>(घ) पूर्ण वा अर्धजलाशययुक्त कम्तिमा एउटा आयोजना अध्ययन गरी निर्माणका लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।<br>(ङ) पिउने पानी, सिँचाइ, सहितको बहूउद्देश्यीय विद्युत आयोजनालाई प्राथमिकता दिइनेछ । |
| २. विद्युत प्रसारण र वितरण व्यवस्था प्रभावकारी बनाउने । | (क) संघीय सरकारसंगको सहकार्यमा निर्यातमुखी आयोजनाका लागि उच्च क्षमताको डेडिकेटेड प्रसारण लाइन निर्माण गरिनेछ ।<br>(ख) विद्युत प्रसारण क्रस कोरिडोर निर्माणमा सहकार्य गरिनेछ ।<br>(ग) विद्युत उत्पादन र प्रसारण लाइन निर्माण आयोजनामा देखा पर्ने बाधा अड्चन (समस्या) तथा चुनौतीलाई प्राथमिकताका साथ समाधान गर्न प्रादेशिक संयन्त्र निर्माण गरिनेछ ।<br>(घ) विद्युत चुहावट नियन्त्रणमा समुदाय परिचालन गरी प्रभावकारी बनाइनेछ ।<br>(ङ) विद्युत नपुगेका ग्रामीण क्षेत्रमा लागत सहभागितामा विद्युत वितरण गरिनेछ ।<br>(च) सामुदायिक विद्युतीकरण अभियानलाई प्राथमिकता पूर्वक सञ्चालन गरिनेछ । |
| ३. अन्तरसरकार समन्वय गरी विद्युत उत्पादक र वितरक संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने । | (क) विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धमा अन्तरसरकार, विद्युत प्राधिकरण, सहकारी तथा समुदाय, निजीक्षेत्र आदिसँग समन्वय गरिनेछ ।<br>(ख) तमोर जलाशय (७६२ मे.वा.), दुधकोशी जलाशय (८०० मे.वा.), माथिल्लो अरूण पिकिङ आर.ओ.आर (७२५ मे.वा.), किमाथाङ्का अरूण पिकिङ आर.ओ.आर (४५० मे.वा.), अरूण- ४ पिकिङ आर.ओ.आर (३७२ मे.वा.) तथा तल्लो अरूण पिकिङ आर.ओ.आर (६७९ मे.वा.) जस्ता ठूला आयोजना कार्यान्वयनमा संघीय सरकार र निजीक्षेत्रबिच समन्वय गरिनेछ । |

**अपेक्षित उपलब्धि**

१,५०० मे.वा. विद्युत उत्पादन हुने, शत प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको हुने, विद्युत वितरणको चुहावट १४ प्रतिशतमा सिमित भएको हुने, १० वटा जलविद्युत आयोजना निर्माण शुरु भएको हुनेछ ।

### ६.३.२ सौर्य तथा अन्य नवीकरणीय ऊर्जा

**पृष्ठभूमि**

नवीकरणीय ऊर्जा भन्नाले सौर्य ऊर्जा, वायु ऊर्जा, बायो ग्याँस आदिलाई प्रमुख रूपमा लिन सकिन्छ । नवीकरणीय ऊर्जाले देशको ऊर्जाको आवश्यकता पुरा गर्न महत्त्वपूर्ण परिपूरकको भूमिका खेल्न सक्छ । संविधानले नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकको आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जा आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भन्ने व्यवस्था रहेको छ ।

यस प्रदेशमा खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा सबैभन्दा धेरै दाउरा (६७.५ प्रतिशत) को प्रयोग भएको देखिन्छ । ऊर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात २ प्रतिशत रहेको छ । प्रदेशमा ९ हजार परिवारले नवीकरणीय ऊर्जाको उपयोग गरेको देखिन्छ ।

**प्रमुख समस्या**

नवीकरणीय ऊर्जाको सम्भाव्यता र विद्यमान आपूर्ति सम्बन्धी तथ्याङ्क नहुनु, नवीकरणीय ऊर्जालाई राष्ट्रिय प्रसारणमा आबद्ध गर्न नसक्नु, नवीकरणीय ऊर्जा सम्बन्धी स्पष्ट नीति तथा योजना तर्जुमा नहुनु, प्रविधि एवम् प्राविधिक ज्ञानको पहुँचमा कमी, नवीकरणीय ऊर्जा सम्बन्धी नीतिगत अस्पष्टता रहनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

नवीकरणीय ऊर्जाका सम्भावित क्षेत्र र क्षमताको अध्ययन गर्नु,सबल सङ्गठनात्मक व्यवस्था र जनशक्तिको व्यवस्था गर्नु, नवीकरणीय ऊर्जाका ठूला प्रकृति र व्यावसायिक उत्पादनलाई पि.पि.ए. गरी राष्ट्रिय प्रसारणमा आबद्ध गर्नु, नवीकरणीय ऊर्जाका सामाग्रीको उत्पादन गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

नेपालमा सौर्य, वायु, बायोग्याँस आदिको प्रशस्त सम्भावना रहनु, वैकल्पिक ऊर्जाको उत्पादनलाई नयाँ व्यवसायका रूपमा लिन सकिने अवस्था हुनु, प्राकृतिक स्रोत माथिको अनियन्त्रित दोहन नियन्त्रण गरी वातावरण संरक्षण गर्न सक्ने तहगत सरकारको गठन हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

स्वच्छ ऊर्जा सरल जीवन : उत्पादन वृद्धि वातावरण अनुकूलन ।

**लक्ष्य**

सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको विकासबाट ऊर्जा आपूर्तिमा योगदान वृद्धि हुने ।

**उद्देश्य**

विद्युत आपूर्तिमा अन्य नवीकरणीय ऊर्जा मार्फत विद्युत पहुँच पुऱ्याउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको उत्पादन र वितरण बढाउने । | (क) नवीकरणीय ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, संरचनात्मक व्यवस्था, सीप विकास गरिनेछ ।<br>(ख) निजी क्षेत्रको समेत सहकार्यमा नवीकरणीय ऊर्जाको सम्भावित क्षेत्रको पहिचान, छनौट तथा प्राथमिकीकरण गरिनेछ ।<br>(ग) समुदायमा आधारित लघु जलविद्युत आयोजना सञ्चालनका लागि स्थानीय सरकारसँगको सहकार्यमा मापदण्ड बनाई अनुदान उपलब्ध गराइनेछ ।<br>(घ) फोहरमैला व्यवस्थापनबाट बायो ग्याँस र विद्युत उत्पादनका लागि आवश्यक सहकार्य गरी योजना सञ्चालन गरिनेछ ।<br>(ङ) व्यवसायीलाई प्रोत्साहन गरी नवीकरणीय ऊर्जाको व्यावसायिक एवम् व्यापारिक उत्पादन बढाइनेछ ।<br>(च) ठूला जलविद्युत आयोजनाको ग्रिड नपुगेको ग्रामीण बस्तीमा वैकल्पिक ऊर्जाको विकास गरी पर्याप्त मात्रामा विद्युत सेवा पुऱ्याइनेछ ।<br>(छ) जलविद्युत नपुगेको क्षेत्रमा सिँचाइ, खानेपानी, सडक बत्ती र ट्राफिक बत्तीको लागि नवीकरणीय ऊर्जाको उपयोग गरिनेछ ।<br>(ज) ठूला र फराकिला सरकारी जमिनमा जस्तै : सिँचाइ नहर, ठूला भवन, ठूला नदीको किनार, ठूला पाखो र भिरालो जमिनको पहिचान गरी ती क्षेत्रमा वैकल्पिक ऊर्जाको उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।<br>(झ) तराईमा सिँचाइ तथा खानेपानीको क्षेत्रमा भूमिगत जल निकाल्नको लागि नवीकरणीय ऊर्जाको प्रयोग गरिनेछ । |

**अपेक्षित उपलब्धि**

करिब २९,७०० घरधुरीमा बायो ग्याँस प्लान्ट जडान भएको हुने, ऊर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात ३ प्रतिशत पुगेको हुने, ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको प्रयोग २८ प्रतिशत वृद्धि भएको हुने, घरेलु सौर्य बत्तीको संख्या १६,००० पुगेको हुने, सुधारिएको चुलोको संख्या २५,५०० पुगेको हुनेछ ।

## ६.४ यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन

### पृष्ठभूमि

राज्यको नीतिमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने कुरा उल्लेख भएको छ । संविधानमा प्रदेश लोक मार्ग प्रदेशको कार्यक्षेत्र भित्र रहेको छ ।

सडक सञ्जालको हकमा यस प्रदेशमा रणनीतिक सडक २,३८९.०८ कि.मि., जिल्लास्तरीय सडक ५,७१५.४१ कि.मि., ग्रामीण सडक ६,१२१.६४ कि.मि. रहेको छ । यसरी प्रदेशमा कुल १४,२२६.१३ कि.मि. सडक सञ्जाल रहेको छ । उक्त सडकमध्ये कालोपत्रे १,५४४.६६ कि.मि., खण्डास्मिथ २,९१७.६३ कि.मि. र कच्चि सडक ९,७६३.८४ कि.मि. रहेको छ । कालोपत्रे सडकको सडक घनत्व प्रति १०० वर्ग कि.मि. मा ६ कि.मि. रहेको छ । राष्ट्रिय झोलुङ्गे पुल अभिलेख अनुसार प्रदेश १ मा १,७१५ वटा झोलुङ्गे पुलको निर्माण भएको छ । यो संख्या देशमा भएको पुलको कुल संख्याको लगभग २० प्रतिशत हो र प्रदेश ४ पछिको दोस्रो उच्च झोलुङ्गे पुल घनत्व भएको प्रदेश हो । यस प्रदेशमा वार्षिक औसत ६८ वटा पुल निर्माण हुने गरेको छ। प्रदेशमा झण्डै ९०० वटा नदी/खोलानाला अवस्थित भएका कारण झोलुङ्गे पुलको आवश्यकता तथा माग उच्चतम छ ।

### प्रमुख समस्या

प्रदेश सडक गुरुयोजना नहुनु, प्रदेशस्तरका सडकको पहिचान नहुनु, विस्तृत योजना अध्ययन विना नै सडक निर्माणमा जानु, सडक निर्माण लागत अत्याधिक हुनु, वातावरणीय र विपद् जोखिम पक्ष उपेक्षित हुनु, टुक्रे योजनाको संख्या अत्याधिक हुनु, योजना र विनियोजित बजेटको बिचमा तालमेल नहुनु, जग्गा प्राप्तिमा कठिनाइ हुनु, सडक मापदण्ड सुनिश्चित भइ नसक्नु, सडक रेखाङ्कनमा मतैक्यता नहुनु, शहरीकरण र सडक विकास बिच तादात्म्य नहुनु, झोलुङ्गे पुल सम्बन्धमा तहगत जिम्मेवारी र कार्य विभाजन स्पष्ट नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

अन्तरसरकार बिच सडकको अधिकारक्षेत्र स्पष्ट पार्नु, सबै पालिका केन्द्रसम्म सर्वयाम चल्ने सडक सुविधा पुऱ्याउनु, कठिन भौगोलिक धरातलमा बनाउनु पर्ने सडकमा हुने ठूलो लगानीलाई स्रोत व्यवस्थापन गर्नु, सडक सम्बन्धी सक्षम संस्थागत संरचनाको निर्माण र व्यवस्थापन गर्नु, सडक अतिक्रमण हटाउनु, सबै ग्रामीण सडकको स्तरोन्नति गरी सर्वयाम सडक सञ्चालन गर्नु, विद्यमान सडकको मर्मत सम्भार, पुनर्स्थापन र दिगो व्यवस्थापन गर्नु, आवश्यकता अनुसार सडक पुलको निर्माण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, जनसहभागिता जुट्ने अवसर हुनु, सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकताको विषय रहनु, प्राय: सबै जिल्ला र साविकका नगरपालिकाद्वारा यातायात गुरुयोजना निर्माण भएको हुनु, सडक निर्माण सम्बन्धी संस्थागत क्षमता र अनुभव हुनु , झोलुङ्गे पुल निर्माणमा जनसहभागिता उच्च हुनु , झोलुङ्गे पुल निर्माणका लागि चाहिने सफल प्रविधि तथा प्रक्रिया

(norms / standard / modalities) उपलब्ध तथा प्रयोगमा रहनु, झोलुङ्गे पुल निर्माणबाट कम लगानीमा उच्चतम प्रतिफल पाइने अवस्था हुनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

प्रदेश समृद्धिको आधार : सबै पालिकामा यातायातको पूर्वाधार ।

### लक्ष्य

सबै पालिका केन्द्रसम्म सर्वयाम सडक एवम् प्रमुख पर्यटकीय स्थल सम्म अन्य यातायात पूर्वाधार पुगेको हुनेछ ।

### उद्देश्य

१. सबै पालिकालाई गुणस्तरीय सर्वयाम सडकसँग आबद्ध गर्नु ।
२. विद्यमान सडकलाई स्तरोन्नति गरी सर्वयाम चल्ने बनाउनु ।
३. यातायात व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनु ।
४. वैकल्पिक यातायातको विकास गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सडक विकास योजना निर्माण गरी कार्यान्वयन गर्ने । | (क) प्रादेशिक सडक ऐन, नियम र मापदण्ड निर्माण गरिनेछ ।<br>(ख) प्रदेशस्तरको सडकको पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरिनेछ ।<br>(ग) प्रदेश सडक गुरुयोजना र प्राथमिकतामा आधारित लगानी योजना निर्माण गरिनेछ ।<br>(घ) सडक क्षेत्रमा परेका जग्गाको स्वामित्व सडकको नाममा ल्याइनेछ ।<br>(ङ) उत्तर-दक्षिण नाका जोड्ने सडक स्तरोन्नति गरिनेछ ।<br>(च) सबै पालिकालाई नजिकको रणनीतिक सडक वा कालोपत्रे प्रादेशिक सडकसँग जोडिनेछ ।<br>(छ) प्रदेश स्तरको सडकसँग आबद्ध स्थानीय सडकको दिगो व्यवस्थापनको लागि स्थानीय तहसँग समन्वय गरिनेछ ।<br>(ज) सबै नागरिकले १ घण्टाको फेरो भित्र सुरक्षित रूपमा नदी तर्न पाउने गरी झोलुङ्गे पुल को निर्माण गरिनेछ । |
| २. गुणस्तरीय सडक तथा पुलको विकास गर्ने । | (क) सडक तथा पुलको गुणस्तर मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।<br>(ख) वार्षिक सडक तथा पुल मर्मत सम्भार योजना बनाई कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ग) निर्माण गुणस्तर परीक्षणको लागि प्रयोगशालाको स्थापना गरिनेछ।<br>(घ) योजना डिजाइनदेखि सम्पन्न नहुँदासम्मको गुणचक्रमा गुणस्तरको सुनिश्चितता (QAP) गर्दै लगिनेछ ।<br>(ङ) अनुगमन प्रणालीलाई नतिजामुखी, सुव्यवस्थित र प्रभावकारी बनाइ प्रत्येक सडकको मर्मतसम्भार तालिका अनुसार सम्भारको व्यवस्था गरिनेछ ।<br>(च) सडक सुरक्षाका लागि आवश्यक लाइन, ट्राफिक संकेत, मोड सुधार, चोक व्यवस्थापन तथा बजारक्षेत्रमा नाली, साइकल लेन तथा पैदल मार्ग समेत निर्माण गरी व्यवस्थित गरिनेछ ।<br>(छ) सडक निर्माण गर्दा नदी किनारामा तटबन्ध सुविधा समेतलाई ध्यान दिइनेछ । साथै सडक निर्माणसँग वृक्षारोपण तथा वायोइन्जिनिरिङ प्रणाली अवलम्बन गरिनेछ ।<br>(ज) बृहत् क्षेत्र समेट्ने शहरी क्षेत्रमा चक्रपथ निर्माण गरिनेछ । |
| ३. यातायात व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । | (क) निर्माण सम्पन्न भएका सडकमा सडक रुटको व्यवस्थित अध्ययन पश्चात् यातायात सञ्चालन सम्बन्धी अनुमति प्रदान गरिनेछ ।<br>(ख) स्तरीय बसपार्कको निर्माण र व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी परिचालन गरिनेछ ।<br>(ग) सडक बाहेकका अन्य यातायात प्रणालीको व्यवस्थापनका लागि आवश्यक नीति, कानुन, मापदण्ड तथा संस्थागत व्यवस्था मिलाइने छ ।<br>(घ) सार्वजनिक यातायातको सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गर्न प्रोत्साहन गरिनेछ ।<br>(ङ) बढ्दो सवारी दुर्घटना नियन्त्रणका लागि प्रदेश भित्र निजी क्षेत्रसँगको सहकार्यमा रिफ्रेशमेन्ट सेन्टरको स्थापना र सञ्चालन गरिनेछ ।<br>(च) संघसँगको सहकार्यमा चालू विमानस्थलको विस्तार तथा स्तरोन्नति गरिनेछ ।<br>(छ) यातायात सञ्चालनमा एकाधिकार नहुने गरी सार्वजनिक यातायातको व्यवस्थापन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ज) सार्वजनिक यातायात चलाउन निश्चित अवधिको अनुभव र सडक सुरक्षा सम्बन्धी तालिम लिनु पर्ने सहितको मापदण्ड तयार गरि कार्यान्वयन गरिनेछ।<br>(झ) सवारीको मर्मत सम्भारको लागी विभिन्न ठाउँमा निश्चित मापदण्ड सहितका मर्मत केन्द्र स्थापनाका लागि जोनिङ गरिनेछ।<br>(ञ) यातायातका साधनको भार परीक्षण प्रणालीको सुरुवात गरिनेछ ।<br>(ट) यातायातका साधनको प्रदूषण परीक्षण तथा नियन्त्रण प्रणाली अवलम्बन गरिनेछ । |
| ४. जलमार्ग, रज्जुमार्ग, पैदल मार्ग तथा अन्य वैकल्पिक यातायात सुविधाको विस्तार गर्ने । | (क) यातायात गुरुयोजना अनुरूप सम्भाव्य क्षेत्रमा जलमार्गको विकास र विस्तार गरिनेछ ।<br>(ख) पयर्टकीय सम्भावनायुक्त महत्त्वपूर्ण क्षेत्रमा निजी क्षेत्रबाट केवलकार र वस्तु ढुवानीका निमित्त सार्वजनिक, निजी, सामुदायिक सहभागितामा रज्जुमार्गको निर्माणमा सहजीकरण गरिनेछ ।<br>(ग) परम्परागत तथा पर्यटकीय पद मार्गको सुधार, स्तरोन्नति र निर्माण गरी व्यवस्थित बनाइनेछ ।<br>(घ) सम्भाव्यताका आधारमा यातायात तथा ढुवानी सम्बन्धी अन्य वैकल्पिक साधनको विस्तार गर्दै लगिनेछ। |
| ५. बहुविधिक (multimodal) यातायात प्रणाली सुव्यवस्थित गर्ने । | (क) विभिन्न यातायात प्रणालीलाई एकीकृत रूपमा सञ्चालनमा ल्याउन मल्टिमोडल यातायात प्रणाली सम्बन्धी नीतिगत, कानुनी र संस्थागत व्यवस्था मिलाइनेछ ।<br>(ख) मल्टिमोडल यातायात प्रणालीमा जान निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>(ग) मल्टिमोडल यातायात सम्बन्धी सेवा प्रदायकलाई व्यवस्थित गरिनेछ । |

**अपेक्षित उपलब्धि**

यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने, ५ हजार किलोमिटर विद्यमान सडकको स्तरोन्नति भई सर्वयाम यातायात सञ्चालन हुने, ९५ प्रतिशत जनसंख्यामा १ घण्टाको दूरीमा यातायात पहुँच सुनिश्चित भएको हुने, वार्षिक मर्मत योजना बनेको हुने, सडक मापदण्ड बनेको हुने, १३२ पालिकामा सर्वयाम सडक सञ्जालमा जोडिएको हुने, आगामी ४ वर्ष भित्र सबै नागरिकले १ घण्टाको फेरो भित्र सुरक्षित रूपमा नदी तर्न पाउने, ५ वटा भार परीक्षण केन्द्र स्थापना भएको हुने, ७ वटा

प्रदूषण परीक्षण केन्द्र स्थापना भएको हुने, प्रदेशस्तरीय बसपार्क निर्माण भएको हुनेछ । कालोपत्रे सडकको सडक घनत्व प्रति १०० वर्ग कि.मि. मा ११ कि.मि. पुगेको हुनेछ ।

## ६.५ विज्ञान तथा प्रविधि

### पृष्ठभूमि

वर्तमान युग विज्ञान प्रविधिको युग हो । विज्ञान प्रविधिको विकास र उपयोग विना समृद्धिको परिकल्पना गर्न सकिन्न । संविधानले वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति लिएको छ ।

उच्च शिक्षामा विज्ञान प्रविधितर्फ मेधावी विद्यार्थीहरूको आकर्षण रहेको छ । कुल विद्यार्थी भर्नाको करिब २० प्रतिशत यस सङ्कायमा भर्ना हुने गरेका छन् । प्रदेशमा रहेका ५ विश्वविद्यालय मध्ये ४ विश्वविद्यालय मातहतका क्याम्पसहरूमा यस विषयमा अध्ययन अध्यापन हुने गरेको छ ।

नेपालमा विज्ञान तथा प्रविधि सम्बन्धी काम गर्ने धेरै संघ संस्था रहेतापनि अनुसन्धान र विकासमा खासै प्रगति हुन सकेको छैन । पारम्परिक ज्ञान र प्रविधिको संरक्षण एवम् आधुनिकीकरण गरी त्यसको पहिचान स्थापित गराउने कार्यमा पनि खासै अनुसन्धान र प्रगति भएको देखिँदैन । परम्परागत प्रविधिको आधुनिकीकरण र नविन प्रविधिको उपयोग गरी प्रदेश समृद्धिमा योगदान पुऱ्याउन प्रदेशले महत्त्वपूर्ण भूमिका खेल्नु पर्ने देखिन्छ । प्रदेशमा तरहरा, पाख्रीबास (धनकुटा) र पातले (धनकुटा) गरी ३ कृषि अनुसन्धान केन्द्र रहेका छन् ।

### प्रमुख समस्या

विज्ञान प्रविधि सम्बन्धी स्पष्ट नीतिगत व्यवस्थाको कमी, विज्ञान तथा प्राविधिक शिक्षाको कमी हुनु, परम्परागत ज्ञान सीप र पहिचान मासिँदै जानु, नविन अनुसन्धान र आविष्कारमा स्रोतको विनियोजन न्यून हुनु, उपलब्ध जनशक्तिको उपयोग हुन नसकि बौद्धिक पलायन हुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

जीवन उपयोगी प्राविधिक शिक्षाको विस्तार गर्नु, वैज्ञानिक अनुसन्धानमा आधारित शिक्षा प्रणाली विकास गर्नु, विकासलाई नव प्रविधिमा आबद्ध गर्नु, परम्परागत ज्ञान सीप र प्रविधिको संरक्षण र आधुनिकीकरण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने संवैधानिक व्यवस्था हुनु, नविन प्रविधिको विस्तार र पहुँच हुनु, सूचना सञ्चारमा पहुँच स्थापित हुनु, विज्ञान शिक्षा विद्यालय देखि उच्च शिक्षा सम्म हुनु, प्राविधिक शिक्षालयको विस्तार हुनु, विभिन्न सीप विकास संस्थाको उपलब्धता हुनु, विश्वमा आविष्कार भएका प्रविधिको स्थानीय आवश्यकता अनुसार परिमार्जन गरी उच्च लाभ लिने सम्भावना रहुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

विज्ञान तथा प्रविधिको विकास : प्रदेशको समृद्धिमा योगदान ।

**लक्ष्य**

वैज्ञानिक अनुसन्धानमा शैक्षिक तथा अनुसन्धान केन्द्रसँग सहकार्य वृद्धि हुने ।

**उद्देश्य**

विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग क्षमता वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनिति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वैज्ञानिक अनुसन्धान, अन्वेषण र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास गर्ने । | (क) नव प्रवर्तन एवम् वैज्ञानिक अनुसन्धानका लागि उत्प्रेरक संस्थाको रूपमा अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरिनेछ र यसलाई विज्ञान ज्ञान केन्द्रको रूपमा विकास गरिनेछ ।<br>(ख) रणनीतिक र महत्त्वपूर्ण स्थानमा विज्ञान प्रविधि सम्बन्धी शिक्षालय स्थापना गरिनेछ ।<br>(ग) स्थानीय तहसँगको सहकार्यमा माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गरिनेछ ।<br>(घ) नवीनतम प्रविधिको अनुसन्धान, विकास र उपयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>(ङ) जडीबुटी तथा वनस्पति सम्बन्धी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्दै प्राप्त नतिजाको प्रमाणीकरणको व्यवस्था गरिनेछ । |
| २. वैज्ञानिक खोज र अनुसन्धानबाट विकास गरिएका प्रविधिलाई प्रदेशको समृद्धिमा उपयोग गर्ने । | (क) वैज्ञानिक खोज र अनुसन्धानबाट प्राप्त उपलब्धिलाई प्रदेश विकासमा उपयोग गरिनेछ ।<br>(ख) विज्ञानमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई इन्टर्नसीप गर्ने अनिवार्य व्यवस्था गरी प्राप्त अनुभव र सिकाइलाई प्रदेश विकासमा उपयोग गरिनेछ ।<br>(ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट भएका उपयोगी वैज्ञानिक खोज र अनुसन्धानलाई स्थानीय परिवेश अनुसार परिमार्जन गरी प्रदेशको विकासमा उपयोग गरिनेछ ।<br>(घ) नव प्रवर्तन गरी व्यवहारिक उपयोगमा ल्याउने वैज्ञानिकलाई प्रोत्साहन गरिनेछ । |
| ३. परम्परागत र स्थानीय प्रविधिको संरक्षण, संवर्द्धन र आधुनिकीकरण गर्ने । | (क) परम्परागत र स्थानीय ज्ञान सीप र प्रविधिको पुनर्खोज, संरक्षण, आधुनिकीकरण र उपयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ख) स्थानीय मौलिक प्रविधिको संघीय सरकारसँगको समन्वयमा प्याटेन्ट राइटस् लिइ त्यसको उपयोगको विस्तार गरिनेछ । (ग) विज्ञान प्रविधिको अनुसन्धानलाई प्रदेशको बजेटमा व्यवस्था गरिनेछ । |

**अपेक्षित उपलब्धि**

अनुसन्धान र विकास केन्द्रको संख्या ५ पुगेको हुने, १० वटा शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रसँग वैज्ञानिक अनुसन्धानका लागि सहकार्य भएको हुने, ५ वटा रणनीति केन्द्रका क्याम्पसमा विज्ञान प्रविधि सम्बन्धी स्नातक तह थप भएको हुने, २० वटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भएको हुने, स्थानीय मौलिक प्रविधिको प्याटेन्ट राइटस् सुनिश्चित भएको हुनेछ ।

## ६.६ सूचना तथा सञ्चार प्रविधि

### पृष्ठभूमि

सूचना सञ्चारले विश्वलाई नै एकै ठाउँमा ल्याई विश्वग्रामको रूपमा विकसित गरेको छ । सूचना सञ्चार विनाको जीवन कल्पना गर्न नसकिने अवस्था सृजना भएको छ । संविधानमा सूचनाको हक मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ । संविधान अनुसार सूचनाको मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने नीति निर्देश गरेको छ ।

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५ जारी भएको छ । यस प्रदेशमा ११४ वटा एफ.एम. रेडियो दर्ता भई सञ्चालनमा रहेका छन् । झापा, मोरङ र सुनसरी जिल्लामा पाँच वटा टेलिभिजन प्रसारण भइरहेका छन् । प्रेस काउन्सिलको वर्गीकरणको आधारमा यस प्रदेशमा ९२ वटा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भइरहेका छन् । जसमध्ये १९ वटा दैनिक समाचारपत्र रहेका छन् । सरकारी सञ्चार माध्यममा रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र यस प्रदेशमा रहेको छ । नेपाल टेलिभिजन र गोरखापत्रको प्रदेश ब्यूरोको स्थापना भएको छ । राष्ट्रिय समाचार समितिको तीन वटा कार्यालय भवनहरू यस प्रदेशमा रहेका छन् । यस प्रदेशमा आमसञ्चारमा नागरिकको पहुँच ५८.६ प्रतिशत पुगेको छ ।

**प्रमुख समस्या**

सूचना तथा सञ्चारमा सर्वसुलभ पहुँच स्थापित हुन नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु, सूचनामैत्री कार्य संस्कारको कमी हुनु, विद्यमान संघीय कानुनमा संघीयताको मर्म अनुरूप आवश्यक संशोधन हुन नसक्नु, विषयगत क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको कमी, जनतामा सूचना प्रविधि सम्बन्धी चेतनाको स्तर न्यून रहनु, आमसञ्चार क्षेत्रमा पेशागत र व्यावसायिक आचारसंहिताको अवलम्बन हुन नसक्नु, प्रदेश सरकार र अन्य सरोकारवाला बिच उचित समन्वयको

कमी, अनलाइन मिडिया तथा सामाजिक सञ्जालको दुरुपयोगको कारण सामाजिक जीवनमा नकारात्मक असर पर्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

संघीय सरकारले बनाउनु पर्ने आवश्यक ऐन कानुन तर्जुमा गर्न समन्वय गर्नु, सूचना तथा सञ्चार प्रविधिको पहुँच ग्रामीण इलाकासम्म विस्तार गर्नु, आमसञ्चार क्षेत्र विशेष गरी विद्युतीय सञ्चार माध्यमलाई मर्यादित र विश्वसनीय बनाउनु, सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समय सापेक्ष उपयोग गर्नु, सार्वजनिक सञ्चारका क्षेत्रमा कार्यरत सञ्चारकर्मीको क्षमता विकास गर्नु, सूचनामैत्री कार्य संस्कारको विकास गर्नु, सरकारद्वारा निर्धारण गरेको न्यूनतम पारिश्रमिक पालना गराउनु, चलचित्र क्षेत्रको व्यावसायिक विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

सूचना तथा सञ्चारको माध्यमबाट प्रेस स्वतन्त्रता तथा जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, आधुनिक र नवीनतम प्रविधि भित्र्याउन सहज हुनु, इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनुको साथै सार्वजनिक निकायका काम कारबाहीबारे जनताले सहजै सूचना प्राप्त गर्न सक्ने अवस्थाको सृजना हुनु, शिक्षा क्षेत्रमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग र आकर्षण तीव्र रूपमा बढ्नु, सूचना क्षेत्रमा रोजगार विस्तारका साथै यस क्षेत्रमा श्रमको सम्मान बढ्दै जानु, सूचना प्रविधिको प्रयोगले सेवा प्रवाह सहज र लागतमा कमी आउनु, आम सञ्चारका क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्नु, सूचनाको हक सम्बन्धी ऐन, २०६५ र नियमावली, २०६५ राष्ट्रिय चलचित्र नीति, २०७१ आमसञ्चार नीति, २०७३ चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०६९ अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ आदि जस्ता कानुनी पूर्वाधारको विद्यमानता रहनु, जनतामा सूचना प्रविधि प्रतिको चेतनाको स्तर बढ्दै जानु, सेवामा प्रभावकारिता बढाउन शासन संयन्त्रलाई पारदर्शी, सहभागितामूलक र खुला बनाउन प्रदेश सरकारको प्राथमिकतामा पर्नु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

आम नागरिकमा गुणस्तरीय तथा विश्वसनीय सूचना प्रविधिको पहुँच समृद्ध प्रदेशको आधार ।

### लक्ष्य

प्रदेश गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको योगदान वृद्धि हुने ।

### उद्देश्य

१. सबै नागरिकको सूचनामा पहुँच सहज बनाउनु ।
२. आमसञ्चार माध्यमलाई विश्वसनीय, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।

### रणनीति तथा कार्यनिति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्ने । | (क) सूचना तथा सञ्चार क्षेत्रको विकासको लागि आवश्यक पर्ने नीतिगत, कानुनी संरचनाको व्यवस्था तथा समय सापेक्ष सुधार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ख) सार्वजनिक निकायबाट सञ्चालन भएका कार्यक्रमको जानकारी सार्वजनिक सञ्चार मध्यमबाट सूचित गरिनेछ । |
| २. पत्रकारिता पेशालाई सम्मानित र मर्यादित पेशाको रूपमा विकास गर्ने । | (क) आमसञ्चार माध्यमलाई सक्षम, निष्पक्ष, मर्यादित, व्यवसायिक, विश्वसनीय र प्रतिस्पर्धी बनाउँदै पत्रकारितालाई सम्मानजनक पेशाको रूपमा विकास गरिनेछ ।<br>(ख) नेपाल सरकारद्वारा निर्धारण गरिएको न्युनतम पारिश्रमिक लागु गराउन आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।<br>(ग) विधागत कार्यक्रम मार्फत आमसञ्चारकर्मीको क्षमता विकास गरिनेछ । |
| ३. चलचित्र क्षेत्रको विकास र प्रवर्द्धन गर्ने । | (क) यस प्रदेशलाई चलचित्र छायाङ्कनको हवको रूपमा विकास गर्ने गरी संभाव्यताका आधारमा चलचित्र नगरी तथा छायाङ्कन स्थलको निर्माण गरिनेछ,<br>(ख) छायाङ्कन स्थल र चलचित्र नगरको निर्माण तथा आवश्यक पूर्वाधारको विकासमा सार्वजनिक निजी साझेदारीलाई परिचालन गरिने छ ।<br>(ग) प्रदेशको मौलिकता र विविधता झल्किने चलचित्रको निर्माणलाई प्रोत्साहित गरिनेछ र यसको प्रचारप्रसार र प्रवर्द्धनको लागि आवश्यक कार्य गरिनेछ । |
| ४. प्रदेशलाई डिजिटल प्रदेशको रूपमा स्थापित गर्ने । | (क) स्थानीय तहसँगको साझेदारीमा डिजिटल साक्षरता सञ्चालन गरिने छ ।<br>(ख) विद्यालय शिक्षाको अध्ययन अध्यापनलाई विद्युतीय प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।<br>(ग) सबै स्थानीय तहलाई इन्टरनेट सेवाको दायरमा ल्याइनेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेशको आधिकारिक र दोहोरो संवाद पोर्टल स्थापना भएको हुने, सबै पालिकासम्म अप्टिकल फाइवर विस्तार भएको हुने, सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको हुने, GDP मा २ प्रतिशत योगदान पुगेको हुने, आम सञ्चारमा पहुँच ६८.८ प्रतिशतमा पुगेको हुने आदि अपेक्षा गरिएको छ ।

# परिच्छेद सातः सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था

## ७.१ सुशासन तथा क्षमता विकास

### पृष्ठभूमि

संविधानले सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभूति गर्ने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

प्रदेश सरकारको प्रशासनिक संरचना अन्तर्गत सात वटा मन्त्रालय, ११ निर्देशनालय र १३७ कार्यालय गरी १५५ कार्यालय रहेका छन् । सो अन्तर्गत विभिन्न पदका ३,८८२ दरबन्दी रहेको छ । जसमध्ये ५५ प्रतिशत पदपूर्ति भएको छ । हालसम्म २४ ऐन, २ नियमावली, ३ निर्देशिका र ३० कार्यविधि स्वीकृत भइसकेको छ ।

प्रदेशमा भ्रष्टाचार न्यूनता अनुभूति सूचकाङ्क ३१ रहेको छ । यसैगरी उत्तरदायी, पारदर्शी र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क (१ न्यूनतम - ६ अधिकतम) मा यस प्रदेशको सूचकाङ्क ३ रहेको छ ।

### प्रमुख समस्या

प्रदेश सरकारका लागि आवश्यक पर्ने सबै कानुन तर्जुमा भइ नसकेको, कर्मचारीको न्यून पदपूर्ति, दक्ष जनशक्तिको कमी, अधिकारक्षेत्रको बाँडफाँटमा अन्योल, प्रदेश निजामती तथा स्थानीय सेवाको गठन भइ नसक्नु, प्रशासनिक एवम् आर्थिक अनुशासन कायम गर्ने प्रभावकारी प्रणाली विकास एवम् कार्यान्वयन हुन नसक्नु, तालिम तथा अनुसन्धान केन्द्र हस्तान्तरण भई आइ नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

प्रदेशको कार्य जिम्मेवारी अनुसार आवश्यक प्रशासनिक संरचनाको निर्माण तथा संगठनात्मक पुनर्संरचना गर्नु, साझा अधिकार सम्बन्धी कानुन निर्माणमा संघीय नीति, कानुन र मापदण्डको अभाव, प्रदेशलाई आवश्यक संघीय कानुनको अभाव, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी, स्थानीय सेवा लगायतका सार्वजनिक प्रशासनका अवयवहरूको निर्माण गर्नु, अन्तरनिकाय समन्वय प्रभावकारी बनाउनु, कर्मचारीलाई क्षमतावान एवम् उत्प्रेरित बनाउनु, शासकीय प्रबन्धमा पारदर्शिता, उत्तरदायित्व एवम् जबाफदेहीता प्रवर्द्धन गर्नु, प्रदेशको कार्यक्षेत्र सुस्पष्ट गर्दै बुझाइमा एकरूपता निर्माण गर्नु, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गर्नु, प्रदेश प्रति उत्तरदायी प्रशासनिक प्रणालीको विकास गर्नु, गुणस्तरीय, भरपर्दो, विश्वसनीय एवम् सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता गर्दै प्रदेश सरकार प्रतिको विश्वसनीयता अभिवृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

संवैधानिक रूपमा सङ्घात्मक शासन प्रणालीद्वारा राज्यशक्तिको बाँडफाँट भएको हुनु, प्रादेशिक कानुन निर्माण गरी कानुनी शासन, मानव अधिकार तथा समावेशी अवधारणामा विकासलाई अगाडि बढाउने सम्भावना हुनु, विकास निर्माण एवम् स्रोतसाधनको बाँडफाँटमा अन्तरसरकार सहकार्य र साझेदारीको सम्भावना रहनु, सार्वजनिक सेवाको प्रभावकारीता अभिवृद्धि गर्न सकिने, भ्रष्टाचार विरुद्ध बढ्दो सचेतना,

विश्वविद्यालय तथा आविष्कार संस्थासँग प्रदेश सुहाउँदो नवीन प्रविधि प्रवर्द्धनमा सहकार्य गर्न सकिने सम्भावना आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

सुशासनमा आधारित नतिजामुखी सार्वजनिक प्रशासन ।

**लक्ष्य**

जनतामा सुशासनको अनुभूति हुने गरी सार्वजनिक सेवालाई प्रभावकारी र विकास प्रशासनलाई नतिजामुखी बनाउने ।

**उद्देश्य**

सार्वजनिक सेवा प्रवाहलाई नतिजामूखी र प्रभावकारी बनाउँदै सुशासन प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको अधिकार र कार्य-जिम्मेवारी अनुसार प्रशासनिक पुनर्संरचना गर्ने । | (क) प्रदेश निजामती सेवा तथा अन्य प्रादेशिक सरकारी सेवाको गठन गरिनेछ ।<br>(ख) प्रदेश अन्तर्गतका सबै निकायको सङ्गठन व्यवस्थापन (O&M) सर्वेक्षण गरी सङ्गठन संरचना र दरबन्दी व्यवस्थित गरिनेछ ।<br>(ग) सृजित सबै पदको कार्यविवरण तयार गरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ ।<br>(घ) प्रदेश लोकसेवा आयोग गठन गरी कर्मचारी पदपूर्तिको व्यवस्था मिलाइनेछ।<br>(ङ) राष्ट्रिय किताबखानाको कर्मचारी सूचना प्रणाली (PIS) सँग आबद्ध हुने गरी प्रादेशिक कर्मचारी सूचना प्रणाली विकास गरी लागु गरिनेछ । |
| २. भ्रष्टाचार नियन्त्रण गर्ने विधि र प्रणालीको स्थापना गर्ने । | (क) भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।<br>(ख) सार्वजनिक पदाधिकारीको लागि आचारसंहिता निर्माण गरी अनुगमन प्रणाली विकास गरिनेछ ।<br>(ग) भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धिमा नागरिक समाजमूलक संस्था र निकायसँग समन्वय एवम् सहकार्य गरिनेछ ।<br>(घ) नागरिक समाज र भ्रष्टाचार विरुद्ध क्रियाशिल संस्थाहरूको सञ्जालीकरण गरी खबरदारी बढाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ङ) सदाचार प्रवर्द्धन गर्दै पारदर्शी एवम् प्रविधिमैत्री आर्थिक र प्रशासनिक कार्यप्रणालीको निर्माण गरी भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ । |
| ३. अन्तरतह तथा अन्तरनिकाय समन्वय प्रभावकारी बनाउने । | (क) प्रदेश समन्वय परिषद्को कार्यलाई प्रभावकारी बनाइनेछ । समन्वय परिषद्बाट गठित कार्यदल तथा कार्यसमिति गठन गरी सबलीकरण गरिनेछ ।<br>(ख) स्थानीय तहबिच र स्थानीय तह र प्रदेशबिच प्राकृतिक स्रोत बाँडफाँट लगायत विकास निर्माणमा साझा धारणा विकास गर्ने र परिषदका निर्णय कार्यान्वयनको सुनिश्चितता गर्ने प्रणाली विकास गरिनेछ ।<br>(ग) प्रदेश र स्थानीय तहका बिच साझा चासो र सरोकारका परियोजनामा सहवित्तीयकरणका लागि नीतिगत, कानुनी र संरचनात्मक व्यवस्था गरिनेछ ।<br>(घ) प्रदेशभित्रका पालिकाबिच विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी कानुन को निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>(ङ) संघ, प्रदेश र स्थानीय तहका बिच समन्वयका लागि प्रभावकारी सूचना प्रविधि र सञ्चार प्रणाली विकास गरिनेछ ।<br>(च) संघीय सरकारबाट कार्यान्वयनमा रहेका Online reporting, PIS, LMBIS, HMIS, EMIS, RMIS आदिसँग एकीकृत हुने गरी प्रदेश सूचना प्रणाली विकास गरी सूचना आदान प्रदानको व्यवस्था मिलाइनेछ ।<br>(छ) विश्वविद्यालय र ज्ञान विज्ञानसँग सम्बन्धित अनुष्ठानसँग अनुसन्धान र विकास एवम् ज्ञान व्यवस्थापन सम्बन्धी कार्यमा सहकार्य गरिनेछ । |
| ४. विधिको शासन सुनिश्चित गर्दै सार्वजनिक सेवालाई जवाफदेही र पारदर्शी बनाउने । | (क) सरकारी कार्य सञ्चालन सम्बन्धी नीति, कानुन, कार्यविधि एवम् मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) नीति, कानुन, कार्यविधि एवम् मापदण्ड तर्जुमा गर्दा सरोकारवाला समेतको सहभागितामूलक प्रक्रियाद्वारा समावेशी लोकतान्त्रिक मूल्य र मान्यताको अवलम्बन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | (ग) प्रदेश अन्तर्गतका सबै निकायमा Standard Operating Procedure बनाई लागु गरिनेछ ।<br>(घ) क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गरिनेछ ।<br>(ङ) प्रदेशतहमा एकीकृत सेवा प्रवाह प्रणालीको विकास गरिनेछ ।<br>(च) आम नागरिक, स्थानीय तह र प्रदेश सरकारबिच प्रविधिमैत्री अनुगमन मूल्याङ्कन, गुनासो सुनवाइ एवम् प्रगति अनुगमनको प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।<br>(छ) स्थानीय सरकारको स्वमूल्याङ्कन प्रणाली (Local Institution self- assessment) लाई संस्थागत गर्नका साथै स्थानीय तहको कार्यसम्पादनसँग प्रदेश अनुदानलाई आबद्ध गर्ने प्रणालीको अवलम्बन गरी अन्तरपालिका कार्यसम्पादन प्रतिस्पर्धा अभिवृद्धि गरिनेछ ।<br>(ज) सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी एवम् पहुँच योग्य बनाउन प्रदेश सरकारका सबै कार्य प्रक्रियामा सूचना प्रविधिको उपयोग गर्न प्रदेश सूचना प्रविधि नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(झ) प्रदेश सरकारको सूचना पोर्टल र मुख्यमन्त्री Dash Board मार्फत नागरिक, स्थानीय तह र प्रदेश सरकारबिच अन्तरसम्वाद हुने व्यवस्था मिलाइनेछ ।<br>(ञ) सार्वजनिक सेवा प्रवाहको स्पष्ट मानक (Benchmark) बनाई सेवा सुनिश्चित गरिनेछ ।<br>(ट) सार्वजनिक सेवामा असहाय, कमजोर एवम् सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गरिनेछ।<br>(ठ) आर्थिक तथा सामाजिक रूपमा पछाडी परेका विपन्न, कमजोर असहाय एवम् गरिब जनताको न्यायमा पहुँच सुनिश्चित गर्न र निःशुल्क कानुनी सहायता उपलब्ध गराउन प्रत्येक पालिकामा न्यायिक सहजकर्ताको व्यवस्था गरिनेछ ।<br>(ड) व्यवस्थापन परीक्षण र तेस्रो पक्ष सम्मिलित सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी निरन्तर सुधारको स्वचालित प्रणाली विकास गरिनेछ ।<br>(ढ) सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (ण) कानुन तर्जुमाको अवस्थाबारे जानकारी दिने स्वचालित प्रणालीको निर्माण गरिनेछ । |
| ५. प्रदेश सरकारको सार्वजनिक वित्त व्यवस्थापन प्रणाली सुदृढीकरण गरी स्रोत-साधनको महत्तम उपयोग गर्ने । | (क) विद्युतीय खरिद प्रणालीको स्थापना गरी सार्वजनिक खर्च प्रणाली पारदर्शी एवम् व्यवस्थित बनाइनेछ ।<br>(ख) आन्तरिक नियन्त्रण एवम् वित्तीय जोखिम न्यूनीकरण प्रणाली विकास गरी लागु गरिनेछ ।<br>(ग) स्वीकृत वार्षिक कार्यक्रम अनुसार समयमै खरिद कार्य सम्पन्न गरी जेष्ठ मसान्तसम्म योजना सम्पन्न गरी भुक्तानी तथा फरफारक गर्ने व्यवस्था मिलाइनेछ ।<br>(घ) अन्तर तहगत करको बाँडफाँट र वित्तीय हस्तान्तरण प्रणाली व्यवस्थित गरिनेछ ।<br>(ङ) निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरूलाई बजेट तर्जुमा, खर्च प्रणाली र वित्तीय अनुशासन आदिका सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ ।<br>(च) वार्षिक लेखा परीक्षण समयमै सम्पन्न गरी बेरुजू बेमाख गरिनेछ । |
| ६. सूचना प्रविधिको प्रयोगबाट सार्वजनिक सेवालाई सहज एवम् सर्वसुलभ बनाउने । | (क) प्रदेश सरकारको सूचना पोर्टल र मुख्यमन्त्री Dash Board निर्माण गरिनेछ ।<br>(ख) सार्वजनिक सेवालाई सूचना प्रविधि प्रणालीमा आबद्ध गरी कागजात रहित सेवा तर्फ उन्मुख गरिने छ ।<br>(ग) प्रदेशका जिल्ला तहसम्मका कार्यालयमा विद्युतीय सूचनापाटीको व्यवस्था गरिनेछ ।<br>(घ) मन्त्रालय र अन्तरगत निकाय तथा स्थानीय तहसम्म सूचना सञ्चार सञ्जालको व्यवस्था गरी विद्युतीय प्रणालीबाट कार्य सम्पादन हुने प्रणालीको विकास गरिनेछ ।<br>(ङ) सार्वजनिक सेवालाई सूचना प्रविधिमैत्री बनाउँदै डिजिटाइजेसन गरिनेछ ।<br>(च) सरकारी कारोवार मुद्राविहिन (cashless) प्रणालीमा आबद्ध गरिनेछ । |
| ७. संस्थागत तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | (क) प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने तालिम केन्द्र प्राप्त गरी प्रादेशिक तालिम केन्द्रको संस्थागत विकास गरिनेछ ।<br>(ख) जनप्रतिनिधि तथा कर्मचारीको तालिमको आवश्यकता पहिचान (TNA) गरी दक्ष, गुणस्तरीय एवम् प्रविधिमैत्री |

| रणनीति | कार्यनीति |
|---|---|
| | नवप्रवर्तनमुखी जनशक्ति निर्माण गर्ने गरी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ग) कर्मचारीमा क्षमता स्वमूल्याङ्कन प्रणालीबाट तालिम तथा क्षमता विकासको पहिचान गरी क्षमता विकासका कार्यक्रममा आबद्ध गरिनेछ ।<br>(घ) जनप्रतिनिधि र कर्मचारीलाई लैङ्गिक संवेदनशील, समावेशी, पारदर्शिता, उत्तरदायित्व र सहभागितामूलक पद्धतिमा (TAP Tools & Methods) तालिम दिने प्रणालीको अवलम्बन गरिनेछ।<br>(ङ) प्रदेशमा दक्ष जनशक्ति विकासका लागि जनशक्ति विकास योजना लागु गरिनेछ ।<br>(च) ज्ञान सीपका साथै धारणा परिवर्तन समेत हुने किसिमका मनोसुधार, उत्प्रेरणा जगाउने, Appreciative Inquiry प्रकृतिका तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(छ) महत्त्वपूर्ण आयोजनामा कार्यसम्पादन करारको अवलम्बन गरी आयोजनाको कार्य प्रगतिसँग कर्मचारीको कार्य सम्पादनलाई आबद्ध गरिनेछ ।<br>(ज) वृत्ति विकासका अवसरलाई कार्य सम्पादनसँग घनिष्ठ रूपमा आबद्ध गरिनेछ । |

**अपेक्षित उपलब्धि**

सुशासन सूचकाङ्क -०.७८ बाट वृद्धि भई १.२५ पुगेको हुने, भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क ५० पुगेको हुने; उत्तरदायित्व, पारदर्शीता र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क ४ पुगेको हुने, आवश्यक कानुनको निर्माण भएको हुने, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी लगायतका सरकारी सेवाको गठन भएको हुने, एकीकृत जनशक्ति विकास योजना कार्यान्वयनमा आएको हुने, प्रदेशको सङ्गठनात्मक पुनर्संरचना भएको हुने, प्रत्येक पद र कर्मचारीले स्पष्ट कार्य विवरण प्राप्त गरेको हुने, प्रदेश तालिम प्रतिष्ठान गठन भइ कार्य सञ्चालनमा आएको हुने, प्रदेशको कार्य सञ्चालनमा विद्युतीय प्रणालीको अवलम्बन भएको हुने, मुख्यमन्त्री ड्यासबोर्ड स्थापना भई सुचारु भएको हुनेछ ।

## ७.२ मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था

### पृष्ठभूमि

मानव अधिकारलाई संविधानको प्रस्तावनामा नै समावेश गरी राज्यको सम्पूर्ण अवयवको अविच्छिन्न अङ्गको रूपमा उल्लेख गरिएको छ भने मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन राज्यको दायित्व हुने व्यवस्था सहित राज्यले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने, न्याय प्रशासनलाई छिटो

छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

प्रदेशको अधिकार अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा संविधानको अनुसूचीमा व्यवस्थित गरेको छ भने कार्य विस्तृतीकरणका अनुसार आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेशभित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानुन कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोक मार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र राखिएको छ । प्रदेशको कार्य क्षेत्रभित्र प्रदेशस्तरीय सुरक्षा संयन्त्र स्थापना र हस्तान्तरण हुन बाँकी रहेको अवस्था छ । प्रदेशमा नागरिक सन्तुष्टी अनुभूति सूचकाङ्क (१० अङ्कमा) ४.७ रहेको छ । आ.व. २०७५/७६ मा शान्ति सुरक्षाको लागि औषत बजेट रु. ७४।- रहेको छ । यसैगरी मानव अधिकार उलङ्घनका घटना ८४८ रहेको छ ।

नेपाल मानव अधिकार सम्बन्धी आधारभूत महासन्धिको पक्ष राष्ट्र रहेको छ । संयुक्त राष्ट्र संघमा संपरीक्षणका लागि पेस गर्नु पर्ने ठूला नौ वटा महासन्धि मध्ये सात महासन्धिको नेपाल पक्ष राष्ट्र भइसकेको छ । मानव अधिकार आयोगले संवैधानिक दर्जा प्राप्त गरेको छ । सबै कुप्रथालाई फौजदारी अपराधको कोटिमा राख्ने कानुन र अपराध संहिता जारी भएको छ । दिगो विकासको १६ औं लक्ष्य मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित छ ।

**प्रमुख समस्या**

संघीय कानुनको अभावमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी कानुन र सङ्गठनात्मक संरचना बन्न नसक्नु, प्रदेश सुरक्षा योजना तर्जुमा हुन नसक्नु, गरिब तथा असहायका लागि न्यायमा पहुँच कमजोर हुनु, पारिवारिक हिंसा एवम् सामाजिक कुरीतिका कारण हुने हिंसाका घटना न्यायालय सम्म नपुग्नु, मौलिक हकको सुनिश्चित गर्नका लागि प्रदेशस्तरीय कानुन एवम् मापदण्ड तयार नहुनु, प्रदेशस्तरमा मानव अधिकारको विद्यमान अवस्था यकिन नहुनु आदि प्रमुख समस्या हुन् ।

## चुनौती

प्रदेश सुरक्षा योजना तर्जुमा गरी भरपर्दो शान्ति सुरक्षाको प्रत्याभूति गराउनु, आपराधिक मनोवृत्तिमा सुधार ल्याउनु, सूचना संयन्त्र विकास गरी आपराधिक गतिविधि नियन्त्रण गर्नु, सूचना प्रविधिको दुरुपयोगबाट हुने अपराध नियन्त्रण गर्नु, अपराध अनुसन्धान क्षमता विकसित गर्नु, प्रदेश भित्रका कारागारको प्रभावकारी व्यवस्थापन गरी सुधार गृहमा रूपान्तरण गर्नु, प्रदेश सरकारका सबै निकाय एवम् नागरिकमा मानव अधिकार प्रतिको उच्च सम्मान गर्ने संस्कार विकास गर्नु, गरिब एवम् असहायका लागि न्यायमा सहज पहुँच स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

मानव अधिकार प्रति सजगता बढ्दै जानु, हिंसा लगायतका घटनामा कानुनी उपचार खोज्ने प्रवृत्ति बढ्दै जानु, शान्ति सुरक्षा सम्बन्धी प्रदेश अनुकूल कानुन निर्माण गर्न पाउनु, मानव अधिकार तथा शान्ति सुरक्षा सम्बन्धी संवैधानिक व्यवस्था हुनु तथा मानव अधिकार सम्बन्धी विश्वव्यापी कानुनमा नेपाल पक्ष राष्ट्र हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

सुरक्षित एवम् मर्यादित जीवनका लागि मानव अधिकार ।

**लक्ष्य**

प्रभावकारी शान्ति सुरक्षा र सुव्यवस्था मार्फत मानव अधिकार सहितको सुरक्षित र मर्यादित जीवनको प्रत्याभूति ।

**उद्देश्य**

१. शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था गरी कानुन परिपालनाको सुनिश्चितता गर्दै सामाजिक अपराधमुक्त नैतिकवान समाजको निर्माण गर्नु ।

२. कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिको प्रतिबद्धताको परिपालना गर्दै मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जनतामा अनुभूत हुने गरी विश्वसनीय शान्ति सुरक्षा एवम् सुव्यवस्था कायम गर्ने । | (क) प्रादेशिक सुरक्षा सम्बन्धी ऐन कानुनको साथै प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्यूरोको संगठनात्मक संरचना निर्माण गरिनेछ ।<br>(ख) शान्ति सुरक्षा, सुव्यवस्था, कानुनी शिक्षा र मानव अधिकारको संरक्षणका क्षेत्रमा सरोकारवालालाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ग) आपराधिक गतिविधि नियन्त्रण गर्न र सुरक्षा प्रबन्धमा प्रभावकारिताका लागि प्रदेश सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>(घ) सरकारी, सार्वजनिक गुठी सम्पत्तिको अवैधानिक कब्जा हटाई संरक्षण गरिनेछ ।<br>(ङ) खुला सिमानाको प्रयोगबाट हुने निर्बाध आवतजावतमा समुदायको सहभागितामा सुरक्षा निगरानी बढाइनेछ ।<br>(च) जनतालाई सुरक्षाको प्रत्याभूति प्रदान गर्दै शान्ति सुरक्षा र विकासलाई सँगसँगै अघि बढाउनुका साथै सिमाना नजिकका बस्ती तथा बजार क्षेत्रमा सुरक्षा प्रयोजनार्थ सुरक्षा निकायलाई भौतिक पूर्वाधारको विकास तथा सहायता सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ ।<br>(छ) धेरै मानिस जमघट हुने, महत्त्वपूर्ण पर्यटकीय क्षेत्र, बजार तथा व्यस्त सडक एवम् सार्वजनिक सेवा प्रदायक स्थलमा सुरक्षा निगरानीको लागि आवश्यक प्रविधियुक्त |

| रणनीति | | कार्यनीति |
|---|---|---|
| | | सूचना प्रणाली तथा संयन्त्रको विकास गरिने तथा सेवाग्राहीमैत्री नागरिक सहायता कक्षको स्थापना तथा विस्तार गरिनेछ । |
| २. अपराधरहित समाज निर्माण गर्न नैतिक शिक्षा एवम् नागरिक सचेतनाको विस्तार गर्ने । | (क) | सामाजिक सचेतना र सौहार्द अभिवृद्धि गर्न सामुदायिक प्रहरी अभियान सञ्चालन गरिनेछ । |
| | (ख) | नैतिकवान समाज निर्माणको लागि जिम्मेवार नागरिक बनाउन विद्यालय तहमा (१३ वर्ष देखि १९ वर्षसम्मका विद्यार्थीलाई लक्षित गरी) चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | (ग) | आपराधिक गतिविधिमा संलग्न व्यक्ति एवम् कैदीबन्दीलाई लक्षित गरी मनोपरामर्श सेवा सञ्चालन गरिनेछ । |
| | (घ) | नैतिक शिक्षालाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था गरिनेछ । |
| ३. सबैको मानव अधिकारको संरक्षण गर्दै समाजका कमजोर वर्गको हक हितको संवर्द्धन गर्ने । | (क) | प्रदेशका भित्रका कारागारका कैदीबन्दीको सामाजिकीकरण र सहज जीवन व्यतीत गर्नका लागि सीप, शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | (ख) | सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ । |
| | (ग) | गरिब एवम् असहाय नागरिकलाई न्यायमा पहुँच पुऱ्याउन स्थानीय तहसँगको सहकार्यमा कानुनी सहायता अभियान सञ्चालन गरिनेछ । |
| | (घ) | मानव अधिकार प्रतिको सम्मान एवम् जिम्मेवारी अभिवृद्धि गर्न नियमित रूपमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | (ङ) | मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि यस क्षेत्रमा क्रियाशिल अधिकारवादी संघ संस्थासँग सहकार्य र साझेदारी गरिनेछ । |

**अपेक्षित उपलब्धि**

प्रदेशमा शान्ति सुरक्षा, प्रहरी र अनुसन्धान ब्यूरो सम्बन्धी कानुन तर्जुमा भएको हुने, प्रदेश प्रहरी र अनुसन्धान ब्यूरोको गठन भएको हुने, सबै स्थानीय तहमा कानुनी सहायता तथा मानव अधिकार सम्बन्धी अभिमुखीकरण गरिएको हुने, शान्ति सुरक्षामा प्रति व्यक्ति विनियोजित रु. २००।- पुगेको हुने, नागरिक सन्तुष्टिको अनुभूति वृद्धि भई ५.५ पुगेको हुनेछ ।

# परिच्छेद आठः अन्तरसम्बन्धित क्षेत्र

## ८.१ गरिबी निवारण

### पृष्ठभूमि

संविधानले नेपालको सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आर्थिक वृद्धि सहित न्यायोचित वितरणको आर्थिक उद्देश्य लिएको छ । गरिबीको वितरण भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ । प्रदेशको मानव विकास सूचकाङ्क ०.५०४ रहेको छ । प्रदेशको प्रति व्यक्ति आय अमेरिकी डलर ९३४ रहेको छ । सम्पत्तिमा आर्थिक असमानता सूचकाङ्क (Palma) १.०१ / सम्पत्तिमा आर्थिक असमानता (Gini) ०.३५ रहको छ । यस प्रदेशको बहुआयामिक गरिबी १९.७ प्रतिशत (राष्ट्रिय औसत २८.६ प्रतिशत) छ । गरिबीको गहनता दलित, जनजाति, पिछडिएको क्षेत्र र महिलामा बढी रहेको देखिन्छ । देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्नु आजको आवश्यकता हो ।

### प्रमुख समस्या

गरिबीको वितरण भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातीय र लैङ्गिक रूपमा समेत असमान रहनु, गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्षित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रम केन्द्रित हुन नसक्नु, विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रम बिच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्य पर्याप्त नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

भौगोलिक, लैङ्गिक, जातीय र आय वर्ग बिच रहेको गरिबीको मार र असमानताको अन्तरलाई कम गर्नु, न्यून आर्थिक वृद्धि, प्राकृतिक प्रकोपबाट सिर्जित गरिबीको निराकरण गर्नु, स्वरोजगार प्रवर्द्धन गर्न सीप, पुँजी र प्रविधिमा पहुँच बढाउनु, नयाँ रोजगारीका अवसर सृजना गर्नु, स्थानीय सीप, पुँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, र सबै क्षेत्र र समुदायलाई सन्तुलित रूपमा सम्बोधन गर्नु आदि प्रमुख चुनौती हुन्।

### अवसर

प्रदेशमा नयाँ अवधारणाबाट कार्यक्रम सञ्चालन गर्ने अवसर हुनु, विभिन्न निकायबाट गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन भएको अवस्था हुनु, संघीय र प्रदेश सरकारको प्राथमिकताको विषय हुनु, संविधान अनुसार विपन्न वर्गको उत्थानका लागि विशेष व्यवस्था गर्ने नीतिगत व्यवस्था हुनु, दिगो विकासका अधिकांश लक्ष्य यस तर्फ केन्द्रित हुनु, शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, श्रम तथा रोजगारसँग सम्बन्धित सामाजिक संघसंस्थाका गरिबी न्यूनीकरण लक्षित कार्यक्रम सञ्चालित हुनु आदि प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

गरिबीमुक्त समृद्ध प्रदेश ।

**लक्ष्य**

बहुआयामिक गरिबी घटेको हुने ।

**उद्देश्य**

मानव विकास सूचकाङ्कमा अभिवृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामाजिक सुरक्षा कार्यक्रम गरिब घरपरिवारमा प्राथमिकताका साथ परिचालित गर्ने । | (क) संघसँग समन्वय गरी गरिब परिवारको पहिचान कार्यक्रम मार्फत गरिबी परिचय पत्रको व्यवस्था गरिने छ ।<br>(ख) परिचय पत्रको आधारमा क्षमता अभिवृद्धि एवम् पुँजीगत अनुदान दिई आय आर्जन र रोजगारीमा प्राथमिकता दिइनेछ ।<br>(ग) गरिबी निवारण क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायलाई गरिबी घटेको परिणाम देखिने गरी परिचालन गरिने छ । |
| २. शिक्षा, स्वास्थ्यमा पहुँच बढाई मानव पुँजीको विकास गर्ने । | (क) गरिबी परिचयपत्र प्राप्त परिवारको लागि शिक्षा स्वास्थ्य, सामाजिक सुरक्षा, भौतिक पूर्वाधार, रोजगारी जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।<br>(ख) शिक्षा, स्वास्थ्य, मानव अधिकार जस्ता सामाजिक क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा दातृ निकाय सँग प्रभावकारी समन्वय र सहकार्य गरी दक्ष मानव संसाधनको विकास गरिनेछ। |
| ३. परम्परागत प्रविधि, ज्ञान सीपको प्रवर्द्धन गरी आय आर्जन र रोजगारीमा आबद्ध गर्ने । | (क) गरिबीका विभिन्न आयाम र परिसूचक अनुसार प्रदेश स्तरमा अध्ययन अनुसन्धान गरी गरिबी न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) स्रोतसाधनको उपयोगमा स्थानीय गरिब परिवारलाई अग्राधिकार दिइनेछ ।<br>(ग) परम्परागत प्रविधि, पेशागत ज्ञान सीपको आधुनिकीकरण, संरक्षण र उपयोग गरी उत्पादित वस्तुको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुऱ्याइनेछ ।<br>(घ) गरिबी निवारणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रम बिच प्रभावकारी समन्वय गरिनेछ ।<br>(ङ) न्यून आय भएका व्यक्तिका लागि निःशुल्क सीपमूलक तालिमको सुनिश्चितता गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (च) रोजगारी लगायतका सम्पूर्ण अवसरको न्यायोचित वितरण र समतामूलक विकास हुने गरी क्षेत्रगत नीतिको समन्वय गरिनेछ । |
| ४. व्यावसायिक कृषिका लागि सहकारी, सामुदायिक एवम् करार खेती तर्फ उन्मुख गर्ने । | (क) विपन्न तथा पिछडिएका समुदायलाई सहकारितामा संगठित गरी आय तथा रोजगारीका कार्यक्रममा आबद्ध गर्न प्रोत्साहन गरिनेछ ।<br>(ख) सहकारी तथा करार खेतीका लागि भूमिहीन किसानलाई जग्गा उपलब्ध गराई कृषि क्षेत्रमा उत्पादनमूलक रोजगारीका अवसरको सृजना गरिनेछ ।<br>(ग) नदी उकासबाट प्राप्त भूमिमा स्थानीय समुदायको समेत सहभागितामा पर्यटन, जडीबुटी, वनजन्य र कृषिजन्य उद्यमलाई बढावा दिइनेछ ।<br>(घ) कृषि मजदुरको ज्याला पुनरावलोकन गराउने व्यवस्था गरिनेछ ।<br>(ङ) उत्पादनमूलक रोजगारीलाई केन्द्र विन्दुमा राखी प्रादेशिक गरिबी निवारण कार्यक्रम सञ्चालन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

बहुआयामिक गरिबी १४ प्रतिशतमा झरेको हुने, मानव विकास सूचकाङ्कमा वृद्धि भई ०.६०० पुगेको हुने, प्रति व्यक्ति आय अमेरिकी डलर १६२० पुगेको हुने, Palma सूचकाङ्क ०.८० भएको हुने, Gini सूचकाङ्क ०.३२ पुगेको हुने, गरिब घरपरिवारको पारिवारिक तथ्याङ्क सङ्कलन भई गरिबी परिचय पत्र वितरण भएको हुने, गरिब लक्षित कार्यक्रम परिचयपत्रसँग आबद्ध भएको हुने, गरिबीको रेखामुनि रहेको जनसंख्या ११ प्रतिशतमा झरेको हुने, गरिबी लक्षित कार्यक्रम एकीकृत रूपमा सञ्चालन भएको हुने, कृषि मजदुरको ज्याला न्यूनतम जीवन निर्वाह मापदण्डको आधारमा पुनरावलोकन भएको हुनेछ ।

## ८.२ श्रम तथा रोजगारी

### पृष्ठभूमि

श्रम उत्पादनका साधन परिचालन गर्ने महत्त्वपूर्ण साधन हो । संविधानले रोजगारीको हकको सुनिश्चितता प्रदान गर्नका साथै नीतिमा श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, बाल श्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने, सुमधुर श्रम सम्बन्ध, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित, व्यवस्थित गर्ने, वैदेशिक रेजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति लिएको छ ।

दिगो विकासका लक्ष्यले पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य तोकेको छ । सन् २०३० सम्ममा बालश्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी दर १० प्रतिशत भन्दा कम ल्याउनु पर्ने हुन्छ ।

नेपाल श्रम शक्ति सर्वेक्षण २०१७ / १८ का अनुसार यस प्रदेशमा काम गर्ने उमेर समूह (१५-५९ वर्ष) को जनसंख्या ३५,५६,००० रहेको र श्रम सहभागिता दर ३७.८ प्रतिशत रहेको छ । प्रदेशमा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३४ प्रतिशत रहेको छ भने बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ । बेरोजगारमा पुरुष ९.१४ र महिला ११.९५ प्रतिशत रहेको देखिन्छ । यस प्रदेशमा रोजगारीको महत्त्वपूर्ण क्षेत्रको रूपमा कृषि रहेको छ । श्रम शक्तिको २२.२ प्रतिशत कृषिमा संलग्न रहेको

देखिन्छ । यसमा महिला ५४.२४ र पुरुष ४५.७४. प्रतिशत रहेको छ । कृषिमा संलग्न महिलामा उच्च माध्यमिक तहको शिक्षा हासिल गरेकाको प्रतिशत ५.८५ छ भने एस.ई.ई. सम्मको शिक्षा प्राप्त १९.६८ प्रतिशत रहेको छ । उच्च शिक्षा हासिल गरेकाको हिस्सा नगन्य रहेको छ ।

यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने संख्याको अनुपात कुल वैदेशिक रोजगारीको २५.५१ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा जाने अधिक संख्याका १० जिल्ला मध्ये प्रदेशमा तीन जिल्ला (झापा, मोरङ र सुनसरी) पर्दछन् । महिला वैदेशिक रोजगारीमा जाने अधिकतम १० जिल्ला मध्ये चार वटा जिल्ला (झापा, मोरङ, इलाम र सुनसरी) पर्दछन् ।

**प्रमुख समस्या**

रोजगारी सम्बन्धी सूचना सहजरूपले उपलब्ध नहुनु, श्रम बजार औपचारिक र व्यवस्थित भइ नसक्नु, श्रम बजारमा भइरहेको परिवर्तन र श्रम माग तथा आपूर्तिको सम्बन्धमा नियमित अध्ययन नहुनु, रोजगार केन्द्र प्रभावकारी हुन नसक्नु, श्रम बजारमा सीपयुक्त जनशक्ति न्यून रहनु, ज्यालामा लैङ्गिक असमानता र बाल श्रमको विद्यमानता रहनु, सीपको महत्त्व सम्बन्धी चेतनाको कमी हुनु, पर्याप्त मात्रामा आन्तरिक रोजगारी सृजना हुन नसक्नु, अधिकांश जनशक्ति अनौपचारिक क्षेत्रमा संलग्न रहनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

श्रम बजारलाई व्यवस्थित र औपचारिक बनाउनु, रोजगारको क्षेत्र र मागको अद्यावधिक तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नु, माग अनुसार रोजगारका निम्ति आवश्यक सीप र दक्षता अभिवृद्धि गर्ने संस्थागत व्यवस्था मिलाउनु, वैदेशिक रोजगारीलाई सीपयुक्त बनाउनु, वैदेशिक रोजगारलाई शोषणमुक्त बनाउनु, प्रदेश भित्रै रोजगारीका अवसर सृजना एवम् विस्तार गर्नु, वैदेशिक रेजगारीबाट फर्केका युवालाई उद्यम र रोजगारीका अवसर प्रदान गर्नु र बाध्यात्मक वैदेशिक रोजगारको अन्त्य गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

नयाँ युवा पिढी प्रविधिमैत्री रहेको र प्रविधिको विस्तार भइरहेको, वैदेशिक रोजगारबाट फर्केकालाई उद्यमशीलताको तालिम दिई रोजगारमुलक कार्यमा संलग्न गराउनु, विप्रेषणको सहि उपयोगको लागि अनुकूल वातावरण सृजना भई रोजगारी र व्यवसायको विकास र विस्तारका अवसर हुनु, प्राविधिक

शिक्षाको पहुँच विस्तार हुँदै जानु, बैकिङ लगायत आन्तरिक आर्थिक गतिविधि बिस्तार हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

श्रमको सम्मान, प्रदेशको पहिचानः पूर्ण रोजगारी, समुन्तिको आधार ।

**लक्ष्य**

श्रमिक उत्पादकत्व वृद्धि भइ रोजगारीमा पहुँच बढेको हुने ।

**उद्देश्य**

१. दक्ष, सीपयुक्त र उत्पादनशील मानव संशाधनको विकास गरी स्वरोजगारीका अवसर सृजना गर्नु ।
२. श्रमिकको हकहित संरक्षण गर्दै रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा वृद्धि गर्नु ।
३. वैदेशिक रोजगारी बढी लाभदायक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. मानव संशाधन विकास गरी रोजगारीका अवसर सृजना गर्ने । | (क) प्रदेश मानव संसाधन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>(ख) रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गरिनेछ ।<br>(ग) रोजगार प्रवर्द्धन, मर्यादित श्रम अभ्यास, असल श्रम सम्बन्धको स्थापना, व्यवसायजन्य सुरक्षा तथा वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन संघ, स्थानीय सरकार तथा प्रतिष्ठानसँग सहकार्य गरिनेछ ।<br>(घ) श्रम बजारमा भइरहेको परिवर्तन र श्रम माग र आपूर्तिको सम्बन्धमा नियमित अध्ययन गरी नयाँ रोजगारीका क्षेत्रको खोज अनुसन्धान एवम् प्रचार गर्नुका साथै रोजगार सूचना प्रणाली स्थापना गरि सूचना प्रवाह प्रभावकारी बनाइनेछ ।<br>(ङ) पारम्परिक पेशागत तरिका र औजारको आधुनिकीकरण गरि श्रमिकको उत्पादकत्व अभिवृद्धि गरिनेछ ।<br>(च) श्रम तथा रोजगार सूचना केन्द्रको सुदृढ गरी आन्तरिक तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी एकीकृत सूचना प्रवाह गरिने छ । |
| २. सीप तथा व्यावसायिक तालिमका अवसरको विकास एवम् विस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्तिको उत्पादन गर्ने । | (क) प्रदेश स्तरीय बहुविषयगत सीप विकास तालिम केन्द्रको स्थापना गरिनेछ ।<br>(ख) सीप विकास तथा व्यावसायिक तालिम हासिल गरेका युवालाई उद्यमशीलताका लागि परामर्श, स्किम निर्माणमा |

| रणनीति | कार्यनीति |
| --- | --- |
|  | सहयोग, वित्तीय सहायता तथा बजार पहुँचमा एकद्वार सेवा र सहजीकरण गरिनेछ ।<br>(ग) रोजगारमूलक शिक्षा, तालीम र नमुना केन्द्रको स्थापना गरी बजारको माग अनुसार तालिम सञ्चालन गरिनेछ ।<br>(घ) उद्यमशीलता विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको अवसर उपलब्ध गराई स्वरोजगारका लागि आवश्यक पुँजी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>(ङ) वैदेशिक रोजगारीबाट फर्केका युवालाई सीप प्रमाणीकरण गरी श्रम बजारमा पुन: प्रवेश गर्न सहजीकरण गरिनेछ र सहुलियत पूर्ण ऋण उपलब्ध गराउन व्यवस्था गरिनेछ ।<br>(च) लक्षित वर्गलाई रोजगारीमा उन्मुख सीप विकासका निमित्त सरकार र निजी क्षेत्रको सहभागितामा विशेष सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने । | (क) कार्यस्थलमा हुन सक्ने जोखिमको न्यूनीकरण गर्न सुरक्षा मापनका मापदण्ड तयार गरी लागु गर्नका साथै श्रमिकको बिमा अनिवार्य गरिनेछ ।<br>(ख) श्रमिकको न्यूनतम ज्यालाको सुनिश्चितता गर्दै असल श्रम सम्बन्ध कायम गर्ने कानुनी प्रबन्ध गरिनेछ ।<br>(ग) सरकार, रोजगारदाता र श्रमिक बिच त्रिपक्षिय सम्बन्ध सुदृढ गरी सुमधुर औद्योगिक सम्बन्धको विकास गरिनेछ ।<br>(घ) योगदानमा आधारित सामाजिक सुरक्षामा प्रतिष्ठानको आबद्धता सुनिश्चित गरिनेछ । |
| ४. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउँदै लाभलाई अधिकतम बनाउने । | (क) प्रदेशमा अवस्थित वैदेशिक रोजगार एजेन्सीको राष्ट्रिय नीति र कानुन बमोजिम नियमित अनुगमन गरिनेछ ।<br>(ख) विप्रेषण-वित्तीय साक्षरतालाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>(ग) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई सही सदुपयोग गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्नको लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (घ) वैदेशिक रोजगारमा जान चाहने युवालाई श्रम क्षेत्र निर्धारण गरी आफूले गर्न चाहेको पेशा सम्बन्धी सीपमूलक तालिमको अवसर प्रदान गरिनेछ ।<br>(ङ) वैदेशिक रोजगारीमा जाने युवालाई स्थानीय तहमा नै पूर्व अभिमुखीकरण तालिमका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ ।<br>(च) वैदेशिक रोजगार व्यवस्थापनमा स्थानीय सरकार, छिमेकी प्रदेश र संघीय सरकार सँग प्रभावकारी सहकार्य गरिने छ ।<br>(छ) वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र लाभप्रद बनाउने गरी उपयुक्त सूचना सञ्चार रणनीति अवलम्बन गरिनेछ ।<br>(ज) वैदेशिक रोजगारमा संलग्न महिलाका लागि विशिष्ट कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(झ) स्थानीय सरकार सञ्चालन ऐन द्वारा प्रदत्त वैदेशिक रोजगार सम्बन्धी जिम्मेवारी सम्पादन गर्न स्थानीय तहको सबलीकरणमा सहयोग गरिनेछ ।<br>(ञ) वैदेशिक रोजगारबाट फर्केका युवालाई उद्यमशीलतातर्फ आकर्षित हुने गरी विशेष कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ ।<br>(ट) वैदेशिक रोजगारीलाई सुरक्षित र लाभप्रद बनाउन नियमित अनुगमनको व्यवस्था गरिनेछ । |

**अपेक्षित उपलब्धि**

बेरोजगारी दर ५.४ प्रतिशतमा झरेको हुने, श्रम सहभागिता दर ६० प्रतिशत पुगेको हुने, श्रमको उत्पादकत्व रु. २,८३,०००।- पुगेको हुने, रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत पुगेको हुने, दक्ष जनशक्ति उत्पादन हुने, थप रोजगारका अवसर सृजना भएको हुने, श्रमशक्तिको उपलब्धता अभिवृद्धि भएको हुने, प्रदेशबाट वैदेशिक रोजगारमा जाने ५० प्रतिशत ले सीपमूलक तालिम प्राप्त गरेका हुने, श्रमको सम्मान गर्ने संस्कृतिको विकास भएको हुने र अर्ध बेरोजगारीको दर १० प्रतिशतमा आएको हुनेछ ।

## ८.३ वातावरण तथा जलवायु परिवर्तन

### पृष्ठभूमि

नेपालको संविधानले पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्ने नीति अङ्गीकार गरेको छ । दिगो विकास लक्ष्यले जलवायु परिवर्तन र यसका असरसँग जुध्न तत्काल कार्य गर्न आवश्यक रहेको

कुरा निर्दिष्ट गरेको छ । विश्वव्यापी जलवायु परिवर्तनको असरले गर्दा अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो लगायतका प्रकोपको बढ्दो असर भोग्नु परेको छ । जल तथा मौसम विज्ञान विभागको अध्ययनले गर्मी हुने दिनको संख्यामा वृद्धि, जाडो हुने दिनको संख्यामा कमी र तापको मात्रामा केही परिवर्तन आएको देखाएको छ । वातावरणीय सन्तुलन कायम राख्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै अनुकूलन अभिवृद्धि गर्न हरित विकासको अवधारणालाई अवलम्बन गर्नु आवश्यक छ । प्रदेशमा यातायात तथा उद्योग क्षेत्रको हरित गृह ग्याँस उत्सर्जन १२ रहेको छ । ८० विद्यालयमा जलवायु परिवर्तन सम्बन्धी विषय समेत पठनपाठन हुने गरेको, वनले ढाकेको क्षेत्र ४४.७४ रहेको, वायु प्रदूषणको मात्र (पि.एम. २.५) ५२.९५ μg/m3 रहेको छ । ३१ वटा स्थानीय तहले जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयनमा ल्याएका छन् ।

### प्रमुख समस्या

जोखिमयुक्त भू-बनोट, अव्यवस्थित बस्ती विस्तार, जलवायु परिवर्तन, प्रकोप रोकथाम र नियन्त्रणको प्रभावकारी संयन्त्रको अभाव, नियमनको अभाव, विकास गतिविधिमा स्पष्ट मापदण्ड एवम् मापदण्डको पालना हुने अभ्यासको अभाव आदि प्रमुख समस्या हुन् ।

### चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असर बारे आम जनतामा सचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तनको असरमा अनुकूलन कायम गर्नु, जलवायु परिवर्तनको असरको उच्च जोखिम क्षेत्र पहिचान गरी प्रतिरोधात्मक उपाय गर्नु तथा विकास तथा अन्य मानवीय क्रियाकलापबाट वातावरणमा पारेको नकारात्मक असर कम गर्नु आदि प्रमुख चुनौती हुन्।

### अवसर

दिगो विकासका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धतामा नेपालको साथ हुनु, जलवायु परिवर्तनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगलाई संघीय सरकारसँगको समन्वयमा बजेट प्रणालीमा आबद्ध गर्नु तथा प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन छाता रणनीति तयार हुनु प्रमुख अवसर हुन् ।

### क्षेत्रगत सोच

वातावरणीय स्वच्छता सहितको दिगो विकास ।

### लक्ष्य

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकूलन बढाउने गरी विकास कार्यक्रम सञ्चालन हुने ।

### उद्देश्य

१. विकास तथा अन्य मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने प्रभाव न्यूनीकरण गर्दै वातावरणीय स्वच्छता कायम गर्नु ।
२. विकास प्रक्रिया तथा मानवीय क्रियाकलापलाई जलवायु परिवर्तन अनुकूलित बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरणीय संरक्षण तथा प्रदूषण नियन्त्रणलाई विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने । | (क) जनस्तरमा वातावरणीय सचेतना र सावधानीका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ख) वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>(ग) वातावरण मैत्री योजना निर्माण तथा कार्यान्वयनमा जोड दिइनेछ ।<br>(घ) प्राकृतिक स्रोतबाट आर्जित आयको निश्चित हिस्सा वातावरणीय अनुसन्धान, विकास र संवर्द्धनमा खर्चिने व्यवस्था मिलाइनेछ ।<br>(ङ) वायु प्रदूषण, ध्वनि प्रदूषण, जल प्रदूषण र अन्य वातावरणीय जोखिम कम गर्न संस्थागत संयन्त्र निर्माण गरी तयारी अवस्थामा (preparedness) राखिनेछ। |
| २. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने । | (क) फोहरमैलाको वैज्ञानिक व्यवस्थापनका निमित्त स्थानीय तहलाई सहयोग पुर्‍याइनेछ ।<br>(ख) स्थानीय तहका बिच एकीकृत फोहरमैला स्रोत परिचालन केन्द्र (स्यानेटरी ल्याण्ड फिल साइट) स्थापनामामा सहजीकरण र उत्प्रेरित गरिनेछ ।<br>(ग) फोहरमैला व्यवस्थापन सम्बन्धी नवीन प्रविधिको प्रयोग र पुनर्प्रयोगमा स्थानीय तहलाई सहजीकरण गरिनेछ । |
| ३. खुला स्थान र उद्यानको स्थापना र विस्तार गर्ने । | (क) खुला स्थान, बाल उद्यान, बनस्पति उद्यान लगायतका उद्यानको स्थापनामा स्थानीय तहलाई सहयोग गरिनेछ ।<br>(ख) थिमपार्क तथा उद्यान स्थापनामा निजी क्षेत्रको सहभागिता प्रोत्साहित हुने गरी आवश्यक नीतिको तर्जुमा गरिनेछ ।<br>(ग) राष्ट्रिय प्रतिभाको संस्मरणमा नयाँ एकीकृत उद्यान स्थापना गर्न सहकार्य गरिनेछ ।<br>(घ) वनक्षेत्र वाहेकका अन्य सरकारी, सार्वजनिक तथा गुठीको खाली जग्गामा स्थानीय तहको समन्वयमा हरियाली प्रवर्द्धन गरिनेछ । |
| ४. संघसँगको सहकार्यमा जलवायु परिवर्तनको क्षेत्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा हुने लगानी बढाउने तथा | (क) अनुकूलन कार्ययोजना बनाई स्थानीय स्तरमा लागु गर्न समन्वय गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| यसलाई प्रादेशिक बजेट प्रणालीमा आबद्ध गर्ने । | (ख) संघसँग समन्वय गरी नेपाल पक्ष रहेका सबै वातावरण सम्बद्ध सन्धि सम्झौताको पूर्ण कार्यान्वयन तथा तिनीहरूबाट लिन सकिने उचित लाभ प्राप्त गरिनेछ ।<br>(ग) वातावरण मैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ ।<br>(घ) कार्वन संचितिको क्षतिपूर्तिका लागि प्रदेश योगदानको मूल्याङ्कन दस्तावेज तयार गरी क्षतिपूर्तिको लागि संघीय सरकारसँग अनुरोध गरिनेछ । |
| ५. जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण गर्ने। | (क) जलवायुमा भइरहेको परिवर्तन र त्यसले पार्न सक्ने प्रभावको सूक्ष्म अध्ययन अनुसन्धान गर्ने व्यवस्था गरिनेछ ।<br>(ख) जल तथा मौसम सम्बन्धी सेवाको आधुनिकीकरण तथा विस्तार गरिनेछ ।<br>(ग) जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमलाई जलाधार क्षेत्र र नदी प्रणालीमा आबद्ध गरी एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>(घ) उच्च जोखिमयुक्त हिमतालहरूको जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ङ) जलवायु परिवर्तनको जोखिम कम गर्न जलवायु अनुकूलन कार्यक्रम लागू गरिनेछ। |

**अपेक्षित उपलब्धि**

प्रदेशमा यातायात तथा उद्योगबाट हरित गृह उत्सर्जनमा कमी आई ८ प्रतिशत मा झरेको हुने, वायु प्रदूषणको मात्रा ४० $\mu g/m^3$ मा झरेको हुने, ७५ वटा स्थानीय तहमा जलवायु अनुकूलन योजना तुर्जमा भई कार्यान्वयन हुने, ९५ प्रतिशत विद्यालयमा जलवायु परिवर्तन सम्बन्धी पठनपाठन भएको हुने, विकास आयोजनाको वातावरणीय जोखिम मूल्याङ्कन भएको हुने, मौसमको पूर्व सूचना प्रणाली भरपर्दो भएको हुने छ ।

## ८.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### पृष्ठभूमि

भूकम्प,बाढी, पहिरो, आगलागी, सडक दुर्घटना, चट्याङ, सुक्खा, खडेरी लगायत विपद्जन्य घटनामा परी वार्षिक रूपमा मानवीय, आर्थिक, सामाजिक, वातावरणीय र भौतिक संरचनामा ठूलो क्षति हुँदै आएको छ । संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने विषयलाई राज्यको निर्देशक सिद्धान्तमा उल्लेख गर्दै विपद् व्यवस्थापनलाई महत्वका साथ हेरी सरकारका तीनै तहका अधिकार सूचीमा सूचीकृत गरेको देखिन्छ ।

विपद् जोखिम व्यवस्थापन गर्न प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ प्रदेश सभाबाट पारित भई जारी भएको, प्रदेश विपद् व्यवस्थापन समितिको गठन भएको, विपद् जोखिम न्यूनीकरण, विपद्को सामना र समग्र व्यवस्थापन सम्बन्धमा १३७ वटै स्थानीय तह, जिल्ला प्रशासन तथा सरोकारवाला सरकारी एवम् गैरसरकारी निकायका प्रतिनिधिलाई सचेतना तालिम दिइएको, विपद् खोज उद्धार तथा राहत कोष सञ्चालन कार्यविधि निर्माण भएको, प्रदेशमा विपद्‌बाट कुल गार्हस्थ्य उत्पादनको वार्षिक औषत ०.८१ प्रतिशत क्षति भएको देखिन्छ । विपद्‌बाट प्रति लाख वार्षिक ३ जनाले जीवन गुमाउने गरेका छन् भने ६२ करोड बराबरको सम्पत्ति क्षति हुने गरेको छ ।

**प्रमुख समस्या**

विपद् जोखिम न्यूनीकरणका लागि संविधान, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय एवम् संघीय तथा प्रादेशिक कानुनले गरेको व्यवस्थाबारे सबैमा समान एवम् पर्याप्त बुझाई नहुनु; विपद् जोखिम व्यवस्थापन रणनीति तथा कार्ययोजना र प्रादेशिक आपत्कालिन प्रतिकार्य ढाँचा तर्जुमा भइ नसक्नु, विकास क्रियाकलापमा सम्भावित विपद् जोखिम प्रभाव मूल्याङ्कन पद्धतिको आवश्यकता र औचित्य सम्बन्धी जनचेतनाको कमी हुनु; विपद् खोज, उद्धार तथा राहत सम्बन्धमा दक्ष जनशक्ति तथा आवश्यक स्वयंसेवकको अभाव हुनु, प्रादेशिक आकस्मिक कार्य सञ्चालन केन्द्र तथा स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना नहुनु, जोखिममा रहेका बस्तीमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन चेतनाको अभाव हुनु, विपद् सम्बन्धमा नागरिक शिक्षाको कमी हुनु, समुदायमा आधारित विपद् व्यवस्थापन बारेमा जानकारीको कमी हुनु, जलवायु परिवर्तन तथा यसको असरबारेमा जानकारीको कमी हुनु, भरपर्दो पूर्व सूचना प्रणालीको प्रयोग र अभ्यासको कमी हुन आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

प्रकोप जोखिम क्षेत्रको नक्साङ्कन सहित विपद् जोखिम व्यवस्थापन योजना बनाउनु, प्रकोप व्यवस्थापनमा अन्तरसरकार र सरोकारवाला बिच समन्वय गर्नु, विपदका समयमा उद्धार, राहत तथा जोखिम न्यूनीकरणका लागि स्रोत व्यवस्थापन गर्नु, जोखिम प्रतिरोधी पूर्वाधार निर्माण र बस्ती विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

विपद् व्यवस्थापन तीनै तहका सरकारको अधिकार सूचीमा रहनु, जनप्रतिनिधिमा विपद् जोखिम न्यूनीकरण बारे सजगता रहुनु, विपद् व्यवस्थापन ऐन, २०७५ कार्यान्वयनमा हुनु, प्रदेश विपद् व्यवस्थापन समितिको गठन हुनु, विपद् जोखिम व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तह र सरोकारवालालाई तालिम प्रदान गरिनु, विपद् जोखिम कोष सञ्चालन कार्यविधि निर्माण भएको हुनु, प्रदेशस्तरीय विपद् व्यवस्थापन सम्पर्क व्यक्तिको व्यवस्था हुनु आदि प्रमुख अवसर हुन् ।

**क्षेत्रगत सोच**

प्रकोपजन्य क्षतिमा न्यूनीकरण र प्रभावकारी प्रकोप व्यवस्थापनः प्रदेश समृद्धिमा योगदान ।

**लक्ष्य**

प्रभावकारी रूपमा विपद् व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण हुने ।

**उद्देश्य**

विपद्बाट हुने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्दै विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउने । | (क) विपद् व्यवस्थापनका क्षेत्रमा सरोकारवालाको भूमिका स्पष्ट हुने गरी नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।<br>(ख) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना बनाइ लागु गरिनेछ ।<br>(ग) विपद् पूर्व तयारी तथा प्रति कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ ।<br>(घ) विपद् जोखिम क्षेत्रको नक्साङ्कन गरी योजनाबद्ध रूपमा जोखिम न्यूनीकरण गर्दै लगिनेछ ।<br>(ङ) सम्भावित जोखिम वारे थप अध्ययन अनुसन्धान गरिनेछ ।<br>(च) चट्याङ्गबाट बढी प्रभावित क्षेत्रमा चट्याङ्ग प्रतिरोधी प्रविधि जडान गरिनेछ । |
| २. जोखिम न्यूनीकरणलाई विकास गतिविधिसँग एकीकृत रूपमा लैजान तीनै तह बिच समन्वय गर्ने । | (क) स्थानीय तहसँग समन्वय गरी व्यवस्थित र एकीकृत बस्ती विकास योजना तयार गरी लागु गर्दै लगिनेछ ।<br>(ख) भौतिक पूर्वाधार निर्माण गर्दा निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गराउने व्यवस्था गरिनेछ ।<br>(ग) विकासका पूर्वाधार निर्माण पूर्व विभिन्न सूचक र मापदण्डको आधारमा अनिवार्य रूपमा प्रकोप जोखिम परीक्षण गर्ने व्यवस्था गरिनेछ ।<br>(घ) उच्च जोखिम क्षेत्रमा रहेका बस्तीलाई स्थानीय तहसँग समन्वय गरी स्थानान्तरणको व्यवस्था मिलाइनेछ ।<br>(ङ) विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण तथा विपद्बाट बच्ने उपायका बारेमा व्यापक जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(च) खेलकुद रंगशाला, सिनेमा हल, पार्टी प्यालेस, सभाहल आदि धेरै मानिस भेला हुने ठाउँमा सम्भावित विपद्बाट बच्न आवश्यक व्यवस्था गरिनेछ ।<br>(छ) विद्यालयको पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गराइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. विपद् व्यवस्थापनको संस्थागत संरचनाको विकास र सुदृढीकरण गर्ने । | (क) विपद् जोखिम कोष खडा गरी बजेटको निश्चित प्रतिशत रकम वार्षिक रूपमा राख्ने व्यवस्था गरिनेछ ।<br>(ख) सूचना संयन्त्रलाई सुदृढ गरी विपदको समयमा समेत अवरुद्ध नहुने किसिमको विपद् पूर्व एवम् पश्चात् प्रभावकारी सूचना प्रवाह हुने गरी प्रणाली विकास गरिनेछ ।<br>(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय एवम् अन्य मन्त्रालयमा वातावरण तथा विपद् व्यवस्थापन महाशाखा खडा गरी प्रदेशभरिको विपद् व्यवस्थापनको समन्वय र सहजीकरण गरिनेछ ।<br>(घ) विपद् व्यवस्थापन समितिको समन्वयमा सुरक्षा निकाय र अन्य सरोकारवालाको विशिष्ट र क्षमतायुक्त टोली बनाई विपद् परेका वेला तत्काल परिचालन हुने गरी तयारी हालतमा राखिनेछ ।<br>(ङ) स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना गरिनेछ । |
| ४. विपद् व्यवस्थापनमा अन्तरसरकार र सरोकारवाला बिच प्रभावकारी समन्वय गर्ने । | (क) संघ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय र विपद् व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्था र सरोकारवालासँग समन्वय गरी कार्यक्रम सञ्चालन तथा स्रोत साधनको परिचालन गराउने व्यवस्था गरिनेछ ।<br>(ख) विपद् व्यवस्थापनमा निजी क्षेत्रको समेत परिचालन र सहयोगको लागि नागरिक समाज, उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ ।<br>(ग) विपद् व्यवस्थापनमा विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघ संस्था तथा दातृ निकायसँग समन्वय र सहकार्य गरिनेछ । |

**अपेक्षित उपलब्धि**

विपद्बाट हुने क्षति घटेर कुल गार्हस्थ्य उत्पादनको ०.२ प्रतिशतमा झरेको हुने, विपद्बाट हुने मानवीय क्षति प्रति लाख प्रति वर्ष २ जनामा झरेको हुने, विपद्बाट हुने सम्पत्तिको क्षति घटेर २ करोडमा सीमित भएको हुने, नियमित रूपमा विपद् सचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने, हरेक स्थानीय तहमा विपद पूर्व सूचना प्रणाली स्थापना भएको हुने, कम्तिमा ५ वटा जोखिममा परेका बस्ती स्थानान्तरण भएको हुने, आवश्यक विपद् उद्धार सामाग्रीको खरीद भएको हुने, स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना भएको हुनेछ ।

# परिच्छेद नौः तथ्याङ्क प्रणाली, योजना प्रक्रिया एवम् अनुगमन तथा मूल्याङ्कन

## पृष्ठभूमि

संविधानले प्रदेशलाई प्रदान गरेको अधिकारको सूची बमोजिमका कार्य योजनाबद्ध तवरले प्रभावकारी रूपमा सम्पादन गर्नु प्रदेशको जिम्मेवारी हो । प्रदेशले अपेक्षित समृद्धि हासिल गर्न तथ्यमा आधारित योजना तर्जुमा गरी विकासका कार्यलाई नतिजामूलक रूपमा सम्पादन गर्नु आवश्यक हुन्छ । यसका निमित्त उपयुक्त तथ्याङ्क, व्यवस्थित र कार्यान्वयन योग्य योजनाको तर्जुमा, प्रभावकारी कार्यान्वयन, समयबद्ध अनुगमन तथा मूल्याङ्कन र विकास योजनामा आइपर्ने समस्या समाधानका सार्थक प्रयास जरुरी हुन्छ ।

प्रदेशको प्रथम आवधिक योजनाको आधारपत्र तर्जुमा भइसकेको छ । प्रदेश सरकार सुदृढीकरण कार्यक्रम तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको छ । प्रदेश पार्श्वचित्र र मध्यमकालीन खर्च संरचना तयारीको अन्तिम चरणमा रहेको छ । साथै विषय क्षेत्रगत गुरुयोजना तयार हुने क्रममा रहेका छन् ।

## प्रमुख समस्या

प्रदेशस्तरीय तथ्याङ्कको अभाव हुनु, अन्तर निकाय कार्य विभाजनमा अस्पष्टता हुनु, आवधिक तथा दीर्घकालीन योजनाको अभाव हुनु, अन्तरतह योजनाको वर्गीकरण स्पष्ट भइ नसक्नु, योजना सम्बद्ध निकायका संस्थागत क्षमता कमजोर हुनु, अन्तरतह विकास समन्वय सम्बन्धी स्पष्ट संस्थागत ढाँचा बनी नसक्नु, जनशक्तिको कमी हुनु आदि प्रमुख समस्या हुन् ।

## चुनौती

व्यवस्थित तथ्याङ्क प्रणालीको व्यवस्था गर्नु, योजना प्रणालीलाई संस्थागत गर्नु, योजनाको प्राथमिकताका आधारमा आयोजना छनौट गर्नु, विकास योजनामा तहगत दोहोरोपना हटाउनु, प्रदेशको परिवर्तनकारी र प्राथमिकता प्राप्त योजनामा स्रोतको सुनिश्चितता कायम गर्नु, संघ, प्रदेश र स्थानीय सरकारका दीर्घकालीन तथा आवधिक विकास योजना बिच तादात्म्यता ल्याउनु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु आदि प्रमुख चुनौती हुन् ।

## अवसर

धेरै स्थानीय तहको वस्तुगत विवरण तयार भएको अवस्था हुनु, तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सरकारको प्राथमिकता हुनु, पहिलो प्रदेश योजनाको रूपमा नवीन सोच र अवधारणाको आरम्भ गर्ने अवसर हुनु, आवश्यकता अनुसार संस्थागत संरचनाको निर्माण गरी विकास कार्यलाई गति प्रदान गर्न सकिने अवस्था रहनु, प्रदेश विकासमा परिवर्तनकारी योजनाको पहिचान तथा संघीय सरकारसँग साझेदारी गर्ने अनुकूलता रहनु, योजना अनुगमन तथा मूल्याङ्कन प्रविधि समेतको प्रयोग गरी समयबद्ध र नतिजामूलक बनाउने आदि प्रमुख अवसर हुन् ।

## क्षेत्रगत सोच

यथार्थपरक र नतिजामुखी योजना प्रणालीको विकास ।

**लक्ष्य**

तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना हुने ।

**उद्देश्य**

१. वैज्ञानिक तथ्याङ्क प्रणाली स्थापना गरी आधारभूत तथ्याङ्क उपलब्ध गराउनु ।

२. सुविचारित, नतिजामुखी तथा सामाजिक न्यायोन्मुख योजना प्रणाली संस्थागत गर्नु ।

३. दिगो विकासका लक्ष्यलाई योजना प्रक्रियामा आबद्ध गर्नु ।

४. व्यवस्थित र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय तथ्याङ्क सङ्कलन, प्रशोधन र नियमित परिमार्जनको व्यवस्था गर्ने । | (क) गुणस्तरीय तथ्याङ्क सङ्कलन, प्रशोधन र अभिलेखाङ्कनको लागि आवश्यक नीति एवम् कानुनको तर्जुमा गरिनेछ ।<br>(ख) प्रदेश अन्तर्गतका सबै स्थानीय तहसँग समन्वय गरी तथ्याङ्क सङ्कलन, प्रशोधन र नियमित परिमार्जन गरिनेछ ।<br>(ग) प्रदेश योजना आयोग अन्तर्गत तथ्याङ्क सम्बन्धी संरचना निर्माण गरी एकीकृत तथ्याङ्क बैंकको रूपमा विकास गरिनेछ ।<br>(घ) प्रदेश तथ्याङ्क प्रणालीलाई स्थानीय एवम् संघीय तथ्याङ्क प्रणालीसँग सञ्जालीकरण गरी नियमित आपूर्तिको व्यवस्था गरिनेछ । |
| २. व्यवस्थित योजना तर्जुमा प्रणालीको विकास गर्ने । | (क) प्रदेश योजना आयोगको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ ।<br>(ख) योजनाको प्रभावकारी कार्यान्वयन गर्न योजना कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>(ग) सार्वजनिक निजी साझेदारी नीति  तथा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।<br>(घ) तथ्याङ्कमा आधारित नतिजामुखी प्रक्रिया अनुरूप विभिन्न तहका नतिजाका बिच श्रृंखलात्मक सम्बन्ध स्थापित गरी योजना तर्जुमा गरिनेछ ।<br>(ङ) प्रदेश विकासका प्रमुख क्षेत्रमा तोकिएको मापदण्ड अनुरूप परियोजना बैंक (Project Bank) को स्थापना गरी कार्यान्वयन गरिनेछ ।<br>(च) ठूला पूर्वाधार आयोजना विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरेर मात्र कार्यान्वयनमा लगिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | (छ) सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रक्रिया अवलम्बन गरिनेछ ।<br>(ज) अन्तर स्थानीय तह, स्थानीय तह-प्रदेश सरकारकाबिच रणनीतिक महत्वका आयोजनाहरूको पहिचान गरी साझेदारीमा संचालन गर्न प्रोत्साहित गरिनेछ ।<br>(झ) स्थानीय तहको योजना प्रणाली सुदृढीकरणको लागि क्षमता विकास गरिनेछ ।<br>(ञ) मध्यमकालीन खर्च संरचनालाई वार्षिक कार्यक्रम र बजेट तर्जुमाको आधारको रूपमा विकास गरिनेछ ।<br>(ट) योजना श्रृङ्खला र व्यवस्थापनलाई नतिजासँग आवद्ध गरी कार्यान्वयन प्रणालीलाई सुदृढ गरिनेछ । |
| ३. योजना प्रक्रियामा दिगो विकासका लक्ष्य समाहित गर्दै प्रतिफलको न्यायोचित वितरण गर्ने । | (क) दिगो विकासका राष्ट्रिय लक्ष्यको प्रदेश र स्थानीय तहमा स्थानीयकरण गरिनेछ र सूचकको प्राप्तिलाई क्षेत्रगत कार्यक्रमसँग आबद्ध गरिनेछ ।<br>(ख) दिगो विकासका लक्ष्यसँग तादात्म्यता राख्दै विपन्न तथा पछाडि परेका वर्ग र समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(ग) राष्ट्रिय योजनाका लक्ष्यसँग योजना र कार्यक्रमलाई तादात्म्य कायम गरिनेछ ।<br>(घ) योजना कार्यान्वयन र व्यवस्थापनमा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । |
| ४. नतिजामुखी अनुगमन तथा मूल्याङ्कनको लागि संस्थागत संयन्त्रको व्यवस्था गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | (क) अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक नीति, कानुन र दिग्दर्शन निर्माण गरिनेछ ।<br>(ख) अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तर्जुमा गरी (अनुसूची-१) कार्यान्वयन गरिनेछ ।<br>(ग) योजना अनुगमन तथा मूल्याङ्कनका लागि हरेक मन्त्रालयमा संस्थागत व्यवस्था गरी नतिजामुलक (प्रक्रिया-सूचक र नतिजा-सूचक) अनुगमन मूल्याङ्कन (अनुसूची-२) गरिनेछ ।<br>(घ) अनुगमन मूल्याङ्कनसँग सम्बन्धित कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>(ङ) योजना सम्पन्न पश्चात् छानिएका आयोजनाको तेस्रो पक्षद्वारा प्रभाव मूल्याङ्कन गराइनेछ र त्यसको |

| रणनीति | कार्यनीति |
|---|---|
| | पृष्ठपोषणलाई आगामी योजनाको आधारको रूपमा लिइनेछ ।<br>(च) विभागीय मन्त्रीको अध्यक्षतामा मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (PM-DAC) र मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशस्तरीय विकास समस्या समाधान समिति (P-DAC) को बैठकबाट प्रमुख आयोजनाको प्रगति समीक्षा गरि समस्या समाधान गरिनेछ। |

**अपेक्षित उपलब्धि**

प्रदेश विकासको आवधिक योजना तर्जुमा भइ कार्यान्वयनमा आएको हुने, प्रमुख क्षेत्रको दीर्घकालीन गुरुयोजनाको निर्माण भएको हुने, परियोजना बैंकको स्थापना भई विद्युतीय प्रणालीमा आबद्ध भएको हुने, प्राथमिकता प्राप्त योजनाको विस्तृत सर्वेक्षण सम्पन्न भइ कार्यान्वयनमा आएका हुने, मध्यमकालीन खर्च संरचना निर्माण भएका हुने, प्रदेशले कार्यान्वयन गर्ने आयोजनाको मापदण्ड निर्माण भइ कार्यान्वयनमा आएको हुने, अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत भएको हुने, १३७ वटै स्थानीय तहमा नतिजामूलक योजना प्रणाली स्थापना भएको हुने, प्रदेशको खण्डीकृत तथ्याङ्क सङ्कलन भई विद्युतीय प्रणालीमा आबद्ध भएको हुने, स्थानीय तहसँग अनुगमन तथा प्रतिवेदनको विद्युतीय प्रणाली स्थापना भएको हुने; प्रदेश गौरव, रुपान्तरण कार्य आयोजना र पहिलो प्राथमिकताको आयोजनाको नियमति प्रगति समिक्षा भई समस्याको तत्काल समाधान भएको हुने छ ।

# परिच्छेद दश: नतिजा खाका

## १०.१ पृष्ठभूमि

योजना, कार्यक्रम वा आयोजना बिच नतिजाहरूको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउन आवश्यक छ । नतिजा खाकाका विभिन्न स्वरूप मध्ये तर्कबद्ध खाका (log frame) एक महत्त्वपूर्ण नतिजा खाका हो । यसमा कारण र असरहरुको विश्लेषण गर्दै लगानी देखि प्रतिफल हुँदै लक्ष्य वा प्रभावसँग पुग्ने गरी नतिजाहरुको श्रृङ्खलाबद्ध सम्बन्ध स्थापित गरिएको हुन्छ । नेपालमा दशौं योजनादेखि प्रयोगमा रहेको तर्कबद्ध खाकालाई नै प्रदेश योजना आयोगले पनि अनुसरण गरेको छ ।

यो तर्कबद्ध खाका तयार गर्दा मन्त्रालय अन्तर्गत विषयगतक्षेत्रका आधारमा नतिजा क्षेत्र (key result areas) निर्धारण गरी सोसँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तरसम्बन्धित गराउने प्रयास गरिएको छ । यसमा रहेका नतिजा सूचकहरूमार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवम् नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

## १०.२ नतिजा खाकामा समावेश गरिएका विषयहरू

विकास योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन गर्ने जिम्मेवारी रहेका सम्बद्ध मन्त्रालय तथा प्रादेशिक निकायहरूको सहभागितामा प्रदेश योजना आयोगबाट तयार गरिएको यस नतिजा खाकाले देहायका विषय क्षेत्रहरू र सो अन्तर्गतका उपक्षेत्रहरु समेटेको छ:

(क) प्रस्तुत नतिजा खाकामा समष्टिगत आर्थिक नीति, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था, अन्तरसम्बन्धित क्षेत्र र तथ्याङ्क प्रणाली गरी ७ वटा प्रमुख विषयगत क्षेत्र निर्धारण गरी विभिन्न ३८ उपक्षेत्रगत रूपमा तीन तहका नतिजा (प्रतिफल, असर र प्रभाव तह) परिभाषित गरी तिनीहरूको अन्तरसम्बन्ध यकिन गरिएको छ ।

(ख) उल्लिखित प्रतिफल, असर र प्रभावलाई सूचकका आधारमा मापन र अनुगमन योग्य बनाउने प्रयास गरिएको छ ।

(ग) यी सूचकहरूको आवधिक अनुगमन तथा मूल्याङ्कनलाई सजिलो बनाउन सम्भव भएसम्म आधार तथ्याङ्क र योजना अवधिभरमा प्राप्त गरिने वार्षिक लक्ष्यलाई समेटी कार्यान्वयनको जिम्मेवार निकाय समेत प्रष्ट गरिएको छ ।

(घ) विषय क्षेत्रगत रूपमा राखिएका प्रतिफल, असर र प्रभाव सूचकहरू हासिल गर्नका लागि आवश्यक पर्ने न्यूनतम बाह्य वातावरणीय पक्ष तथा सम्भावित जोखिम अनुमान गरिएको छ ।

## १०.३ नतिजा खाकामा दिगो विकास र राष्ट्रिय योजनाका दीर्घकालीन लक्ष्यका सूचकसँगको अन्तरसम्बन्धः

नतिजा खाकामा दीर्घकालीन राष्ट्रिय लक्ष्य, दिगो विकासका लक्ष्य र प्रादेशिक योजनाका उद्देश्य र रणनीतिसँग देहाय बमोजिम अन्तरसम्बन्ध स्थापित गरिएको छ :

(क) तर्कबद्ध खाकाको प्रभाव स्तरमा दीर्घकालीन राष्ट्रिय लक्ष्य "समृद्ध नेपाल सुखी नेपाली" का लक्ष्य सूचकहरूलाई आबद्ध गरिनुका साथै दिगो विकासको सम्बन्धित लक्ष्यसमेत अंकित गरिएको छ ।

(ख) तर्कबद्ध खाकामा प्रादेशिक योजनाको विषयक्षेत्रगत उद्देश्यहरूलाई असर तहमा र रणनीतिहरुलाई उपलब्धि तहमा संकेत गरिएको छ ।

(ग) वार्षिक लक्ष्य अकिंत गर्दा प्रत्येक वर्षका लक्ष्यहरू समेत जोड गरी (Cumulative) राखिएको छ ।

## १०.४ नतिजा खाकाको प्रयोग

(क) वार्षिक विकास कार्यक्रम तयार गर्दा नतिजा खाकाका सूचकहरू (प्रतिफल, असर र प्रभाव तहका सूचकहरू) प्राप्त हुने गरी तर्जुमा गरिनेछ ।

(ख) (ख) मध्यमकालीन खर्च संरचनालाई नतिजामुखी बनाउन पनि यस खाकामा रहेका सूचकहरूको प्रयोग गरिनेछ । साथै तर्कबद्ध खाकालाई मध्यमकालीन कार्यसम्पादन खाका (Medium-Term Performance Framework) को रूपमा समेत प्रयोग गरिनेछ ।

(ग) (ग) वैदेशिक सहयोग लिनुपर्दा आयोजना वा कार्यक्रमले प्रादेशिक र क्षेत्रगतस्तरका लक्ष्यहरू हासिल गर्न पनि नतिजा खाकाको उपयोग गरिनेछ । वैदेशिक सहायताका आयोजनामा सम्बद्ध विषयगत क्षेत्रको प्रतिफल, असर हुँदै प्रभाव हासिल गर्न पुऱ्याउने योगदान यकिन गर्न पनि यसले मद्दत पुऱ्याउँछ ।

(घ) आवधिक योजनाका विषय क्षेत्रगत लक्ष्यहरूको प्रगति समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्न यसको उपयोग गरिनेछ ।

## १०.५ नतिजा खाकामा साङ्केतिकरण

प्रथम आवधिक योजनालाई दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको दीर्घकालीन राष्ट्रिय लक्ष्य तथा प्रादेशिक सूचकहरू बिच तादात्म्यता कायम गर्नको लागि नतिजा खाकामा निम्नानुसार साङ्केतिकरण गरिएको छ ।

| नतिजा स्तर | तहगत नतिजा सूचक | | |
|---|---|---|---|
| | प्रादेशिक सूचक | दीर्घकालीन राष्ट्रिय लक्ष्य सूचक | दिगो विकास लक्ष्य सूचक |
| प्रभाव | आवधिक योजनाको दीर्घकालीन सोच "**स्वच्छ, सुखी र समुन्नत प्रदेश**" को आधार सूचक क्रम संख्यालाई प्रभाव पङ्ति (Row) मा संकेत गरिएको छ । | पन्ध्रौं राष्ट्रिय योजनाको **राष्ट्रिय लक्ष्य "समृद्धि र सुख"** को क्रम संख्यालाई प्रभाव पङ्ति (Row) मा संकेत गरिएको छ । | दिगो विकासका लक्ष्यको क्रम संख्यालाई प्रभाव पङ्ति (Row) मा संकेत गरिएको छ । |
| असर | प्रथम आवधिक योजनाको क्षेत्रगत **उद्देश्य** क्रम संख्यालाई असरको | | |

| नतिजा स्तर | तहगत नतिजा सूचक | | |
| --- | --- | --- | --- |
| | प्रादेशिक सूचक | दीर्घकालीन राष्ट्रिय लक्ष्य सूचक | दिगो विकास लक्ष्य सूचक |
| | पङ्क्ति (Row) मा संकेत गरिएको छ । | | |
| प्रतिफल | प्रथम आवधिक योजनाको क्षेत्रगत **रणनीति** क्रम संख्यालाई प्रतिफलको पङ्क्ति (Row) मा संकेत गरिएको छ । | | |

## १०.६ नतिजा खाका

## ३. समष्टिगत आर्थिक नीति

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाका स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम | प्रादेशिक सूचक | दीर्घकालीन राष्ट्रिय लक्ष्य सूचक | दिगो विकास लक्ष्य सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **क) कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा )** | **दश लाखमा** | **५०५,८४८** | **५५०,२९१** | **६०२,६६१** | **६६२,४०६** | **७२७,१७०** | **८०३,०५३** | **के.त.वि. प्र.यो.आ.** | | | **१.४** | **१.४** | **८ र १२** | |
| | **ख) वार्षिक आर्थिक वृद्धिदर** | **प्रतिशत** | **६.५** | **८.७** | **९.५** | **९.९** | **१०.१** | **१०.४** | **के.त.वि.** | | | **१.४** | | | |
| | **ग) प्रतिव्यक्ति आय** | **अमेरिकी डलर** | **९३४** | **१,०७१** | **१,२०८** | **१,३४५** | **१,४८३** | **१,६२०** | **के.त.वि.** | | | **१.४** | | | |
| असर १ | क) कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.७ | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.९ | के.त.वि. | | | १ | | | |
| | ख) गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ५.२ | १०.७ | ११.२ | ११.७ | ११.५ | ११.५ | के.त.वि. | | | १ | | | |
| असर २ | क) सम्पत्तिमा आधारित असमानता जनाउने (Gini coefficient) | Coefficient (०-१) | ०.३५ | ०.३४ | ०.३४ | ०.३३ | ०.३३ | ०.३२ | के.त.वि. | | | १ | | | |
| | ख) माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपात (PALMA Ratio) | अनुपात | १.०१ | ०.९९ | ०.९७ | ०.९४ | ०.९२ | ०.९० | के.त.वि. | | | १ | | | |
| **असर १** | **कृषि तथा गैर कृषि क्षेत्रको वृद्धिदर सम्बन्धी प्रतिफल** | | | | | | | | | | | | | | |
| क) | कुल पुँजिगत विनियोजनको भौतिक प्रगति | प्रतिशत | ५९ | ७५ | ८० | ८५ | ९० | ९५ | आर्थिक सर्वेक्षण | | | ३ | | | |
| ख) | मुद्रास्फीति | प्रतिशत | ५.५ | ५.६ | ५.७ | ५.८ | ५.९ | ६ | आर्थिक सर्वेक्षण | | | १ | १ | | |
| ग) | बैंक शाखा विस्तार भएका स्थानीय तह | संख्या | १३० | १३७ | १३७ | १३७ | १३७ | १३७ | आर्थिक सर्वेक्षण | | | १ | १ | | |
| घ) | औद्योगिक लगानी वार्षिक वृद्धि | प्रतिशत | ० | ११.३३ | १३.०४ | १२.९८ | १३.०० | १३.०० | आर्थिक सर्वेक्षण | | | ४ | ४ | | |
| ङ) | औद्योगिक उत्पादन | रकम करोडमा | ८,२२७ | ९,२५६ | १०,४१८ | ११,७३२ | १३,२१७ | १४,८९७ | आर्थिक सर्वेक्षण | उ.प.व.वा.म. | संघीय सरकार र निजी क्षेत्रसँग समन्वय भएको हुने | ४ | ४ | | |
| च) | कृषि भूमिको उत्पादकत्व | मे.टन प्रति हे. | ३.०३ | ३.४ | ३.७ | ४.१ | ४.५ | ४.८ | आर्थिक सर्वेक्षण | भू.कृ.स.म. | | ४ | ४ | | भू.कृ.स.म./के.त.वि. |
| छ) | बजेटमा आन्तरिक आयको अंश | प्रतिशत | १०.२० | ११ | ११.५ | १२ | १३ | १५ | आर्थिक सर्वेक्षण | | | २ | १ | | |
| ज) | आन्तरिक आयमा कर राजस्वको अंश | प्रतिशत | ४१.३३ | ४४.२४ | ४५.०० | ४६.०० | ४८.३० | ५० | आर्थिक सर्वेक्षण | आ.मा.यो.म. | | २ | १ | | |
| झ) | कुल गार्हस्थ उत्पादनमा राजस्वको योगदान | प्रतिशत | २.५७ | २.८४ | २.५४ | २.५५ | २.६४ | २.६६ | आर्थिक सर्वेक्षण | | | २ | ४ | | |
| **असर २** | **सम्पत्तिमा आधारित असमानता जनाउने (Gini coefficient) र माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपात (PALMA Ratio)का प्रतिफल** | | | | | | | | | | | | | | |
| क) | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आवद्ध जनसंख्या | प्रतिशत | २७ | ३० | ३३ | ३६ | ३९ | ४२ | आर्थिक सर्वेक्षण | सा.वि.म. | संघीय सरकारसँग समन्वय भएको हुने | १ | | | दि.वि.ल. / रा.यो.आ. |
| ख) | प्रादेशिक बजेटमा सामाजिक सुरक्षामा भएको खर्च | प्रतिशत | ११.३ | १२ | | १२. ५ | १३ | १३.७ | आ.मा.यो.म. | सा.वि.म. | | १ | | | |

| कार्यक्रम | |
|---|---|
| १. अर्थ तथा वित्त सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा | ७. प्रादेशिक बैंकको स्थापना |
| २. प्रतिवेदन तथा प्रकाशन (मध्यमकालीन खर्च संरचना, आर्थिक सर्वेक्षण, बजेट नीति, कार्यक्रम ....) | ८. अनुदान व्यवस्थापन |
| ३. वित्तीय पहुँच तथा बैंक शाखा विस्तार | ९. राजस्व प्रशासन सुदृढीकरण |
| ४. सार्वजनिक निजी साझेदारी | १०. निवृत्तिभरण कोषको स्थापना |
| ५. विद्युतीय वित्तीय लेखा प्रणालीको विकास तथा सुधार | ११. वित्तीय उत्तरदायित्व कायम |
| ६. आन्तरिक आय | |

| बजेट प्रक्षेपण (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| आ.व. | | | | |
| २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ४२,२००,४१० | ५२,८८५,९७० | ५६,३९३,५१५ | ६४,६८६,४०३ | ६९,७८९,०६३ |

## ४.१.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास

| नतिजा स्तर | नतिजा सूचक | इकाई | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाका स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम | प्रादेशिक सूचक | दीर्घकालीन राष्ट्रिय लक्ष्य सूचक | दिगो विकास लक्ष्य सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | **कृषिको कुल गार्हस्थ्य उत्पादन** | **रूपैया अर्बमा** | **१७५.११** | **१८४.१३** | **१९४.२१** | **२०५.०५** | **२१६.८८** | **२२९.६८** | **के.त.वि., आर्थिक सर्वेक्षण, भू.कृ.स.म. को प्रगति प्रतिवेदन** | **भू.कृ.स.म. र मातहत निकाय** | | **१.४ र ३.४** | **१.३** | **८** | **वन क्षेत्रको योगदान १.६ प्रतिशत समायोजित** |
| असर १ | मुख्य-मुख्य वाली र पशुपक्षीजन्य वस्तुको उत्पादन | | | | | | | | | | | १ | | | |
| | खाद्यान्न उत्पादन | मे.टन हजारमा | २०२४.५४ | २२४९.६० | २४७४.७० | २६९९.८० | २९२४.९० | ३१४९.९६ | कृ.प.वि.म./भू.कृ.स.म. को प्रतिवेदन | | | १ | | | |
| | वागवानी उत्पादन | मे.टन हजारमा | २०४७.५९ | २०७४.९० | २१७४.९० | २२७५ | २३७५ | २४७५ | | | | १ | | | |
| | पशुपक्षी उत्पादन | मे.टन हजारमा | ६५२ | ७४२ | ८३२ | ९२२ | १०१२ | ११०२ | | | | १ | | | |
| असर २ | कृषिको उत्पादकत्वमा वृद्धि | | | | | | | | | | | १ | | | |
| | कृषि भूमिको उत्पादकत्व | मे.टन प्रति हे | ३.०३ | ३.४ | ३.७ | ४.१ | ४.५ | ४.८ | कृ.प.वि.म./भू.कृ.स.म. को प्रतिवेदन | | | १ | | | |
| | कृषि अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा | प्रतिशत | ८ | ८.६ | ९.२ | ९.८ | १०.४ | ११ | | | | १ | | | ADS |
| | प्राङ्गारिक वालीको अनुपात | प्रतिशत | १.९६ | २.०० | २.१० | २.२० | २.३५ | २.५० | | | | १ | | | दि.वि.ल. |
| | कृषि मजदुरको उत्पादकत्व | अमेरिकी डलर | ८३५ | ९२२ | १००८ | १०९५ | ११८१ | १२६८ | | | | १ | | | ADS |
| असर ३ | तुलनात्मक लाभ भएका वालीको उत्पादनमा मूल्य अभिवृद्धि भएर जाने परिमाणको अंश | प्रतिशत | २४ | ३९ | ५४ | ७० | ८५ | १०० | कृषि गणना/वार्षिक प्रतिवेदन/व्यापार तथा निर्यात प्रवर्द्धन | | | २ | | | चिया, अलैंची र अदुवा |
